
अन्तर्क्रिया: कसरी पसिरहेछ स्वास्थ्य क्षेत्रमा साम्राज्यवाद ?

# मूल्याङ्कन

मूल्य रु. १५।-
भारतमा भारु. १२।-

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ५०,
असोज, २०५४







## 'आतंकवाद' विरोधी विधेयक

## निरंकुशतन्त्र लाद्ने षड्यन्त्र

# Fascinating beauty. Imperishable material.

A sure feel for the aesthetically perfect, a personal style and a purposeful differentness: these are the characteristics of people who wear the La Coupole 'Céramique'. A watch whose true nature you experience when you put it on for the first time: soft as velvet, supple, incomparable. And imperishably beautiful, thanks to the slightly curved sapphire crystal and the scratchproof high-tech ceramics bracelet. Rado La Coupole 'Céramique' – a beautiful watch that stays beautiful – a watch that fits as though moulded to your wrist.

*A different world*




La Coupole 'Céramique'.
Scratchproof high-tech ceramics bracelet.
In three sizes.

**RADO**
Switzerland

*Authorised Sales & Service Centre*
**SULUX CENTRE**
Khichapokhari P.O. Box: 3659, Kathmandu, Nepal Tel: 222539

*Also available at:*
24 Ct (Gangapath)
New Nevies Corner (Super Market)
Blue Bird Department Store (Tripureshwor)

यसभित्र


# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १५, पूर्णाङ्क ५०
२०५४, असोज



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ
**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईंटेल
**सह-सम्पादक**
राजेन्द्र महर्जन

**व्यवस्थापक**
श्याम खड्का
**लेखा व्यवस्थापक**
वीरप्रसाद भंसारी
**व्यवस्थापन सहयोगी**
दुर्गा खड्का (वितरण विभाग)
जि. के. श्रेष्ठ (विज्ञापन विभाग)



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक
काठमाडौं-३२
फोनः ४२२७६९,
फ्याक्सः ४२३५४९
पो. ब. नं. ७०५०, काठमाडौं


## आतंकवाद विरोधी विधेयक
# निरंकुशतन्त्र थोपर्ने षड्यन्त्र

**"असामान्य स्थितिको सामना गर्न विद्यमान संवैधानिक व्यवस्था नै पर्याप्त छ !"** ५

भूतपूर्व प्रधान न्यायाधीश विश्वनाथ उपाध्यायसँगको विशेष कुराकानी

**के नेपाल पुनः निरंकुशतन्त्रतिरै जान लाग्दैछ ?**

श्याम श्रेष्ठको विचारोत्तेजक एवं विश्लेषणात्मक आवरण कथा

**स्वास्थ्य क्षेत्रमा कसरी पसिरहेछ साम्राज्यवाद ?**

डा. योगेन्द्र प्रधानाङ्ग , डा. बालकृष्ण थापा, डा. शरद वन्त र डा. केदार शर्माका गहन र विचारोत्तेजक विचारहरू ३४

**◆ के पैतृक सम्पत्तिको हक महिलालाई दिँदा दोहोरो सम्पत्ति पर्न जान्छ ?**
**◆ एशियाका अरु मुलुकहरुमा छोरीलाई अंश कसरी दिइन्छ ?** ३१

**मूल्यांकन स्वर्ण अंक विशेष**

विभिन्न राजनेताहरु तथा बुद्धिजीवीहरुद्वारा **मूल्याङ्कन** को समग्र मूल्यांकन २३


**हाम्रो मूल्याङ्कन**
आफूबारे आफ्नै मूल्यांकन ४
**आवरण कथा**
आतंकवाद विरोधी विधेयकः
निरंकुशतन्त्र थोपर्ने षड्यन्त्र ५
पूर्व प्रधान न्यायाधीश विश्वनाथ
उपाध्यायसँगको ताजा कुराकानी ८
**घटना र प्रवृत्ति**
एमालेको पजेरो फर्काउने निर्णयः
प्रशंसनीय र निन्दनीय कदम ११
डायनाको हाइहाई र यसले
उब्जाएका सवालहरू १२
मदर टेरेसाको देहान्त १३
विश्वका सबैभन्दा धनी मानिसहरूको
सम्पत्ति कसरी बढ्दैछ ? ४०
नेपालले वर्षेनी कति तेल आयात गर्छ ? ४०
**विश्व कम्युनिष्ट आन्दोलन**
कसरी अघि बढिरहेछ लेवनान र
सिरियामा कम्युनिष्ट आन्दोलन ? १४
प्रतिक्रान्तिकालमा साण्डिनिष्टा
क्रान्तिको स्मरण १७
**अन्तर्क्रिया**
कसरी पसिरहेछ स्वास्थ्य क्षेत्रमा
साम्राज्यवाद २६
**अचेल**
क. शम्भुराम श्रेष्ठसँगको कुराकानी २४
**आजको घटना-आजको विचार**
के पैतृक सम्पत्तिको हक महिलालाई दिँदा
दोहोरो सम्पत्ति पर्न जान्छ ? ३१
एशियाका अरू मुलुकहरूमा छोरीलाई
अंश कसरी दिइन्छ ? ३२
माओवादी जनयुद्धः
प्रतिक्रियामाथिको प्रतिक्रिया ४२
**आँखीझ्याल**
विश्वको सबैभन्दा ठूलो उद्योग- कार
उद्योगमा यसरी संकट आउँदैछ ! २६
**पाठकको कुरो** ४२



आवरणमाः कथित 'आतंकवाद' विरोधी विधेयकको विरोधमा विभिन्न समूहहरुको ऐक्यबद्धता र्‍याली (फोटोः ए.बी.सी., बागबजार)
आवरण सज्जाः माइक्रोचिप्स कम्प्युटर/कलाकारहरूः लक्ष्मण भूजेल, जि.डि. साह, यति आर्ट, पुतलीसडक/फोटोः उषा तिवारी, सुन्दर बस्नेत
कम्प्युटर सेटिङ्गः सहदेव खाकी, माइक्रोचिप्स कम्प्युटर सर्भिस, पुतलीसडक, सम्पर्क फोनः ४२२७६९/मुद्रणः इन्द्रेणी अफसेट प्रेस, बागबजार

# मूल्यांकनको स्वर्ण अंक

# आफूबारे आफ्नै मूल्यांकन

थुप्रै मुटु नै ठिहिऱ्याउने हिउँद र आफैंलाई बगाउन खोज्ने बर्षाहरूलाई व्यहोरेर मूल्यांकन अहिले ५० औं अंकमा पाइला टेक्न आइपुगेको छ । नेपालमा एउटा गम्भीर वैचारिक पत्रिकाले उद्देश्य र विचारमा कुनै सम्झौता नगरिकन, बिना कुनै बाह्य सहयोग, सिर्फ बिक्रीको भरमा आफ्नो खुट्टामा उभिनु साह्रै नै गाह्रो र चुनौतिपूर्ण काम थियो । ५० सौं अंकसम्म आइपुग्दा हामी यो गौरवसाथ भन्न सक्ने हैसियतमा छौं कि, यो कष्टसाध्य तर सम्भव काम हो । पत्रिका बिकाउन यौन विकृति र नग्नतालाई नै पत्रिकाको थालीमा पस्कनु पर्छ भन्ने कुरा साँचो होइन । र, गम्भीर पत्रिकाका पाठक छैनन् भन्ने कुरा सत्य होइन ।

नेपालको बाम आन्दोलनमा विचारधारात्मक स्पष्टता एउटा सबैभन्दा प्रमुख समस्या र प्रगतिको तगारो बनेर अहिले पनि खडा छ । विचार अन्तर्क्रियाको माध्यमबाट यो समस्याको समाधानमा थोरै भएपनि सक्रिय भूमिका खेल्नु मूल्यांकन मासिकको एउटा घोषित उद्देश्य थियो ।

हामीलाई लाग्छ, गएको पौने ६ वर्षमा ४९ वटा अंक प्रकाशित गर्दा मूल्यांकनले त्यो घोषित लक्ष्यलाई पूरा गर्न प्रशस्तै पसिना बगाएको छ । विचार अन्तर्क्रिया मूल्यांकनको एउटा सबैभन्दा ठूलो आकर्षण र चिनारी भएको छ । अन्तर्क्रिया र मूल्यांकन पर्यायवाची जस्ता भएका छन् ।

सोभियत संघमा समाजवाद किन ढल्यो ?, नेपाली कम्युनिष्ट आन्दोलनका प्रमुख समस्या के हुन् ?, नेपालमा क्रान्तिकारी भूमिसुधार किन र कसरी गर्ने ?, स्वास्थ्य क्षेत्रको क्रान्तिकारी विकल्प के ?, एमालेको बहुदलीय जनवाद ठीक कि बेठीक ?, संसदीय बाटोबाट सरकारमा जानु उचित कि अनुचित ? विश्वमा र नेपालमा साम्राज्यवाद कसरी विकसित भइरहेको छ, कसरी पस्दैछ ?, समग्रमा नेपाल-भारत सम्बन्ध कस्तो हुनुपर्छ ?, नेपाल-भारतबीच व्यापार सम्बन्ध कस्तो हुनुपर्छ ?, विद्युतका क्षेत्रमा नेपाल भारतबीच के कस्तो सम्बन्ध र लेनदेन हुनसक्छ ?, महाकाली सन्धिको विकल्प के ?, कालीगण्डकी परियोजना गर्नु हुन्छ कि हुन्न ?- यी र यस्ता कैयन महत्वपूर्ण सवालहरूमा मूल्यांकनले निकै उपयोगी विचार अन्तर्क्रिया सम्पन्न गरेको छ ।

हाम्रो अनुमान छ- नेपालको क्रान्तिकारी आन्दोलनमा विचारधारात्मक स्पष्टता विकास गर्न यी अन्तर्क्रियाहरूले राम्रो भूमिका खेलेको हुनुपर्छ । अब त झन हामीले अन्तर्क्रियालाई मासिक र नियमति पार्न लागेका छौं ।

हाम्रो अन्तर्क्रिया वामपन्थीहरूको सानो घेराभित्र मात्र कैद हुनु भएन भन्ने आलोचनाले हामीलाई छोएको छ । हामी यसलाई देश र जनताप्रति गम्भीर सबै मान्छेहरूसम्म विस्तार गर्नेछौं । त्यो प्रक्रिया हामीले थालिनै सकेका छौं ।

हाम्रो अर्को घोषित लक्ष्य नेपालको आम जनतामा क्रान्तिकारी आन्दोलनमा आलोचनात्मक चेत र वैज्ञानिक चिन्तन प्रणाली विकास गर्न सहयोग पुऱ्याउनु थियो ।

कुनै जडसूत्र र बनीबनाउ फर्मूलामा आधारित नभइकन विश्वमा र नेपालमा घटेका समसामियक विषयवस्तु र घटनाहरूको आलोचनात्मक र वैज्ञानिक विश्लेषण गर्ने प्रक्रियाद्वारा हामीले आलोचनात्मक चेत जागृत गर्ने र वैज्ञानिक चिन्तन प्रणाली स्थापित गर्ने प्रयत्न गरेका छौं ।

यस दिशामा हाम्रा शुरू प्रयत्नहरूले केही सवालमा त देशमा आलोचनात्मक आन्दोलनको ज्वारभाटा नै सिर्जना गर्न समेत अग्रगामी भूमिका खेलको देखिएको छ । जस्तो, टनकपुर सन्धिकै सवालमा, अरूण तेस्रो आयोजनाको सवालमा, महाकाली सन्धिको सवालमा, सेती सम्झौताको सवालमा, र वर्तमान आतंककारी विधेयककै सवालमा । पद्मरत्नको गाईकाण्डमा हाम्रो प्रयत्नले विवादलाई वैचारिक धरातलमा ल्याउन र त्यसलाई साम्य पार्न प्राथमिक भूमिका खेलेको थियो ।

वैज्ञानिक चिन्तन प्रक्रिया विकास गर्न हाम्रो प्रयत्न त छ, तर त्यो पर्याप्त भएन कि भन्ने हामीलाई अनुभूति भएको छ । भविष्यमा हामी यसमा पर्याप्त ध्यान दिनेछौं ।

नेपाली जनताको र क्रान्तिकारी आन्दोलनको रूचि र नैतिक सांस्कृतिक धरातलमाथि उठाउन मद्दत पुऱ्याउनु मूल्यांकनको अर्को लक्ष्य हो ।

नीति-संस्कृति स्तम्भ, आवरण कथा, रोचक-प्रेरक प्रसंग, जीवनको झाँकी, संघर्षको गाथा, अचेल, साहित्य र पर्दा रंगमञ्च जस्ता स्तम्भहरूमार्फत् हामीले त्यस दिशामा मनग्ये प्रयत्न गरका छौं । यसको असर कस्तो भयो- हामीले सही मूल्यांकन गर्न ज्यादै मुश्किल छ । हामीलाई पाठकहरूको पत्रबाट यति चाहिँ थाहा भएको छ- नीति-संस्कृति स्तम्भ मूल्यांकनको सबैभन्दा लोकप्रिय तीन स्तम्भमध्ये नम्बर एक हो । अरू ज्यादा त पाठकहरूले मात्रै बताउन सक्ने कुरा हो भन्ने हामीलाई लाग्छ ।

नीति-संस्कृतिको मामलामा हामी निरपेक्ष र विशुद्ध आदर्शको माग गर्छौं भन्ने आलोचना पनि प्रबुद्ध नेता र पाठकहरूबाट आएको छ । वास्तविता त्यस्तो होइन भन्ने कुरा हामी बिनम्रतापूर्वक स्पष्ट पार्न चाहन्छौं । तर हामी त्यस मामलामा हाम्रो सजगताचाहिँ अवश्य बढाउने छौं ।

हाम्रो देशको क्रान्तिकारी आन्दोलनमा नैतिक सांस्कृतिक मूल्यको खडेरी साह्रै नै गम्भीर स्तरमा छ । नेताहरूमा नैतिक-सांस्कृतिक मूल्यको मामलामा एउटा न्यूनतम स्तर त हुनैपर्छ भन्ने हाम्रो भनाइ हो । डाक्टर हुन न्यूनतम योग्ता चाहिने, इन्जिनियर हुन न्यूनतम योग्ता चाहिने, नेता हुन चाहिँ किन नचाहिने ? भन्ने हाम्रो प्रश्न हो । तथापि, हामीले जुन नैतिक-साँस्कृतिक मूल्य हाम्रो जीवनमा स्थापित गरेका छैनौं, त्यसको माग हामीले अरूसित गरेका छैनौं । हाम्रो प्रस्तुति अलि उपदेशात्मक भयो कि भन्ने सवालमा भने हाम्रो ध्यान आकर्षित भएको छ । हामी त्यसमा सुधार ल्याउन प्रयत्न गर्नेछौं ।

मूल्यांकनको अर्को लक्ष्य थियो- विश्व समाजवादी खेमाको यथार्थ उत्पीडित नेपाली जनता र यहाँको समाजवादी आन्दोलनलाई अवगत गराउनु र यसरी ऐक्यबद्धता विकास गर्नु । हामीले मूल्यांकनको प्रकाशन थाल्दा विश्व समाजवादी आन्दोलनमा चर्को निराशा व्याप्त थियो, विशेष गरी सोभियत संघ र पूर्वी युरोपमा समाजवाद ढल्नुको कारणले । अब विश्वमा कहीं कतै पनि समाजवादी आन्दोलन बाँकी छैन कि भन्ने आशंका सर्वत्र छाइरहेको थियो । यो निराशा र आशंका चिर्नु नितान्त जरूरी थियो । तर कहीं कतैबाट पनि यो काम भइरहेको थिएन । यो जिम्मेवारीलाई पनि हामीले आफ्नो काँधमा बोक्यौं ।

विश्व समाजवादी खेमामा कहाँ के कस्तो चिन्तन-मनन र गतिविधि भइरहेछ भन्ने कुराको तथ्यसम्मत रिपोर्टले मात्र यो निराशा र आशंका चिर्न सक्थ्यो । तर यस्तों सामग्री पाउनु साह्रै कठीन थियो । यही कठिनाईलाई झेलेर मूल्यांकनले विश्व कम्युनिष्ट आन्दोलन स्तम्भ आफ्नो प्रकाशनको शुरू अंकदेखि नै राख्यो र लगातार अनेकौं मुलुकका थुप्रै अनमोल सामग्रीहरू पाठकहरू समक्ष पस्क्यो । यो चौपट्टै खुशीको कुरा हो कि, अहिले हामीकहाँ त्यस्तो निराशा बाँकी छैन, वा त्यो सारै कम भएको छ । नेपाली पाठकहरूमा विश्व समाजवादी खेमाबारे राम्रो जानकारी बढेको छ । ऐक्यबद्धता भाव थोरै भए पनि बढेको छ । मूल्यांकनको यो स्तम्भ यसको विशिष्टता नै भएको छ । अन्य पत्रिकाहरूमा पनि अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनका गतिविधिसम्बन्धी जानकारी दिने स्तम्भ राख्न थालिएकोमा हामीलाई खुसी लागेको छ ।

विश्व पूँजीवादी खेमामा के भइरहेछ, त्यहाँ के कस्ता नयाँ तरक्कीहरू र रणनीतिहरू विकास भइरहेछन् र त्यहाँ के कस्ता संकट र समस्याहरू देखिएका छन्, त्योबारे नेपाली पाठकहरूलाई अवगत गराउनु पनि हाम्रो अर्को अभिष्ट थियो । हामीलाई लाग्छ, हामीले आँखीझ्याल स्तम्भ र अन्तर्क्रिया र विशेष लेखमार्फत् यो अभिष्ट पनि केही हदसम्म पूरा गरेका छौं ।

एउटा पत्रिका नै सम्पूर्ण कुरा होइन र हुनै सक्दैन । नेपालको वामपन्थी आन्दोलन एउटा समष्टि हो । मूल्यांकनले आफूलाई त्यसैको एउटा सानो तर अभिन्न अंग संझेको छ । सामाजिक कार्य विभाजन अन्तर्गत एउटा पत्रिकाले गर्न सक्ने हदको वैचारिक र जनमत निर्माणको काम मात्र हामीले गर्ने हो र त्यसको निश्चित सीमा हुन्छ भन्ने कुरा हामीले ठम्याएका छौं । नेपालको क्रान्तिकारी आन्दोलनमा थोरै भए पनि वैचारिक सांस्कृतिक र नैतिक उच्चता र परिस्कार ल्याउन मूल्यांकनले भूमिका खेल्न सक्यो भने हामीले आफ्नो अभिष्ट सफल भएको ठान्नेछौं । हाम्रो मुख्य लक्ष्य नै त्यही हो ।

दरो वैचारिक एकताका लागि हाम्रो क्रान्तिकारी आन्दोलनमा गंभीर तर स्वस्थ र सार्थक वैचारिक बहसको सारै खडेरी छ । त्यही खडेरीलाई हल गर्ने एउटा साझा चौतारोको रूपमा समेत मूल्यांकनले काम गर्न सकोस् भन्ने हाम्रो प्रयत्न छ । यो प्रयत्न कति सफल भयो, पाठकहरूले मूल्यांकन गर्ने कुरा हो । हाम्रो अनुभूति छ, त्यस दिशामा हामीले थोरै भए पनि उपलब्धि हासिल गरेका छौं । अहिले मूल्यांकन गंभीर, स्वस्थ र सार्थक बहसको लागि धेरैको निम्ति स्वीकार्य मंच भएको छ ।

तथापि, काम गर्दा गल्ती हुन्छ नै र गल्ती कमजोरी काम गर्नेकै हुन्छ । हाम्रा पनि गल्ती कमजोरी भएका छन् ।

◉ मूल्यांकन पहिलेभन्दा पढ्न गाह्रो पत्रिका भयो कि ?

◉ मूल्यांकनमा लेख्नु भनेको धेरैको निम्ति पहुँच बाहिरको कुरा हुँदै गयो कि ?

◉ मूल्यांकनमा मार्क्सवादको प्रारम्भिक ज्ञान प्राप्त गर्न खोज्नेको लागि कुनै सामग्री नै भएन कि ?

◉ मूल्यांकनमा उत्पीडित वर्ग र जनजातिको जीवन स्थिति र समस्या बारेको सामग्री थोरै भयो कि ?

◉ मूल्यांकनमा प्रवासी नेपालीको बारेमा कुनै सामग्री नै आएन कि ?

हाम्रो ध्यान पाठकहरूको यो आलोचनाप्रति आकर्षित भएको छ । हामी यसमा सुधार ल्याउन प्रयत्न गर्नेछौं । हाम्रा मार्ग-दर्शक भनेकै पाठक हुन् । त्यसैले, खुलेर हाम्रो आलोचना गर्न र हामीलाई फोन वा पत्रद्वारा त्यो अवगत गराउन हामी तपाईहरू सबैमा आह्वान गर्छौं । ◉

# आतंकवाद विरोधी विधेयक

# निरंकुशतन्त्र थोपर्ने षड्यन्त्र




◆ श्याम श्रेष्ठ

साउनको पहिलो हप्तामा कथित आतंककारी नियन्त्रण विधेयकलाई मंत्री परिषद्ले पारित गरेको खबर मात्र के प्रसारित भएको थियो, यसले देशभरिका प्रजातन्त्रप्रति सचेत नागरिकहरूमा भयावह आतंक मच्चायो। यो आतङ्कको ज्वारभाटा यति चर्को उर्लियो कि २०४६ यता कांग्रेस, कम्युनिष्ट भनेर आ-आफ्नो क्याम्पको पालभित्र पसेका सारा संवेदनशील मानिसहरू पालबाट सडकमा निस्के र यो विधेयकको विरूद्धमा तुरून्तै गोलबन्द भए। विधेयक अब संसदमा पेश हुने भन्ने खबरले विचारधाराको पर्खाल गर्मीमा हिउँ पग्लेझैं पग्लियो र सबै विचारधाराका प्रजातन्त्रप्रेमी बौद्धिकहरू विधेयकको विरूद्ध एकजूट भए।

'मूल्याङ्कन' मासिकले लगत्तै साउन




२२ गते यही विषयमा एउटा वृहत् सर्वपक्षीय गोष्ठीको आयोजना गऱ्यो। त्यहींबाट जन्म्यो- बहुचर्चित 'प्रजातान्त्रिक अधिकार जोगाऔं आन्दोलन', जसमा प्रसिद्ध वाम सांसद पद्मरत्न तुलाधरदेखि नेपाली कांग्रेस पक्षधर भूतपूर्व सभामुख दमननाथ ढुंगानासम्म एक भए। यसले तुरून्तै देशभित्र र बाहिर विधेयकको विरूद्धमा सशक्त जन प्रतिरोध आन्दोलन सिर्जना गऱ्यो।

नेपालका सम्पूर्ण मानव अधिकारवादी संगठनहरू तुरून्तै यसका विरूद्ध सडकमा ओर्लिए। सरकारले सांसद पद्मरत्नको संयोजकत्वमा गठन गरेको मानव अधिकार कार्यदलका एघारजना सदस्यहरूमध्ये संयोजकसहित आठ जनाले तुरून्तै विरोधसहित राजीनामा दिए। २०४६ सालको ऐतिहासिक जन-आन्दोलनमा क्रियाशील बहुसंख्यक पेशागत संगठनहरू विधेयकको विरूद्ध एक ठाउँमा जम्मा भए। सबै सोचका प्रजातन्त्र-सचेत लेखक कलाकारहरूले विधेयकका विरूद्ध ऐक्यबद्धता समूह नै गठन गरे र सडक नाटक, कविता वाचन र सांसदहरूलाई ज्ञापनपत्रमार्फत् आफ्नो

# के नेपाल पुनः निरंकुशतन्त्रतिरै जान लाग्दैछ ?

विरोध तुरून्तै मुखरित गरे। देश बाहिर बसेका नेपालीहरूले प्रधानमन्त्री र गृहमन्त्रीकहाँ विरोध-पत्रको लर्को ओइऱ्याए वा ओइऱ्याउन लगाए।

उता, भूतपूर्व प्रधान न्यायाधीश विश्वनाथ उपाध्यायको संयोजकत्वमा गठित 'प्रजातान्त्रिक सुदृढीकरणका लागि नागरिक अभियान' यही बीचमा साउनको तेस्रो हप्तामा अस्तित्वमा आयो। त्यसले पनि तुरून्तै यो विधेयकका विरूद्ध प्रधानमन्त्री र सभामुखलाई आफ्नो विरोध प्रस्तुत गऱ्यो।

चारवटा वामपन्थी पार्टीले साउनको चौथो हप्तामा मूलतः यही विधेयकका विरूद्धमा उपत्यका बन्द र नेपाल बन्दको कार्यक्रम ल्याए। पछि यो समूह विस्तारित र एकताबद्ध भएर 'नौ वामको समूह' बन्यो। सो समूहले राखेको नेपाल बन्दकै एक दिने कार्यक्रम प्रभावकारी रूपमा सफल भयो र अब असोजको प्रारम्भमै दुई दिने नेपाल बन्दको कार्यक्रम राखेको छ।

विरोध लहर सर्वत्र उर्लिएपछि गएको माघमा प्रधानमन्त्री देउवामार्फत् यो विधेयक सर्वप्रथम संसदमा ल्याउन जमर्को गर्ने नेपाली कांग्रेस अब विभाजित भएको देखिएको छ। यसका सभापति गिरिजाप्रसाद कोइराला अब यो विधेयकलाई ससदबाट पास हुन नदिने अठोट व्यक्त गरिरहेछन्, यद्यपि देउपा पक्ष चाहिँ अहिले पनि 'यो विधेयक ल्याउन किन ढिलाई गरेका हैं ?' भनेर चन्द सरकारको झ्याँको झार्दैछ।

नेकपा एमालेको स्थायी समितिले नै आफ्नो शक्तिशाली उपप्रधानमन्त्री तथा गृहमन्त्री बामदेवलाई यो विधेयक ल्याउन सैद्धान्तिक सहमति दिएको कुरा महासचिव माधव नेपालले बताएका छन्। तथापि, तमाम बौद्धिकहरू र आफ्नै अधिकांश सांसद र कार्यकर्ताहरू यो विधेयक विरूद्धमा खडा भएपछि एमाले नेतृत्व पनि तुरून्तै यो विधेयक यही रूपमा ससदबाट पास गरीहाल्न हच्केको छ। हाले भएको केन्द्रीय समितिको बैठकले पजेरो मात्र होइन, यो विधेयकले गर्दा समेत पार्टी जनसमुदायका बीच काफी अलोकप्रिय भएको अनुभूति गरेको छ। त्यसैले केन्द्रीय समितिले विधेयकलाई यो संसदको अधिवेशनमा पेश नगर्ने निर्णय गरेको छ।

तथापि विधेयक आउने खड्गो भने पूरै टरिसकेको छैन। किनभने, पार्टीका बलवान् उपप्रधानमन्त्री अहिले पनि खुलेआम ऐलान गर्दैछन्- 'माओवादी समस्या आतंकवादी समस्या हो र माओवादी आतंकलाई समाधान गर्न विद्यमान ऐन कानून पर्याप्त छैनन्। त्यसैले यस्तो विधेयकको नितान्त आवश्यकता छ। संसदमा सर्वदलीय सहमति भयो भने यस्तो विधेयक ल्याइनुपर्छ।'

यही भाषा पार्टीका शक्तिशाली महासचिव माधवकुमार नेपालको पनि छ। अति पातलो धागोले बाँधेको अहिलेको राप्रपा-एमालेको सत्ता सन्तुलनमा उनीहरूले भूमिगत शक्तिकेन्द्रको दवाबमा सरकारमा टिकिरहने दाउपेचका रूपमा यस्तो बोल्नु परेको हो कि, यो उनीहरूको अन्तःस्करणको आवाज हो, त्यो चाहिँ व्यवहारमा हेर्नै बाँकी छ।

तर ६-७ महिनाअघि भखरै सरकारमा जाँदा एमाले-राप्रपा सरकारको निम्ति माओवादी समस्या कुनै 'आतकवादी समस्या' थिएन, जस्तो कि अहिले भनिँदैछ। सरकार गठनको बेला जारी गरिएको २० सूत्रीय कार्यक्रममा यसलाइ त्यतिखेर 'राजनीतिक समस्या' भनिएको थियो र यो समस्यालाई 'राजनीतिक तवरले नै हल गर्ने' अठोट सार्वजनिक रूपमा व्यक्त गरिएको थियो। त्यस यता न त देशको समग्र स्थितिमा कुनै अन्तर आएको छ, न माओवादीहरूको नीति र कार्यक्रममा कुनै तात्विक भिन्नता देखिएको छ, न उनीहरूको हिंसात्मक आक्रमणको कुल चरित्रमै कुनै गुणात्मक फेरबदल आएको छ। तर यही बीचमा एमाले नेतृत्वको र सरकारको माओवादी समस्यालाई हेर्ने दृष्टिकोणमा भने एकाएक आमूल हेरफेर भएको देखिएको छ। यस्तो के कारणले भयो त ? यो बुझ्न गाह्रो विषय भएको छ। एमालेभित्रकै एक उच्चस्तरीय सूत्रले हामीलाई बताए- 'वास्तवमा यो स्थितिमा परिवर्तन आउनाले भएको होइन। वामदेवजीमाथि आर्मी र पुलीसको चर्को दवाब पऱ्यो- यो विधेयकबिना कामै चलाउन सकिन्न भनेर। कुर्सी मोहमा परेर त्यही दवाबको लहैलहैमा उहाँको सोचमा र भाषामा एकाएक परिवर्तन भएको हो। वास्तवमा, यो विधेयकको ड्राफ्ट आफैं पुलीस हेडक्वार्टरमा जन्मिएको हो। यो एमालेकै हातबाट एमाले खत्तम पार्ने कानून ल्याउने सुनियोजित षड्यन्त्रको उपज हो। वामदेवजी सीधा मान्छे हुनुहुन्छ। चूरो कुरा नै नबुझेर प्रतिगामी तत्वको ग्रायण्ड डिजाइनमा फस्नु भएको कुराको अभिव्यक्ति हो- यो विधेयक र माओवादीप्रतिको दृष्टिकोणमा परिवर्तन।'

वास्तवमा यो भनाइ सत्यको निकै नजिक छ भन्ने मलाई लाग्छ। दरबार र बाह्य साम्राज्यवादी तत्वहरू एमालेकै हातबाट माओवादीहरूको सफाया होस् र एमालेकै हातबाट भरे एमालेलाई खत्तम पार्न सकिने कानूनी पूर्वाधार पनि तयार होस् भन्ने कुरामा निकै प्रयत्नशील देखिन्छन्। उनीहरू सेना र प्रहरीमार्फत् सशक्त दवाबद्वारा सरकारलाई त्यही दिशामा मोड्न भगीरथ प्रयत्न गरिरहेछन्। "सरकारमा जसरी पनि जानु र टिक्नुपर्छ" भन्ने एमाले नेतृत्वको मनोभावलाई भरेड बनाएर उनीहरू आफ्नो लक्ष्यको बुइँगलसम्म जाने कोशिस गरिरहेका देखिन्छन्। एमाले नेतृत्व र सरकारको भाषामा एकाएक परिवर्तन त्यही प्रयत्नको सफलताको द्योतक हो।

**अहिले देशमा सरकार भन्यो कि कुर्सीको छिनाझप्टी र भ्रष्टाचार बुझ्ने, सांसद भन्यो कि पजेरो बुझ्ने स्थिति खडा भएको छ**




व्यङ्ग चित्रः राजमान महर्जन

## समस्याको जरो

नत्र माओवादी समस्याको 'राजनीतिक समाधान' गर्ने हो भने, सरकारले ती समस्याको जराहरूमा जानुपर्ने हुन्छ, जहाँबाट माओवादी गतिविधि अंकुरित भएको छ। आम जनतामा यतिखेर देशको सरकार र सांसदहरूप्रति, देशको प्रमुख राजनीतिक पार्टी नेतृत्वप्रति व्यापक निराशा छाएको छ र यो निराशा अकारण छैन। २०४६ सालको ऐतिहासिक जन-आन्दोलनपछि सत्तामा आएको सरकारले गरीबी, उत्पीडन, अन्याय र भ्रष्टाचार निर्मूल पार्ने दिशामा सशक्त कदम उठाउनेछ भन्ने जनतामा ठूलो आशा र विश्वास थियो। तर गएको सात वर्षको दौरानमा भयो यसको ठीक उल्टो। यो निर्मूल हुने दिशामा जानुको बदलामा सरकारकै कामको फलस्वरूप गरीबी, उत्पीडन, अन्याय र भ्रष्टाचार अरू तीव्र गतिमा बढ्यो, अरू खुलेआम रूपमा बढ्यो। संसदले यो रोक्न केही गरेन। कुनै पनि प्रमुख राजनीतिक नेतृत्वले यो दिशामा माखो मार्ने काम गरेन। उनीहरूको मुख्य समय र शक्ति सत्ताको अनैतिक छिनाझप्टी, पजेरो वा शहरमा नयाँ चारतल्ले घरमै मूलतः केन्द्रित देखियो। अहिले देशमा सरकार भन्यो कि कुर्सीको छिनाझप्टी र भ्रष्टाचार बुझ्ने, सांसद भन्यो कि पजेरो बुझ्ने स्थिति खडा भएको छ। कनकमणि दीक्षितले भनेजस्तो, बहुदलीय व्यवस्था आएपछि पनि हाम्रो सिंगै देश विकासोन्मुख होइन, झन् ज्यादा ओरोलो उन्मुख भइरहेछ। सरकार, ससद र प्रमुख राजनीतिक नेतृत्वप्रति जनतामा छाएको व्यापक निराशा नै समस्याको मुख्य जरा हो, जहाँबाट माओवादी गतिविधि अंकुरित भएको छ।

त्यसैले, माओवादी कारवाहीको मुहान भनेको जनतामा छाएको अधैर्यता हो, जुन देशमा व्याप्त गरीबी र उत्पीडनको चरमचुली र राजनीतिक नेतृत्वद्वारा त्यसप्रति बेहद उपेक्षाबाट जन्मिएको छ।

**प्रस्तावित 'आतंकवाद' विरोधी विधेयकको विरोधमा प्रजातान्त्रिक अधिकार जोगाऔं आन्दोलनले भाद्र १५ गते राजधानीमा एक बृहद विरोध प्रदर्शनको आयोजना गरेको थियो । उक्त विरोध प्रदर्शनमा बुद्धिजीवी, लेखक, कलाकार, विभिन्न जनवर्गीय संगठनहरु, विभिन्न पेशागत समूहहरु सहभागी भएका थिए । सोही विरोध प्रदर्शनका झाँकीहरु**







सिंगै देश ओरालो उन्मुख हुनु, सिंगै जनताको जीवन दुःसाध्य हुनु, तर शान्तिपूर्ण उपायबाट कहीं कतै कुराको सुनवाई हुने स्थिति नै नरहनु- परिस्थिति यस्तो भएपछि जनताको सामु विकल्प के रहन्छ त ? यस्तो भएपछि जनताहरू स्वभावतः हिंसा र आतंकको सहारामा जन्मन्छन् नै ?

अहिलेको आधारभूत प्रश्न के हो भने, माओवादी 'जनयुद्ध' जन्मने मूल जरा ज्यूँका त्यूँ राखेर के प्रशासनिक उपायबाट यो समस्या हल गर्न सकिन्छ ? के विश्वमा यस्तो गर्न सकिएको कुनै उदाहरण छ ?

माओवादी समस्याको 'राजनीतिक समाधान' गर्ने हो भने, जुन समस्यालाई माओवादीहरूले संबोधन गरेका छन् र जुन समस्याबाट माओवादी 'जनयुद्ध' पैदा भएको छ, त्यो समस्यालाई क्रमबद्ध ढंगले अहिलेको राज्य व्यवस्थाले संबोधन गर्ने सामर्थ्य र योग्यता राख्नुपर्‍यो । छ त्यो सामर्थ्य र योग्यता अहिलेको राज्य व्यवस्थाको नेतृत्वमा ? हैन भने, जुन जराबाट माओवादी समस्या पैदा भएको छ, त्यसलाई ज्यूँका त्यूँ बाँकी राख्ने हो भने, भलै अहिले राज्य दमन र प्रशासनिक उपायबाट पाँच सात ठाउँका माओवादीहरू निमिट्यान्न पारिएलान्, तर सैयौं अरू ठाउँबाट नयाँ परिष्कृत माओवादीहरू हतियार समातेर मैदानमा उत्रिरहनेछन् । अनि क-कसलाई र कहाँ कहाँ मात्र दमन गरी भ्याउनेछ यो राज्यले ? जरा भएसम्म हजार टुसा उम्रिरहन्छन् भन्ने तथ्य जगजाहेर नै कुरा हो ।

माओवादी समस्याको 'राजनीतिक समाधान' गर्ने हो भने, वर्तमान राज्य व्यवस्थाको नेतृत्वले जराको रोगलाई पात पातमा विषालु झोल छर्कने होइन, समस्याको जरासम्मै जाने बुद्धिमत्ता देखाउन सक्नुपर्‍यो । देश र जनताको ओरालो उन्मुखताप्रति उनीहरूमा संवेदनशीलता र प्रतिबद्धता हुनुपर्‍यो । यी तीनै थोकको अनिकाल देखिएको छ- वर्तमान राज्य-नेतृत्वमा । वर्तमान राज्य फेल भएको छ- देश र जनताको आधारभूत समस्यालाई संबोधन गर्नमा । त्यही फेल भएको राज्यको असहायपनको परिणाम हो- वर्तमान आतंककारी विधेयक र सुरक्षा कानून । त्यही फेल भएको नेतृत्वको निमछरोपनको उपज हो- प्रशासनिक उपायबाट माओवादी समस्या हल गर्न खोज्ने मूर्खता ।

'जब शासक वर्गले सिर्जनशीलता गुमाउँछ र आफू उठेको धरातल बिर्सन्छ, उसको लागि सरल सहारा हुन्छ- दमन'- हिमालमा प्रकाशित दीपक ज्ञवालीको यो विचार मलाई निकै मार्मिक लागेको छ । यहाँ पनि ठीक यस्तै भएको छ ।

अन्यथा, विश्वमा कहीं पनि राज्य-आतंकको सहाराले जन-असन्तुष्टिको संगठित अभिव्यक्ति शान्त भएको इतिहास छैन । बरू यसबाट जन-आक्रोशको आगो अरू भन्भनाएर दन्केको र त्यसले अन्ततः दमनकर्ता आफैंलाई भष्म पारेको मात्र इतिहास छ । टाढा किन जाने ? राणा शासन, पञ्चायती शासन किन र कसरी ढल्यो ? भारतमा टाडा ऐन किन फेल खायो ? श्रीलंकामा, भूटानमा र टर्कीमा त्यहाँको राज्य दमन अभियान कसरी फेल खाँदैछ ? फिलिपाइन्समा मार्कोसको राज्य-आतंक किन फेल खायो ? यी तरोताजा उदाहरणहरू मात्र हेरे पर्याप्त छ ।

तर उही ढुंगामा दश पटक ठेस लागेर पनि नेपाली शासकहरू चेतेका देखिन्नन् । एकपछि अर्को देशको दुर्दशाको स्रोत यही भएको छ ।

**'आतंककारी नियन्त्रण विधेयक' कार्यान्वयन हुने हो भने नेपालमा तीसौं वर्षसम्म लडेर ल्याएको बहुदलीय पूँजीवादी प्रजातन्त्र एकै झड्कामा पुलीस र मिलीटरीको मनपरीतन्त्रमा परिणत हुनेछ**

## विधेयक र संभावना

अहिले प्रस्तावित 'आतंककारी नियन्त्रण विधेयक' मा त्यस्ता कुराहरू छन्, जुन व्यवहारमा कार्यान्वयन हुने हो भने नेपालमा तीसौं वर्षसम्म लड़ेर ल्याएको बहुदलीय पूँजीवादी प्रजातन्त्र एकै झड्कामा पुलीस र मिलीटरीको मनपरीतन्त्रमा परिणत हुनेछ । पुलीस र मिलीटरीलाई यो ऐन मुताबिक कुनै पनि नागरिकलाई शंकाको भरमा बिना वारेण्ट पक्रने, तीन महिनासम्म बिना अदालती कार्यवाही जेलमा थुन्ने, घरमा बिना कारण घुस्ने र खानतलासी लिने, नागरिकहरूका गोप्य चिठीपत्रहरू खोल्ने र टेप गर्ने जस्ता निरंकुश र स्वेच्छाचारी अधिकार हुनेछन् । यहाँसम्म कि, 'आतंककारी भाग्न लाग्यो' भनेर थलोमै गोली ठोक्ने र मार्ने हकसमेत उनीहरूलाई दिइएको छ । र, यी स्वेच्छाचार विरूद्ध कुनै पनि सामान्य अदालतमा मुद्दा लाग्दैन । सरकारले तोकेको विशेष अदालतले मात्र यो मुद्दाको पुर्पक्ष गर्न पाउँछ । लाठा, ढुंगा र खुकुरी घरमा राख्नेलाई समेत 'आतंककारी' भनेर अभियोग लाउने ठाउँ यो विधेयकले प्रदान गरेको छ । देशमा संकटकालीन स्थितिको घोषणा हुँदा समेत खोस्न नपाइने बन्दी प्रत्यक्षीकरणको संवैधानिक मौलिक अधिकार यो ऐनले खोस्न पाइने गरेको छ । संविधानले वर्जित गरेको मृत्यु-दण्ड अब एउटा मामुली पुलीस अधिकारीको आदेशको भरमा तत्काल हुन सक्ने पारिएको छ ।

समग्रमा हेर्दा, यो विधेयक जनआन्दोलनबाट आएको बहुदलीय संविधानलाई धोती लाउने र देश सिंगैलाई पुनः एकदलीयतातर्फ धकेल्ने प्रक्रियाको राजमार्ग झैं देखिन्छ । यो विधेयकले अघोषित रूपमा नेपाललाई २०१७ पुष १ गतेकै बिन्दुमा पुर्‍याउने सुनिश्चित देखिन्छ, जहाँबाट नेपालमा पुनः एकदलीय निरंकुश हुकूमी शासनको शुरूआत भएथ्यो । देशमा विपक्ष मास्ने र राज्य हिंसाको बाढी ल्याउने बाँधको ढोका यो विधेयकले उदांगै खोल्ने देखिन्छ । पुलीस र सेनाका जवानको शंकाको भरमा जो कोहीलाई पनि थुन्ने र मार्नेसम्म छूट भएपछि, र यस्तो छूट दिने विधेयक कुनै जंगबहादुर वा सूर्यबहादुरको हातमा परेपछि यहाँ कुन विपक्ष बाँकी बच्नेवाला छ ? यसको पहिलो शिकार एमाले स्वयं

# "असामान्य स्थितिको सामना गर्न विद्यमान संवैधानिक व्यवस्था नै पर्याप्त छ !"

◆ श्री विश्वनाथ उपाध्याय
भूतपूर्व प्रधान न्यायाधीश

**० नेपालमा बहुदलीय प्रजातन्त्र पुनर्स्थापित भएको सात वर्ष मात्र भएको छ । तर अहिले भर्खरै पंचायतकालीन सार्वजनिक सुरक्षा ऐनलाई पुनः सक्रिय पारिएको छ । र, मन्त्री परिषद्ले आतंककारी नियन्त्रण विधेयकलाई पास गरिसकेको र यो संसदमा स्वीकृतिको लागि ल्याउन खोजिएको थाहा भएको छ । यो घटनालाई तपाईले कसरी लिनुभएको छ ?**

-मस्यौदा विधेयक अहिलेसम्म ड्राफ्टकै रूपमा छ । यो विधेयकले सरकार र प्रशासन-यन्त्रलाई बर्बर र निरंकुश अधिकार दिन खोजिरहेको छ । यस्तो प्रवृत्तिको अधिकार किन दिनुपर्‍यो ? सरकारले कुनै स्पष्ट र चित्तबुझ्दो जवाफ दिन सकेको देखिँदैन ।

बिना वारेण्ट केवल शंकाको भरमा जुनसुकै मान्छेलाई गिरफ्तार गर्न र थुनामा राख्न सकिने, बिना पूर्व सूचना घरभित्र पसेर जुनसुकै व्यक्ति वा ठाउँको खानतलासी लिन सकिने, लाठा, पटाका, ढुंगाजस्ता बस्तुलाई पनि हात हतियार भनेर मान्छेलाई थुनछेक गर्न सकिने, आतंककारी भाग्न लाग्यो भनेर कुनै पनि मान्छेलाई गोली हानेर मार्न सकिने र यी सबका विरूद्ध अदालतमा मुद्दा नचल्ने, यसको कुनै सुनवाई नै नहुने, सरकार आफैंले विशेष अदालत गठन गरेर मुद्दा चलाएर सजायँ दिन पाउने, यस्तो निरंकुश र स्वेच्छाचारी प्रकृतिको अधिकार सरकार र प्रशासन यन्त्रलाई किन चाहियो ? यसको तर्कसम्मत औचित्य के ? यसबारे सरकारले अहिलेसम्म कुनै सन्तोषजनक स्पष्टीकरण दिन सकेको देखिन्न ।

मलाई लाग्छ, आज जे जस्तो राजनीतिक वातावरण छ, राजनीतिक दलहरूका बीच जे जस्तो अप्रजातान्त्रिक र अनैतिक राजनीतिक प्रतिस्पर्धा चलेको देखिन्छ, त्यसलाई हेर्दा मस्यौदा विधेयकअनुसारको अनियन्त्रित र असीमित अधिकार सरकार र प्रशासनलाई प्राप्त भएमा सत्ताधारी दल वा दलहरूले आफ्ना प्रतिपक्षी राजनीतिक दल, त्यसका नेताहरू र अन्य स्वतन्त्र प्रजातन्त्रवादी बुद्धिजीवीहरूलाई विभिन्न बहानामा दमन गर्न सक्नेछन् । सञ्चार माध्यमहरूलाई नियन्त्रण गरेर विचार र अभिव्यक्तिको स्वतन्त्र प्रवाहलाई कुण्ठित गर्न सक्नेछन् । पुनरोत्थानवादी शक्ति राजनीतिमा हावी हुँदै जाने सम्भावना रहनेछ । त्यसैले, मेरो त स्पष्ट मत छ- यस्तो निरंकुश स्वेच्छाचारी र अप्रजातान्त्रिक कानूनी व्यवस्था लागू गर्नु हुँदैन । उक्त मस्यौदा विधेयकलाई ऐनको रूप दिनका लागि संसदमा पेश गर्ने श्री ५ को सरकारको निर्णय फिर्ता लिइनु पर्दछ ।

यथार्थमा यो मस्यौदा विधेयक २०४७ सालको संविधानको मर्म र भावनाको विपरीत छ । त्यसैले, यसका विरूद्ध अदालतमा चुनौती दिइएमा न्यायपालिकाले त्यसलाई असंवैधानिक र अमान्य घोषित गर्न सक्छ । यो हिसाबले पनि श्री ५ को सरकार स्वयंले आफ्नो निर्णयमा पुनर्विचार गर्नु नै बुद्धिमत्तापूर्ण हुनेछ ।

> **सत्ता परिवर्तन भयो । शासन प्रणालीमा परिवर्तन भयो । तर राज्य-संस्कृतिमा कुनै पनि परिवर्तन भएन**

अनौपचारिक रूपमा प्राप्त मस्यौदा विधेयकलाई अध्ययन गर्दा श्री ५ को सरकारले माओवादीहरूलाई दमन गर्ने निहुँमा संविधानको मर्म र भावना, मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय घोषणापत्र तथा संझौताहरूको प्रतिकूल, संविधानद्वारा प्रत्याभूत जनताका मौलिक अधिकारहरूमा अतिक्रमण गर्ने र शासन यन्त्रको दुरूपयोग गरी राज्य आतंकको सृष्टि गर्ने कानूनी पूर्वाधार खडा गर्न खोजेको देखिन्छ ।

यो विधेयक संसदबाट पारित भएमा युद्ध, बाह्य आक्रमण,, सशस्त्र विद्रोह जस्ता संकटकालीन अवस्थामा मन्त्री परिषद्को सल्लाहअनुसार श्री ५ बाट जारी हुन सक्ने घोषणा वा आदेशभन्दा पनि असीमित र निरंकुश अधिकार श्री ५ को सरकारलाई प्राप्त हुनेछ ।

त्यसैले, कुनै पनि प्रजातन्त्रवादी मान्छेले यो निरंकुश र स्वेच्छाचारी विधेयकको समर्थन गर्ने सवालै उठ्दैन ।

**० तर सरकारले त माओवादी समस्या हल गर्न अहिले भएका ऐन कानूनहरु पर्याप्त छैनन् भनिरहेको छ त ? तपाई त संविधान निर्माता र वरिष्ठ कानूनवेत्ता पनि हुनुहुन्छ । यसमा तपाईको भनाई के छ ?**

-हो, श्री ५ को सरकारले यस्तो भनिरहेको छ । माओवादी समस्या निराकारण गर्न वा त्यसको प्रतिकार गर्न विद्यमान संवैधानिक र काननी व्यवस्था अपर्याप्त छ भनेर श्री ५ को सरकारले भनिरहेको छ ।

तर यो माओवादी समस्या भनेको नै के हो ? सर्वप्रथम यसबारे श्री ५ को सरकारले जनतालाई राम्ररी प्रष्ट गर्न सकेको छैन । यही सरकारले कहिले यो "राजनीतिक समस्या" हो भन्छ, यसलाई राजनीतिक रूपले समाधान गर्नुपर्छ, दमनद्वारा समाधान गरिनु हुन्न भन्छ । आज आएर एकाएक यसलाई "आतंकवादी समस्या" भनिरहेछ । यसरी माओवादी समस्याका बारेमा सरकारी सोच र धारणामा एकाएक परिवर्तन किन आयो ?

सरकारमा भएका मन्त्रीहरूको कुरा सुन्छु । सत्ताधारी पार्टीका नेताहरूको कुरा सुन्छु । उनीहरूको सोच र धारणा पनि मिलिराखेको देखिन्न । कोही भन्छन्- यो आतंकवादी विधेयक बर्बर कानून हो, यसलाई ल्याउनु हुन्न । कोही यो विधेयक नभई हुन्न भन्छन् । मन्त्रीहरूको पनि अलग अलग मत देखिन्छ ।

कतै हामी पत्र-पत्रिकामा समाचार पढ्छौं- दिनभरि कुनै एउटा दलको सदस्यको रूपमा देखिने व्यक्तिहरू नै रात परेपछि माओवादी भएर आतंक र त्रास मच्चाइरहेछन् । माओवादी गतिविधिबाट मारिने व्यक्तिहरू राजनीतिक आस्थाका आधारमा एउटा दलका सदस्यहरू भएको र यदाकदा यो गतिविधिमा सुरक्षाकर्मीहरूको पनि संलग्नता रहेको कुरा पनि सार्वजनिक जानकारीमा आएको छ । यी समाचारहरूको चित्तबुझ्दो खण्डन पनि सरकारबाट जनसमक्ष आएको छैन ।

कतै हाम्रो समाजमा माओवादीका नाममा आफ्ना राजनीतिक प्रतियोगीहरूसँग प्रतिशोध लिने गलत प्रवृत्ति त विकसित भएको होइन ? माओवादीको भेष धारण गरेर कतै असामाजिक र पुनरोत्थानवादी तत्वहरू त सक्रिय भएका होइनन् ? माओवादी आन्दोलन भनेको सशस्त्र विद्रोह नभएर केवल कानून र व्यवस्थाको सामान्य समस्या त होइन ? यी र यस्ता प्रश्नहरू र शंकाहरू जनमानसमा यतिखेर पैदा भएका छन् ।



वास्तवमा हो के माओवादी समस्या ? सरकारले जनतालाई संतोषजनक ढंगबाट स्पष्ट गर्न सकेको छैन । श्वेत-पत्र जारी गरेर भए पनि सरकारले यी प्रश्नहरूबारे जनतालाई चित्तबुझ्दो स्पष्टीकरण दिनु जरूरी भएको छ ।

हैन, त्यसबाट समस्या त रहेछ भन्ने देखियो भने, देशको सार्वभौमसत्ता वा आन्तरिक सुरक्षा, अथवा समाजको शान्ति र व्यवस्थालाई खल्बल्याउने प्रवृत्तिको सरकारले प्रतिकार गर्नुपर्छ भन्ने कुरामा मत-भिन्नता हुने प्रश्नै आउँदैन । हिंसा र असुरक्षाको वातावरण कुनै एउटा दल विशेषले सिर्जना गर्छ, महिनौंसम्म र वर्षौंसम्म त्यो कायम भइरहन्छ, सरकारले शान्तिपूर्ण कानूनी उपायबाट स्थितिलाई नियनत्रण गर्न सक्दैन, र त्यही कारणले सामाजिक सुरक्षामा धेरै आँच आउँछ भने सरकारले वास्तवमा कठोर कारवाहीहरू पनि गर्नुपर्ने हुन्छ । असाधारण उपाय पनि अवलम्बन गर्नुपर्ने

# 'आतंकवाद' विरोधी विधेयकले पुनरोत्थानवादी शक्तिलाई नै शक्तिशाली बनाउँछ

हुन्छ ।

तर त्यसको लागि पनि विद्यमान संवैधानिक कानूनी व्यवस्थाहरू नै पर्याप्त छन् र विधेयकको आवश्यकता छैन भन्ने मेरो धारणा छ ।

**० यस्तो किन त ?**

-किनभने, अहिलेसम्म सरकारले देशमा विद्यमान सामान्य कानून, शान्ति सुरक्षासम्बन्धी सामान्य व्यवस्थाहरूको पनि राम्ररी अवलम्बन गरिराखेको छैन । पुलीस प्रशासनकै अहिले निकै राजनीतिकरण भइरहेको छ, उनीहरू आफैं असुरक्षाको समस्या झेलिरहेछन् । माओवादी समस्या भनेको उनीहरूको आफ्नो समस्या भइराखेको छ । त्यहाँ योजनाबद्ध ढंगले कुनै काम नै भइराखेको छैन ।

कहिले माओवादीहरूसित वार्ता गर्ने भनिन्छ । कहिले यही सिलसिलामा कार्यदल गठन गरिन्छ । तर वास्तवमा माओवादीहरूसित वार्ता भयो-भएन ? भयो भने कुन कुन सवालमा भयो ? कस्ता कस्ता मागहरू पेश भए ? ती मागहरूको समाधान गर्न सकिने भयो भएन ? भएन भने किन भएन ? यी र यस्ता कुनै पनि प्राथमिक सवालहरूको योजनाबद्ध उत्तर सरकारले दिन सकेको देखिन्न ।

हैन, माओवादी समस्या दुसाध्य नै भइसकेको छ भने त्यसको पनि समाधान हाम्रो संविधानले सोचेको छ । त्यो असाधारण स्थितिको पूर्वानुमान हाम्रो संविधानले गरेको छ । संविधानले त्यो स्थितिमा संकटकालीन स्थितिको घोषणा गर्ने निकास दिएको छ । सरकारले यही संविधान मुताबिक माओवादी प्रभावित जिल्लामा सशस्त्र विद्रोह भइदियो भने संकटकालीन स्थितिको घोषणा गर्न सक्छ र त्यसरी स्थितिलाई नियन्त्रणमा ल्याउन सक्छ ।

संकटकालीन स्थितिमा पनि जथाभावी नहोस्, जनताको संविधान-प्रदत्त मौलिक अधिकारको हनन् नहोस् भनेर हाम्रो संविधानले पर्याप्त ध्यान दिएको छ र त्यसलाई संसदको सुपरिवेक्षणअन्तर्गत राखेको छ । संकटकालीन स्थिति घोषणा भएको तीन महिनापछि नै त्यसलाई प्रतिनिधि सभामा अनुमोदनार्थ पेश गरिनुपर्ने गरिएको छ । प्रतिनिधि सभाले त्यसलाई छानबीन गर्छ, समीक्षा गर्छ । उचित देखियो भने त्यसलाई अनुमोदन गर्छ, देखिएन भने अस्वीकृत गर्छ । अस्वीकृत गर्नसाथ संकटकालीन स्थिति तुरुन्त सिद्धिन्छ । अनुमोदन गऱ्यो भने त्यो अर्को ६ महिनासम्म लागू रहन्छ । त्योभन्दा बेसी बढाउनु पऱ्यो भने फेरि प्रतिनिधि सभाको अनुमोदन चाहिन्छ ।

यसरी जनताको अधिकारमाथि जथाभावी गर्न नपाओस् भनेर हाम्रो संविधानले संसदीय नियन्त्रणको व्यवस्था गरेको छ । राज्यले संकटकालीन अवस्थामा कथंकदाचित केही ज्यादती गरी हाल्यो भने पनि क्षतिपूर्तिको व्यवस्था समेत गरेको छ । गैर-कानूनी थुनालाई त अदालतले संकटकालीन अवस्थामा पनि तुरुन्त बदर गरिदिनसक्ने व्यवस्था गरेको छ । अरू सबै अधिकार निलम्बित हुँदा पनि बन्दी प्रत्यक्षीकरणको अधिकार संकटकालीन अवस्थामा पनि निलम्बित नहुने पारिएको छ । यी तीनवटा नियन्त्रणको व्यवस्था संविधानमा गरिएको छ ।

मलाई लाग्दछ, असाधारण स्थितिको सामना गर्न मस्यौदा विधेयकभन्दा यी तीनवटा कंट्रोलसहितको संवैधानिक व्यवस्थाको सहारा लिनु प्रजातन्त्र र जनसाधारणको दृष्टिकोणबाट बढी उपयुक्त र बुद्धिमत्तापूर्ण हुन्छ । तर यो विधेयकले त ती तीनैवटा कंट्रोल नरहने खालको असाधारण अधिकार सरकार र प्रशासन-यन्त्रलाई दिन लागेको छ ।

इमर्जेन्सी पेरियडमा सरकारलाई आवश्यक पऱ्यो भने मन्त्री परिषद्ले सिफारिश गरेर र राजाबाट घोषणा गराएर स्थिति नियन्त्रण गर्न जस्तोसुकै कानूनको व्यवस्था पनि सरकारले गर्न सक्छ । अहिलेको मस्यौदा विधेयकमा भएभन्दा पनि बढी अधिकार सरकारलाई हुने व्यवस्था गर्न सक्छ । यस्तो संवैधानिक व्यवस्था हुँदा हुँदै सरकारलाई यो मस्यौदा विधेयक किन चाहियो ?

तर, संविधानमा संकटकालीन अधिकारलाई संसदीय सुपरिवेक्षण अन्तर्गत राखिएको छ, तीनवटा कंट्रोल अन्तर्गत राखिएको छ । त्यसैले, यो विधेयकको मकसद हो- संसदीय सुपरिवेक्षणलाई छल्नु, उपरोक्त तीनवटा कंट्रोल व्यवस्थालाई छल्नु ।

त्यसैले, मेरो विचारमा यो विधेयकको कुनै आवश्यकता नै छैन । असामान्य स्थितिलाई नियन्त्रणमा लिन विद्यमान संवैधानिक र कानूनी व्यवस्था नै पर्याप्त छ ।

**० तपाईले कानूनहरु नै पर्याप्त छन् भन्नुभयो, तर उल्लेख गर्नु भएन नि ? प्रष्ट रुपमा केही उल्लेख गर्न सक्नु होला ?**

-छन्, कानूनहरू पनि पर्याप्त छन् । प्रहरी ऐन नै छ । यो ऐनले बिना वारेण्ट गिरफ्तार गर्ने हक प्रहरीलाई दिएको छ । तर २४ घण्टाभित्र थुनुवा पूर्जी दिनुपर्छ र न्यायाधीशकहाँ उपस्थित गराउनुपर्छ र थुन्नुपर्ने मनासिब कारण न्यायाधीशलाई बताउनुपर्छ ।

> *हाम्रा वर्तमान शासकहरूको दृष्टिकोण र शासन-शैली, पंचायती शासकहरूको र राणा शासकहरूको दृष्टिकोण र शासनशैलीमा कुनै तात्विक अन्तर देखिँदैन। जनताप्रति कुनै नेता र राजनीतिक पार्टीले पनि ध्यान दिएको देखिँदैन।*

सिडिओलाई सार्वजनिक सुरक्षा ऐन अन्तर्गत पक्रने, थुन्ने, नजरबन्दमा राख्ने हक दिइएको छ ।

अपराधी उम्कन लाग्यो भने, बल प्रयोग गर्ने हक अहिलेकै ऐनले प्रहरीलाई दिएको छ । तर त्यो न्यायसम्मत हुनुपऱ्यो । बहानाबाजी गर्ने हक मात्रै अहिलेका ऐनहरूले प्रहरीहरूलाई दिएको छैन । अहिलेको विधेयकले, त्यही बहानाबाजी गर्ने हक दिन लागेको हो । आतंककारी भाग्न लाग्यो भन्ने बहानामा अहिलेको विधेयकले प्रहरीलाई गोली ठोकेर मारी नै हाल्ने हक दिएको छ । त्यस्तो छूट विद्यमान ऐनले दिएका छैनन् । कुरा त्यत्ति हो । नत्र हक त दिएको छ नि प्रशस्तै- शान्ति सुरक्षा कायम गर्न ।

हतियार राखेको छ कसैले अवैध रूपमा भने हातहतियार तथा खरखजाना ऐन छ ।

आतंककारीलाई शेल्टर दिनेलाई समेत दण्ड सजायँ गर्ने कानूनी व्यवस्था छ ।

तत्कालै कुनै प्रमाण नष्ट गर्न लागेको छ भने साध-सँधियारका मान्छे राखेर मुचुल्का खडा गरेर खान-तलासी लिन सकिने कानूनी व्यवस्था पनि छ ।

यी सबै सामान्य ऐन कानूनहरू हुन्, र ती प्रशस्त छन् । यतिले पनि पुगेन, स्थिति नियन्त्रणमा आएन भने, संविधानले संकटकालीन स्थिति घोषणा गर्ने नै हक दिएको छ सरकारलाई । गरोस् न संकटालीन स्थितिको घोषणा । यसको मतलब सरकारले अहिले नै संकटकालीन स्थितिको घोषणा गर्ने बेला भइहाल्यो भन्ने मेरो मनशाय होइन । खालि संवैधानिक विकास छ भन्ने मात्र मेरो भनाइ हो ।

त्यसैले त विद्यमान संवैधानिक व्यवस्था र कानून नै पर्याप्त छन् भनेर मैले भनेको हुँ ।

**० यो विधेयक कानून बन्यो भने यसले देशको प्रजातन्त्रमा कतो असर पार्ला जस्तो लाग्छ तपाईलाई ?**

- चेतनशील नेपली नागरिकहरूले प्रजातन्त्र, समतामूलक समाज र जनकल्याणकारी राज्यको लागि संघर्ष गरेको करीब ६ दशक जति भयो । यस बीचमा एक पटक हामीले सशस्त्र क्रान्ति गऱ्यौं, २००७ सालमा । त्यसबाट हामीले राणाशाही हटायौं र प्रजातन्त्र ल्यायौं । अर्को, हामीले ०४६ सालमा व्यापक जन आन्दोलन गऱ्यौं र पंचायती शासन फाल्यौं र बहुदलीय प्रजातन्त्र ल्यायौं । सत्ता परिवर्तन भयो । शासन प्रणालीमा परिवर्तन भयो । तर राज्य-संस्कृतिमा कुनै पनि परिवर्तन भएन । हाम्रा वर्तमान शासकहरूको दृष्टिकोण र शासन-शैली, पंचायती शासकहरूको र राणा शासकहरूको दृष्टिकोण र शासनशैलीमा कुनै तात्विक अन्तर देखिँदैन । जे गरेर भए पनि सत्तामा टिकी रहने र सत्तालाई अकूत धन-आर्जनको माध्यम बनाउने- यही दृष्टिकोण र शासनशैली हाम्रा अहिलेसम्मका शासकहरूमा व्याप्त देखिन्छ । जनताप्रति कुनै नेता र राजनीतिक पार्टीले पनि ध्यान दिएको देखिँदैन ।

हाम्रो देशमा चाहे हामीले आफैंले उठाएको राजस्व होस् वा विदेशसँग हामीले लिएको ऋण होस्, ती सबै भ्रष्टाचारमा नै सिद्धिएको प्रष्टै देखिन्छ । हाम्रो देश भ्रष्टाचारबाट होस् वा सत्ताको दुरूपयोगबाट झन् झन् ऋणमा डुबिरहेको छ । सरकारमा बसेका मानिसहरू येनकेन प्रकारेण झन् झन् धनी हुँदैछन् । तर जनता झनपछि झन् गरीब हुँदैछन् । उन्नत मूल्यहरू सबै हराई सके । उपभोक्तावादले सबै उन्नत मूल्यहरूलाई खाइरहेको छ । यस्तो स्थितिमा जनतामा निराशा आउनु स्वाभाविक छ । निराशाको स्थितिमा स्वभावतः हिंसा र आतंक मौलाउँदछ नै ।

हामीले उन्नत सामाजिक मूल्यहरू पुनः स्थापित गर्न सकेनौं, नयाँ जीवन मूल्यहरू पनि सिर्जना गर्न सकेनौं, र अहिलेकै दृष्टिकोण र शासनशैली अपनाएर देशको शासन चलाउन लाग्यौं भने, उन्नत मूल्य र जनताको त्यागको आवाजलाई उपेक्षा गरिराख्यौं भने प्रजातन्त्र त निश्चित रूपमा खतरामा पर्छ, पर्छ । र, यो विधेयकले ती निरंकुश र भ्रष्ट प्रवृत्तिका व्यक्तिहरूलाई, जनताको वास्ता नै नभएका व्यक्तिहरूलाई झन् मद्दत पुऱ्याउँछ, झन् बलवान बनाउँछ । यो विधेयकले पुनरोत्थानवादी शक्तिलाई नै शक्तिशाली बनाउँछ ।

**० यो विधेयकका विरुद्ध तपाई संयोजक भएको नागरिक अभियानले के गर्दैछ ? र यो पास भयो भने के गर्ने योजना छ ?**

-अब यो विधेयक संसदमा जाला र पास होला भन्ने मलाई लागेको छैन । सरकारमा अब सदबुद्धि पल्हाउला भन्ने अपेक्षा हामीले राखेका छौं ।

कथंकदाचित यो आइहाल्यो भने यसको विरूद्ध सशक्त प्रतिकार अभियान चलाइनेछ । तमाम बुद्धिजीवीहरू यसको विरोधमा उत्रिनै सकेका छन् । हामी पनि मिलेर त्यही अभियानमा सरीक हुनेछौं । सहयोग पुऱ्याउनेछौं । सरकारले बहुत कडा विरोधको सामना गर्नुपर्नेछ । जनताले यस्तो निरंकुश र स्वेच्छाचारी विधेयकलाई स्वीकार गर्ला भन्ने मलाई लाग्दैन ।

◆ श्याम श्रेष्ठ

हुनेछ । र, त्यसपछि कांग्रेस ।

नेपालको वर्तमान शक्ति सन्तुलनमा दरबार २०४७ सालको संविधानमा संवैधानिक हुने प्रक्रिया शुरू मात्र भएको छ । तर सेना र प्रहरीमा दरबारको पकड अहिले पनि विशाल छ । नेपालमा सरकारमा पकड हुनुको मतलब सत्तामा पकड हुनु भइसकेको छैन । यहाँ सरकारमा कसैको पकड भएर पनि सत्तामा अर्कैको पकड हुने संभावना अझै पनि विद्यमान छ । यो विधेयकले त्यो संभावनाको ढोका पूरै उघारीदिनेछ । यो विधेयक ऐन बन्यो भने, नेपालमा व्यवहारतः द्वैत शासनको प्रारम्भ हुनेछ । एउटा, सेना र प्रहरीमार्फत् राजदरबारको शासन । अर्को, सरकार र संसदमार्फत् सिंहदरबारको शासन । वर्गीय हिसाबले देशमा पुनः पुराना सामन्ती अभिजात वर्गको हालीमुहाली फेरि बढ्नेछ । देशमा कानूनी राज्य हुँदा लाभान्वित हुने नयाँ उदीयमान पूँजीपति वर्ग यसबाट असुरक्षित र कमजोर हुन जानेछन् । किनभने, देशमा हुकूमी राज्य कायम हुनेछ । यसबाट साना र मझौला स्वतन्त्र उद्योग-व्यवसायहरू असुरक्षा र खतराको भयले त्रस्त हुने स्थिति खडा हुनेछ ।

प्रशासन र पुलीसको सनक र शंकाको भरमा जो पनि पक्रिने, थुनिने र मारिने स्थिति भएपछि अदालतहरू निरीह हुनेछन् । समाजमा हत्या, भ्रष्टाचार र बलात्कार सामान्य कुरा हुनेछ । निर्वाचित जनप्रतिनिधिरूलाई यो विधेयकले प्रशासकहरूको दयाको पात्र बनाइदिनेछ, पंचायतकालमा जस्तै ।

सबैभन्दा कन्तविजोग हुनेछ- लेखक कलाकार, पत्रकार र शिक्षकहरूको, जसको मुख्य पेशा बोल्नु र लेख्नु हो । किनभने, अभिव्यक्ति स्वतन्त्रतालाई यो विधेयकले धेरै हदसम्म किनारा लगाइदिनेछ ।

## खतरनाक प्रवृत्ति र राम्रो संभावना

यति खतरनाक संभावना बोकेको विधेयकलाई कानून बनाउन तम्सिनु, त्यो पनि ती शक्तिहरूले जो २०४६ सालको जन-आन्दोलनका मुख्य बाहकहरू थिए, यो निकै भयानक राजनैतिक संकटको स्थिति हो ।

आफू कुर्सीमा जान र टिक्न जे पनि गर्ने, यतिसम्म कि- देशको प्रजातन्त्रको सौदाबाजी समेत गर्ने, यो प्रवृत्ति सारै भयानक प्रवृत्ति हो । नेपालको संसदीय डबलीका प्रमुख पार्टीहरूमा अहिले यो प्रवृत्ति उदांगो देखिएको छ । भलै अहिले सशक्त जनदवाबले यो विधेयक यही अधिवेशनबाट यही रूपमा पास हुने संभावना निकै झीनो भएको छ । तर यो प्रवृत्ति त छ ।

कुर्सीको लागि जे पनि गर्ने प्रवृत्ति हाम्रा शासक वर्गमा होउन्जेल यो विधेयक अर्को कुनै छद्म रूपमा र आकारमा आउने संभावना टड्कारो छ । र, त्यो घटना चोर ढोकाबाट कुनै पनि बेला घट्न संभव छ । त्यसैले, अहिले जागरूक जनसमुदायमा जुन आलोचनात्मक सजगता देखापरेको छ, त्यसलाई अलिकता पनि कमजोर पार्नु निकै नोक्सानीपूर्ण कुरो हुनेछ । त्यो सजगता बढाउनु र विस्तारित गर्नु परेको छ, घटाउने होइन ।

**माओवादी जनयुद्धलाई नै उदाहरणको रुपमा तेर्स्याएर दरबार यतिखेर 'आतंककारी विधेयक' मार्फत् प्रहरी र सेनाको हातमा असीमित निरंकुश अधिकार पार्न क्रियाशील देखिन्छ । नेपालको शक्ति सन्तुलनको वर्तमान स्थितिमा प्रहरी र सेनाको हातमा असीमित दमनको अधिकार पर्नुको मतलब के हो ?**

व्यंग्य चित्रः राजमान महर्जन




आफूलाई प्रजातन्त्रको पहरेदार दावी गर्ने नेपाली कांग्रेस यो प्रजातन्त्र खाने विधेयकलाई स्वागत गर्न फूलमाला लिएर बस्यो- यो नेपालको सारै तीतो विरोधाभाष हो । यो विधेयकको शुरू मस्यौदा उसैले नै गतः माघमा गऱ्यो । यो हाम्रो नेपालको सारै तीतो यथार्थ हो ।

आफूलाई नेपाली कम्युनिष्ट आन्दोलनको मूलधार संझने नेकपा (एमाले) को नेतृत्वले गत माघमा आफू सत्तामा नहुँदा यही विधेयकको घोर घमासान विरोध गऱ्यो र विधेयक फेल गरायो । तर आफू सत्तामा आउने बित्तिकै उसले त्यही प्रतिगामी विधेयक संसदमा ल्याउने नियतले क्याबिनेटबाट पास गऱ्यो । अहिले जनदवाब सशक्त रूपमा नपरेको भए यो संसदबाट समेत पारित हुने सम्भावना टड्कारो थियो । भनेपछि, प्रजातन्त्रप्रतिको सैद्धान्तिक प्रतिबद्धता यता पनि कति पातलो छ, त्यो यो घटनाले प्रष्टै देखाएको छ ।

हाम्रो प्रजातान्त्रिक आन्दोलनमा, त्यसैले प्रजातान्त्रिक लक्ष्यमा र सिद्धान्तमा प्रतिबद्ध नेतृत्वकै खडेरी देखिएको छ । मौका नपाउँदासम्म बेइमान नहुनेहरू यहाँ प्रशस्त छन् तर मौका पाएर पनि बेइमान नहुने नेतृत्वको यहाँ चर्को खडेरी छ ।

चाहे कांग्रेसी खेमा होस्, या वाम खेमा- नेतृत्वले जे गर्छ, ठीकै गर्छ भनेर ढुक्क हुने स्थिति पटक्कै छैन । सडकमा जागरूक नागरिकको सशक्त दवाबको स्थिति बनाइराख्नु यतिखेर नितान्त जरूरी देखिएको छ । सडकमा जागरूक नागरिकहरूको सजगता, एकता र सशक्त दवाबको स्थितिले मात्र नेपाललाई पुनः निरंकुशतन्त्रतिर जानबाट रोक्न सक्छ । नत्र नेपालमा प्रजातन्त्रको भविष्य अन्धकार छ । यहाँ कुनै पनि बेला यहाँको राजनीतिक नेतृत्वले आकर्षक चाँदीको कुर्सीको लागि सुनौला प्रजातन्त्र दाउमा लाउन संभव देखिएको छ । जस्तो भर्खरै भयो । कुर्सीमा बस्न र टिक्न जे पनि दाउमा लाउने उनीहरूको प्रवृत्तिको विरूद्ध सशक्त लडाइँ छेड्नु जरूरी भएको छ ।

तर एउटा राम्रो संभावना पनि यतिखेर पैदा भएको छ । त्यो हो- कंग्रेस, कम्युनिष्ट र सबै विचारका जागरूक नागरिकहरूको निरंकुशतन्त्रको विरूद्ध र प्रजातन्त्रको लागि एकजूट हुने तत्परता । जागरूक नागरिकहरूको एकजूट हुने यो तत्परतालाई जोगाई राख्न, सर्वत्र विस्तार गर्न नितान्त जरूरी छ । २०४६ सालको जन-आन्दोलनले समाजमा ल्याउन खोजेको व्यापक क्रान्तिकारी प्रजातान्त्रिक सुधार अहिले अवरूद्ध भएको छ, यसको नेतृत्वकै घोर उपेक्षाको कारणले । यो सुधारलाई समाजको जगसम्म विस्तार गर्ने हो भने, यो जनस्तरको एकता र दवाबको स्थितिको निकै ठूलो महत्व छ ।

## माओवादी मित्रहरुलाई अपील

माओवादी मित्रहरूले क्रान्तिकारी नियतले नै अहिलेका गतिविधि शुरू गर्नुभएको छ । त्यसमा कुनै शंका छैन । तर आफ्नो कामको कुल परिणामबारे पर्याप्त होश पुऱ्याइएन भने कतिपय क्रान्तिकारी नियतले नै थालिएका गतिविधिहरू आफै प्रतिगमनको साधन हुन सक्दारहेछन् । अहिलेको घटनाक्रमले त्यही देखाइरहेछ । माओवादी जनयुद्धलाई नै उदाहरणको रूपमा तेर्स्याएर दरबार यतिखेर 'आतंककारी विधेयक' मार्फत् प्रहरी र सेनाको हातमा असीमित निरंकुश अधिकार पार्न क्रियाशील देखिन्छ । नेपालको शक्ति सन्तुलनको वर्तमान स्थितिमा प्रहरी र सेनाको हातमा असीमित दमनको अधिकार पर्नुको मतलब के हो ? यो जगजाहेर छ कि, यो अन्ततः दरबार पुनः शक्तिशाली भएर निस्किनु हो ।

यो अधिकार कुनै मरिचमान वा हिटलरका हातमा पऱ्यो भने भरे यही संविधानअन्तर्गत, र यही ऐनमार्फत् सारा विपक्षीहरू फाँड्ने कोतपर्व र भण्डारखाल पर्वहरू यहाँ हुने अवश्यंभावी छ ।

त्यसैले माओवादी मित्रहरूले के बुझ्नु पऱ्यो भने, उहाँहरूको क्रान्तिकारी नियतको गतिविधिलाई पनि प्रतिगामी तत्वहरूले यतिखेर आफू उक्लने भरेङको रूपमा प्रयोग गर्न लागिरहेछन् । क्रान्तिकारी नियतको गतिविधिको पनि प्रतिक्रान्तिकारी उपयोग हुन संभव छ । जस्तो उदाहरणको लागि, अहिले यतिखेरै सर्वसाधारण नागरिक वा कांग्रेस, एमालेमध्ये कसैका पनि कार्यकर्ता मार्ने वा अंगभंग पार्ने काम भयो भने यो विधेयक संसदमा अहिले तुरुन्तै पास हुने स्थिति पैदा हुन संभव छ । जनताले सडकमा अनेकौं अथक आन्दोलन गरेर प्रतिगामी विधेयक रोक्ने, माओवादी मित्रहरूले एउटै बेहोशियारीपूर्ण कार्यवाहीले यो विधेयक ल्याउन मलिलो भूमि तयार पारीदिने हो भने, देश प्रतिगमनतिर जानुको उत्तरदायी इतिहासले कसलाई ठहऱ्याउँला ?

यसबारे माओवादी मित्रहरूले गंभीर भएर सोच्नु जरूरी छ ।

देशमा यतिखेरको आवश्यकता देशलाई प्रतिगमनतिर लान दरबारलाई सजिलो पर्ने खालको स्थितिको सिर्जना होइन, देश र जनता ओरालो-उन्मुखतालाई रोक्ने र जनताको गरीबी, उत्पीडन, अन्याय र भ्रष्टाचारको निराकरणको लागि सशक्त संयुक्त जनआन्दोलनको सिर्जना हो । माओवादी मित्रहरूको दुनियाँ बदल्ने क्रान्तिकारी उर्जा यो दिशामा खर्च हुनु नितान्त जरूरी छ । ❑

# घटना र प्रवृत्ति

## एमालेको पजेरो फर्काउने निर्णय

एमालेको केन्द्रिय समितिले यही भदौको तेश्रो हप्तान्तमा एउटा प्रशंसनीय निर्णय गऱ्यो। त्यो के भने, उसले यसअघि गरेका भन्सार सुविधामा गाडी लिने निर्णयलाई गलत भनेर समीक्षा गऱ्यो र सिंगै केन्द्रीय समितिले यस निम्ति आत्मालोचना गऱ्यो। र, अबदेखि सुविधाको गाडी नलिने निर्णय गऱ्यो। ढिलै भए पनि एमालेले यो निणय गर्नु सराहना गर्नुपर्ने कुरा हो। सांसदहरूको समेत पेन्सन तोक्ने र भन्सार छूटमा सुविधाको गाडी झिकाउने निर्णयबाट नेपालका सांसदहरू निकै बदनाम भएका थिए। बहुसंख्यक जनता, बेरोजगारी महँगी र फर्काउने र अबदेखि नलिने निर्णय गर्नु राम्रो कुरा हो।

यतिसम्म भए कुरा ठीकै थियो। तर एमालेको केन्द्रीय समितिले सुविधाको गाडी सरकारलाई फर्काउने र सरकारले त्यो लिइदिनुपर्ने समेत निर्णय गरेको बुझिएको छ। यो निर्णय भने अत्यन्त निन्दनीय देखिन्छ।

पैसा नभएर गरिबी निवारण र प्राथमिक स्वास्थ्यको समेत बजेट काट्न परिरहेको देशले कुन पैसाले सांसदहरूको सेकेण्ड ह्याण्ड पजेरो किन्ने? र, किन किन्ने? राज्यले एमालेको पजेरो किनिदिएपछि कांग्रेसको पनि किनिदिनुपर्ला र अरूको पनि। सारा देशको ढुकुटी सांसदहरूको पजेरो किन्नमा सिध्याएर कुन पैसा जनताको आधारभूत आवश्यकतामा र विकास निर्माणमा खर्च गर्ने? र, राज्यले यी सारा विलासिताका गाडीहरू कुन उपादेयताका लागि किन्ने?

यस्तो प्रतीत हुन्छ, पार्टीले कतै यो सरकारले गाडी किनिदिनुपर्ने निर्णय ठूलै नाफाको लागि ठूलै ऋण लिएर पजेरो झिकाएका, तर अहिले त्यो गाडी बेच्न नसकेर भालुको कन्पट समातुँ न छोड्ुँ भएका सांसदहरूको दवाबमा त गरेको होइन?

त्यसैले, यो निर्णय गरेर एमाले नेतृत्वले आफ्नो पार्टी र सांसदको बदनामीको त ख्याल राख्यो तर फेरि पनि देश र जनताको गंभीर समस्या र भविष्यको ख्याल राखेन। देश बर्बादीतिर गए जाओस्, तर आफ्नो नाक नजाओस् भन्ने पुरानै प्रवृत्ति यस निर्णयमा पनि प्रतिविम्बित भएको देखियो। समाजको अपार नोक्सानीको मूल्यमा आफ्नो वा आफ्नो पार्टीको इज्जत वा फाइदाको कुरा सोच्नु नैतिक मूल्यका हिसाबले न्यून नैतिक मूल्यको अभिव्यक्ति हो। यो आत्मकेन्द्रित चिन्तनकै एउटा प्रतिविम्ब हो।

पार्टीले साँच्चै नै सुविधाभोगी प्रवृत्तिविरूद्ध आत्मालोचना गरेको हो भने, गर्नुपर्ने काम सरकारलाई गाडी फर्काउने होइन, भन्सार सुविधा फर्काउनु पर्ने हो। जनताको विरोध त राज्यको ठूलो नोक्सानीमा



व्यंग्य चित्र: रबिन सायमि

# प्रशंसनीय र निन्दनीय कदम

◆ अविनाश श्रेष्ठ

गरिबीले थिलथिलो भइरहेकने समय र परिवेशमा त्यस समस्याप्रति सांसदहरूको ध्यान पटक्कै नजानु, तर आफ्नो सुविधा बढाउने कुरामा भने उनीहरू एकमत हुनुले सांसदहरूप्रतिको जनविश्वास र आस्था नै ढल्न पुगेको थियो। सांसद भन्यो कि पजेरो बुझ्ने स्थिति देशमा पैदा भएको थियो, यद्यपि नेमकिपा र मसाल जस्ता पार्टीका सांसदहरूले यो सुविधा आफूले नलिने प्रशंसनीय काम गरेका थिए। एमालेभित्र र कांग्रेसमा पनि यो सुविधा नलिनेहरू केही थिए।

शंभुजीत बाँस्कोटाको यो प्यारोडी सारै लोकप्रिय भएको थियो-


"रातो रातो पजेरो टलक्क टल्कियो
सांसद भन्ने भँगेरो पैसामा पल्कियो"

पजेरो सिंगै सांसदको भ्रष्टताको उपभोक्तवाद र जनताप्रति चरम उपेक्षाको प्रतीक बन्न पुगेको थियो।

नेपाली जनमत यस्तो भएको अवस्थामा जनमतकै र आफ्नै कार्यकर्ताहरूको अचाक्ली दवाबका कारणले भए पनि एमालेले गाडी सुविधा सांसदहरूले भन्सार सुविधाको दुरूपयोग गरे भन्ने सवालमा न हो। र, नियमित भन्सार महसूल तिरेर र भ्रष्टाचार नगरिकन कुनै सांसदले गाडी राख्ने आँट गर्छन् भने गरून् न, त्यसमा कसलाई के आपत्ति? भन्सार महशूल सुविधा फर्काउने बित्तिकै सांसदहरूमध्ये ९९ प्रतिशत सांसदहरूको निम्ति पजेरो आकर्षण होइन, घाँडोको विषय बन्नेछ। र, राज्यले करोडौं रूपैयाँको राजस्व तुरून्तै हासिल गर्नेछ।

एमालेले यो कुराको लागि अगुवाई गऱ्यो भने बल्ल ऊ वास्तवमै प्रशंसाको पात्र बन्नेछ। अझ सांसदहरूको पेन्सन व्यवस्था खत्तम गर्न समेत उसको पहल रह्यो भने यो उसको अर्को ऐतिहासिक कदम हुनेछ।

अन्यथा, सरकारलाई गाडी फर्काउने लोकप्रियतामुखी निर्णय मध्यावधि चुनाव निकटस्थ भएको कुराको पूर्व संकेत भनेर बुझ्नुपर्छ। किनभने, यो निर्णयले सांसदहरूको पैसा र नाक त जोगाउँला, तर राज्यको नोक्सानी जोगाउने छैन। यसबाट प्रवृत्ति नै सुधिएको लक्षण अभिव्यक्त हुँदैन। ◆

नेबिको

प्रतिभावानहरूको लागि सृजनात्मक

समय

अनुकूलको एउटा कुशल भेट




नेबिको टेम्पल क्रिम

अरेन्ज, नेक्टर, कस्टर्ड र चकलेट

नेपाल गुणस्तर चिन्ह प्राप्त

नेपालमा बनेको Made in Nepal

मार्क्सवादी सौन्दर्य चिन्तन र आलोचना सम्बन्धी समालोचक निनु चापागाई को गहन पुस्तक

मार्क्सवादी चिन्तनमा सौन्दर्य




चाँडै प्रकाशित हुँदैछ!

# डायनाको हाइहाइ र यसले उब्जाएका सवालहरू

◆ रमण उपाध्याय



**पछ्याउँदै आएका ५ जना फोटोग्राफरहरुले गाडी दुर्घटनाग्रस्त भएको देखिसकेपछि पनि सिकिस्त घाइतेहरुलाई गाडीबाट बाहिर निकाल्न ठ्याम्मै मद्दत गरेनन् । उनीहरु उल्टो फोटो खिँच्नमा व्यस्त रहे । पूँजीवादी समाजमा पैसाको लोभले मान्छेलाई कतिसम्म अमानवीय बनाउँछ, त्यसको ज्वलन्त नमूना थियो त्यो दर्दनाक दृश्य ।**

मध्य रातको १२:३५ बजे । फ्रान्सको राजधानी पेरिसस्थित विश्व प्रसिद्ध इफेल टावरको उत्तरतिरको अझै व्यस्त सडक । त्यहाँको प्लेस द एल्माको सुरूङ मार्गभित्र एउटा कालो मर्सेडिज कार वायु वेगले हुइँकिदै पस्यो । र, त्यो शक्तिशाली कार टनेलभित्रको कंक्रिटको सुरमा यति जोडले ठोक्कियो कि बाहिर सुन्नेले त्यसलाई बम बिष्फोट झैं महसूस गरे । कार हेर्नै नहुने गरी कच्याक कुच्युक भयो । कारको देब्रे छेउमा बसेका दुईजना मान्छे ठहरै भए: एक जना ड्राइभर आफैं र अर्को पछाडि बसेको लोग्ने मान्छे । दायाँ छेउका अर्का दुईजना चाहिँ सारै नराम्ररी घाइते भए । तर कारको पछि पछि मोटर साइकलमा वायु वेगमा पछ्याउँदै आएका ५ जना फोटोग्राफरहरूले गाडी दुर्घटनाग्रस्त भएको देखिसकेपछि पनि सिकिस्त घाइतेहरूलाई गाडीबाट बाहिर निकाल्न ठ्याम्मै मद्दत गरेनन् । उनीहरू उल्टो दुर्दशाग्रस्त घाइतेहरूको फोटो खिँच्नमा व्यस्त रहे । किनभने, उनीहरूलाई थाहा थियो- कारभित्रको त्यो सिकिस्त घाइते मान्छेको फोटो बेच्न सक्यो भने एउटै फोटोको लाखौं डलर आउँछ । तुरून्तै मालामाल होइन्छ !

पूँजीवादी समाजमा पैसाको लोभले मान्छेलाई कतिसम्म अमानवीय बनाउँछ, त्यसको ज्वलन्त नमूना थियो त्यो दर्दनाक दृश्य ।

तर तुरून्तै पेरिसका छरिता पुलीसहरू आई पुगे । उनीहरूले झण्डै एक घण्टा लगाएर कारको छत र ढोका काटेर घाइतेहरूलाई बाहिर निकाले र एम्बुलेन्समा राखी तिनीहरूलाई नजिकैको एक सर्वश्रेष्ठ सरकारी अस्पतालमा पुऱ्याए । पिटी साल्पेट्रिएरे अस्पतालका आकस्मिक कक्षका डाक्टरहरूले दुई घण्टासम्म त्यस महत्वपूर्ण बिरामीहरूलाई बचाउन भरमग्दूर प्रयत्न गरे । छाती खोलेर मुटुमा मालिस गरे । तर उनीहरूको केही लागेन । छाती र देब्रे फोक्सोमा ठूलो घाउ भएबाट शरीरभित्रको अतिशय रक्तस्रावले गर्दा बिहान ४ बजेको समयमा उनको प्राण पखेरू उड्यो ।

बेलायती विश्व चर्चित राजकुमारी डायना ३६ वर्षको उमेरमै यस संसारमा नरहेको घोषणा डाक्टरहरूले गरे । उनका सपनाका नयाँ राजकुमार अरबपति डोडी अल फयेद पनि उनीसंगै र घटनास्थलमै कार दुर्घटनाको शिकार भए । होटेल रिजमा बेलुकीको खाना खाएर डोडीको बाबुको पेरिसस्थित निवासमा सुत्न जान भनेर मध्यरातमा हिँडेका यी दुई नयाँ प्रेमीहरू लक्ष्यमा कहिल्यै पुगेनन् । डोडीले त्यही रात दुई लाख डलर पर्ने हीराको औंठी डायनालाई दिएको र आउँदो अक्टोबरमा दुवै जना बिहे गर्न सहमत भएको तथ्य उनको परिवारबाट खुलेको छ । तर दुर्भाग्यको कुरो, उनको बिहे साकार हुन पाएन ।

दुर्घटनाको मूल कारण डायनाको रोमान्सको गोप्य गोप्य फोटो लिन भगीरथ प्रयत्न गर्ने सातजना पापराजी फोटोग्राफरहरूलाई बताइएको छ, जसबाट बच्न अति तेज गतिमा कार दौडाइएको थियो । कार १८१ किलोमिटर प्रति घण्टाका दरले दौडाइएको कारणले नै नियन्त्रणहीन हुन पुगेको अनुमान गरिएको छ । अहिले आएर कारका ड्राइभरले पनि तोकिएभन्दा तीन गुणा बेसी रक्सी खाएको तथ्य उनको रगतको परीक्षणबाट थाहा लागेको छ । कार दुर्घटना कसरी भएको थियो ? त्यो पूरै थाहा पाउने दुर्घटनामा संलग्न अंगरक्षक जीवित छन् अझै । तर उनी बोल्न सक्ने हालतमा छैनन् ।

प्रहरीले सातै जना फोटोग्राफरलाई पक्राउ गरेको छ र उनीहरूमाथि ज्यान मुद्दा लगाइएको छ । घाइतेलाई मद्दत नगरेर तमासा हेरेको आरोप उनीहरूमाथि लगाइएको छ । फ्रान्समा यही केसलाई पनि ज्यान मार्न सघाएसरह लिइन्छ ।

डायनाको विश्व समुदायको प्रगतिको लागि कुनै खास ठूलो योगदान देखिन्न । राजकुमारी भएर पनि समाज सेवालाई उनले आफ्नो सौख बनाएकी थिइन्, बस कुरा त्यत्ति हो । त्यत्ति समाज सेवा गर्ने त विश्वमा लाखौंको संख्यामा भेटिन्छन् तर जो पत्रिकामा कहिल्यै समाचारको विषयसम्म पनि बन्दैनन् । तर डायनाको मृत्युले विश्वभरि आवश्यकताभन्दा कता हो कता ज्यादा चर्चा पायो । बेलायतमै दशौं लाख मान्छे उनको शव-यात्रामा दर्शक सहभागी भए । चर्को जनदवाबकै कारणले इतिहासमा पहिलो पटक बेलायतकी महारानी एलिजाबेथ द्वितीयाले उनको मृत्युमा शोक सन्देश दिन र शबयात्रामा सामेल हुनसम्म बाध्य हुनुपऱ्यो । बेलायतका प्रधानमन्त्री टोनी ब्लेयरले उनलाई 'जनताकी राजकुमारी' को संज्ञा दिएर रूष्ट बेलाइती जनमतलाई रिझाउने प्रयत्न गरे । पारपाचुके गरिसकेका युवराज चार्ल्सले उनको शबयात्रामा सामेल नभई धरै पाएनन् ।

किन यति चर्चित र लोकप्रिय भइन् त डायना विश्व समुदाय र बेलायतमा ?

यो उनको सामाजिक योगदानको कारणले ज्यादै कम, बेलायतको युवराज्ञी हुनु र त्यति भएर पनि निजी मामलामा प्रख्यात बेलायती राजघरानासित साहसपूर्वक भिड्नु र विद्रोह गर्नुले ज्यादा हो । त्यसमाथि थप, हमेशा केही न केही उपद्रो गरेर विश्व संचार जगत्मा चर्चित भइरहनु उनको असीम रूचिको विषय थियो । बेलायत जस्तो विश्व चर्चित र शक्तिशाली मुलुकको युवराज्ञी हुनुले पनि चर्चित हुने उनको अभिष्टको आगोलाई पंखा हम्कन सजिलो भएको हो । के उनी नेपाल वा भूटानकी युवराज्ञी भएकी भए यति नै कामले यति चर्चित बन्थिन् ? भनिन्छ, उनी पत्रकारलाई आफैले डाकेर गजब गजबका रहस्य खोल्थिन, फोटो खिँच्न लाउँथिन् र चर्चाको विषय बन्थिन् । सबैभन्दा महत्वपूर्ण कुरा, विश्वका नाफाखोर संचार व्यवसायीहरूको लागि डायनाको समाचार र फोटो साह्रै नाफादायक माल हुन गएको थियो ।

बेलायतमा त उनीप्रति जन सहानुभूतिको लहर पनि पैदा भएको हो । किनभने, उनी यौन पिपासु युवराज चार्ल्सको हवसको शिकार भएकी थिइन् । जहिले पनि केटी फेर्नमा सौख गर्ने युवराज चार्ल्सले शारीरिक आकर्षणका कारणले डायनासित बिहे गरे । तर उनलाई प्रेम कहिल्यै गरेनन् । १९८१ मा चार्ल्ससित बिहे गरेकी डायनाले १९८२ मा नव युवराज विलीयम जन्मिदा नजन्मिदै चार्ल्स अरू केटीहरूसित सल्किरहेको र उनले आफूलाई प्रेम नगरेको चाल पाइसकेकी थिइन् । १९८५ मा पुग्दा त उनीहरूको मनको पारपाचुके भइसकेको थियो, यद्यपि कानूनी पारपाचुके १९९६ मा मात्र भयो ।

**डायनाको विद्रोह स्वतन्त्रताको लागि देखिन्न । उनी हमेशा स्वच्छन्दताको लागि लडिन् । उनको जीवन मूल्य पनि उच्च र अनुकरणीय देखिन्न ।**



डायनाको शवयात्रा (फोटोः टाइम)

त्यसपछि डायनाले चार्ल्सविरूद्ध साहसपूर्वक विद्रोह गरिन्, आफूले पनि लोग्ने हुँदा हुँदै अरू नै पुरूषसित यौन सम्बन्ध राखेर र यो कुरा सार्वजनिक रूपमा स्वीकारेर । यो कुरा सार्वजनिक रूपमा स्वीकार्ने बित्तिकै रानीको दवाबमा उनले युवराजसित तुरून्तै पारपाचुके गर्नुपऱ्यो । युवराज चार्ल्स भने कैयन जनासित सल्कन हुने, डायनाले मनपर्ने एक जनासित किन नहुने ? यस हिसाबले डायना जन सहानुभूतिकी पात्र बनिन् ।

तर यथार्थमा डायना पनि कम थिइनन् । चार्ल्स र डायना दुवैको विहे आ-आफ्नो प्रेमीलाई धोखा दिएर भएको थियो । डायनालाई विहे गर्नुअघि चार्ल्सको उनकै दिदी साराहसित समेत 'प्रेम' थियो । त्यही प्रेमको सिलसिलामा दिदी चाहिँको आमन्त्रणमा शिकारका लागि उनको पुर्ख्यौली घर जाँदा भर्खरकी अति सुन्दरी युवती बहिनी डायनालाई देखेपछि चार्ल्स उनको रूप लावण्यले भुतुक्क भएका थिए र उनीसित विहे गर्न मरिहत्ते गरेका थिए । उनी त्यतिखेर स्कूलमा शिक्षिका थिइन् ।


बेलायती राज परिवार कति भ्रष्ट छ, अनैतिक छ ? यसको जीवन्त कथा हो- चार्ल्स डायना बिहे र सम्बन्ध विच्छेदको कथा ।

अहिले भर्खरै डायनासित मरेका डोडी त डायनाका सबैभन्दा पछिल्ला प्रेमी मात्रै हुन् । यसअघि उनका प्रेमी उनका घोडचडी प्रशिक्षक जेम्स हेविट थिए र अरू पनि थिए । विहे गर्नुअघि उनका प्रेमी एडम रसेल थिए । डोडीसँग प्रेम भएको त तीन चार महिना मात्र भएको थियो, यद्यपि उनीहरूको परिचय एक दशकदेखि भएको बताइन्छ । डोडी अरबपति बाबुका एक्ला छोरा हुन् । डायनालाई सुरक्षा चाहिएको थियो । त्यो सब डोडीसित उपलब्ध थियो । डोडीलाई इज्जतदार घरानिया सुन्दरी चाहिएको थियो । बेलायती नागरिकता पाउनको लागि त्यो डायनामा उपलब्ध थियो । त्यसैले, दुवैबीचको सम्बन्ध प्रगाढ हुँदै थियो र जुन विहेसम्म विस्तार हुने लगभग पक्कापक्की भइसकेको थियो ।

तर डायनाको विद्रोह स्वतन्त्रताको लागि देखिन्न । उनी हमेशा स्वच्छन्दताको लागि लडिन् । उनको जीवन मूल्य पनि त्यति उच्च र अनुकरणीय देखिन्न । उनले राजकुमारी भएर पनि सौखवश थोरै समाजसेवा गरिन् बस त्यो प्रशंसनीय र राम्रो कुरा हो । तर त्योभन्दा उल्लेखनीय र अनुकरणीय समाज सेवा गर्ने त विश्व-समाजमा लाखौं छन् । किन डायना नै बढी चर्चित हुनुपर्ने ? उनीहरू चर्चित हुनु किन नपर्ने ? यो राम्ररी गम्नुपर्ने सवाल भएको छ ।

विश्वमा आवश्यकताभन्दा अति ज्यादा डायनाको हाइ हाइ देख्दा विश्वमा मूर्खहरू र एकोहोराहरूको अधिकता त भएको होइन ? भन्ने प्रश्न मेरो मनमा उठेको छ । ❑

# मदर टेरेसाको देहान्त



एउटा धनी ठेकेदारको परिवारमा अल्वानियामा जन्मेर विशेषतः भारत र आम रूपमा समस्त विश्वलाई आफ्नो समाज सेवाको कर्मक्षेत्र बनाएकी एक विश्व नागरिकको भाद्रको तेस्रो शुक्रबारको रात कलकत्तामा निधन भयो । मुटुको व्यथाले ग्रस्त मदर टेरेसा त्यतिखेर आफ्नो जीवनको सत्तासियौं हिउँदको प्रतिक्षा गरिरहेकी थिइन् । विश्वले उनलाई आफ्नो सारा जीवन समाजका अपहेलित र उपेक्षितहरूको सेवामा समर्पित गर्ने धार्मिक मानव-सेविकाको रूपमा संभिरहनेछन् ।

**मदर टेरेसा चाहिँ कम से कम इशाई धर्मको आडमा साम्राज्यवादको जालो फिँजाउने दिशामा क्रियाशील भइनन्**

ईसाई धर्म संप्रदाय अहिले विश्वका अनेकौं मुलुकमा साम्राज्यवादको जालो फिँजाउने सशक्त छद्म-औजार भइरहेको छ । पोल्याण्डको समाजवादलाई ढाल्ने काम पोप पादरीहरूमार्फत् नै भएको थियो । अहिले चीन र क्यूबामा त्यही प्रयत्न हुँदैछ । तर मदर टेरेसा चाहिँ कम से कम यो दिशामा क्रियाशील भइनन्, यद्यपि उनको सेवाको डुंगा ईसाई धर्म नै थियो । उनले दीन दुःखीको सेवा गर्नमा नै आफ्नो जीवन समर्पित गरिन् ।

उनको भनाई थियो- "मान्छेहरू ठान्छन्, हामी सामाजिक कार्यकर्ताहरू हौं । तर हामी हैनौं । हामी जिससको सेवा गर्छौं । म चौबीसै घण्टा जिससको सेवा गर्छु ।"

जसलाई हामी आज 'मदर टेरेसा' भन्छौं, उनको बालककालको असली नाम त्यो थिएन । उनी अग्नेस गोन्सा बोजाक्जिड थिइन् । अठार वर्षको उमेरमा उनले आयरल्याण्डमा इसाई धर्मकै लोरेटो मिशनरी मण्डलीमा सामेल भएपछि यो नाम आफ्नो निम्ति रोजेकी हुन् । उनी त्यसपछि भारतको कलकत्तातर्फ लागिन् । त्यहाँ उनी १७ वर्षसम्म अभिजात वर्गका बंगालीहरूलाई पढाइने हाइस्कूलकी शिक्षिका बनिन् । प्रधानाध्यापिका बनिन् । तर दार्जिलिङ्गतर्फको रेलयात्राको दौरानमा उनको मन एकाएक बदलियो । त्यसपछि उनी सबै काम छोडेर दुःखी र गरीबहरूको सेवातर्फ समर्पित भइन् । १९४८ मा उनले भारतकै नागरिकता लिइन् र त्यसको दुई वर्षपछि 'मिसनरी अफ च्यारिटी' भन्ने संस्था कलकत्तामा स्थापित गरिन् । उनको बाँकी जिन्दगी त्यहीं बित्यो ।

मदर टेरेसा पहिले त्यति चर्चित थिइनन् । सन् १९६९ को बिविसी अन्तर्वार्ताले उनलाई विश्वभरि चिनायो र त्यसको दश वर्षपछि नोबेल शान्ति पुरस्कार पाएपछि उनको ख्याति विश्वव्यापी रूपमा फैलियो ।

अहिले 'मिसनरी अफ च्यारिटी' अन्तर्गत विश्वभरि चार हजार सेविकाहरू कार्यरत छन्, र ४५० जना त पुरूष सेवकहरू छन् । विश्वका १२० वटा राष्ट्रमा ५६९ वटा मिशनहरूमार्फत् उनीहरूले आफ्नो सेवा विस्तार गरिरहेको बताइन्छ । टुहुराहरू, बृद्ध बृद्धाहरू, अशक्तहरू, महारोगग्रस्तहरू, र बेरोजगारहरू उनको सेवाको मुख्य लक्ष्य रहेको देखिन्छ ।




नेपालमा पनि पशुपतिस्थित बृद्धाश्रममा उनको एउटा शाखा क्रियाशील रहेको थाहा भएको छ ।

टेरेसाको मृत्युपछि उनकी उत्तराधिकारी सिस्टर निर्मला बनेकी छिन्, जो नेपाली मूलकी हुन् ।

टेरेसामाथि एउटा आरोप बारम्बार लाग्दै आएको छ, त्यो के भने- उनी अपहेलित र उपेक्षितहरूलाई आश्रय त दिन्थिन्, तर उनीहरूलाई ईसाई बन्न बाध्य पार्थिन् । ❑

**महावली हनुमानको वरदान !**
**सुन्दर र सुरक्षित छानाको पहिचान !!**



**हनुमान छाप कर्कट (जस्ता) पाता**
**टिकाउपनाको अर्को नाम**



# बमवर्षाबीच फुलिरहेछ रातो फूल !

# कसरी अघि बढिरहेछ लेबनान र सिरियामा कम्युनिष्ट आन्दोलन ?

**गोली हानाहान, बमवर्षा, मिसाइलको आदान-प्रदान, कार बमको विस्फोटन, सयौं निर्दोष मानिसहरुको संहार !- लेवनानको परिचय यतिले मात्र पूरा हुँदैन ।**

इजरायली आक्रमणकारीहरूको युद्ध, अमेरिकी साम्राज्यवादको नग्न हस्तक्षेप र सिरियाली सैनिकहरूको जबर्जस्ती उपस्थितिले पनि लेवनानको अस्तित्वलाई पूर्ण रूपमा व्याख्या गर्न सक्दैन ।

युद्धग्रस्त भूमिमा गोली र बम लागेर मर्ने र ढल्ने मानिसहरू बीच, लडाकू विमानहरूद्वारा ध्वस्त पारिएका घरहरूबीच, मोर्टार-मिसाइल र रकेटहरूद्वारा भग्नावशेष बनाइएका गाउँ र शहरहरूबीच फुलिरहेको रातो फूलको कथा अर्थात् लेवनानी कम्युनिष्ट आन्दोलनको कथा नभनीकन लेवनानको इतिहासदेखि वर्तमानसम्मलाई राम्ररी परिचित गराउन कदापि सकिँदैन ।

भूमध्यसागरीय लहरका हज्जारौं थप्पडहरू खाएर, फ्रान्स, अमेरिका, सिरिया र इजरायलका सैनिक हस्तक्षेपहरूको प्रतिरोध गरेर लेबनान आजसम्म पनि एउटा देशको रूपमा अस्तित्वमा रहँदै आएको छ । हो, त्यसरी नै कैयौं देशी-विदेशी प्रतिक्रियावादीहरूका विरुद्ध लड्दै, समानता र स्वतन्त्रतामूलक समाज स्थापना गर्ने लक्ष्यसहित लेबनानी कम्युनिष्ट आन्दोलन पनि लितानी नदी जस्तै अविरल बगिरहेको छ र 'लेबनान पहाड' झैं अडिग र दृढ छ ।

हो, फ्रान्स, अमेरिका, इजरायल र सिरियाली आक्रमणकारीहरूले पनि ध्वस्त पार्न सकेको छैन- लेवनानी कम्युनिष्ट आन्दोलनलाई । लेवनानका सामन्त र पूँजीपति वर्गले, विभिन्न जातीय र धार्मिक उन्मादीहरूले पनि नष्ट पार्न सकेको छैन- लेवनानी कम्युनिष्टहरूको समाजवाद स्थापना गर्ने लक्ष्य र संघर्षलाई । यहाँ तिनै लेवनानी कम्युनिष्टहरूको ऐतिहासिक संघर्षको गाथा र वर्तमान-संघर्षको कथा प्रस्तुत गर्ने जमर्को गरिएको छ ।

## फ्रान्सिसी उपनिवेशविरुद्ध संघर्ष

हिजोसम्म कवि तथा दार्शनिक खलिल जिब्रानको देश, महानगरहरूको देश, ८१ प्रतिशतभन्दा बेसी जनता शहरमा बस्ने देश र मध्यपूर्वको व्यापारिक र सांस्कृतिक केन्द्रको रूपमा प्रख्यात थियो- लेबनान !

तर आज त्यही लेवनान फ्रान्सिसी र अमेरिकी पूँजीवादी संस्कृतिको दासको रूपमा, इजरायल र सिरियाको नव उपनिवेशको रूपमा, इजरायली र सिरियालीहरूको सहयोग र समर्थन प्राप्त फालान्जिष्टहरू (Phalangists) को हुकुमे शासन चलिरहेको देशको रूपमा चर्चित छ । लेबनान पहाडी श्रृंखलामा बनेका गगनचुम्बी घरहरूले भरिएका शहरहरू आज इजरायली र सिरियाली आक्रमणकारीहरूको वमवर्षा, मिसाइल र मोर्टारको आक्रमणले विस्तारै निर्जन मरूभूमिमा परिणत हुँदै गइरहेका छन् । लेवनानको यो दुर्भाग्यका लागि साम्राज्यवादीहरू र त्यसका मतियारहरूको अमानवीय स्वार्थहरूले महत्वपूर्ण भूमिका खेलिरहेको देखिन्छ ।

दुई हजार वर्ष अगाडिदेखि विदेशीहरूको दासताको जन्जीर झेल्दै आइरहेको लेवनानले क्रिश्चियन धर्मावलम्बी रोमन-बाइजाइन्टिन शासनदेखि इस्लाम धर्मावलम्बी अरबी शासकहरूका प्रताडनाहरूसमेत झेलिसकेको छ । इस्तान्बुलका ओट्टोमन (तुर्क) साम्राज्यदेखि यूरोपेली साम्राज्यवादीहरूको पीडादायी यातना सहन विवश लेवनानले बीसौं शताब्दीमा आएर पनि मुक्तिको श्वास फेर्न पाएन । प्रथम विश्वयुद्धसम्म सिरिया र लेवनान पनि इराक, प्यालेस्तीन र ट्रान्स-जोर्डन जस्तै तुर्की साम्राज्यअन्तर्गत पिल्सिरहेको थियो । प्रथम विश्वयुद्धका विजयीहरू ब्रिटेन र फ्रान्सबीच भएको विश्वको भागबण्डामा लेवनान पनि सिरिया झैं फ्रान्सिसी साम्राज्यवादको अंश बन्न पुग्यो । युद्धपछि इराक, ट्रान्स-जोर्डन र प्यालेस्तीन ब्रिटेनको भागमा पारिएका थिए ।

ब्रिटेन र फ्रान्सबीच मध्यपूर्वको विभाजनको बारेमा पनि अलग्गै गोप्य संझौता भएपछि ब्रिटिश सेनाको स्थान लिनका लागि फ्रान्सिसी सेनाले अक्टोबर १९१८ मा सिरिया र लेवनानमा चढाई गर्‍यो । तिनै फ्रान्सिसी सेनाका विरूद्ध सिरिया र लेवनानका देशभक्तहरूले लडाई शुरू गरे । तुर्की साम्राज्यको विघटन र सोभियत अक्टोबर क्रान्तिको सफलताले सिरिया र लेवनान जस्ता अरब राष्ट्रहरूमा राष्ट्रिय मुक्ति आन्दोलनलाई निकै प्रेरित गर्‍यो । १९१९ र १९२० मा त्यहाँ साम्राज्यवादविरोधी राष्ट्रिय मुक्ति संघर्षको नयाँ उभार देखापर्‍यो । अगस्त १९१९ मा लेवनानी देशभक्तहरूको छापामार समूहले मध्य लेवनानमा फ्रान्सिसी सुप्रिम कमिसारमाथि नै हमला गर्‍यो र त्यसका कमाण्ड एडमिरललाई नराम्ररी घाइते पार्‍यो । अक्टोबर १९१९ सम्म पुग्दा फ्रान्सिसी उपनिवेशवादविरोधी संघर्ष दक्षिणी लेवनानभरि फैलियो । यो विद्रोह १९२०, जून महिनासम्म चलिरह्यो । सिरियामा पनि त्यहाँका देशभक्तहरूले लाटाकिया क्षेत्रदेखि मैसालुन र दमास्कस-सम्म सशस्त्र प्रतिरोध गरे । तापनि, फ्रान्सिसी सैनिकहरूले सिरिया र लेवनान-माथि आफ्नो प्रभुत्व कायम गरी छाडे ।

सिरिया र लेवनानमाथि आफ्नो प्रभुत्व कायम भएपछि पनि फ्रान्सिसी शासकहरूले चैनसंग सुत्न पाएनन् । १९२० देखि १९२४ सम्ममा मात्रै फ्रान्सिसी शासनको विरोधमा सिरिया र लेवनानमा ६ वटा जनविद्रोहहरू भए । ती विद्रोहहरूमा विभिन्न समुदाय र जातिका किसानहरूको धेरै सहभागिता थियो भने मजदूरहरूदेखि राष्ट्रिय पूँजीपति वर्ग र सामन्तीहरूकोसम्म, विद्यार्थी बुद्धिजीवी र शहरीया निम्न पूँजीपति वर्गको समेत सहयोग र समर्थन थियो । फ्रान्सिसी साम्राज्यवादीहरूको प्रवेशसंगै स-साना उद्योगधन्दा बन्द भएको कारणले र उद्योग, व्यापार र प्रशासनमाथि फ्रान्सिसीहरूको प्रभुत्व बढेको कारणले विलखबन्द परेका मजदूरहरूदेखि मजदूर-मालिकहरूसम्म विद्रोहमा उत्रिएका थिए । जमीनको कूतको मात्रामाथि लाग्दै आएको प्रतिबन्ध हटाएर कूतलाई चर्को पारेपछि किसानहरूले हतियार समातेका थिए ।

यिनै साम्राज्यवादविरोधी संघर्षका क्रममा साम्यवादप्रति आस्थावान व्यक्ति, समूह र पार्टीको उदय हुन थालेको थियो ।

## कम्युनिष्ट पार्टीको स्थापना

अरब राष्ट्रहरू मध्ये सबैभन्दा पहिले पूँजीवादको विकास भएका राष्ट्रहरूमा पर्ने सिरिया र लेवनानमा कम्युनिष्ट पार्टी स्थापना हुनुभन्दा अगावै मजदूर संगठनहरू क्रियाशील थिए। त्यसबेला सिरियाको सीमाभित्रै गाभिएको 'देश-लेबनानको महानगर बेरूत र लेबनान पहाडका शहरहरूमा रहेका कल-कारखानाहरूमा काम गर्ने मजदूरहरू सांगठनिक रूपले निकै क्रियाशील थिए। रेशमी कपडा बुन्ने बुनकरहरू, डकर्मी र सिकर्मीहरू, तमाखुसम्बन्धी खेती र उद्योगमा काम गर्नेहरूका साथै बन्दरगाह, रेल र ट्रामलगायत प्रिन्टिङ्ग प्रेसमा काम गर्नेहरू मजदूर संगठनहरूमा संगठित थिए।

सोह्रौं शताब्दीदेखि प्रेसको चलन भएको देश लेबनानको बेरूतमा सन् १९१४ मै प्रिन्टिङ प्रेस र रेलमा काम गर्ने मजदूरहरूको ट्रेड यूनियन स्थापना भइसकेको थियो। प्रथम विश्वयुद्धको क्रममा अन्य पेशागत मजदूर संगठनहरूको निर्माणमा पनि तीव्रता आएको थियो।

अर्कोतिर, युवा बौद्धिकहरूले सेप्टेम्बर २८, १९२२ देखि As–Sahafi At Taib नामक अखबार प्रकाशित गरेर मजदूर वर्गीय समाचार र विचारहरूको प्रसार गर्न थाले। उत्पीडित जनता र मजदूरहरूको पक्षधर भनी घोषित उक्त अखबारले समाजवादको स्थापनाको पक्षमा, सर्वहारा वर्गीय संगठनको निर्माणको आवश्यकता र साम्राज्यवादविरोधी जनसंघर्षबारे धेरै महत्वपूर्ण योगदान दिएको थियो। यही अखबारका एक सम्वाददाता यूसेक इब्राहिम याज्बेकले समाजवादी शासनको लागि कम्युनिष्ट पार्टी स्थापना गर्नुपर्ने विचार प्रचार-प्रसार गरेर भावी कम्युनिष्ट पार्टीको बीऊ रोपेका थिए।

सन् १९२४ लेबनानको इतिहासमा धेरै हिसाबले ऐतिहासिक साबित भयो। १९२४ मै बेक्का घाटीमा किसानहरूले ठूलो विद्रोह गरे। सोही वर्ष लेवनान पहाडको बिकफाया भन्ने ठाउँमा तम्बाखु कारखानामा काम गर्ने मजदूरहरूको ट्रेड यूनियन स्थापना भयो। इजिप्टमा बसेर ट्रेड यूनियन कार्यकर्ताको लामो अनुभव बटुलिसकेका लेबनानी मूलका इजिप्शियन कम्युनिष्ट फाउद शिमालीको नेतृत्वमा स्थापित यस ट्रेड यूनियनले लेबनानी कम्युनिष्ट आन्दोलनमा महत्वपूर्ण भूमिका खेलेको थियो। त्यही अवधिमा सिरियामा सिरियाली र लेबनानी क्रान्तिकारी ट्रेड यूनियनहरूको महासंघ निर्माण भयो। सोही वर्ष बेरूतमा 'पार्टी अफ दि लेबनीज पिपुल' नामक वामपन्थी पार्टी गठन भयो। यसै पार्टीलाई लेबनानी र सिरियाली कम्युनिष्टहरूले 'कम्युनिष्ट पार्टी' को रूपमा लिंदै आएका छन्। यसैभित्र सिरिया र लेबनानका तत्कालीन क्रान्तिकारी बुद्धिजीवीहरू र मजदूरहरू संगठित भएर उनीहरूले साम्राज्यवाद-पूँजीवादविरोधी संघर्ष संचालन गरेका थिए।

यो पार्टी स्थापना हुनुअघि नै ती दुबै देशमा १९२२ बाटै मार्क्सवादी केन्द्रहरू स्थापना हुन थालिसकेका थिए। त्यस्तै १९२३ मा आर्मेनियाबाट त्यहाँ आई बसेका मजदूर र विद्यार्थीहरूले बेरूतमा 'दि स्पार्ताक मार्क्सिष्ट ग्रुप' निर्माण गरिसकेका थिए। आर्टिन मादोयानको नेतृत्वमा स्थापित सो ग्रुपले लेबनानी पिपुल्स पार्टी स्थापना भएपछि एकसाथ काम गर्न थालेको पाइन्छ।

यो पार्टीको गठनमा मजदूर नेता फाउद शिमाली र पत्रकार यूसेफ इब्राहिम याज्बेकले महत्वपूर्ण भूमिका खेलेका थिए। याज्बेकमाथि शिमालीको प्रभाव थियो, उनको वैचारिक रूपान्तरणमा शिमालीले अगुवाको भूमिका खेलेका थिए। यो लेबनानी पिपुल्स पार्टीलाई साँच्चिकै क्रान्तिकारी कम्युनिष्ट पार्टी बनाउन, लेवनान र सिरियाको क्रान्तिको सिद्धान्त तय गर्ने मामिलामा धेरै नै कमी कमजोरी भए। यसमा शिमाली लगायत याज्बेक जस्ता संस्थापक नेताहरूको 'वैचारिक कमजोरी' ले भूमिका खेलेको विश्लेषण गरिएको छ। विशेष गरी फ्रान्सिसी साम्राज्यवादविरोधी संघर्षमा राष्ट्रिय पूँजीपतिहरूसंग तालमेल मिलाएर संघर्ष गर्ने मामिलामा ठूलो कमजोरी हुन गएको तथ्य कोमिन्टर्नको इतिहासमा पनि स्पष्ट रूपमा उल्लेख भएको देखिन्छ।



**साम्राज्यवादविरोधी संघर्षमा कम्युनिष्टहरु पनि पछि रहेनन्**

### १९२५-२७ को जनविद्रोह

फ्रान्सिसी गभर्नरको लूटपाटका कारणले आक्रोशित जेबेल-द्रुज इलाकाका किसानहरूको विद्रोहबाट शुरू भएको राष्ट्रिय मुक्ति-संघर्ष १९२५ देखि १९२७ सम्म चलेको थियो। राष्ट्रिय पूँजीपति वर्गको नेतृत्वमा भएको उक्त सशस्त्र संघर्षको क्रममा राष्ट्रिय क्रान्तिकारी सेनाबाट फ्रान्सिसी सैनिकहरू पटक-पटक पराजित भए। तापनि आफ्नो प्राविधिक उत्कृष्टता र सैन्य क्षमताका कारणले फ्रान्सिसी साम्राज्यवादीहरूले सिरिया र लेबनानका जनताको राष्ट्रिय मुक्ति आन्दोलनलाई निर्ममतापूर्वक कुल्चेर छाडे।

यस संघर्षमा लेबनानी पिपुल्स पार्टीका नेतृत्वदायी कमरेडहरूले सक्दो सहयोग, समर्थन र सक्रियता देखाए। तापनि, फ्रान्सिसी साम्राज्यवादीहरूसंग लेबनानी र सिरियाली पूँजीपति वर्गबीचको अन्तरसंघर्षलाई अत्यन्त न्यून मूल्यांकन गरेर राष्ट्रिय पूँजीपति वर्गलाई दलाल पूँजीपतिको रूपमा प्रचार गरियो। उनीहरूको क्रान्तिकारी भूमिकालाई नजरअन्दाज गरेर 'श्रमिकहरूको सोभियत सत्ता' स्थापना गर्नुपर्ने अतिवादी नारा दिएर राष्ट्रिय पूँजीपति वर्गलाई राष्ट्रिय मुक्ति आन्दोलनबाट धपाउने काम अप्रत्यक्ष रूपमा गरियो।

डिसेम्बर ९, १९२५ मा 'दि पार्टी अफ लेबनीज पिपुल (लेबनानी पिपुल्स पार्टी) को प्रथम अधिवेशनले राष्ट्रिय पूँजीपति वर्गको नेतृत्वमा भएको राष्ट्रिय मुक्ति आन्दोलनलाई सहयोग र समर्थन गरे तापनि 'किसान र मजदूरहरूको सोभियत' को हातमा सत्ता सुम्पनुपर्ने माग गरेर राष्ट्रिय पूँजीपतिहरूलाई निकै सशंकित पाऱ्यो। लेबनानी पिपुल्स पार्टीका नेताहरूको यो अतिवादी कामले पनि १९२५-२७ को राष्ट्रिय मुक्ति आन्दोलनको असफलतामा अप्रत्यक्ष रूपले भए पनि 'योगदान' गऱ्यो।

पछि १९३३ मा आएर लेवनानी र सिरियाली कम्युनिष्टहरूले आफ्नो भूल सुधारे। फ्रान्सिसी साम्राज्यवादबाट देशलाई स्वतन्त्र पार्न राष्ट्रिय पूँजीपति वर्गको योगदानलाई कदर गर्ने घोषणा गरे। सिरियाली कम्युनिष्टहरूले त

> **किसान र मजदूरहरूको सोभियतको हातमा सत्ता सुम्पनु पर्ने माग गरेर राष्ट्रिय पूँजीपतिहरूलाई निकै सशंकित पारियो**

आजसम्म पनि राष्ट्रिय पूँजीपतिहरूसंग गठजोड गर्ने नाराअन्तर्गत सत्ता-समीकरणमै सहभागी भई पूँजीपतिहरूको सरकारमा बस्ने काम गरिरहेका छन्। यसलाई एउटा अति-वामपन्थी अतिबाट दक्षिणपन्थी अतितिरको यात्राको रूपमा व्याख्या गर्न सकिन्छ।

### लेवनानी पिपुल्स पार्टीबाट कम्युनिष्ट पार्टीमा रुपान्तर

लेवनान र सिरियाको संयुक्त कम्युनिष्ट पार्टीको पुरानो नाम थियो- The Party of the Lebanese People अर्थात् लेवनानी पिपुल्स पार्टी। आफ्नो बर्बर शासनको विरोधमा सिरियाली र लेवनानी जनताले सशस्त्र ढंगले राष्ट्रिय मुक्ति आन्दोलन चलाएपछि फ्रान्सिसी साम्राज्यवादीहरूले यस पार्टीमाथि पनि प्रतिबन्ध लगाएको थियो। फ्रान्सिसी शासकहरूले जनवरी १९२६ मा यस पार्टीमाथि प्रतिबन्ध लगाएर जनताबाट यसलाई अलग्याउने प्रयास गरेका थिए।

तर लेवनानी र सिरियाली कम्युनिष्टहरूले यस पार्टीलाई कम्युनिष्ट पार्टीको रूपमा निर्माण गर्ने अठोट गरे। र, १९२० को दशकको अन्ततिर लेवनानी पिपुल्स पार्टीलाई 'कम्युनिष्ट पार्टी अफ सिरिया' (CPS) को रूपमा विकसित गरे। सिरियाली र लेवनानी कम्युनिष्टहरूको संयुक्त प्रयासमा निर्मित यस कम्युनिष्ट पार्टीले भूमिगत रूपमै आफ्नो संगठन र संघर्षको कामलाई जारी राख्यो। जुलाई १, १९३० मा सिरियाली कम्युनिष्ट पार्टी (CPS) ले भूमिगत रूपले नै एउटा घोषणापत्र जारी गर्दै देशमा कम्युनिष्ट पार्टीको पुनर्निर्माण भएको दावी गरेको थियो। सिरियाली र लेवनानी पूँजीपति वर्गको पार्टी 'नेशनल ब्लक' ले साम्राज्यवादी फ्रान्ससंग हातेमालो गरेर जनतालाई धोखा दिएको व्याख्या गर्दै घोषणापत्रमा सिरियाली कम्युनिष्ट पार्टीले फ्रान्सिसी साम्राज्यवादलाई लखेटेर 'किसान र मजदूरहरूको सरकार' गठन गर्नुपर्ने माग गरेको थियो।

यो अतिवादी सोच १९३३ सम्म सिरियाली कम्युनिष्ट पार्टीभित्र हावी

भइरह्यो । तर जून, १९३३ मा सि.क.पा.को केन्द्रीय कमिटीको चौथो विस्तारित प्लेनममा यो अतिवादी सोचको कडा आलोचना भयो । र, लेवनानी र सिरियाली किसान-मजदूरहरूसंगको सम्बन्धलाई अझ मजबूत बनाई, राष्ट्रिय मुक्ति आन्दोलनमा संलग्न सबै शक्ति र समूहहरूसंग हातेमालो गर्ने घोषणासहित सिकपाले राष्ट्रिय पूँजीपतिहरूद्वारा राखिएका मागहरूको समर्थन गर्दै सडकमा उत्रने निर्णय गऱ्यो ।

सिरियाली र लेवनानी जनताले फ्रान्सिसी साम्राज्यवादको उत्पीडनका विरूद्ध चलाइरहेको संघर्षलाई मत्थर पार्न फ्रान्सिसी शासकहरूले चौथो दशकमा कैयौं 'सुधारात्मक कार्यहरू' गरे । मूलतः ती दुवै देशमा आफ्नो आर्थिक र रणनैतिक स्थितिलाई मजबूत पार्ने नियतले गरिएका यी सुधारात्मक कार्यहरूमा बेरूत बन्दरगाहको पुननिर्माण, नयाँ रेलमार्ग, राजमार्ग, हवाई अड्डाहरूको निर्माण, तेल पाईपहरू बिछ्याउने र सिँचाई प्रणालीको पुनर्निर्माण उल्लेखनीय देखिन्छन् ।

यी तथाकथित सुधारहरूले पनि संघर्षशील जनतालाई लोभ्याउन सकेन र उनीहरूले आफ्नो राष्ट्रिय मुक्ति आन्दोलनलाई निरन्तर जारी राखे । १९३४ देखि १९३६ सम्म भएको जनविद्रोहले यस राष्ट्रिय मुक्ति आन्दोलनलाई नयाँ उँचाई दियो । यस जनविद्रोहको महत्वपूर्ण पक्ष थियो- सिकपाको नेतृत्वमा सिरियाली र लेवनानी कम्युनिष्टहरूको र त्यसका जनवर्गीय संगठनका मजदूरहरूको सकृय सहभागिता !

सिकपाले किसान-मजदूरहरूको समेत सहभागितामा राष्ट्रिय साम्राज्यवादविरोधी मोर्चा बनाउने कार्यनीति अगाडि साऱ्यो । यसले १९३४ मा ट्रेड यूनियन महासंघको निर्माणमा सहयोग गरी सम्पूर्ण मजदूरहरूलाई संघर्षमा उताऱ्यो । यही सिकपाले १९३४ देखि राष्ट्रिय मुक्ति प्राप्त नभएसम्म नै मजदूरहरूको हडताललाई नेतृत्व गर्ने, किसानहरूलाई गोलबन्द गर्ने, मुसोलीनीको फासिष्ट इटालीबाट इथियोपियाको रक्षा गर्ने अभियान र फासिवाद, जियनवाद र फ्रान्सिसी उत्पीडनविरूद्ध अभियान चलाइरह्यो ।

त्यहाँको राष्ट्रिय पूजीपति वर्गले पनि १९३६ को जनवरीमा आफ्नो राजनीतिक पार्टी-नेशनल ब्लकको महासभा बोलाएर राष्ट्रिय घोषणापत्र जारी गऱ्यो । घोषणापत्रमा फ्रान्सको दासताबाट मुक्ति प्राप्त गर्नका लागि राष्ट्रिय स्वतन्त्रता, एकता र प्रजातन्त्र प्राप्त गर्नका लागि लड्न जोडदार अपील गरिएको थियो । कम्युनिष्ट पार्टी र अन्य प्रगतिशील शक्तिहरूले पनि राष्ट्रिय पूँजीपतिहरूको पार्टीको यो अपीललाई समर्थन गरेपछि सिरिया र लेवनानमा आश्चर्यजनक ढंगले जनउभार देखापऱ्यो ।



*साम्राज्यवादीहरूको आक्रमणको शिकार भएका लेवनानीहरू*

**अरब राष्ट्रहरु मध्ये सबैभन्दा पहिले पूँजीवादको विकास भएका राष्ट्रहरुमा पर्ने सिरिया र लेवनानमा कम्युनिष्ट पार्टी स्थापना हुनुभन्दा अगावै मजदूर संगठनहरु क्रियाशील थिए ।**

त्यसमाथि फ्रान्समा फ्रान्सिसी कम्युनिष्ट पार्टीको अगुवाईमा निर्मित जनमोर्चाको सरकार स्थापना भएपछि लेवनान र सिरियाको राष्ट्रिय मुक्ति आन्दोलनको सफलताको बाटो निक्कै सुगम भयो । अन्ततः ९ सेप्टेम्बर १९३६ मा फ्रान्स र सिरिया-लेवनानबीच ती दुवै देशको मुक्तिका बारेमा एउटा संझौता भयो । जुन संझौताअनुसार, सिरिया र लेवनानले ३ वर्षपछि स्वतन्त्रता पाउने फैसला भयो । यो संझौतालाई सिरिया र लेवनानमा नवनिर्वाचित 'नेशनल ब्लक' सरकार अन्तर्गतको संसद्ले तुरून्तै अनुमोदन गरे तापनि फ्रान्सिसी शासक वर्गले त्यसलाई अनुमोदन गर्न आनाकानी गरिरह्यो । जब फ्रान्समा जनमोर्चा सरकार ढलेर पुनः प्रतिक्रियावादी सरकार आसीन भयो, तब त्यस फ्रान्सिसी सरकारले जनवरी, १९३९ मा त्यस संझौतालाई अनुमोदन गर्न इन्कार गऱ्यो ।

यो इन्कारीको समाचार फैलिएपछि सिरिया र लेवनानका जनताको आक्रोश ज्वालामुखी झैं बिस्फोट भयो । फेब्रुअरी, १९३९ मै सिरिया र लेबनानको 'नेशनल ब्लक' सरकारले फ्रान्सको अधीनलाई अस्वीकार गरेर जनविद्रोहको साथ दियो । कम्युनिष्टहरूको अगुवाईमा मजदूरहरूले पनि मार्च, १९३९ मा आम हडताल गरेर सरकार र जनताको राष्ट्रिय मुक्ति आन्दोलनलाई साथ दिए ।

तर फ्रान्सको प्रतिक्रियावादी सरकारले त्यहाँ सैनिक शासन लागू गऱ्यो, संविधानलाई रद्दी टोकरीमा फ्याँक्यो र संसदलाई मनपरी ढंगले भंग गऱ्यो । त्यसैबेला सिरियाको एक भाग-अलेग्जेण्ड्रेट संजाक नामक क्षेत्र काटेर टर्कीको सीमानामा गाभीदियो । दोस्रो विश्वयुद्धको क्रममा फ्रान्सले तानाशाह हिटलरको फासिष्ट शक्ति सामु आत्मसमर्पण गरेपछि सिरिया र लेवनानलाई फासिष्टहरूको कठपुतली-विशी प्रशासनअन्तर्गत राखियो । फ्रान्सको आत्मसमर्पणबाट हौसिएका राष्ट्रिय मुक्ति आन्दोलनकारीहरूले आफ्नो संघर्षलाई अझ तेज र प्रबल बनाए, ठाउँ ठाउँमा फ्रान्सिसी सैनिकहरूसंग छापामार संघर्ष हुन थाल्यो ।

८ जुलाई १९४१ मा सिरिया र लेवनानको भूमिमा ब्रिटेनका सैनिकहरू र 'स्वतन्त्र फ्रान्स' समूहका सैनिकहरूले प्रवेश गरे । २७ सेप्टेम्बर, १९४१ मा 'स्वतन्त्र फ्रान्स' दस्ताका कमाण्डर जनरल कात्रूले सिरियालाई र २६ नोभेम्बर, १९४१ मा लेवनानलाई स्वाधीन र सार्वभौम राष्ट्र घोषित गरे । तापनि केही वर्षसम्म सिरियाको स्थितिमा कुनै परिवर्तन नआएपछि १९४३ मा त्यहाँका सबै प्रजातान्त्रिक र वामपन्थी शक्तिहरूले आफ्नो देशको स्वतन्त्र संविधान निर्माण गर्ने, चुनाव गराउने काम गरे । चुनावमा राष्ट्रिय देशभक्त गठबन्धनको विजय भएपछि शुक्री अल कुबात्ली राष्ट्रपति चुनिए । १ जनवरी, १९४४ मा मुख्य प्रशासकीय कार्य यही गठबन्धन सरकारलाई सुम्पियो ।

उता लेबनानमा भने अलिक फरक स्थिति देखापऱ्यो । लेवनानलाई स्वतन्त्र बनाउने निहुँमा पसेका ब्रिटिश अधिकारीहरूले लेवनानलाई नै आफ्नो नवउपनिवेश बनाउने प्रयास गर्न थाले । नोभेम्बर, १९४३ मा लेवनानको देशभक्त सरकारले विद्रोह गर्ने चेतावनी दिएपछि राष्ट्रिय मुक्ति आन्दोलनकारी शक्तिहरू र फ्रान्सिसी ब्रिटिश साम्राज्यवादीहरू बीच टक्कर हुन थाल्यो । तर सबै साम्राज्यवादीहरू जस्तै फ्रान्सिसी-ब्रिटिश साम्राज्यवादीहरू पनि लेवनानी जनताको अथक संघर्षको अगाडि झुक्नै पऱ्यो र २२ नोभेम्बर १९४३ मा लेवनान 'स्वतन्त्र' भयो ।

सिरिया र लेवनानको यो स्वतन्त्रता धेरै हदसम्म फ्रान्सिसी सैनिकहरूको उपस्थितिमा प्राप्त भएको थियो । आफ्नो स्वतन्त्रतालाई प्राणभन्दा प्यारो ठान्ने सिरिया र लेवनानका जनताले त्यहाँका राष्ट्रिय पूँजीपतिहरू र कम्युनिष्टहरूको अगुवाईमा विदेशी सैनिकहरू हटाउनु पर्ने मागसहित आन्दोलन चलाइरहे । १७ मई, १९४५ देखि साम्राज्यवादविरोधी आम हडतालको लहर चलेपछि गाउँ-शहरमा देशभक्तहरू र फ्रान्सिसी सैनिकहरूबीच पुनः मुठभेडहरू हुन थाले । फ्रान्सिसी सरकारले लडाकू विमानहरूद्वारा दमास्कसमाथि बमबारी गरेर आफ्नो राक्षसी अनुहारलाई फेरि एकचोटी नंग्यायो ।

यसैबीच फेब्रुअरी, १९४६ मा नवस्थापित संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्ले यस विषयमा छलफल गरेर उपनिवेशवादीहरूलाई पछि हटाउने निर्णय गऱ्यो । अन्ततः १७ अप्रिल, १९४६ मा सिरियाबाट र ३१ डिसेम्बर, १९४६ मा लेवनानबाट फ्रान्सिसी र ब्रिटिश सैनिकहरू हटाउने काम सम्पन्न गरियो ।

## कम्युनिष्टहरुको भूमिका

साम्राज्यवादविरोधी संघर्षमा लेवनान र सिरियाका कम्युनिष्टहरूको एकीकृत कम्युनिष्ट पार्टी- सिरियाली कम्युनिष्ट पार्टी (CPS) को भूमिका निकै महत्वपूर्ण देखिन्छ । १९२५-२७ को जनविद्रोहमा आफूहरू जनताबाट अलग्गिएको इतिहासबाट पाठ सिकेर ती देशका कम्युनिष्टहरूले १९३३ पछि आफ्नो प्रमुख शत्रु- फ्रान्सिसी साम्राज्यवादका विरूद्ध संयुक्त जनआन्दोलनको सिर्जना गरेका थिए । साम्राज्यवादविरोधी संयुक्त मोर्चा निर्माण गरी राष्ट्रिय मुक्ति आन्दोलन चलाउने ती कम्युनिष्टहरूले पूँजीवादी प्रजातन्त्रको स्थापनालाई आफ्नो तत्कालीन लक्ष्यका रूपमा अगाडि प्रस्तुत गरे भने समाजवादलाई अन्तिम लक्षका रूपमा प्रस्तुत गरे । पूँजीपति वर्गसंग संयुक्त मोर्चा कायम गरी राष्ट्रिय मुक्ति आन्दोलन चलाउँदा र पूँजीवादी प्रजातन्त्र स्थापना गर्दा त्यहाँका कम्युनिष्टहरूले आफ्नो लक्ष्य, आफ्नो स्वतन्त्र अस्तित्वलाई अक्षुण्ण राखीछाड्न वैचारिक र संगठनात्मक ढंगले सिकपालाई क्रियाशील बनाईराखे ।

राष्ट्रिय पूँजीपति वर्गको फ्रान्सिसी साम्राज्यवादसंगका नरम नीतिहरूको आलोचना पनि गर्दै सिकपाले आफूलाई स्वतन्त्रता प्राप्तिको अवधिसम्ममा महत्वपूर्ण राष्ट्रिय शक्तिको रूपमा विकसित गरिसकेको थियो । र, आ-आफ्नो देशको क्रान्तिकारी आन्दोलनलाई जारी राख्ने मामिलामा सि.क.पा. केही हदसम्म सचेत भए पनि त्यसमा कहीं कतै ह्रास आएको विश्लेषण पनि गरिएको पाइन्छ ।

स्मरणीय छ, सिकपा १९४४ सम्म एकीकृत रूपले क्रियाशील भइरहेको थियो । तर लेवनान र सिरिया भिन्नाभिन्नै देशका रूपमा स्वतन्त्र भएपछि सिकपालाई पनि लेवनानी कम्युनिष्ट पार्टी र सिरियन कम्युनिष्ट पार्टीका रूपमा अलग्याइएको थियो ।

❑ राजेन्द्र महर्जन

# प्रतिक्रान्तिकालमा साण्डिनिष्टा क्रान्ति को स्मरण



साण्डिनिष्टा विद्रोहीहरु विजयको खुसी प्रकट गर्दै

सेना, प्रहरी, प्रशासन आफ्नो हातमा भएर पनि प्रतिपक्षमा बस्नु परिरहेको निकारागुआको कम्युनिष्ट पार्टी **साण्डिनिष्ट फ्रन्ट अफ नेशनल लिबरेशन (FSLN)** ले गत साउन ४ (जुलाई १९) का दिन साण्डिनिष्टा क्रान्तिको अठाह्रौं बार्षिकोत्सव धुमधामका साथ मनाएको छ ।

अमेरिकी साम्राज्यवादका पुच्छर दक्षिणपन्थी राष्ट्रपति आर्नोल्डो अलेमानको नेतृत्वमा चलिरहेको प्रतिक्रान्तिकारी अभियानबीच मनाइएको साण्डिनिष्टा क्रान्तिको बार्षिकोत्सव समारोह र जुलूस प्रदर्शनमा लाखौं मानिसहरूको सहभागिता थियो । जुलाई १९ का दिन इस्तेलीदेखि मातागाल्पा र मानागुआसम्म भएका दक्षिणपन्थी सरकारविरोधी विशाल जुलूस प्रदर्शनहरूमा फेरि अर्को एउटा साण्डानिष्टा क्रान्ति गर्ने जोश जाँगर प्रकट भइरहेको बताइन्छ ।

स्मरणीय छ, जुलाई १९, १९७९ मा साण्डिनिष्ट फ्रण्ट अफ नेशनल लिबरेशन (साण्डिनिष्टा राष्ट्रिय मुक्ति मोर्चा) का




लाल सैनिकहरूले सशस्त्र क्रान्ति गरी अमेरिकी साम्राज्यवादद्वारा पालिएका तानाशाह सोमोजाको शासनलाई जरैदेखि उखेलेर फ्याँकेका थिए । डेनियल ओर्टेगा र टोमास बोर्गेहरूको नेतृत्वमा साण्डिनिष्टा राष्ट्रिय मुक्ति मोर्चाद्वारा स्थापित क्रान्तिकारी साण्डिनिष्टाको शासन र काम कारवाही देखेर अमेरिका अति नै भयभीत भयो । त्यसैले आफ्नो नाकैमुनि, मध्यअमेरिकी देश निकारागुआमा भएको साम्राज्यवाद-पूँजीवादविरोधी साण्डिनिष्टा क्रान्तिप्रति अमेरिकाले आक्रमणकारीको व्यवहार प्रदर्शन गऱ्यो । साँच्चै भन्ने हो भने, त्यतिखेरदेखि अहिलेसम्मको निकारागुआको इतिहास भनेकै अमेरिकी सामाज्यवाद र साण्डानिष्टा क्रान्तिकारीहरूको प्रत्यक्षअप्रत्यक्ष युद्धको इतिहास हो ।

निकारागुआमाथि उन्नाइसौं शताब्दीमा चार-चार पटकसम्म सैनिक आक्रमण गर्ने अमेरिकाले त्यहाँ १९१२ देखि करिब २० वर्षसम्म आफ्ना सैनिकहरू तैनाथ गरेको विरोधमा क्रान्तिकारी नेता अगस्टो साण्डिनोको नेतृत्वमा राष्ट्रिय मुक्ति आन्दोलन शुरू भएको तथ्य यहाँ उल्लेखनीय देखिन्छ । सन् १९३४ मा अमेरिका-भक्त सैनिक तानाशाह अनास्तासियो सोमोजाको पारिवारिक शासनविरूद्ध लड्दा लड्दै शहादत प्राप्त गरेका अगस्टो साण्डिनोकै समर्थकहरूले साण्डिनोकै नामबाट आफ्नो पार्टीका नाम साण्डिनिष्टा राखे । साण्डिनिष्टको खास अर्थ हो- साण्डिनोको बाटो लिनेहरू । यही साण्डिनिष्टाले सन् १९७९ जुलाई १९ मा अमेरिकापरस्त सोमोजाको ४५ वर्ष लामो पारिवारिक शासनलाई उखेलेर साण्डिनिष्टा क्रान्ति सम्पन्न गरेको थियो । यही साण्डिनिष्टा क्रान्तिलाई ध्वस्त पार्न अमेरिकाले त्यहाँ कम धनीभूत युद्ध (Low Intensity War) नामक अत्यन्त परिष्कृत र खतरनाक प्रतिक्रान्तिकारी छापामार युद्ध थालनी गरेको हो । एल साल्भाडोरका लागि अमेरिकी सैन्य सल्लाहकारका प्रमुख कर्नेल जोन बाग्हेल्स्टीनका अनुसार- 'यो आधारभूत स्तरमा सम्पूर्ण युद्ध हो, एउटा त्यस्तो युद्ध, जसमा राजनीतिक, आर्थिक र मनोवैज्ञानिक युद्ध सामेल हुन्छ र यस युद्धअन्तर्गत सैनिक पक्ष त कैयौं मामिलामा केवल चौथो स्थानमा एवं दूरवर्ती महत्व मात्र राख्दछ ।'

आफ्नो सैनिक श्रेष्ठता हुँदाहुँदै भियतनामको युद्धक्षेत्रबाट नराम्ररी लखेटिएपछि र सि.आई.ए.का गोप्य षड्यन्त्रकारी सैनिक विद्रोह र तख्ता-पलटका कारवाहीहरू नराम्ररी भण्डाफोर भएपछि अमेरिकाले ती असफलताहरूबाट पाठ सिकेर यो नयाँ युद्ध-कौशल विकास गरेको हो ।

यो नयाँ हस्तक्षेपकारी विदेशनीतिअन्तर्गत अमेरिकाले निकारागुआमा प्रत्यक्ष रूपमा सैनिक आक्रमण गर्नुको सट्टा कोन्ट्रा नामक विद्रोहीहरूलाई पैसा, हातहतियार र सैनिक तालीम दिएर उनीहरूमार्फत् युद्ध गर्ने, साण्डिनिष्टाहरूलाई निशाना बनाउनुको सट्टा जनताको मनमस्तिष्कलाई निशाना बनाउने काम गऱ्यो । निकारागुआका जनताको विशिष्ट संस्कृति, इतिहास र भावनाहरूका साथै क्रान्तिकारीहरूको शक्ति र क्षमताको एक एक लेखाजोखा राखी त्यसमाथि योजनाबद्ध प्रहार गऱ्यो । अमेरिकाले साण्डिनिष्टाहरूको क्रान्तिकारी पार्टी, आन्दोलन र सरकारको विकल्पको रूपमा प्रतिक्रान्तिकारी आन्दोलन सृजना गर्ने, त्यसलाई वैधानिक रूप दिएर जनतासमक्ष प्रस्तुत गर्ने काम गऱ्यो ।


राजनीतिक र सैनिक संगठनहरूका नयाँ नयाँ रूपहरू विकसित गर्ने एवं अमेरिका र यस्ता हस्तक्षेपकारी

**साण्डिनिष्ट फ्रन्ट अफ नेशनल लिबरेशन (FSLN) ले गत साउन ४ (जुलाई १९) का दिन साण्डिनिष्टा क्रान्तिको अठाह्रौं बार्षिकोत्सव धुमधामका साथ मनाएको छ ।**



साण्डिनिष्टा नेता तथा पूर्व राष्ट्रपति डेनियल ओर्टेगा





**साण्डिनिष्टा विद्रोहीहरु क्रान्तिको विजयमा हर्षोल्लाष मनाउँदै (बायाँ)**

***अमेरिकी साम्राज्यवादद्वारा पालिएका तत्कालीन तानाशाह सोमोजा (तल)***

अहिले निकारागुआमा गजबको स्थिति छ। त्यहाँ अहिले पनि पहिलेभन्दा घट्दो क्रममा भए पनि सेना, प्रहरी, प्रशासनमा साण्डिनिष्टाकै मान्छेको बाहुल्य बाँकी छ। तर केन्द्रीय सत्ता अमेरिकी दलालहरुको हातमा छ।

कारवाहीहरूको पक्षमा जनमत सिर्जना गर्ने र सुदृढ गर्ने कारवाही चलाएर अन्ततः सन् १९९० मा ११ वर्षपछि नै साण्डिनिष्टा क्रान्तिलाई असफल पारेर प्रतिक्रान्ति सम्पन्न गर्ने कार्य भयो। त्यो पनि धाँधलीपूर्ण चुनावको बाटोबाट।

भियतनाम युद्धबाट 'चेतबाबा काशी' भएको अमेरिकाले साण्डिनिष्टा क्रान्तिमाथि भियतनाममा जस्तो प्रत्यक्ष सैनिक आक्रमण गर्ने, एक्कै प्रहारमा सखाप गर्ने नीति लागू गरेन। उसले त्यसको सट्टामा साण्डिनिष्टा क्रान्तिविरूद्ध हजारौं प्रकारका सुनियोजित सैनिक, आर्थिक, राजनीतिक, कूटनीतिक, मनोवैज्ञानिक र विचारधारात्मक दवाव दिने कार्य गऱ्यो। अर्थात्, उसले क्रमशः क्रान्तिलाई गला घोटीघोटी, सास्ती गरी गरी ध्वस्त पार्ने रणनीति अप्नायो।

यस क्रममा १९९० को २५ फेब्रुअरीको चुनावसम्ममा उसले ठूलो सफलता हात पाऱ्यो। अमेरिकाद्वारा पालिएको-पोसिएको साण्डिनिष्टाविरोधी गठबन्धन राष्ट्रिय विपक्षी यूनियन (UNO) की भ्वायोल्टा चामोरोले ५४ प्रतिशत मत लिएर साण्डिनिष्टा नेता तथा राष्ट्रपति डेनियल ओर्टेगालाई पराजित गरिन्। ओर्टेगाले चुनावमा ४२ प्रतिशत मत प्राप्त गरे। र यही क्रम गत वर्ष कात्तिक ४ गते भएको निर्वाचनमा पनि दुःखद ढंगले दोहोरिएको छ। उक्त चुनावमा दक्षिणपन्थी उम्मेदवार आर्नोल्डो अलेमानले डेनियल ओर्टेगालाई ५१ प्रतिशत मत लिएर पराजित गरेका थिए। ओर्टेगाले त्यसमा जम्मा ३८ प्रतिशत मत प्राप्त गरे।

अहिले निकारागुआमा गजबको स्थिति छ। त्यहाँ अहिले पनि पहिलेभन्दा घट्दो क्रममा भए पनि सेना, प्रहरी, प्रशासनमा साण्डिनिष्टाकै मान्छेको बाहुल्य बाँकी छ। तर केन्द्रीय सत्ता अमेरिकी दलालहरूको हातमा छ। र अमेरिकाले केन्द्रीय सत्तामार्फत् आफ्ना स्वार्थहरू जबर्दस्ती निकारागुआमाथि लाद्दैछ। निकारागुआलाई गहिराइमा अध्ययन गरिरहेका पर्यवेक्षक भन्छन्- 'हामीले एघार वर्षे शासनकालमा निकै राम्रो काम गरेका छौं। त्यसैले चुनावी प्रतिस्पर्धा गरे पनि हामी नै जित्छौं भन्ने कुरामा ढुक्क भएर अमेरिकी दवाबमा क्रान्तिपछि पनि साण्डिनिष्टा बहुदलीय चुनावमा जान तयार हुनु नै साण्डिनिष्टाको निम्ति आफ्नो खाडल आफै खन्ने कार्य ठहरियो। अमेरिकाद्वारा पालित-पोषित दक्षिणपन्थी गठबन्धन यू एनओलाई चुनावी प्रतिस्पर्धामा संलग्न हुन दिनु साण्डिनिष्टाको महाभूल देखियो। असलमा, क्रान्तिपछि साण्डिनिष्टाले अप्नाएको बहुदलीय जनवादले नै साण्डिनिष्टा सत्ताच्यूत हुन पुग्यो। चुनावमा अमेरिकाले पैसाको खोलो बगायो, सिआइएले सैयौं किसिमका कुप्रचार र चुनावी तिगडम गऱ्यो र हेर्दा हेर्दै चुनावैबाट साण्डिनिष्टा सत्ताच्यूत भयो।'

जनता साथमा छन्; प्रहरी, प्रशासन र सेनासमेत आफ्नो पकडमा छ तर पनि क्रान्तिबाटै सत्तामा आएको एउटा क्रान्तिकारी शक्ति बहुदलीय संसदीय बाटोबाट जाँदा कसरी षड्यन्त्रपूर्वक सत्ताच्यूत हुन सक्छ र कसरी संसदीय चुनावलाई साम्राज्यवादीहरू आफ्नो हितमा प्रयोग गर्न सक्छन् त्यसको ज्वलन्त नमूना भएको छ, निकारागुआ।

अहिले साण्डिनिष्टा क्रान्तिका सम्पूर्ण जनमुखी उपलब्धिहरूलाई दक्षिणपन्थी पूँजीवादी सरकारहरूद्वारा ध्वस्त गरेको विरोधमा सडक-संघर्ष गर्दै हेरिरहनु साण्डिनिष्टाहरूको विवशता र बाध्यता जस्तै भइरहेको छ।

निकारागुआको प्रमुख प्रतिपक्षी साण्डिनिष्टा क्रान्तिकारीहरूले साण्डिनिष्टा क्रान्तिको वार्षिक उत्सवलाई पनि अलेमान सरकारका क्रान्तिविरोधी, जनविरोधी नीति र कार्यक्रमहरूका विरूद्ध केन्द्रित गरेका छन्। एक डेढ महिना अगाडिदेखि सरकारको विरोधमा चलिरहेको जनसंघर्षलाई टेवा दिन साण्डिनिष्टाहरूले सेवा र आधारभूत खाद्यान्नमा भएको अक्काशिँदो महँगी, बेरोजगारी, असुरक्षा, अराजकता, किसानहरूको ऋण, विद्यार्थीहरूको बढ्दो फी र साण्डिनिष्टा समर्थकहरूलाई जागीरबाट निकाल्ने सरकारी नीतिजस्ता राष्ट्रिय मुद्दाहरू केही दिनभित्रै समाधान गर्न चेतावनी दिँदै संघर्षको नयाँ चरण घोषणा गरेका छन्।


साण्डिनिष्टाहरूको यो संघर्षलाई पूँजीवादी खेमाले 'सैनिक विद्रोहको तयारी र गृहयुद्धको अभ्यास'को रूपमा प्रचार गरिरहेको छ। तर साण्डिनिष्टाहरूको आफ्नो त्यस्तो उद्देश्य नै नरहेको बताउँदै साण्डिनिष्टा राष्ट्रिय मुक्ति मोर्चाका संस्थापक नेता टोमास बोर्गेले साण्डिनिष्टाहरूले सत्ताको दुरूपयोग गर्ने सरकारविरूद्ध बन्दूकको नली तेर्स्याउने बेला आएको छैन भनी स्पष्टीकरण दिएका छन्।

साण्डिनिष्टाहरूले पुनः एकचोटी जनसंघर्षको उभार उठाई क्रान्ति सम्पन्न गर्ने र आफ्नो सुखको दिन आउने आशा लिएर धेरै निकारागुआली जनता बाँचिरहेका छन्। यस स्थितिमा साण्डिनिष्टा राष्ट्रिय मुक्ति मोर्चा झन्-झन् फुट्दै जाने, त्यसका नेताहरू सत्ताशक्तिको दुरूपयोगमा लिप्त हुँदै जाने र क्रान्तिकारी मार्क्सवादी-लेनिनवादी पार्टीले सोशल डेमोक्रेटिक लाइन लिई अर्को क्रान्तिको सपना पोलेर खाने काम गऱ्यो भने, क्रान्तिको पर्खाइमा रहेका निकारागुआली जनताले कसैलाई पनि माफ गर्ने छैनन्।

❑ राजेन्द्र महर्जन

# विश्वको सबैभन्दा ठूलो उद्योगमा यसरी संकट आउँदैछ !

◆ दीपक वैद्य



फोटो साभारः द इकोनोमिष्ट

विश्वकै सबैभन्दा ठूला तीनवटा बस्तु निर्माण कम्पनीहरू कुन कुन हुन् ? भनेर प्रश्न गर्नुहोस् ।

तीनवटा कार कम्पनीको नाम आउँछ: जनरल मोटर्स, फोर्ड र टोयोटा कम्पनी ।

विश्वका ५० वटा सबैभन्दा ठूला कम्पनीहरूको सूची बनाउने हो भने पनि त्यसमा १३ वटाभन्दा बेसी कम्पनीहरू कार कम्पनीहरू नै हुनेछन् ।

कार उद्योग अहिलेको विश्वमा सबैभन्दा विशाल उद्योग ठहरिएको छ । यही एउटा उद्योगमा मात्र एक करोड भन्दा ज्यादा मानिसहरू संलग्न छन् । र, विश्वमा वर्ष दिनमा कार व्यवसायमा मात्र एक अरब डलर बरोबरीको कारोबार हुन्छ ।

तर अब विश्व कार उद्योग गंभीर संकटको डिलतिर धकेलिँदैछ । यतिन्जेल कार उद्योग बेस्सरी फष्टाएको र त्यसले चुस्त नाफा कमाएको जापान, पश्चिम यूरोप र उत्तरी अमेरिकामा हो । तर अब यी तीनवटै ठाउँका बजारहरू टन्नै अघाएका देखापरेका छन् । र, सडकहरू पनि यति जाम छन् कि ती अरू थप कारहरूको निम्ति अति साँघुरा भइसकेका छन् । त्यसैले, त्यहाँका बजारमा कारको बिक्री त्यसै नै ठप्प हुन थालेको छ, जसरी त्यहाँका सडकमा लामो ट्राफिक जामले गर्दा गाडीहरू ठप्प हुन्छन् । कारण भने एउटै छ- अति नै धेरै गाडीहरू ।

यतिखेर विश्वका सबै कार कार्खानाहरू पूर्ण क्षमतामा चले भने तिनीहरूले वर्षमा ६ करोड ८० लाख वटा कार उत्पादन गर्न सक्छन् । तर सन् १९९६ मा तिनीहरूले खालि ५ करोड वटा मात्र कार उत्पादन गर्न सके । अर्थात् कुल क्षमताभन्दा २७ प्रतिशत कम ।

अमेरिका कार फेर्नमा खूब सौख भएको देश मानिन्छ । तर १९९६ मा त्यहीं नै कुल क्षमताभन्दा ३९ लाख वटा कम कार उत्पादन हुन सक्यो । अर्थात् क्षमता भन्दा २१ प्रतिशत कम । पश्चिम यूरोपमा त अझ कुल क्षमताभन्दा ६० लाख वटा कम अर्थात् ३३ प्रतिशत कम मात्र कार बजारमा आउन सक्यो । सबैभन्दा चुत्थो स्थिति जापानमा देखापर्‍यो । त्यहाँ कुल क्षमताभन्दा ५० प्रतिशत नै कम कार मात्र उत्पादन हुन सक्यो । अर्थात्, निक्लन सक्नेभन्दा ५० लाख वटा कम ।

अब कार निर्माताहरूको सबैभन्दा धेरै आकर्षणको केन्द्र भएको छ- एशिया र ल्याटिन अमेरिका । किनकि, यी महाद्वीप अन्तर्गतका विकासशील मुलुकहरूमा कारको माग यतिखेर खूब बढ्दैछ । त्यसैले, बजार छोप्न त्यहाँ अहिले विदेशी लगानीको ओइरो लागेको छ ।

दक्षिण पूर्व एशियामा नयाँ कार कम्पनी खोल्न निस्सान, होण्डा, मित्सुविशी जस्ता जापानी कार कम्पनीहरू खनिएका छन् । उनीहरूको लगानीले गर्दा त्यहाँ सन् २००० सम्ममै कारको उत्पादन क्षमता अहिलेभन्दा दोब्बर हुने देखिन्छ ।

उता दक्षिण कोरिया अब ठूलो कार निर्माता मुलुक हुन कम्मर कसेर मैदानमा ओर्लिएको छ । उसको कारको आन्तरिक बजार सालमा १२ लाख वटा गाडीको मात्र छ । तर यो शताब्दीको अन्तसम्ममा उसले आफ्नो खपत क्षमताभन्दा पाँच गुणा बेसी कार उतपादन गर्न लाग्दैछ । अर्थात्, वर्षको ६० लाखवटा गाडी । निश्चय नै उसले आफ्नो बजारमा बिक्न नसकेका गाडीहरू बेच्ने ठाउँ एशिया नै हुनेछ र त्यहाँको बजारले धानेन भने उसले यूरोपको बजार समेत हात पार्न कोशिस गर्नेछ ।

ल्याटिन अमेरिकामा पनि लगानीको चर्को भीड लागेको छ । फियाट, फोर्ड र भक्सवायगन् जस्ता कम्पनीहरूले ब्राजिलमा आफ्नो कार्खाना आधुनिकीकरण गर्न दुई अरब डलर खर्च गरेका छन् । टोयोटा, होण्डा, पियाजे, रेनल्ट र मर्सेडिज जस्ता कम्पनीहरूले आगामी पाँच वर्षमा ब्राजिल वा अर्जेण्टिनामा कारकै उत्पादनको लागि १६ अरब डलरभन्दा बेसी ताजा लगानी गर्दैछन् । यसले गर्दा त्यहाँ पनि कार उत्पादन क्षमता अहिलेको तुलनामा दोब्बरभन्दा पनि ज्यादा हुने देखिन्छ । यसबाट ल्याटिन अमेरिकामा वर्षको २५ लाख वटा कार उत्पादन हुन सक्ने स्थिति हुनेछ ।

यो गतिमा कार-उत्पादन कुद्ने हो भने नवोदित एशिया र ल्याटिन अमेरिकाको कार-बजार आगामी पाँच वर्षमै घाँटी घाँटीसम्म अघाई सक्नेछ । बजारले थाम्न सक्नेभन्दा ज्यादै बेसी कार उत्पादन भई सक्नेछ त्यहाँ । एक अनुमानअनुसार, यो क्षेत्रले सन् २००० सम्ममै विश्व बजारले चाहेभन्दा सवा दुई करोडवटा बेसी कार उत्पादन गरिसक्नेछ । एशिया प्रशान्त क्षेत्र अहिले नै विश्वको सबैभन्दा ठूलो कार-उत्पादक क्षेत्र भइसकेको छ । अर्को पाँच वर्षको अवधिमा यसले हरेक वर्ष साठी लाखवटा थप कार विश्व बजारको थालीमा पस्कने छ । नतिजा हुनेछ- बजारभरि कारै कारको बिस्कुन, तर त्यो किन्ने क्रेताको नितान्त अभाव ।

कार- उत्पादकहरूको लागि यो गंभीर संकटको लक्षण हो । तर उपभोक्ताको लागि चाहिं यो स्वर्ण अवसर हुन जानेछ । किनकि, जब निकै बेसी कारहरूले निकै थोरै क्रेता भेट्टाउँछ, कारको मूल्यमा स्वभावतः निकै ठूलो गिरावट आउनेछ ।

तर यसको अर्को पक्ष पनि छ । आफ्नो लागत खर्च नै धान्न नसक्ने कतिपय अदक्ष कार्खानाहरूमा अवश्यै ताला लाग्नेछ । कार उत्पादनमा अझै थोरै दक्ष कंपनीहरूको एकाधिकार बढ्नेछ । उत्पादन लागत कम गर्न र नाफाको घेरो बढाउन कतिपय कम्पनीहरू आपसमा मिल्नेछन् । कैयन कंपनीहरूले कम नाफादायक कार्खानाहरू बन्द गर्नेछन् र तिनलाई त्यहाँ सार्नेछन्, जहाँ श्रम र कच्चा पदार्थ सस्तो छ र नयाँ बजार नजिकै छ । थोरै मजदूरहरूले धेरै उत्पादन गर्ने नयाँ प्रवधिको प्रयोग गर्ने जमर्को पनि उनीहरूबाट हुनेछ । परिणाम हुनेछ- कार्खाना कार्खानामा मजदूर संख्यामा व्यापक कटौती र अरू बढ्ता यान्त्रीकरण ।

कार उद्योगको विकासलाई नजिकैबाट अध्ययन गर्नेहरू के भन्छन् भने- आगामी तीन वर्षमै विश्वको कार उत्पादन क्षमता प्रति वर्ष ८ करोड कार हुनेछ । तर कारको माग भने मुश्किलैले वर्षको ६ करोड वटा हुनेछ । सन् २००० सम्ममा मागको तुलनामा एक करोड असी लाख वटादेखि दुई करोड वीस लाख वटा बेसी कारको आपूर्ति बजारमा हुनेछ । यसको मतलब के हो भने- विश्वभरिका ६३० वटा कार कार्खानाहरूमध्ये असी वटा कार्खानाले झिँगा धपाएर बस्नुसिवाय तिनको अर्को काम हुनेछैन । अर्थात्, सिंगै अमेरिकामा अहिले भए जति सबै कार कार्खानाहरूमा तालाबन्दी लागे पनि बजारमा अझै आवश्यकताभन्दा बढी कारको आपूर्ति भइरहेको हुनेछ ।

**कार उद्योगले विश्वव्यापीकरणको झण्डा किन जोरदार ढंगले उचाल्दैछ ?**




विश्वलाई उदारवाद र खुला बजार अर्थतन्त्रको नारा दिए पनि पश्चिमी यूरोप र अमेरिका आफैं चाहिं जापानको सस्तो र आकर्षक मोडेलको गाडीले आफ्नो बजार स्वाट्टै कब्जा गरिहाल्ला भनेर औधी चिन्तित देखिन्छन् ।

यो संकटको सबैभन्दा धेरै शिकार हुनेछन्- मजदूरहरू । कार्खाना खुले पनि रोजीरोटी गुमाउनेहरू मजदूरहरू नै हुनेछन् । देशभित्रको कार्खाना बन्द गरेर कतै अन्त तुलनात्मक लाभ बेसी भएका मुलुकमा कार्खाना सार्दा पनि जीविका गुमाउनेहरू मजदूर नै हुनेछन् । कम्पनी कम्पनी मिसिएर उत्पादन क्षमता घटाउँदा र उत्पादकत्व बढाउँदा जागीरबाट हात धुन पर्नेहरू पनि मजदूरहरू नै हुनेछन् । त्यसैले, अहिलेको कार उद्योगको संकटले विश्वव्यापी रूपमा मजदूर बेरोजगारी बढाउने सुनिश्चित देखिन्छ । आगामी ५ वर्ष विश्वभरिका कार कार्खानाहरूमा मजदूरहरूको बर्बादीको ५ वर्ष हुने पक्का छ ।

रेनल्ट कम्पनीले त बेल्जियमस्थित आफ्नो कार कार्खाना बन्द गर्ने घोषणा नै गरिसक्यो । यसका विरूद्ध दशौं हजार मजदूरहरू सडकमा उत्रेका छन् । फोर्ड कम्पनीले बेलायतस्थित आफ्नो कार्खाना बन्द गर्ने घोषणा गरेपछि यसले ल्याउने बेरोजगारी संकट टार्न बेलायती सरकारले केही पैसा सहयोग दिनु परे पनि कार्खाना बन्द नगर्न फोर्ड कम्पनीलाई मनाएको छ। अहिले प्रत्येक यूरोपेली मुलुकमा तुरून्तै एउटा एउटा कार कार्खाना बन्द हुने स्थितिमा पुगिसकेको छ । जापानमा त थुप्रै स-साना कार निर्माण समूहहरू यतिखेर चरम अस्तित्वको संकट व्यहोर्दैछन् । किनभने, १९८६ मा ४६ लाख वटा कार निर्यात गर्न सक्ने जापान १९९५ मा पुग्दा खालि २९ लाख वटा कार निर्यात गर्न सक्ने देश हुन आइपुगेको छ । जापानले आफ्नो कार्खानाहरू अब देश बाहिर सार्न थालेको छ । यसको नतिजा स्पष्ट छ- जापानमा अहिले १९७० को दशक यता सबैभन्दा उच्च बेरोजगारी दर विकास भएको छ । एक प्रतिशतको वरपर मात्र बेरोजगारी भएको मुलुक जापानमा अहिले ३.५ प्रतिशत मानिसहरू बेरोजगार छन् ।

कसरी झेल्दैछन् त विश्वका कार निर्माताहरू यो चर्को समस्या र संकटलाई ? के के कदम चाल्दैछन्- उनीहरू यो अवश्यम्भावी संकट टार्नलाई ?

कार उद्योगले दिने रोजगारी र कर दुवै हिसाबले विकसित मुलुकहरूले यस उद्योगलाई राष्ट्रको ढाडको रूपमा लिन्छन् । त्यसैले, कार उद्योगलाई ढल्न नदिन कार निर्माताहरूको माग मुताबिक यूरोप, अमेरिका र जापानका सरकारहरू १९८० को दशकमा जस्तै संरक्षणको पर्खाललाई अहिले पनि ज्यूँका त्यूँ खडा गरिरहेछन् । बाँकी विश्वलाई उदारवाद र खुला बजार अर्थतन्त्रको नारा दिए पनि पश्चिमी यूरोप र अमेरिका आफैं चाहिं जापानको सस्तो र आकर्षक मोडेलको गाडीले आफ्नो बजार स्वाट्टै कब्जा गरिहाल्ला भनेर औधी चिन्तित देखिन्छन् । त्यसैले, त्यहाँका कार निर्माताहरू सरकारसित जापानी कारबाट चर्को संरक्षणको माग गरिरहेछन् ।

संरक्षणको पर्खाललाई व्यर्थ पार्न जापान अहिले नयाँ नीति अख्तियार गर्न लागिरहेछ । त्यो नीति हो- "जहाँ बेच्ने त्यहीं बनाउने" नीति । यो नीति अन्तर्गत जापान अहिले बाहिरबाट पश्चिम यूरोप र अमेरिकामा कार निर्यात गर्नुको सट्टा त्यहींकै ठूला पूँजीपतिसित मिलेर कार प्लान्ट खोल्ने दिशातिर अघि बढिरहेछ । यो उपायबाट अहिले पश्चिमी यूरोपमा मात्रै जापानले वर्षको १२ लाख वटा कार उत्पादन गर्छ । टोयोटा कम्पनी अहिले यूरोपमा अर्को कार कार्खानाको लागि समेत ठाउँ खोज्दैछ ।

अमेरिकामै पनि जापानले भटाभट कार कार्खानाहरू खोल्दै गइरहेछ । विशेषतः टोयोटा कम्पनीले यो काम गरिरहेछ । जापानको टोयोटा कम्पनीले कार उत्पादनमा अमेरिकाको तेस्रो ठूलो कार कम्पनी- क्रिस्लरलाई समेत उछिन्ने छाँटकाँट छिटै देखिँदैछ ।

अहिले विश्वव्यापीकरण (Globalisation) को जो झण्डा उचालिँदैछ, त्यो उचाल्नेहरूमध्ये एउटा प्रमुख उद्योग- कार उद्योग हो । कार निर्माताहरूले उत्पादन लागत कम गर्न कार निर्माणलाई विश्वका श्रम सस्ता भागहरूमा छर्नु आवश्यक देखे । संसारभरि तुलनात्मक लाभ बेसी भएका ठाउँमा कार उत्पादन गर्नु बढ्ता नाफादायक हुने देखे । यही सोचले 'विश्वव्यापीकरण" को धारणा जन्मायो । "जहाँ बेच्ने त्यहीं बनाउने" नीति यही विश्वव्यापीकरणको अर्को नाम हो ।

कार कम्पनीहरू अब विश्वस्तरीय फर्मको रूपमा विकसित भइरहेछन्- उत्पादन लागत घटाउन र दक्षता बढाउनका लागि । जडान, प्रविधि, पैसा र मार्केटिङलाई आफ्नो क्षमतामा राखेर कारको विभिन्न पार्ट पुर्जाहरू संसारका विभिन्न नाफादायक भागमा बनाउने र त्यो बनाउनका निम्ति स-साना सप्लाइकर्ताबीच तीव्र प्रतिस्पर्धा गराउने नीति अख्तियार गरिँदैछ । यसो गर्दा कंपनीको साइज घट्ने, मजदूरहरूलाई बेसी ज्याला र सुविधा दिनु नपर्ने र उनीहरू एकै ठाउँमा ठूलो संख्यामा केन्द्रित पनि नहुने जस्ता फाइदाहरू उनीहरूले हासिल गरिरहेछन् । कार चेसिस, इंजिन, गियर बक्स, पांग्रा, सबै मुख्य पार्ट पुर्जाहरूको निर्माणमा यही नीति अप्नाउन लागिँदैछ । हज्जारौं सप्लाइकर्ताहरूलाई यसरी केही सय सस्ता राम्रा सप्लाइकर्तामा कटौती गरिँदैछ र उनीहरूलाई नयाँ नयाँ डिजाइनहरू विकास गर्न भनिँदैछ ।

नतिजा के भएको छ भने- आफ्नो घरेलु बजार र क्षेत्रीय बजारमा मात्र भर पर्ने कम्पनीहरू डुब्ने खतरा बढ्दैछ । अमेरिकाको क्रिस्लर कम्पनी र यूरोपको रेनल्ट, फियाट र पि.एस.ए. पियाजे, सिट्रिओं कम्पनीहरू यही लाममा आउँछन् ।

डुब्ने खतराबाट बच्न यी कम्पनीहरू आपसमा उत्पादन एकता गर्दैछन् वा संयुक्त लगानी । रेनल्ट र पि.एस.ए. मिलेर हालसालै नयाँ इन्जिन विकास गरेका छन् र त्यसको कार्खाना फ्रान्समा स्थापना गरेका छन् । क्रिस्लर र बि.एम.डब्ल्यू. मिलेर त्यस्तै सानो इंजिन विकास गर्दैछन् र ब्राजिलमा त्यसको उत्पादन गर्दैछन् । भक्सवायगन र फोर्ड मिलेर पोर्तुगलमा एउटा "जनबहान" नाम गरेको मिनी भ्यान उत्पादन गर्दैछन् ।

आपसमा मिल्ने, उत्पादन एकता गर्ने वा संयुक्त लगानी गर्ने जस्ता उपायहरू मात्रैले अति उत्पादनले पैदा गरेको गंभीर संकटलाई भने हल गर्न सक्ने देखिन्न । संकटलाई टार्न कैयन कार्खानाहरू बन्दै गर्नु पर्ने बाध्यता कार निर्माताहरू सामु छ ।

जनरल मोटर्स र फोर्डले अमेरिकामा २० वटा कार्खाना बन्द गरेका छन् । यसो गरेर ती कम्पनीहरू साना भएका छन्, तर कमजोर भएका छैनन् । बरू ती अझ बलिया र नाफादायक भएका छन् । भविष्यमा यस्ता कार्खाना तालाबन्दीहरू अमेरिका, यूरोप र जापान तीनवटै क्षेत्रमा निकै बढ्ने निश्चित छ ।


यी तालाबन्दीहरूले मजदूरहरूको हडताल, विरोध प्रदर्शन र राजनीतिक तनाव बढाउने निचित छ । बेरोजगारी र गरीबी चुल्याउने निश्चित छ । यो संकटलाई ती मुलुकहरूले कसरी सामना गर्लान्- त्यो चाहिं हेर्नै बाँकी छ । ◆



फोटो साभारः द इकोनोमिष्ट

कार उद्योगमा आएको संकटको सबैभन्दा धेरै शिकार हुनेछन्- मजदूरहरु । कार्खाना खुले पनि रोजीरोटी गुमाउनेहरु मजदूरहरु नै हुनेछन् ।

# प्रमाण नभएको भनेर पंचायतले सर्वश्वहरण गरेको सम्पत्ति अझै मैले फिर्ता पाएको छैन



अहिले बाँचिरहेका बृद्ध र बरिष्ठ वामपन्थी नेताहरुमध्ये क. शम्भुराम श्रेष्ठ पनि एक हुनुहुन्छ । पार्टीको पहिलो महाधिवेशनदेखि पार्टी नफुट्दासम्म लगातार पोलिटब्यूरोको सदस्य रहँदै आउनु भएका क. श्रेष्ठ पार्टीभित्रका थोरै विचारकहरुमध्ये एक हुनुहुन्थ्यो ।

क. शम्भुराम श्रेष्ठको जन्म संवत १९७८ साल कार्तिक चतुर्दशीको दिन काठमाडौं नरदेवी नजिक रहने एक निम्नवर्गीय परिवारमा भएको थियो । ११ वर्षको उमेरमा नै विवाह बन्धनमा बाँधिन पुगेका उहाँले औपचारिक शिक्षाको हकमा पाटन हाइस्कूलबाट म्याट्रिकसम्म पूरा गर्नु भएको छ ।

२०१८ सालमा पंचायतबाट सर्वश्व हरण हुन पुगी आफ्नो सम्पूर्ण सम्पत्ति गुमाउन पुगेका क. शम्भुराम श्रेष्ठ हाल आफ्ना दुई छोराहरुको कमाइमा सामान्य ढंगले जीवन बिताइरहनु भएको छ ।

नेपाल कम्युनिष्ट लीगका शीर्षस्थ नेता हुनु भएका क. शम्भुराम श्रेष्ठसंग अतीत, वर्तमान र भविष्यको कम्युनिष्ट आन्दोलन र उहाँको जीवनका विविध पक्षहरुको सवालमा काठमाडौं किलागलस्थित उहाँकै निवासमा हालै मूल्यांकनले एक अन्तर्वार्ता लिएको थियो । प्रस्तुत छ- सोही अन्तर्वार्ताको सार संक्षेप ।

प्रस्तुतिः तुल्सीदास महर्जन

## क. शम्भुरामसंगको ताजा अन्तर्वार्ता

## जेल पर्नुभन्दा पहिले मार्क्सवादसम्बन्धी मेरो खासै अध्ययन थिएन

❑ **हाल तपाईंको दिनचर्या कसरी चलिरहेछ ?**

-अहिले मेरो मुटुको समस्या बढेको छ । फोक्सो पनि दुईटै खराब छ । त्यसैले सक्रिय रूपमा बाहिर हिँड्नु, निस्कनु मलाई धेरै मुश्किल छ । धेरै महत्वपूर्ण काम परे मात्र म बाहिर निस्कन्छु ।

घरमा बस्दा म सामान्य अध्ययन मात्र गर्न सक्छु ।

बिहान सबेरै ५ बजे नै उठ्दछु र लेखन र अध्ययनको लागि म बिहानको समयलाई नै उपयोग गर्दछु ।

❑ **तपाईंलाई राजनीतिबाहेक अन्य कुन कुन गतिविधिहरुमा रुचि लाग्दछ ?**

-खोई मलाई त अरू केही रूचि भए जस्तो त लाग्दैन ।

❑ **मनोरञ्जन केही गर्नु हुन्न ? त्यस्तोमा केही रुचि छैन ?**

-अहँ । किनभने, हामी त्यसबेला राजनैतिक कार्यमा ज्यादै डुब्यौं र मनोरञ्जन जस्तो कार्यमा हाम्रो ध्यानै जान पाएन । र, अहिले पनि त पहिलेभन्दा खासै फरक भएको त छैन नि ! मेरो जीवन ज्यादै रूखो किसिमको हुन पुग्यो, मान्छे रूखो नभए पनि ! (हाँसेर)

❑ **तपाई राजनैतिक तथा कम्युनिष्ट आन्दोलनमा कसरी प्रवेश गर्नुभयो ?**

-९७ सालमा चार शहीदहरूलाई राणाहरूले हत्या गर्दा म स्कूले ठिटो थिएँ । म त्यही घटनादेखि राणाविरोधी भएँ । त्यतिबेला नेपाल प्रजा-परिषद्ले चलाएको आन्दोलनलाई राणाहरूले यसरी दबाए कि त्यसका नेता तथा कार्यकर्ताहरू कि त मारिए, कि त जेलमा कोचिए । यसबाट प्रजा-परिषद्को साथसाथै राणाविरोधी आन्दोलन नै मर्ने संभावना देखियो ।

त्यसैले म लगायत अन्य तीनजना साथीहरू- क. पुष्पलाल, प्रेमबहादुर कंसाकार र सूर्यबहादुर भारद्वाजले प्रजा-परिषद्को त्यो राणाविरोधी आन्दोलन र स्वयं प्रजा परिषद्लाई मर्न नदिने प्रण गर्‍यौं । र, ९८ सालदेखि हामी चार जनाले 'नेपाल प्रजा परिषद्' कै नामबाट प्रजा परिषद्को आन्दोलनलाई निरन्तरता प्रदान गर्‍यौं ।

त्यतिबेला खासै भन्ने हो भने, सामान्य राजनीतिक ज्ञान पनि हामीसंग थिएन । हामीमध्ये उमेरमा पनि अलि पाको र ज्ञान र बुद्धिमा पनि अलिकति परिपक्व प्रेमबहादुर कंसाकार हुनुहुन्थ्यो । उहाँ भारतमा पढेर आउनु भएकोले त्यहाँका मानिसहरूसंग पनि उहाँको सम्पर्क थियो । त्यसैले त्यसताका उहाँ नै हामी चारमध्ये अलि जान्ने-सुन्ने हुनु हुन्थ्यो ।

एक दुई वर्ष पछाडि गएर कुनै कारणबिना नै हामीले 'नेपाल प्रजातन्त्र संघ' भन्ने संगठन खोल्यौं । त्यसमा हामी चारजना लगायत अन्य दुई तीन जना युवाहरू पनि थिए । त्यो संगठन बिल्कुल रोमान्टिक रूपले अगाडि बढ्यो । र, २००४ साल वैशाखमा हामीले त्यस संघमार्फत् राजनैतिक आन्दोलन शुरू गर्‍यौं । त्यति बेलासम्ममा त्यस संघमा क. नरबहादुर कर्माचार्य, क. काईला बाहरू सबै नै आइसकेका थिए ।

त्यस आन्दोलनमा हामीले राजनैतिक अधिकारको मागलाई नै प्रमुख मागको रूपमा अगाडि ल्यायौं । तर, नारामा भने हामीले नागरिक अधिकारको कुरा उठायौं । किनकि, हामीलाई त्यतिबेला ती दुई पदावलीको बीचमा के फरक छ भन्ने कुरा पनि थाहा थिएन ।

२००४ साल वैशाख १७ गते शुरू भएको प्रजातन्त्र संघको त्यस आन्दोलनको ८ दिन पछाडि म र संघका थुप्रै अन्य साथीहरू गिरफ्तार भयौं । गिरफ्तार हुनेहरूमध्ये सबैलाई पछि रिहा गरियो भने म लगायत टंकविलास र तिलकराज शाही गरी हामी तीनजना भने सेन्ट्रल जेलको गोलघरमा थुनिन पुग्यौं । हामी २००७ सालमा राणाहरूको पतनपछि मात्र जेलबाट मुक्त भयौं ।

हामी गोलघरमा रहँदा २००६ सालमा पार्टी खोल्नुभन्दा अगाडि क. पुष्पलालको पत्र आइपुग्यो । उहाँले पार्टी खोल्ने सवालमा हाम्रो विचार के छ भन्ने कुरा सोधी पठाउनु भएको थियो । मैले जवाफमा पार्टी खोल्ने सवाल ठीक छ भनी पत्र पठाएँ ।

पछि जेलबाट निस्किसकेपछि २००७ सालको फागुनमै क. पुष्पलालसित काठमाडौंमा भेटी पार्टीमा प्रवेश गरिहालें ।

❑ **पार्टी प्रवेश गर्दा तपाईंलाई कुन तहमा राखियो ?**

-म एकैचोटि प्रान्तीय कमिटीको सदस्यमा नियुक्त भए । त्यतिबेला प्रान्तीय कमिटीको क्षेत्रमा काठमाडौं उपत्यका लगायत पूर्व १ नं. र अहिलेको गोर्खा, नुवाकोट र धादिङ पर्दथ्यो । त्यतिबेला प्रान्तीय कमिटीको सचिवमा क. नुरबु हुनुहुन्थ्यो ।

त्यसपछि, २००८ सालको भाद्रमा भएको पार्टीको पहिलो राष्ट्रिय सम्मेलनबाट म केन्द्रीय समितिमा चुनिएँ र लगातार केन्द्रीय समिति मै रहँदै आएँ । १० सालको पार्टीको पहिलो महाधिवेशनपछि म पोलिटब्यूरोमा चुनिएँ । २०१० सालदेखि जेलमा पर्नु अघिसम्म म पोलिटब्यूरोको सदस्य नै रहिरहे ।

❑ **तपाईंले कम्युनिष्ट पार्टीमा प्रवेश गर्नुपूर्व मार्क्सवादी साहित्यहरु अध्ययन गरिसक्नु भएको थियो ?**

-जेल पर्नुभन्दा पहिले मार्क्सवादसम्बन्धी मेरो खासै अध्ययन थिएन । करीब चार वर्ष सेन्ट्रल जेलको गोलघरमा बस्दा मलाई अध्ययन गर्ने ठूलो मौका मिल्यो । जेलमा एउटा कागजको टुक्रासम्म पनि छिराउन दिइँदैनथ्यो । तर, बडो गुप्त ढंगले किताबहरू झिकाई मैले जेलमा कडा अध्ययन गरें । त्यतिबेला म दिनको १७/१८ घण्टा जति किताब

पढ्थें ।

जेलभित्र मार्क्सको 'पूँजी' बाहेक मार्क्स र लेनिनका राजनैतिक सिद्धान्तका करीब करीब सबै किताबहरू पढें । 'पूँजी' भने जेलबाट बाहिर निस्किसकेपछि मात्र पढ्न पाएँ ।

**❑ पार्टी प्रवेश गरेपछि तपाईंलाई पार्टीले कुन कुन जिम्मेवारी दियो ?**

-पहिलो राष्ट्रिय सम्मेलनबाट म केन्द्रीय समितिको सदस्यमा छानिएँ । पछि २०१० सालमा भएको पार्टीको पहिलो महाधिवेशनबाट म पोलिटब्यूरोमा चुनिएँ । म २००८ सालदेखि अखिल नेपाल किसान संघको महासचिव पनि रहँदै आएँ ।

**❑ २०१९ सालमा तपाईं कसरी जेल पर्नु भयो ?**

- २०१७ पौषमा राजा महेन्द्रले बहुदल समाप्त गरी पंचायत ल्याएपछि राजनैतिक पार्टीहरूमाथि चर्को दमन शुरू गरियो । जेल पर्नबाट बचेका र निर्वासनमा नगएका राजनैतिक नेता तथा कार्यकर्ताहरूले कठीन भूमिगत जीवन बिताउनु पर्‍यो ।

त्यसबेला राजनैतिक पार्टीका नेता तथा कर्यकर्ताहरूलाई आश्रय दिने व्यक्तिहरूको सरकारले सर्वश्व हरण गर्ने उर्दी जारी गरिएको थियो । यदि आश्रय दिने व्यक्ति जागीरदार हो भने उसको सर्वश्वहरणसहित जागीरबाट अवकास दिइन्थ्यो । त्यसैले, राजनैतिक व्यक्तिहरूलाई आश्रय दिनुमा जो कोहीलाई पनि ठूलो खतरा हुन्थ्यो ।

२०१९ साल वैशाखको कुरो हो- क. पुष्पलाल र म काठमाडौंमा पार्टीको काममा खटिएर रहेका थियौं । मैले त्यतिबेला पार्टीको अन्य कामहरूको अलावा पार्टीको केन्द्रीय कार्यालय पनि चलाउनु पर्थ्यो । पार्टीले दिएको जिम्मा भएकोले म जस्तोसुकै खतरा मोलेर भए पनि काठमाडौंमा पार्टीको काम गर्दै रहें ।

तर, कसैले पनि हामीलाई धेरै दिनसम्म आश्रय दिन सक्दैनथ्यो । सबै नै सरकारी उर्दीबाट डराएका थिए । यस परिस्थितिमा क. पुष्पलाल श्रेष्ठ कसैलाई पनि खबर नदिई सुटुक्क भारतमा भागेर जानु भयो । र, उहाँ बच्नु भयो । तर, म आफू भने पार्टीको जिम्मा पूरा गर्न पक्रिने खतरा मोलेर पनि काठमाडौंमा बस्दै रहें । र, अन्तमा म समातिएँ । म पछि २०२६ सालमा मात्र रिहा भएँ ।

**❑ तपाईंलाई गिरफ्तार गरेपछि तपाईंको सर्वश्वहरण पनि गरिएको थियो ?**


-सर्वश्वहरण त मेरो २०१८ सालमा नै गरिएको थियो । त्यतिबेला म शायद् भारतमा थिएँ ।

०१७ सालको काण्डपछि २०१८ सालमा हामीलाई सरकारले '१५ दिन भित्र अंचलाधीशको अफिसमा हाजीर हुन आउनू र नआउनेहरूको सर्वश्वहरण हुनेछ' भनी उर्दी जारी गर्‍यो । हामी जाने त कुरै भएन । र, यसरी कम्युनिष्ट पार्टीको म लगायत कांग्रेसका सुवर्ण शमशेर, भरत शमशेर आदिहरूको पनि पहिलो लटमै सर्वस्वहरण हुने भयो ।

मेरो अनुपस्थितिमा मेरी बूढी आमाको अगाडि मेरो अंश पर्ने जति सबै सम्पत्ति सेनाहरूले तीन दिन लगाएर हिसाब गरी सर्वस्वहरण गरे ।

**❑ बहुदलीय व्यवस्था आएपछि सरकारले तपाईंको सम्पत्ति फिर्ता गरिदिएन ?**

-०४७ सालको अन्तरिम मन्त्रीपरिषद्ले पंचायतले सर्वश्वहरण गरेका सबै राजनैतिक व्यक्तिहरूको सम्पत्ति फिर्ता दिने घोषणा गर्‍यो । तर अहिलेसम्म प्रमाण नभएको भनेर मेरो



गुमेको सम्पत्ति फर्काएको छैन । प्रमाण त मसंग होइन, सरकारसित पो हुनुपर्छ । किनभने त्यतिखेर मेरी आमाले भनेअनुसार उनीहरूले सूची बनाएर सर्वश्वहरण गरेको थियो ।

**❑ तपाईं कम्युनिष्टहरुको एकताको कुरा गर्नु हुन्छ । तर, तपाईं आफैंले पनि त एउटा छुट्टै पार्टी गठन गरी पार्टीहरुको विभाजन प्रक्रियामा भूमिका खेल्नु भयो नि ?**

-हामीले पार्टी खोल्ने भनेर पार्टी खोलेनौं । किनभने, २०२६ साल अगाडि नै अर्थात् हामी जेलमा छँदाखेरि नै यहाँ पार्टी चार टुक्रामा विभाजन भइसकेको थियो ।

हामीलाई के लाग्दछ भने- कम्युनिष्ट आन्दोलनमा एकता भएन भने त्यसले ऐतिहासिक जिम्मेदारी पूरा गर्न सक्दैन । किनकि, कम्युनिष्टहरूको राजनीति भनेको तागतको सवाल हो र त्यो तागत भनेको नै कम्युनिष्टहरूको एकता हो । एकता छैन भने कम्युनिष्टहरूले केही पनि गर्न सक्दैनन् ।

त्यसैले हामी जेलमा छँदाखेरि नै क. मनमोहन र मैले बाहिर रहनु भएका साथीहरूलाई मिल्नको लागि आह्वान गर्दै संयुक्त पत्रहरू पठाउँथ्यौं । तर, हाम्रो आह्वानलाई कसैले पनि सुनिदिएन ।

२०२६ सालमा जेलबाट छुटे पछि क. मनमोहन र मैले कुनै अर्को पार्टी नखोलिकन र त्यतिखेर विभाजित चार पार्टीहरू कुनैमा पनि समाहित नभइकन एकताको प्रयास गर्दै आयौं । तर, २०३६ मा आइपुग्दा क. मनमोहनले क. पुष्पलालको पार्टीमा प्रवेश गर्नुभयो । त्यो घटना मलाई धेरै नै नराम्रो लागेको थियो । किनभने, मलाई के लाग्दथ्यो भने- नयाँ पार्टी खोल्नु वा टुक्रिएका कुनै एक पार्टीमा प्रवेश गर्नुले कम्युनिष्ट आन्दोलनको समस्या समाधान गर्दैनथ्यो । हाम्रो मूल समस्या भनेको एउटै कम्युनिष्ट पार्टी कसरी बनाउने भन्ने नै थियो ।

तर, हामी कम्युनिष्टहरू सँधै एक्लाएक्लै बस्न सक्दैनौं र त्यसरी बस्न हामीलाई सिद्धान्तले पनि दिँदैन । एक न एक तरीकाबाट त संगठित भएर बस्नै पर्‍यो ।

नयाँ पार्टी खोलेमा त्यसले फुटलाई अझ विस्तृत बनाउने तर, संगठित नभई पनि नहुने । यो परिस्थितिमा हामीले समूह समूहमा संगठित हुने प्रयास गर्‍यौं ।

यही क्रममा २०४६ सालको जन-आन्दोलन शुरू भयो र बिना पार्टी समूहकै

> **कसैले पनि हामीलाई धेरै दिनसम्म आश्रय दिन सक्दैनथ्यो । सबै नै सरकारी उर्दीबाट डराएका थिए । यस परिस्थितिमा क. पुष्पलाल श्रेष्ठ कसैलाई पनि खबर नदिई सुटुक्क भारतमा भागेर जानु भयो ।**

हैसियतमा त्यस जन-आन्दोलनमा सहभागी भयौं । र, २०४६ सालको आन्दोलनपछि जब पार्टीहरू माथिको प्रतिबन्ध हट्यो, खुल्ला वातावरणमा पार्टीहरूलाई एकता गर्ने सवाल अझ जटील बन्न पुग्यो ।

यस परिस्थितिमा समूहकै रूपमा मात्र बसिरहनु पनि हामीलाई व्यवहारिक रूपले सम्भव भएन र पार्टी खोल्ने कुरामा अझै हामीलाई चित्त बुझेको थिएन । तर, त्यत्तिकै बसिरहँदा पनि हाम्रो साथमा रहेका साथीहरू एक एक गरिकन यताउति जाने सम्भावनाहरू बढ्दै जान थाल्यो । त्यसैले ती साथीहरूलाई पनि समेट्दै जान सक्ने र अहिले पार्टी नै खोलेमा पनि प्रभावकारी स्थिति बन्न सक्छ भन्ने लागेर २०४७ सालको भाद्र १० गते देखि १३ गतेसम्म एक सम्मेलन गरी हामीले नेपाल कम्युनिष्ट लीगको स्थापना गरेको हौं । त्यसैले पार्टी नै खोल्ने भनेर हामीले पार्टी खोलेका होइनौं ।

हामीले पार्टी खोले पनि एकतालाई नै प्रमुख जोड गरेर आएका छौं । तर, निकट भविष्यमा नै पार्टीहरूको एकता हुने स्थिति म देख्दिनँ । यद्यपि, पार्टीहरूलाई हेर्दा तिनीहरूको राजनैतिक विचारहरूमा आधारभूत भिन्नता भएको जस्तो मलाई लाग्दैन । र, भिन्नताकै कुरा गर्ने हो भने पनि भिन्नता त हुँदै नहुने भन्ने सवाल पनि त हुँदैन नि ! फरक विचारहरू बीचको संघर्षबाट नै पार्टीहरूको विकास हुने हो ।

**❑ तपाईंहरुले कम्युनिष्ट एकताको लागि कत्तिको प्रयत्न गर्नु भयो ?**

-प्रयत्न त हामीले धेरै गर्‍यौं । २०४२ सालमा पनि एकपटक नेकपा (चौम), नेकपा (मसाल) र नेकपा (मशाल) को साथमा हामी पनि बसेर एकताको प्रयत्न गर्‍यौं र, एकताको लागि एक परामर्श समिति पनि बनायौं । त्यो समिति बनाउनुको मुख्य उद्देश्य आपसमा भएका फरकहरूलाई समाधान गर्दै अन्तमा पार्टीहरूलाई एकता गरिदिनु थियो । त्यो समितिको अर्को काम पार्टीहरूमा एकताको स्थिति आइनपुग्दासम्म सर्वसाधारणको समस्याहरूलाई समाधान गर्न संयुक्त संघर्षहरू चलाउँदै जानु थियो । त्यस समितिले २०४६ सालसम्म काम गर्‍यो । तर परिस्थितिले त्यो समिति पछि विघटन नगरिकन नै विघटन भए-सरह हुन पुग्यो ।

हाल्सालै पनि पोहोर नेकपा (मसाल), नेकपा (एकता केन्द्र) र हामी बीच एक 'एकता समिति' बनाएका छौं । तर, त्यसबाट पनि काम भने केही पनि हुन सकेन । हामीले एकताको प्रक्रिया एमालेसंग पनि चलायौं । तर, तिनीहरू पनि यस मामलामा गंभीर देखिएनन् । त्यसैले मलाई लाग्दछ- एकताको प्रश्न यहाँ केही समयसम्मको लागि व्यवहारिक रूपमा सम्भव देखिएको छैन ।

**❑ त्यसो भए अब के गर्ने त ?**

-विचारधारात्मक संघर्ष । किनभने, अहिले यही मात्र एक बाटो बाँकी छ । अहिले यो संघर्ष हामी आफूहरूबीच मात्र नभई सर्वसाधारणहरू समक्षसमेत लान खोजिराखेका छौं । यो कार्यक्रम हामी चाँडै शुरू गर्छौं । हामी विचारधारात्मक रूपमा सबै पार्टीको विरूद्धमा नै कलम

**बाँकी ४८ पेजमा**

# मूल्याङ्कन
# पचासौं अंकसम्म आइपुग्दा...

मूल्यांकन मासिक उमेरको हिसाबले भ्रण्डै पौने छ वर्षको भएको छ । २०४८ सालको पुसमा पहिलो पटक यसको पहिलो अंकले नेपाली पाठकहरूको दृष्टिको धर्तीमा पाइला टेकेको थियो । यसबीच, यसको उनान्चास वटा अंकले पाठकहरूको दिल दिमागको द्वारमा प्रवेश गरिसकेको छ र अहिले ढोका खट्खटाउन लागिरहेछ- यसको पचासौं अंकले । पचासौं अंकलाई हामीले स्वार्णांकको रूपमा प्रकाशित गर्न लागेका छौं । पहिलो अंक हामीले जम्मा दुई हजारप्रति निकालेका थियौं । स्वर्णांकसम्म आईपुग्दा हाम्रो कुल सर्कुलेशन १४ देखि १८ हजार प्रतिसम्म पुगेको छ । निजी क्षेत्रका पत्रिकाहरूमा यो पत्रिका सबैभन्दा बेसी पाठकहरूले पढ्ने पत्रिकाहरूमध्ये एक ठानिन्छ । एउटा पत्रिका सरदर आठ दश जना पाठकहरूले हेर्ने नेपालमा एक लाखभन्दा बेसी पाठकहरूले मूल्यांकनको हरेक अंक हेर्दा हुन् भन्ने हाम्रो अनुमान छ ।




मूल्यांकनका नियमित पाठकहरूमा समाज परिवर्तनका लागि गाउँ गाउँमा खट्ने सामान्य कार्यकर्ताहरूदेखि लिएर पार्टीका शीर्षस्थ नेताहरूसम्म, सामान्य किसान मजदूरहरूदेखि लिएर नीतिनिर्माताहरूसम्म रहेको तथ्य यसमा प्रकाशित पाठक प्रतिक्रिया र शुभ-कामना मन्तव्यबाट उजागर भएको छ । हाम्रो दृष्टिमा मूल्यांकन सबैभन्दा बेसी सामाजिक परिवर्तनको निम्ति क्रियाशील प्रगतिशील कार्यकर्ताहरूले पढ्ने गरिरहेछन् ।

मूल्यांकन नेपालको सबै शहरी केन्द्रहरूमा पुग्छ । यो नेपालको ग्रामीण क्षेत्रमा पनि सबैभन्दा बेसी पढिने पत्रिका मध्ये एक भएको छ । विदेशमा बस्ने नेपालीहरू बीच पनि मूल्यांकनको राम्रो पाठक संख्या छ । बाह्य मुलुकहरू मध्ये यो सबैभन्दा बेसी भारतमा पढिन्छ ।

यो नेपालीहरूको बसोबास भएको प्रायः धेरैजसो भारतीय शहरी केन्द्रमा पुग्ने गरिरहेको छ । यस बाहेक, यसका नियमित पाठकहरू अमेरिका, बेलायत, क्यानाडा, जापान, साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स, कतार र कुवेत जस्ता मुलुकहरूमा पनि छन् ।

मूल्यांकन यतिस्वेरसम्म आइपुग्दा अरू कुनै पनि बाह्य सहयोगमा भर नपरेर आफ्नै बिक्रीबाट बाँच्न सक्ने हैसियतसम्म आइपुगेको छ । यसको सबैभन्दा ठूलो आयश्रोत नै बिक्री हो । विज्ञापनबाट पनि हामीलाई राम्रै भरथेग मिलिरहेछ । हामीले नाफा कमाउन सकेका छैनौं, तर आर्थिक कारणले नै तुरून्तै ढलिहाल्ने स्थितिमा पनि हामी छैनौं ।

हाम्रो टीम १२ जनाको छ । र, बाह्रै जना पूर्ण-समयी छन् ।

मूल्यांकनको यही टीमले मूल्यांकनको सहप्रकाशनको रूपमा युवाहरूको लागि रोचक र ज्ञानबर्द्धक पत्रिका 'नव युवा' मासिक समेत प्रकाशित गरिरहेको छ ।

हामी यो बिन्दुसम्म आइपुग्नुमा हाम्रा बिक्रेता बन्धुहरू, विज्ञापनदाता, सहयोगी, सल्लाहकार र पाठकहरूको स्नेहको र सहयोगको ठूलो हात छ । हाम्रा सल्लाहकारहरू नाम मात्रको सल्लाहकार नभई असली अर्थमा नै सल्लाहकार हुंनुहुन्छ । हाम्रा पाठकहरू मूल्यांकनले सानो मात्र भूल गरे पनि तुरून्तै पत्र लेखेर हामीलाई सचेत पार्ने पहल गर्नुहुन्छ । यो जागरूक र आलोचनात्मक टेवा नै मूल्यांकनको क्रमिक विकासको रहस्य हो ।

यो भयो हाम्रो दृष्टिमा हाम्रो अन्तरकथा ।

वास्तवमा ५० औं अंक सम्म पुग्दा हाम्रा पाठकहरू हामीलाई कसरी हेर्दै हुनुहुन्छ त ? विभिन्न पार्टीका नेताहरू र प्रवुद्ध बौद्धिकहरू समाजको प्रगतिमा मूल्यांकनको योगदान र कमजोरीहरूबारे कसरी हेर्दै हुनुहुन्छ ? त्यो हाम्रो लागि साह्रै महत्वको विषय हो । त्यो हाम्रो निम्ति महत्वपूर्ण शिक्षाको श्रोत पनि हो ।

यही परिप्रेक्ष्यमा मूल्यांकन स्वर्णांकसम्म पुगेको बारेमा प्रस्तुत छ- मूल्यांकन पढ्ने सबै फाँट्का पार्टी नेताहरू तथा प्रवुद्ध वौद्धिकहरूका विचार एवं प्रतिक्रियाहरू :

## समाजको हरेक क्षेत्रका प्रबुद्ध व्यक्तित्वहरूको दृष्टिमा मूल्याङ्कन

### कम्युनिष्ट एकताको पक्षमा सशक्त आवाज उठाउँदै

**-शम्भुराम श्रेष्ठ**
**नेता, नेपाली कम्युनिष्ट लीग**



प्रिय कमरेड

'मूल्यांकन' मासिकको पचासौं अंक प्रकाशनको सुखद उपलक्ष्यमा म तपाईं र सम्पूर्ण मूल्यांकन परिवारलाई हार्दिक बधाइ दिन चाहन्छु । मूल्यांकन पचासौं अंकसम्म अटुट रूपले प्रकाशित भइरहन सक्नु बहुतै खुशीको कुरो हो र ज्यादै उत्साहबर्द्धक कुरा हो ।

मूल्यांकनले आफ्नो पहिलो












# समाजको हरेक क्षेत्रका प्रबुद्धव्यक्तित्वहरूको दृष्टिमा मूल्यांकन

अंकदेखि नै निरन्तर रूपले नेपालको राष्ट्रिय स्वाधीनता, जनताको जनतन्त्र, कम्युनिष्ट एकता, आमूल भूमिसुधार र जनजीविका जस्ता नेपाली जनताको आधारभूत सवालहरूमा सशक्त आवाज उठाउँदै नेपाली जनताको आन्दोलनलाई सघाउँदै आएको छ ।

## मूल्यांकनको भूमिकाको उच्च मूल्यांकन गर्दछौं

**–मोहन विक्रम सिंह**
**महामन्त्री, नेकपा मसाल**

"मूल्यांकन"ले नेपालको पत्रकारिता जगत्मा विशिष्ट स्थान बनाएको छ । खास गरेर अन्तरराष्ट्रिय राजनीति, विश्व कम्युनिष्ट आन्दोलन तथा देशको राजनीति र राष्ट्रिय जीवनसित सम्बन्धित विभिन्न पक्षहरूमा पाठकहरूको ज्ञान बृद्धिका लागि यसले विस्तृत, गहन र व्यवस्थित सामग्री प्रदान गरेर खालि वामपन्थी पाठकहरू र प्रवुद्ध वर्गहरूको मात्र होइन, जनसाधारणको पनि चेतना-ज्ञान बृद्धिमा महत्वपूर्ण योगदान दिएको छ । "मूल्यांकन" को योगदान त्यहींसम्म मात्र सीमित छैन । त्यसले राष्ट्रियता, जनतन्त्र तथा जनजीवनसंग जोडिएका विभिन्न प्रश्नहरूमा बारम्बार अन्तरक्रियाहरू आयोजना गरेर र राष्ट्रिय महत्वका प्रश्नहरूमा चल्ने-आन्दोलनहरूमा पनि एकता, जनमत वा आधार तयार पार्नका लागि भूमिका खेलेर जनआन्दोलनमा महत्वपूर्ण योगदान गरेको छ । त्यो बाहेक यसको अर्को महत्वपूर्ण पक्ष हो- यसको नियमितता, जो उच्च रूपको सांगठनिक क्षमता तथा व्यवस्थापन कुशलताद्वारा संभव हुने कुरा हो र त्यो भइरहेको छ ।

उक्त सबै कुराहरूको आधारमा हामीले 'मूल्यांकन'को उच्च मूल्यांकन गर्दछौं र मूख्यतः पत्रिकाको वैचारिक आधार र दिशालाई देशको परिस्थिति, आन्दोलनको आवश्यकता र तिनीहरूलाई प्रतिनिधित्व गर्ने क्रान्तिकारी, प्रगतिशील, जनतान्त्रिक तथा राष्ट्रिय सिद्धान्त, कार्यक्रम र नीतिहरू अनुरूप अरू ठोस र स्पष्ट दिशा र रूप दिँदै मूल्यांकनले आफ्नो परम्परालाई अझ उच्च धरातलमा उठाउँदै र स्थापित गर्दै जानेछ भन्ने आशा, विश्वास तथा त्यसका लागि शुभकामना प्रकट गर्दछौं ।

## उग्र वामपन्थी र उग्र दक्षिणपन्थी भड्कावमाथि ध्यान दिनु जरुरी

**–क. माधव नेपाल**
**महासचिव,**
**नेकपा (एमाले)**



प्रगतिवादी आन्दोलनलाई अगाडि बढाउनका लागि, प्रगतिशील जनमत निर्माण गर्नको लागि मूल्यांकनले ठूलो भूमिका खेलेको छ । मूल्यांकनले एकातिर राष्ट्रले सामना गर्नु परेका कतिपय समस्याहरूलाई उजागर गर्ने र ती समस्याहरूको समुचित समाधानको लागि विभिन्न पक्षको विचार धारणाहरू अगाडि सार्ने काम गरेको छ । त्यस्तै अर्कोतिर, अन्तरराष्ट्रिय क्षेत्रको गतिविधिहरूबारे पनि नेपाली जनतालाई अवगत गराउने काम गरेको छ । नेपालको कम्युनिष्ट आन्दोलन, प्रजातान्त्रिक आन्दोलन, राष्ट्रिय हित र राष्ट्रियताको निम्ति चलेको आन्दोलन लगायत विविध जानकारी र विश्लेषणहरू प्रस्तुत गर्ने काम पनि मूल्यांकनले गरेको छ ।

त्यस्तै किसिमले, विश्वका प्रजातान्त्रिक आन्दोलन, मुक्ति संघर्ष साम्राज्यवादविरोधी आन्दोलन, विश्व कम्युनिष्ट आन्दोलन तथा समाजवादी समाजका समस्याहरू र त्यहाँको स्थितिको बारेमा समेत थुप्रै थुप्रै कुराहरूको जानकारी दिने काम मूल्यांकनले गरेको छ । यसले हाम्रो समाजको रूपान्तरणका सम्बन्धमा अन्तर्क्रिया गराएर विभिन्न पक्षका वैकल्पिक विचार र धारणाहरू अगाडि सार्ने प्रयास गरेको छ ।

यसरी, नेपाली जनतालाई विविध जानकारी प्रदान गर्दै मूल्यांकन मासिकले धेरै मेहनत गरेर निरन्तरता दिँदै पचासौं अंकसम्म पुग्न सकेकोमा यसका सम्पादक, सम्पादक मण्डल र यसका सहयोगी साथीहरूलाई हार्दिक बधाइ र धन्यवाद दिन चाहन्छु ।

अहिले हाम्रो देशको कम्युनिष्ट आन्दोलनमा आएको उग्रवामपन्थी र उग्र दक्षिणपन्थी भड्काव र त्यसले हाम्रो देशको कम्युनिष्ट आन्दोलनमा पार्न सक्ने नोक्सानीको सम्बन्धमा पनि मूल्यांकनले ध्यान दिनु पर्दछ । नेपाली समाजको चिरफार गर्ने, नेपाली समाजमा भएका वर्गहरूको स्थिति, उनीहरूबीचको आपसी सम्बन्ध, उनीहरूबीचको आपसी अन्तरविरोध, उनीहरू बीचमा भएको आपसी संघर्षको स्तरहरूलाई ध्यानमा राखेर कस्तो रणनीति र कार्यनीतिको तर्जुमा गर्ने भन्ने विषयमा तथा नेपाली समाजको रूपान्तरणको कामलाई कसरी अगाडि बढाउने भन्ने सवालमा मूल्यांकनले अझ ठूलो योगदान पुऱ्याउँदै अगाडि बढ्न सकोस् भन्ने शुभकामना दिन चाहन्छु ।

## "मूल्यांकन" एमालेप्रति लोलोपोतो गरिरहेको अनुभव गर्नेहरुको कमी छैन

**–नारायणमान बिजुक्छे**
**अध्यक्षः नेमकिपा**

विचार अन्तर्क्रियामुखी, मासिक "मूल्यांकन" को स्वर्ण अंक अर्थात् ५० औं अंकको प्रकाशनको अवसरमा "मूल्यांकन" परिवारलाई पुराना आफ्ना सबै कमी, कमजोरी र मनोमनवादी प्रवृत्तिलाई



त्यागेर अझ बढी स्पष्ट बस्तुवादी, तटस्थ भई देश र जनताको सेवा गर्न सकोस् भनी शुभकामना व्यक्त गर्न चाहन्छु ।

एमालेको वर्ग चरित्र, काम कार्वाही र सरकारमा उसको प्रदर्शनले एमाले एक पूँजीवादी पार्टीको रूपमा प्रष्ट भै सक्दा पनि "मूल्यांकन" अझै एमालेप्रति लोलोपोतो गरिरहेको अनुभव गर्नेहरूको कमी छैन । राजनीतिमा "मूल्यांकन" स्पष्ट र शुद्ध नभई उसको आर्थिक र समाजिक दृष्टकोण पनि समीचीन नहुने प्रष्ट छ । आगामी अंकहरूमा एमालेको पूँजीवादी काम-कार्वाहीप्रति आलोचक भई देशको प्रगतिशील आन्दोलनमा सहयोग पुग्ने काममा "मूल्यांकन" ले योगदान पुऱ्याउन सक्ने छ भन्ने आशा गर्दछु ।

## यसले विसर्जनवादलाई नै प्रोत्साहित गरिरहेको छ !

**–क. प्रकाश**
**महासचिव, नेकपा (एकता केन्द्र)**

'मूल्यांकन' मासिकको स्वर्णाङ्क प्रकाशित हुन गइरहेकोमा म 'मूल्यांकन' परिवारलाई हार्दिक बधाई तथा शुभकामना दिन चाहन्छु । वैचारिक अन्तर्क्रियाद्वारा विचारधारात्मक प्रष्टता हासिल गर्न मद्दत गर्ने र त्यसमार्फत् सामाजिक रूपान्तरणको प्रक्रियामा योगदान पुऱ्याउने आफ्नो घोषित उद्देश्यअनुसार नै अघि बढेर 'मूल्यांकन' को यात्राक्रम यहाँसम्म आइपुग्नु खुसीको कुरा हो । 'मूल्यांकन' ले यस अवधिमा आफ्नो प्रकाशनमार्फत् महत्वपूर्ण वैचारिक सामाग्रीहरू र यथार्थवादी सूचनाहरू प्रदान गरेर सामान्यतः नेपाली समाजको समुन्नति र प्रगतिका निम्ति र विशेषतः नेपाली कम्युनिष्ट तथा क्रान्तिकारी आन्दोलनको विकासको निम्ति सकारात्मक योगदान पुऱ्याएको छ । यसरी 'मूल्यांकन' ले पत्रपत्रिकाहरूको भीडमा आफ्नो अलग्गै विशिष्ट पहिचान कायम गर्न सफल भएको छ । र एउटा

पत्रिकाको हैसियतबाट यसले पुऱ्याएको योगदान वास्तवमै सह्रानीय छ ।

यहाँ सन्दर्भवश 'मूल्यांकन' ले नेपाली कम्युनिष्ट आन्दोलनको सम्बन्धमा उठाएका केही प्रमुख सवालहरूले उत्पन्न गरेका केही भ्रमका बारेमा 'मूल्यांकन' लाई सचेत गराउनु अन्यथा हुने छैन । 'मूल्यांकन' ले विचारधारात्मक प्रष्टता र सांस्कृतिक रूपान्तरणको सवाललाई महत्वका साथ उठाई आएको छ र यो उठाउनै पर्ने सवाल पनि हो । तर विचारधारात्मक प्रष्टताको कुरा गर्दा 'मूल्यांकन' ले- एक; नेपाली कम्युनिष्ट आन्दोलनमा क्रान्तिकारी विचारहरू हुँदै नभएको वा शुन्य स्थितिमा रहेको भनी विचार अघि सारेको, दुई; वैचारिक प्रष्टताको सन्दर्भमा पूर्णताको अपेक्षा गरेको र तीन; पूर्ण रूपले विचारमा प्रष्ट भइसकेपछि मात्र वर्ग संघर्षमा भाग लिने जस्ता कुरा गरेको भन्ने पाठकीय चर्चा 'मूल्यांकन' ले सुनेको छ कि छैन ? 'मूल्यांकन'द्वारा अघि सारिएका भनिएका ती चीजहरू गलत छन् भन्ने कुरा प्रष्ट छ । किनकि, नेपाली कम्युनिष्ट आन्दोलनको क्रान्तिकारी धारामा विचारशून्यताको स्थिति छ भन्ने कुरा सत्य होइन । अनि, विचारको प्रष्टता केन्द्रीय पूर्णताको तहमा पुग्दछ भन्ने कुरा न सही हो, न त विचारमा पूर्ण रूपले प्रष्ट भइसकेपछि मात्र वर्ग संघर्षमा भाग लिनु पर्दछ भन्ने सोच नै सही हो । अर्कोतिर, विचारमा प्रष्टता र शुद्धताको कुरा उठाउने, तर कुनै पार्टीले आफ्नो नाउँमा कम्युनिष्टको 'क' मात्रै भ्ुण्ड्यायो भने पनि त्यसलाई कम्युनिष्ट पार्टीकै रूपमा प्रस्तुत गरेर 'मूल्यांकन' ले के गरेको होला ? भन्ने प्रश्न पनि उठ्ने गरिरहेकै देखिन्छ । त्यस्तै, सांस्कृतिक रूपान्तरणको कुरा गर्दा- एक; कम्युनिष्ट आन्दोलनमा यस सम्बन्धमा देखिएका नकारात्मक पक्ष वा कमी-कमजोरीको मात्रै चर्चा गरेर र दुई; पूर्ण शुद्धताको आदर्शवादी माग गरेर 'मूल्यांकन' ले आन्दोलनका कमी-कमजोरी र नकारात्मक पक्षलाई देखाउँदै आन्दोलनलाई सत्तोसराप गरेर भाग्ने वा पलायन हुनेहरूलाई प्रोत्साहित गरिरहेको छ भन्ने चर्चा पनि मूल्यांकनले सुनेको छ कि छैन ? निचोडमा, यसले विसर्जनवादलाई नै प्रोत्साहित गरिरहेको छ । क्रान्तिकारी पार्टी निर्माण, संगठित आन्दोलन र सम्पूर्ण समर्पणसहितको संघर्षमा सहभागिताको प्राथमिक र केन्द्रीय महत्वको कामको तुलनामा बुद्धिजीवीहरूको तर्फबाट हुने महत्वपूर्ण तर सहयोगी भूमिकालाई बढाइचढाइ गर्ने गरिरहेको छ भन्ने चर्चाका बारेमा 'मूल्यांकन' अनभिज्ञ होओइन । यी सवालहरूका बारेमा 'मूल्यांकन' स्वयंको समझदारी साँच्चै त्रुटीपूर्ण नै पो छन् कि ? आत्मसमीक्षाको खाँचो छ कि ? यदि 'मूल्यांकन' स्वयंमा चाहिँ भ्रमित छैन भने पनि आफ्नो समग्र प्रस्तुति र व्यवहारले आन्दोलनमा त्यस्तो भ्रम उत्पन्न गरेको हुन सक्ने कुराप्रति के मूल्यांकनको ध्यान गएको छ ? गएको छैन भने जान जरूरी छ भन्ने सुझाव दिँदै 'मूल्यांकन' को उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

> **कुनै पार्टीले आफ्नो नाउँमा कम्युनिष्टको 'क' मात्रै भ्ुण्ड्यायो भने पनि त्यसलाई कम्युनिष्ट पार्टीकै रुपमा प्रस्तुत गरेर 'मूल्यांकन' ले के गरेको होला ?**

## वाम आन्दोलन तथा प्रजातान्त्रिक आन्दोलनसंग सम्बन्धित विषयहरुमा ध्यान दिनु जरुरी


### -विष्णुबहादुर मानन्धर

**महासचिव, नेकपा संयुक्त**

"मूल्याङ्कन" को पचासौं अंक जनसमक्ष प्रस्तुत हुने सुखद अवसरमा यस विश्लेषणात्मक पत्रिकाले नेपालको सामाजिक प्रगति र परिवर्तनमा पुऱ्याएको योगदानलाई मध्यनजर राखी आफ्ना केही विचारहरू पोख्न लागेको छु ।

यस पत्रिकाले प्राप्त गर्न सकेको तथ्यमा आधारित वैज्ञानिक विश्लेषणले उब्जाएको स्तरीयताले विद्वान पाठकहरू, राजनीतिज्ञहरू, सामाजिक आन्दोलनका सहकर्मीहरू, वैचारिक र सैद्धान्तिक बहस र छलफलमा संलग्न हुन चाहनेहरूलाई शब्दाडम्बर र सतही कुराहरूबाट पन्छँदै गुदी कुरा समात्नेतिर प्रवृत्त गराएको छ । स्वयं विचारले भौतिक शक्तिको रूपमा भूमिका खेल्न नथालेसम्म सामाजिक प्रगति र परिवर्तनको दिशामा फड्को मार्न नसकिने कुरालाई नबिर्सने हो भने, वैचारिक र सैद्धान्तिक बहस-छलफल र प्रस्तुतीकरणलाई बस्तुगत धरातलबाट छुट्टिन नदिई बैज्ञानिक पद्धतिमा आधारित गर्नुपर्ने कार्यभारको महत्वलाई सहजै बुझ्न सकिन्छ । 'मूल्याङ्कन' ले यसै कार्यभारलाई पूरा गर्नेतर्फ निरन्तर अघि बढ्दै जाने लक्ष्य राखेको देखापर्दछ ।

> **यस पत्रिकाले वैचारिक र सैद्धान्तिक बहस र छलफलमा संलग्न हुन चाहनेहरुलाई शब्दाडम्बर र सतही कुराहरुबाट पन्छँदै गुदी कुरा समात्नेतिर प्रवृत्त गराएको छ**



समसामयिक राष्ट्रिय राजनीतिक सवालहरू, अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनसंग सम्बन्धित विषयहरू, वर्तमान अन्तर्राष्ट्रिय परिवेशमा साम्राज्यवादी शक्तिहरूद्वारा अप्नाइएका शोषणकारी हैकमवादी नीतिहरू, नेपालको सार्वभौमिकता र राष्ट्रियतासंग सम्बन्धित महत्वपूर्ण विषयहरू, सांस्कृतिक फाँटका विविध विषयहरूसंग सम्बन्धित विश्लेषणात्मक लेखहरू, आयोजित अन्तर्क्रियाहरूको रिपोर्टिङ्ग "मूल्यांकन"ले प्रस्तुत गर्दै आएको छ । यी विषयहरूसंग सम्बन्धित बढी परिष्कृत लेखहरूको प्रकाशनले स्वभाविक रूपमा निरन्तरता पाउनु पर्छ नै । तर नेपालको कम्युनिष्ट र वाम आन्दोलन तथा प्रजातान्त्रिक आन्दोलनसंग सम्बन्धित विषयहरू, नेपालको कृषि समस्या र औद्योगिकरणसंग सम्बन्धित विषयहरू तथा आदिवासी, जनजाति र दलित समुदायसंग सम्बन्धित विषयहरूमा गहन छलफल र अन्तर्क्रियाका प्रकृयाहरूलाई अघि बढाउनु र तत्सम्बन्धी लेखहरूको प्रकाशनमा बढी ध्यान पुऱ्याउनु जरूरी भएको म ठान्दछु । यी भनाइहरू मेरा नम्र सुझावहरू हुन् । म "मूल्यांकन"को उत्तरोत्तर प्रगतिको निम्ति शुभकामना व्यक्त गर्दछु ।

## सामाजिक परिवर्तन र प्रगतिमा ठूलो भूमिका

### -सी.पी. मैनाली

**स्थायी समिति सदस्यः नेकपा (एमाले)**

मूल्यांकन पत्रिकालाई मैले शोषणको उन्मूलन, सामाजिक समानता, प्रजातान्त्रिक हक अधिकारको सुरक्षा, साम्राज्यवादको विरोध आदिको निम्ति प्रतिबद्ध पत्रिकाको रूपमा पाएको छु । मूल्यांकनले मानव अधिकारको पक्षमा, जनसेवाको मूल्य र मान्यताको स्थापनाको पक्षमा, उत्पीडित र उपेक्षित जनताको र जनसमुदायको पक्षमा, देशको जातीयताको समानता, लैंगिक समानता, राष्ट्रिय हित र स्वाधिनताको रक्षा, देशको प्राकृतिक स्रोत र साधनहरूमा जनताको हक र अधिकारको स्थापना, देशको स्वतन्त्रता र मुक्तिको पक्षमा महत्वपूर्ण काम गर्दै आएको छ । यसकै साथै, मूल्यांकनले देशको हरेक पक्षलाई, चाहे त्यो जलस्रोतको कुरा होस्, चाहे आर्थिक, राजनैतिक विषयहरू हुन्, विश्लेषणात्मक रूपमा प्रस्तुत गरेर नेपाली जनतालाई सचेत र प्रशिक्षित गर्ने काम गरेको छ ।



यति मात्र नभई मूल्यांकनले विश्व वाम कम्युनिष्ट आन्दोलनलाई नेपालको जनसमुदाय बीचमा परिचित गराउने काम पनि गरेको छ । हाम्रो देशमा जनपक्षीय, वस्तुस्थिति सापेक्ष र सशक्त क्रान्तिकारी आन्दोलनको चरित्र कायम राख्न सकोस् भन्ने कुरामा पनि यसले प्रयत्न गरेको छ । यसरी यसले नेपालको सामाजिक परिवर्तन र प्रगतिमा ठूलो भूमिका खेलेको छ भन्ने मलाई लाग्दछ ।

मूल्यांकनको पचासौं स्वर्ण अंक निक्लेको उपलक्ष्यमा मूल्यांकनले यी कुराहरूमा निरन्तरता कायम राख्न सकोस् र साथै यसले उत्तरोत्तर सफलता प्राप्त गर्दै र सजगताका साथ अगाडि बढ्न

सकोस् भन्ने शुभ-कामना व्यक्त गर्दछु ।

## साझा बन्ने नाममा प्रतिबद्धताको कमी झल्किन्छ

-लीलामणि पोखरेल

**महासचिवः संजमो, नेपाल**

नेपालको वामपन्थी आन्दोलन विभिन्न टुक्रामा विभाजित छ । विभाजनका रेखाहरू धेरै भए तापनि वैचारिक रूपले देखा पर्ने प्रवृत्तिहरू भने मूल रूपमा तीनवटा मात्र छन् । विश्वव्यापी रूपमै, अझ खासगरी, नेपालमा सबैभन्दा खतरनाक नकारात्मक प्रवृत्ति भनेको दक्षिणपन्थी अवसरवाद हो । पहिचानको यो भ्रामक अवस्थामा "मूल्याङ्कन" मासिकले अन्तर्क्रियात्मक विचार अभिव्यक्तिको जुन माध्यम बनाएको छ, त्यो काम निकै सकारात्मक छ ।



मुलुकको आमूल परिवर्तनसँग जोडिएको विविध विषयवस्तुबारे अन्तर्क्रिया र बहस निकै कम हुने गरेको बेला "मूल्यांकन"ले आफूलाई सर्वथा नौलो आयाममा विचार प्रधान पत्रिकाको रूपमा प्रस्तुत गरेर पाठकहरूबाट राम्रो प्रशंसा कमाएको छ । हाम्रो समाजलाई वस्तुवादी ढंगले बुझ्न चाहने पाठकहरू र सामाजिक परिवर्तन तथा प्रगतिका लागि आत्ममूल्यांकनसहित अगाडि बढ्न चाहने कर्मीहरूका लागि मूल्यांकन सक्षम सल्लाहकार बनेको छ ।

**सामाजिक परिवर्तन तथा प्रगतिका लागि आत्ममूल्यांकनसहित अगाडि बढ्न चाहने कर्मीहरुका लागि मूल्यांकन सक्षम सल्लाहकार बनेको छ**

सामन्तवाद-साम्राज्यवादविरूद्धको संघर्षमा बहु आयामिक खोज, अन्वेषण, क्रिया-प्रतिक्रिया, दिशा इङ्गित गर्ने मूल्यांकनको जुन प्रयत्न छ, त्यो सफल देखिन्छ । त्यसका लागि सम्बद्ध परिवारको अथक मिहेनत नै प्रमुख पक्ष हो ।

विज्ञान-प्रविधि, जनस्वास्थ्य, भूमि समस्या, जलस्रोत, राष्ट्रियता, ऐतिहासिक घटना, कम्युनिष्ट आन्दोलन, व्यक्तित्व र विचार- समग्रमा राजनीति, अर्थशास्त्र र समाज-विज्ञानका बहुआयामिक विधाहरूमा स्तरीय विचारका एकमुष्ट प्रस्तुतिले नेपाली वामपन्थी आन्दोलनलाई राम्रोसंग सघाएको र त्यसप्रकारको पत्रकारिता क्षेत्रमा अग्रता हासिल गरेको मात्र नभई यसले एउटा विशिष्ट खाँचोको पूर्ति समेत गरेको छ ।

यति हुँदा हुँदै पनि केही कमी पनि महसुस भएको छ । मूल्यांकनमा दर्शनको न्यून प्रस्तुति र साझा बन्ने नाममा प्रतिबद्धताको कमी झल्किन्छ र यो उपदेशात्मक देखिन्छ । आगामी दिनमा यो दृढ विश्वसनीय र सशक्त बनोस् भनी शुभकामना व्यक्त गर्दछु ।



## सशक्त जनमत निर्माण गर्ने काम सराहनीय

-दमननाथ ढुंगाना

**भूतपूर्व सभामुख, प्रतिनिधि सभा**

मूल्यांकन पत्रिकाको आफ्नै विशिष्ट पहिचान तथा योगदान छ । खासगरी, जनपक्षीय विषयहरूमा आफ्नो दृष्टिकोण स्पष्टतासाथ तथा विश्लेषणात्मक शैलीमा प्रस्तुत गर्ने एवम् सशक्त जनमत निर्माण गर्ने दिशामा यसले गरेको सेवा सराहनीय छ । पाठकहरूको मन अझ बढी जितेर आगामी दिनहरूमा आफ्नो लक्ष्यमा पुग्न अझ बढी सफलता हासिल गर्दै जाओस्- मेरो हार्दिक शुभकामना छ ।

## विचारको दायरा फराकिलो पारोस्

प्रदीप गिरी

**सांसद, नेपाली कांग्रेस**

नेपालमा यतिबेला रहेका पत्रपत्रिकाहरू एक प्रकारको पीत पत्रकारिताको निमित्त चर्चित हुँदै गएका छन् । ती रोगबाट टाढा रहेका पत्रिकाहरू पनि एकांकी दृष्टिकोण र पक्षपातपूर्ण रिपोर्टिङले गर्दा आम पाठकहरूको दृष्टिमा बहुतै कम सम्मानित छन् । पत्रकारिताको यस स्थितिमा 'मूल्यांकन' भने एउटा बेग्लै छवि रहेको पत्रिकाको रूपमा मैले देखेको छु ।



मूल्यांकन आफ्नो आधारभूत धारणामा स्पष्ट देख्छु । यी धारणाहरूसंग मेरो व्यक्तिगत सहमति नहुन सक्छ । मूल्यांकन मूलतः वामपन्थी अथवा वामपन्थीमध्ये पनि अझ विशेष वामपन्थितिर झुकाव राखेको पत्रिका हो । तर यति हुँदा हुँदै पनि सामान्यतया वामपन्थी पत्रिकामा पाइने संकीर्णता र कठमुल्लावादी सोचाइबाट मूल्यांकन बिलकुलै मुक्त रहेको छ । वामपन्थी धारामा उपलब्ध झण्डै सबैथरिका विचारधारा र प्रतिविचारधारा यथासम्भव मूल्यांकनले छाप्ने गरेको छ ।

**यति हुँदा हुँदै पनि सामान्यतया वामपन्थी पत्रिकामा पाइने संकीर्णता र कठमुल्लावादी सोचाइबाट मूल्यांकन बिलकुलै मुक्त रहेको छ**

सामान्यतया परिवर्तनका पक्षमा प्रतिबद्धता राख्ने कुनै पनि पत्रिकाले समाजवादी आन्दोलन र मार्क्सवादी चिन्तनमा विशेष चासो राख्नु स्वाभाविक नै हो । त्यसै अनुरूप मूल्यांकनमा ती कुराहरू पाइन्छन् र यसले नेपालका विभिन्न वामपन्थी पार्टीहरूको प्रतिनिधित्व गरेको छ । त्यो राम्रो कुरा हो । तर मूल्यांकनले कांग्रेसप्रति भने न्याय गरेको देखिँदैन । मूल्यांकनको ५० औं अंक पुगिसक्दासम्म यसले दुई पटक मात्र कृष्णप्रसाद भट्टराई र गणेशमान सिंहलाई केन्द्रित गरेर पत्रिका छापेको देखें ।

परिवर्तनप्रति प्रतिबद्ध रहेको पत्रिकाले कुनै विचार, दल वा समूहप्रति पक्षधर भएर अर्को पक्षलाई नकारात्मक दृष्टिले मात्र हेर्न थालियो भने परिवर्तनको समग्र आन्दोलनलाई समेत बाधा पुऱ्याउँछ ।

मार्क्सवादी विचारको दृष्टिकोणले पनि मार्क्सवादमा भएका अनेक धाराहरूमध्ये रोजा लक्जेम्बर्गको मात्रै एउटा लेख छापेको पाएँ । तर उनीबाहेक पनि लेनीन, स्टालिन र माओसंग असहमति राख्ने तर क्रान्ति र संघर्षको अनिवार्यतामा विश्वास राख्ने थुप्रै समूह विश्वमा क्रियाशील छन्, त्यतातर्फ भने मूल्यांकनको ध्यान पुग्न सकेको छैन । तर पनि समग्रमा मूल्यांकन निकै नै लचिलो र व्यापक दृष्टिकोण राखेर वामपन्थी आन्दोलनमा सक्रिय भएको छ ।

नेपाली कांग्रेसको अन्तरद्वन्द, त्यसकै वैचारिक दिशा केलाउने क्रममा अपेक्षाकृत सहिष्णु भएर अपेक्षाकृत सकारात्मक रूपमा हेरिदिएको खण्डमा नेपालको समग्र परिवर्तनको आन्दोलनमा मूल्यांकनको भूमिका झन् महत्वपूर्ण हुनेछ । मूल्यांकनले उत्तरोत्तर परिवर्तनको आन्दोलनको केन्द्रबिन्दु बनेर विचारको दायरा फराकिलो पारोस् भन्ने मेरो शुभकामना छ ।

## सबै प्रकारका विचारलाई सुन्ने र अध्ययन गर्ने गर्नै पर्दछ

-नरहरि आचार्य

**युवा नेता, नेपाली कांग्रेस**

मूल्याङ्कन (मासिक) ले विगत उनान्चास अङ्कदेखि प्रस्तुत गर्दै आएको साम्यवादी विचार र त्यसलाई लिएर नेपाल र शेष विश्वमा भए गरेका प्रमुख घटना र आन्दोलनबारेको जानकारी र विश्लेषण स्तरीय छ । संसारकै सन्दर्भमा हेर्दा साम्यवादको औचित्य र सामर्थ्यको आफ्नै ढंगको सीमा भए पनि यसका पक्षमा दिइने सूचना र




विवेचनाले पाठकहरूलाई साम्यवादी गतिविधि बुझ्न राम्रो सहयोग पुऱ्याउँदै आएको छ । लोकतन्त्रको सौन्दर्य भनेकै विचारको स्वतन्त्रता हो । हाम्रो लोकतन्त्रलाई बलियो र परिपक्व बनाउँदै लैजानाका निम्ति सबै प्रकारका विचारलाई सुन्ने र अध्ययन गर्ने गर्नै पर्दछ । समसामयिक विषयहरूमा आधारित विश्लेषणात्मक र विचारमूलक पत्रिकाको निकै ठूलो कमी भएको हाम्रो मुलुकमा नियमित रूपमा मुल्याङ्कन (मासिक) प्रकाशित गर्न परिश्रम गर्ने साथीहरूमा स्वर्ण अङ्क प्रकाशनको उपलक्ष्यमा हार्दिक शुभकामना प्रकट गर्दछु ।

## विभाजित कम्युनिष्ट आन्दोलनलाई एकता तर्फ लग्न भूमिका

**-प्रा. माणिकलाल श्रेष्ठ**

अहिले सम्ममा मूल्यांकनको आधासय अंक प्रकाशित भइसकेको छ । यसले शुरूदेखि अहिलेसम्म कुनै खास राजनैतिक दलको पछि नलागीकन सर्वहाराको र कम्युनिष्ट आन्दोलनको प्रवाहलाई समग्र रूपले देखाउने काममा आफूलाई एक हिमायतीको रूपमा प्रस्तुत गरेको छ । अर्को कुरा हाम्रो देश र समाजका मुख्य समस्या तथा आवश्यकताहरू के के हुन् भनेर त्यसलाई मार्क्सवादी लेनिनवादी चिन्तनद्वारा बुझ्ने र त्यसको पूर्तिको लागि बाटो पहिल्याउने काममा मूल्यांकनले निक्कै मद्दत दिएको छ ।



मूल्यांकनले विभिन्न घटकहरूमा विभाजित हाम्रो कम्युनिष्ट आन्दोलनलाई एकता तर्फ लग्न र सही दिशा दिन केही मात्र भए पनि महत्वपूर्ण भूमिका खेलेको छ । यो नै हाम्रो देशको आवश्यकताको लागि र मार्क्सवादी आन्दोलनको लागि सबभन्दा ठूलो योगदान जस्तो लाग्दछ । र, मूल्यांकनले गरेको यो काम अरू कुनै पत्रिकाले गरेको छैन । अरू पत्रिकाहरूले विभिन्न साहित्यहरू प्रकाशित गरे पनि मूल्यांकनले जस्तै स्वतन्त्र रूपले विचारप्रधान भएर क्रान्तिकारी विचारधारात्मक सामग्रीहरू प्रकाशित गर्ने काम गरेका छैनन् ।

**मूल्यांकनले विभिन्न घटकहरुमा विभाजित हाम्रो कम्युनिष्ट आन्दोलनलाई एकतातर्फ लग्न र सही दिशा दिन केही मात्र भए पनि महत्वपूर्ण भूमिका खेलेको छ**


## मार्क्सवादको सिर्जनात्मक प्रयोगप्रति अनुदारवादी र नकारात्मक हुने प्रवृत्तितर्फ सचेत बनोस्

**-गोविन्द भट्ट**

**अध्यक्ष प्रलेस**

हाल नेपालको राजनैतिक तथा बौद्धिक क्षेत्रमा समसामयिक महत्वका खोजपूर्ण र विचारोत्तेजक सामग्रीहरू दिने अत्यन्त लोकप्रिय र प्रतिष्ठित पत्रिकाको नाउँ 'मूल्यांकन' हो भन्दा कुनै खास विवाद नहोला । वर्तमान समयका विश्व कम्युनिष्ट आन्दोलन र त्यसमा आएका परिवर्तनहरू, राष्ट्रिय वामपन्थी राजनीतिका विभिन्न प्रवाह, देश-विदेशको अर्थतन्त्र र साहित्य, कला, संस्कृति, तेस्रो जगत्का प्रगतिशील जन-संघर्षहरू, पूँजीवादी-साम्राज्यवादी शक्ति-राष्ट्रका गतिविधिहरू आदि विषयबारे जान्न-बुझ्न खोज्नेहरूका लागि 'मूल्यांकन' को प्रत्येक अंक संग्रहणीय हुन पुगेको छ ।

नेपालमा यता, पूर्व सोभियत संघको विघटन र बहुदलीय प्रजातन्त्रको पुनर्बहाली भएपछि, मार्क्सवाद-लेनिनवाद र त्यसका आधारभूत मूल्य-मान्यताहरूमाथि नै चौतर्फी वैचारिक आक्रमण भइरहेको, हाम्रा केही वामपन्थी नेता र बुद्धिजीवीहरूमा समेत उपयोगितावादी, अनुभववादी र अवसरवादी विचारधाराको दुष्प्रभाव अन्तर्गत सैद्धान्तिक-नैतिक विचलनका लक्षणहरू देखा पर्न थालेको र पूँजीवादी संचार माध्यमका कुप्रचारहरूबाट सामान्य जनतामा वैज्ञानिक समाजवादप्रति भ्रमात्मक वा नकारात्मक धारणाहरू फैलन लागेको परिप्रेक्ष्यमा, मूल्यांकनले नेपालीहरूलाई वैज्ञानिक तथा जनवादी चेतनाले सुसज्जित पार्न, प्रत्येक समस्यालाई सैद्धान्तिक आधारमा केलाउन र प्रगतिशील दृष्टिकोणका आधारमा मुलुकका सामन्तवाद-साम्राज्यवादविरोधी शक्तिहरूलाई साझा मंचमा एकताबद्ध तुल्याउनेतर्फ पनि उल्लेखनीय भूमिका खेल्दै आएको छ । यिनै कारणहरूले गर्दा यति छोटो अवधिभित्रै मूल्यांकनका दशौं हजार शुभेच्छुक र पाठकरूको पंक्ति तयार भइसकेको देखिन्छ ।



तर यी प्रशस्त सकारात्मक पक्षहरूका साथसाथै "वैचारिक अन्तर्क्रियामुखी पत्रिका" हुनुलाई नै आफ्नो मूल उद्देश्य ठानेर आफूलाई तटस्थ राख्ने वा विचार पक्षलाई मात्र प्रमुखता दिए जस्तो देखिने, सामान्यतः आफ्नो विश्लेषण वा प्रस्तुतीकरणमा मार्क्सवादको शास्त्रीय कट्टरतामा जोड दिँदै त्यसका युगानुकूल अन्य सिर्जनात्मक प्रयोगका विभिन्न रूपहरूप्रति अनुदारवादी र नकारात्मक हुने, मार्क्सवादको द्वन्दात्मक क्रान्तिकारी आलोचनात्मक पद्धतिलाई निषेधात्मक तवरबाट प्रयोग गर्ने, अनि वैचारिक तथा नैतिक प्रश्नहरूमा विशुद्धतावादी जस्तो हुन पुग्ने आदि प्रवृत्तिहरू तर्फ पनि सचेत रहेर भविष्यमा 'मूल्यांकन'ले आफूलाई अझै रचनात्मक र प्रभावकारी बनाउँदै लग्नेछ भन्ने हाम्रो आशा रहेको छ ।

हाम्रो देशमा मूल्यांकन जस्तो पत्रिकाको निकै ठूलो आवश्यकता छ । यस्तो महत्वपूर्ण र लोक उपयोगी प्रकाशन आफ्नो पचासौं अंकमा पुगेको यस सुखद अवसरमा, म यसलाई निरन्तरतासाथ स्तरीय र आकर्षक बनाइराख्नतर्फ कठोर परिश्रम गर्दै आउनु भएका यसका सम्पादक र व्यवस्थापक मित्रहरूलाई हार्दिक बधाई दिँदै यसको उत्तरोत्तर विकासको कामना पनि गर्दछु ।

## उपदेशवाद मूल्यांकनको सन्दर्भमा यदाकदा खड्कने विषय हो

**-निनु चापागाई**

**अध्यक्षः इसास**

नेपाली पत्रकारिताको इतिहासमा अन्तर्क्रियामुखी मूल्यांकन मासिकको आफ्नै विशिष्ट र अद्वितीय स्थान छ । नेपालका समसामयिक घटनावली र समस्याहरूलाई मार्क्सवादी-लेनिनवादी दृष्टिकोणअनुसार हेर्न र त्यसअनुरूप व्याख्या-विश्लेषण गर्नमा पाठकहरूलाई सहयोग पुऱ्याउने कार्यमा यसले महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । नेपालको राष्ट्रियता र जनतन्त्रका विरूद्ध नेपालका सत्ताधारी वर्ग एवं कतिपय राजनीतिक शक्ति र साम्राज्यवादी शक्तिहरूद्वारा हुँदै आएका गतिविधि, क्रियाकलाप र षड्यन्त्रलाई उद्घाटन गरेर नेपाली जनताको देशभक्तिपूर्ण जनतान्त्रिक आन्दोलनलाई समर्थन र सहयोग पुऱ्याउने कार्यमा पनि मूल्यांकनले अग्रिम भूमिका निर्वाह गरेको छ । यस अतिरिक्त नेपालमा क्रियाशील राजनीतिक पार्टीका गतिवधिहरू, सामयिक विषयमा तिनका धारणाहरू र राजनीतिक




**यति हुँदा हुँदै पनि निश्चित र खास विषयमा आफ्नै सीमा र कमजोरीबाट मूल्यांकन मुक्त भइसकेको भने लाग्दैन**

सोचहरू, नेपाली क्रान्तिका समस्याहरूका सम्बन्धमा आलोचनात्मक दृष्टिकोण, अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको इतिहास र गतिविधिका साथै विश्व साम्राज्यवादको गतिविधि र षड्यन्त्रको जानकारी गराउनमा पनि मूल्यांकनले विशिष्टता हासिल गरेको तथ्यमा कुनै विवाद छैन ।

यति हुँदा हुँदै पनि निश्चित र खास विषयमा आफ्नै सीमा र कमजोरीबाट मूल्यांकन मुक्त भइसकेको भने लाग्दैन । कतिपय सन्दर्भमा विषयवस्तुको सार तत्वलाई भन्दा रूप र बाह्य विवरणलाई बढी महत्व, केही विषयमा निरपेक्ष आदर्शको पक्षपोषण र एकाध विषयमा सुधारवादी वृत्तको परिभ्रमण, कुनै कुनै राजनीतिक विषयमा वर्गीय दृढ अडानको कमजोरी र कतिपय सन्दर्भमा उपदेशवाद मूल्यांकनको सन्दर्भमा यदाकदा खड्कने विषय हुन् भन्ने मलाई लाग्दछ । तथापि, मूल्यांकन मार्क्सवादी-लेनिनवादी राजनीतिज्ञ, बौद्धिक समुदाय, राजनीतिक कार्यकर्ता र सामान्य पाठकहरूका निम्ति गहन बौद्धिक खुराकको साधन बन्न पुगेको कुरामा भने कुनै शंका छैन । मूल्यांकनको स्वर्ण अंक सरकारी सरसहयोग बिना पनि यसरी प्रकाशित हुनु कम खुशीको कुरा होइन । यस अवसरमा म मूल्यांकनको उत्तरोत्तर प्रगतिको कामना गर्दछु र उल्लेखित कमी कमजोरीहरू क्रमशः संपादक मित्रहरूले हटाउँदै लैजानु हुनेछ भन्ने आशा र विश्वास समेत व्यक्त गर्दछु ।

## सबै विचारले समान स्थान पाउने सके...



**-अशेष मल्ल**

**संयोजक, सर्वनाम**

गम्भीर पत्रिकाका पाठकहरू छैनन् भन्ने कथनलाई 'मूल्याङ्कन' ले गलत साबित गरिदिएको छ । विकृति र विसंगति बढ्दै गएको हाम्रो समाजलाई परिवर्तनको बोध गराउन जे जति प्रयास 'मूल्यांकन'ले गरेको छ, त्यो सह्रानीय छ । वैचारिक प्रश्नहरूमाथि बहस, मूल्यांकन र व्याख्या विश्लेषण गर्ने प्रस्तुति प्रभावशाली रहेको अनुभव गरेको छु, तथापि सबै पक्ष र सबै विचारले समान स्थान पाउन नसकेको गन्धलाई हटाउन सके राष्ट्रमा यसको छुट्टै महत्व हुने थियो । शुभकामना र बधाई !

## वैचारिक व्यापकता र विविधतालाई समेट्न सकेमा...

**-कपिल श्रेष्ठ**

**अध्यक्ष, नेपाल मानव अधिकार संगठन**

'मूल्यांकन' को मूल्यांकन गर्दा यो तथ्यलाई निसंकोच रूपमा स्वीकार गर्नै पर्दछ कि, यसले नेपाली राजनीति तथा अर्थ राजनीतिका विविध पक्षबारेमा गहन, विचारशील, र स्तरीय लेख-रचना तथा अन्य पाठ्यसामग्रीहरू नियमित रूपमा प्रकाशित गरेर नेपाली बौद्धिक क्षेत्रमा विद्यमान रहेको रिक्ततालाई निकै हदसम्म पूरा गर्दै आएको छ । विशेष गरी यो पत्रिका नेपालको वामपन्थी खेमामा देखिने वैचारिक विविधता, अस्पष्टता, अन्तरद्वन्द, विसंगति र गतिशीलताको एक मापनयन्त्रका रूपमा स्थापित भएको देखिन्छ ।



तर अब मूल्यांकनले यत्तिकैको उपलब्धिमा सन्तुष्ट भएर बस्ने बेला छैन । किनभने, समस्त विश्वभरि नै अर्थ राजनीतिक परिवेश तथा यतिन्जेलसम्म स्थापित

**विकृति र विसंगति बढ्दै गएको हाम्रो समाजलाई परिवर्तनको बोध गराउन जे जति प्रयास 'मूल्यांकन'ले गरेको छ, त्यो सह्रानीय छ**

**यो पत्रिका नेपालको वामपन्थी खेमामा देखिने वैचारिक विविधता, अस्पष्टता, अन्तरद्वन्द, विसंगति र गतिशीलताको एक मापनयन्त्रका रुपमा स्थापित भएको देखिन्छ**

भइआएका परम्परागत सिद्धान्त, मान्यता र विचार-पद्धति एवं तिनका पूर्वाधारहरूमा समेत अभूतपूर्व परिवर्तन देखा परेका छन् । सर्वाधिक महत्वको कुरा के छ भने, कुनै एक निश्चित सिद्धान्त वा दर्शनलाई धर्मग्रन्थका रूपमा स्वीकार गर्ने र त्यसको गायत्रीमन्त्र जप्ने जस्ता अन्धविश्वासले युक्त मानसिकता तथा संस्कार अब इतिहासको खण्डहरमा प्रायः बिलाउँदै जाने क्रममा छ ।

यस्तो सन्दर्भमा यस पत्रिकाले पनि आफूलाई एकपक्षीय घेराभित्र सीमित गर्नुभन्दा (जुन कुरा अहिलेसम्म देखिएको छ) समाजका समस्त वैचारिक व्यापकता र विविधतालाई समेटेर अगाडि बढ्न सकेको खण्डमा यसले निश्चय नै सामाजिक, सांस्कृतिक र बौद्धिक परिवर्तनको सशक्त संवाहकका रूपमा क्रियाशील हुन सक्ने सम्भावना पनि मैले देखेको छु । प्रश्न उठ्छ- के त यसले आगामी दिनमा यस प्रकारको अपेक्षित साहस, उत्साह र दूरदृष्टि देखाउन सक्ला त ? यो असम्भव कुरा पनि छैन नि !

## जनतालाई सूसुचित गर्ने काम

**सिन्धुनाथ प्याकुरेल**

**(बरिष्ठ अधिवक्ता तथा मानव अधिकारवादी कार्यकर्ता)**



पचासौं अंकसम्म आइपुग्दा मूल्यांकनले नेपालको मात्र नभई विश्वको वामपन्थी र प्रगतिशील आन्दोलनका विविध आयामहरूलाइ समेटन कोशिस गरेको देखिन्छ । र, यो अभियानमा मूल्यांकन सफल भएको मैले अनुभव गरेको छु । नेपालको वामपन्थी आन्दोलन, विश्वमा घटित विविध घटनाहरू, साम्राज्यवाद विरोधी आन्दोलनका गतिविधिहरूका बारेमा सूचना जनसमक्ष पुऱ्याएर जनतालाई सूसुचित गर्ने काम मूल्यांकनले गरेको छ । यो कार्य साह्रै नै सह्रानीय छ । र, नेपालको राष्ट्रियता, जनतन्त्र र जनजीविकाका सवालहरूमा मूल्यांकनले लिएको अडान धेरै नै उपयोगी भएको मैले अनुभव गरेको छु । आगामी अंकहरूमा पनि मूल्यांकनले आफ्नो विद्यमान आन्दोलनलाई अझ बढी सार्थक रूप दिने छ भन्ने कुरामा म विश्वस्त छु र आउँदा दिनहरूमा मूल्यांकनको प्रगतिको कामना गर्दछु ।

## प्रजातन्त्रको सम्बर्द्धनमा मूल्यांकन जनस्तरको साथ

**-कल्याणदेव भट्टराई**

**जन-आन्दोलनका एक अग्रणी बौद्धि व्यक्ति**



मूल्यांकनले आफ्नो ५० वर्ष पूरा गरेको जानकारीले मलाई खुसी बनाएको छ । र, यस अवसरमा म मूल्यांकनसंग सम्बन्धित सबैलाई बधाइको साथ भविष्यमा अझै प्रगति गर्ने शुभकामना व्यक्त गर्दछु ।

मूल्यांकन पत्रिकाले देशको राजनैतिक समस्यालाई मात्र होइन, देशको अन्य समसामयिक विषयहरूलाई पनि गम्भीर रूपमा गहिराइको साथ विवेचना गरेर एक सही निर्क्योलमा आउने आफ्नो दायित्वलाई निर्वाह गर्दै आएको छ- जसले मूल्यांकन देशको विकासका प्रकृयादेखि प्रजातन्त्रको सम्बर्द्धनसम्ममा जनस्तरको साथ लागीपरेको देखिन्छ ।

हाल केही समयदेखि मूल्यांकनले महिनाको अन्तिम शुक्रबार गर्दै आएको अन्तर्क्रिया कार्यक्रमले देशमा विद्यमान विभिन्न विषयलाई

ठोस रूपमा सर्वसम्मतिले अघि बढाउने कार्यमा यो लागीपरेको देखाउँछ ।

देशको चौतर्फी विकासको लागि राजनैतिक विषय र नेताहरू मात्र महत्वपूर्ण होइनन् । कुनै पनि जलश्रोत, उद्योग, कर प्रणाली जस्ता आर्थिक विषयदेखि कमैया, बँधुवा मजदूर, चेलीबेटी बेचबिखन जस्ता सामाजिक विषय लगायत महिलाको हकहित, मानव अधिकार, संविधानको रक्षा आदि इत्यादि विषय पनि त्यत्तिकै महत्वपूर्ण हुन्छन् । यी सबै समसामयिक विषयहरूमा मूल्यांकनले दिनु पर्ने जति ध्यान दिएकोले नै मूल्याकन एक स्तरीय, पढ्न योग्य पत्रिका भएको म ठान्दछु र मान्दछु । र, यसको निरन्तर प्रगतिको कामना गर्दछु ।

## जनचेतना जगाउनमा ठूलो योगदान



**डा. हरिमान श्रेष्ठ**

**जलस्रोत तथा विद्युतविज्ञ**

मूल्यांकन मासिकको ५० औं अंक प्रकाशनको उपलक्ष्यमा मूल्यांकन प्रकाशन परिवारलाई शुभकामना व्यक्त गर्ने सुअवसर मिलेकामा म अत्यन्तै खुशी छु ।

स्तरयुक्त नेपाली मासिक 'मूल्यांकन' ले सामाजिक, राजनैतिक र आर्थिक क्षेत्रमा जनचेतना जगाउनमा ठूलो योगदान पुऱ्याएको छ भन्ने मलाई लागेको छ ।


जलस्रोत एवं जलविद्युत विज्ञको हैसियतले नेपालको जलसंपदाको समय सापेक्ष उपयोग र राष्ट्रहित संरक्षणका सम्बन्धमा नेपालले अवलम्बन गर्न उपयुक्त नीति, कार्यक्रमका सन्दर्भमा समय समयमा आफ्नो विचारधारा जनमानसमा पुऱ्याइदिनमा "मूल्यांकन" ले महत्वपूर्ण भूमिका खेलीदिएकोमा म "मूल्यांकन" परिवारप्रति बहुतै आभारी छु ।

सम्पूर्ण नेपाली जनतालाई राष्ट्रवादी चेतना जगाई राष्ट्रको सामाजिक, राजनैतिक एवं आर्थिक उन्नतिको पवित्र उद्देश्य लिई अगाडि बढेको मूल्यांकन परिवारलाई यस सुअवसरले अझ बढी उर्जा र साहसका साथ अघि बढ्न प्रेरणा देओस् भन्ने मेरो कामना छ ।

## जर्जर यथास्थितिविरुद्ध सन्देश दिइरहे जस्तो लाग्छ

**-सुशीलचन्द्र अमात्य**

**भूतपूर्व अध्यक्ष नेपाल राष्ट्रिय शिक्षक संगठन**



विचारमुखी मूल्यांकन मासिकले ५० औं अंकमा प्रवेश गरेर आफ्नो जीवनको स्वस्थता प्रमाणित गर्न सकेकोमा यसको सम्पूर्ण परिवारलाई बधाई छ ।

यसले राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा समसामयिक समस्याहरूका अध्ययन र अनुसन्धान तथा व्याख्या-विश्लेषण गरी पाठक वर्गलाई झकझक्याउने, शिक्षित बनाउने र सचेत गर्ने काम गर्दै आएको छ ।

मुलुकको अत्यन्तै महत्वपूर्ण प्राकृतिक सम्पत्ति 'जलस्रोतको दुरूपयोग र सदुपयोग' सम्बन्धी अन्तर्क्रिया कार्यक्रम समेतको आयोजना गरी तत्सम्बन्धी सामग्री प्रकाशन गरी पाठक वर्गलाई यसले यस्तो राष्ट्रिय सवालमा घोत्लिनु पर्ने गरी घचघच्याउने काम गर्दै आएको छ ।

रूस, अष्ट्रेलिया, इटाली जस्ता विदेश र स्वदेशभित्रको कम्युनिष्ट आन्दोलनभित्रका घटना, दुर्घटना र सद्प्रवृत्ति र दुष्प्रवृत्ति एवम अनेक ऐतिहासिक मोडबारे समयोचित सामग्रीको प्रकाशनद्वारा विषय स्थितिप्रति सबैलाई सजग र सचेत राख्ने प्रयत्न यसले गर्दै आएको छ ।

राष्ट्रिय जीवनको प्रत्येक फाँटमा व्याप्त भ्रष्टचार र भ्रष्टाचारी शक्ति झन् झन् संगठित र बलबती हुँदैछन् । कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका, राजनीतिक दलहरू र यस्तै विशेष स्थानमा आसिन विशेष व्यक्तिहरूको जमात बाहेक आम नेपाली जनता राजनीतिक तथा आर्थिक भ्रष्टाचार र अपराधबाट आक्रान्त भएका छन् । यसतर्फ यसले (मूल्यांकन) ले अपेक्षित अभियान चलाउन सके जस्तो लागेन । भ्रष्टाचार र भ्रष्टाचारी जस्तो समाजको सबभन्दा भयावह शत्रुविरूद्ध आउँदा दिनमा यसले गतिलो जनमत निर्माण गर्ने कार्यमा अवश्यै जुट्न पर्छ भन्ने लागेको छ ।


अन्ततः २०४६ को जन आन्दोलनको मर्म र भावनाअनुरूप तात्विक परिवर्तनको आभास कतै महसुस हुन नसकेको स्थितिमा मूल्यांकनले जर्जर यथास्थितिविरूद्ध सन्देश दिइरहे जस्तो लाग्छ । अझ स्पष्ट रूपमा यस अभियानलाई निरन्तरता दिने काम होस् । सफलताको कामना !

**भ्रष्टाचार र भ्रष्टाचारी जस्तो समाजको सबभन्दा भयावह शत्रुविरुद्ध आउँदा दिनमा यसले गतिलो जनमत निर्माण गर्ने कार्यमा अवश्यै जुट्न पर्छ भन्ने लागेको छ**

## नयाँ वामपन्थी आन्दोलनको रुप

**-डा. सरोज धिताल**

**चिकित्सक, मोडेल अस्पताल**



म चीनमा शल्य चिकित्सामा पि.एच.डी. गर्न बस्दा सम्पूर्ण वाम आन्दोलनका विविध पक्ष तथा स्थितिबारे स्वतन्त्रतापूर्वक अध्ययन गर्न पाएँ । त्यस अध्ययनले मलाई क्रान्ति र वामपन्थी आन्दोलनलाई नै पुन परिभाषित गर्नुपर्ने आवश्यकता महसूस भयो । त्यसैले गर्दा चीनबाट फर्केर आएपछि पनि वामपन्थी आन्दोलनबारे गम्भीर चिन्तन-मनन नै गर्नुपर्ने आवश्यकता ठानेर पहिले म सम्बद्ध रहेको तात्कालीन नेकपा (माले)बाट अलग्गै बसिर हेको थिएँ । त्यतिनै बेला डा. महेश मास्के र डा. भरत प्रधानबाट मैले मूल्यांकनको बारेमा सुनें ।

त्यतिबेला मलाई के लागेको थियो भने- पुरानै कठमूल्लावादको ढर्रा र सिलसिलामै एउटा अर्को पत्रिका मूल्यांकनको जन्म भएको होला । यो वामपन्थी परम्परागत शब्दावली लिएर निक्लिरहेको होला । र, यसबाट केही हुनेवाला छैन । तर क्रमशः मूल्यांकन पत्रिका पढ्दै जाँदा यसमा रूचि जाग्न थाल्यो । मूल्यांकनमा जुन किसिमको खुल्लापन आलोचनात्मकता र वैज्ञानिक चिन्तन-मनन गर्ने प्रवृत्ति जाहेर भएको छ, त्यसबाट यसले केवल पत्रिकाको रूपमा मात्र नभई विस्तार विस्तारै एउटा नयाँ वामपन्थी आन्दोलनको रूप लिएको छ भन्ने मलाई लागेको छ । यो नयाँ खालको आन्दोलनको अंग नै भएको छ भन्ने कुरामा म विश्वस्त हुन थालेको छु ।

**मूल्यांकनमा जुन किसिमको खुल्लापन आलोचनात्मकता र वैज्ञानिक चिन्तन-मनन गर्ने प्रवृत्ति जाहेर भएको छ, त्यसबाट यसले केवल पत्रिकाको रुपमा मात्र नभई विस्तार विस्तारै एउटा नयाँ वामपन्थी आन्दोलनको रुप लिएको छ भन्ने मलाई लागेको छ**

## मूल्यांकन अमेरिकामा शोध सामग्रीको भरपर्दो स्रोत

**-कविताराम श्रेष्ठ**

**(समाजशास्त्री तथा साहित्यकार)**

एउटा भरपर्दो स्तरीय वाम पाठ्य सामग्री तथा सूचनास्रोतको रूपमा चिनिएको मूल्यांकन मासिक ५० अंकसम्म आउँदा आम जनचासो र राष्ट्रिय सरोकारको विषयमा अन्तरकृया गर्ने साझा चौतारीको रूपमा स्थापित भएको छ । देशको उपल्लो दर्जाका जिम्मेवार बुद्धिजीवी, वाम राजनीतिज्ञ तथा राजनैतिक व्यक्तित्वहरूको लागि चेतनशील जनतासम्म पुग्ने माध्यमको रूपमा यो प्रतिष्ठित



छ। यो पत्रिकाले यहाँसम्मको सफलतामा हासिल गर्नमा संचालक, सम्पादक, सल्लाहकार तथा व्यवस्थापकहरूका हातहरू त छदैनै छन्, अझ पाठक तथा सहयोगीहरूको विश्वासिलो भूमिकाको कारणले यो पत्रिका व्यवसायिक नरहँदा नरहँदै पनि आफ्नै खुट्टामा उभिन, आफ्नै नेटवर्क विकास गर्न र सफल सहप्रकाशनको इतिहास जोड्न समेत सफल भएको छ।


विदेशमा पनि यसको चाह र प्रतिष्ठा उही दर्जाको छ। यस पत्रिकाको तर्फबाट मैले अमेरिकाका क्यालिफोर्निया, कोलोराडो, भर्जिनिया, वासिंगटन र न्यूयोर्कमा पाठकहरूसँग भेट गरेको थिएँ। उनीहरू आफैले पनि मसँग आफ्ना अत्यन्त व्यस्त कार्यक्रमका बावजुद पनि भेट गरेका थिए। ती भेटहरूबाट स्पष्ट भयो कि, त्यहाँ अध्ययनरत शोधका विद्यार्थी र कार्यरत बुद्धिजीवी व्यवसायीहरूले यस पत्रिकालाई भरपर्दो स्रोत-सामग्रीको रूपमा लिंदा रहेछन्। प्रतिकृयावादी स्रोतको एकतर्फी सूचनाहरूको विश्वसनीयता पुष्टि गर्न पनि मूल्यांकनलाई प्रयोग गर्दा रहेछन्। आफ्ना शोध प्रतिवेदन र प्रवचनहरूमा पनि मूल्यांकनका हरफहरू उद्धृत गर्दा रहेछन्। उनीहरूमध्ये धेरैले मूल्यांकनलाई बढीमा बढी खाले पाठकहरूबीच पुराउनु पर्ने आवश्यकता महसुस गरी कम्युनिष्ट आन्दोलनका सैद्धान्तिक पक्षलाई भन्दा बढी यसका व्यवहारिक प्रयोग र श्रृजनशीलतातिर अभिमुख हुन सल्लाहहरू दिए। नेपालमा ती सिद्धान्तहरूका प्रयोग जनहितमा कसले कसरी प्रयोग गरिरहेका छन् र जनताको यसमा सहभागिता कस्तो छ ? ती पक्षहरूको सूचना प्रवाह गर्न अनुरोध गरेका छन्।

उनीहरूले नवयुवाको प्रकाशनलाई मूल्यांकनकै पूरकको रूपमा महत्व दिएका छन्। अमेरिकामा नेपाली युवाहरूको लागि नेपाली खुराक हुँदै नभएको अवस्थामा यस्तो सामग्री उपलब्ध हुनु ठूलै कुरा मानेका छन्। अझ बढी उनीहरूले आशा गरेका छन् कि आउने दिनहरूमा मूल्यांकनको अंक ७५ सम्म पुग्दानपुग्दा साना बालकहरूको लागि पनि स्तरीय सहप्रकाशन आइसक्ने छ।

## खँदिलो अन्तरक्रियाको आशा

**–दीपक ज्ञवाली**

**प्राज्ञ, रोनाष्ट**



राष्ट्र र समाजलाई आइपर्ने समस्या, दुःख कष्टबारे विगतमा मूल्यांकन मासिकले सबैलाई समयमै सचेत गराएको छ। भन्नै पर्ने कुरा भन्दाखेरि अप्रिय हुन्छ, होइन्छ। तर त्यो गर्न सक्नु नै इमान्दार बौद्धिक व्यक्ति वा समूहको सही पहिचान हो। तीक्ष्ण बुद्धि भएकोलाई मात्र बुद्धिजीवी भन्न मिल्दैन, मुटु निर्मल र दरिलो पनि चाहिन्छ। अरूण-३ देखि महाकाली, पश्चिम सेती र कर्णालीसम्म जनचेतना जगाउन, वास्तविक कुरा अगाडि ल्याउन, नीतिगत फट्याइँको पर्दाफास गर्न मूल्यांकनले ठूलो भूमिका खेलेको छ, राष्ट्रलाई ठूलो गुन लगाएको छ। अब आउने अगाडिको ५० अंकमा जलस्रोतमा जस्तै विभिन्न राजनैतिक दर्शनलाई पनि त्यसै गरी चिरफार गर्नु जरूरी भएको छ, जुन मूल्यांकनले जलस्रोतको क्षेत्रमा गरेको जस्तै गर्ला भन्ने आशा राखेको छु। राजतन्त्र, नेपाली पूँजी र यसको चरित्र, नेपाली सेनाको राजनैतिक चरित्र, नेपाली नोकरशाही र यसको अर्थ-राजनैतिक साँठगाँठ जस्ता विषयमा वैज्ञानिक समाजशास्त्रको प्रकाश त पार्ने पर्छ, तर यसको अलावा मूल्यांकनबाट समाजवाद र अझ साम्यवादको अहिले देखिएको दुःखदायी विफलताबारे खँदिलो अन्तरक्रियाको आशा गर्दछु। के समाजवाद भन्ने बित्तिकै राज्यवादी समाजवाद मात्र हुनु पर्ने ? के वातावरणवादले विगत दुई तीन दशकमा देखाएको समाजवाद बढी समतामूलक होइन ? के राज्यवादी समाजवादको अन्त अधिनायकवादकै आर्थिक असफलतामै हुने हो ? मूल्यांकनले अप्रिय प्रश्नहरूको खँदिलो र प्रचण्ड छलफल चलाओस्।

## जन चेतना उठाउन मूल्यांकनको महत्वपूर्ण भूमिका

**–सुशीला श्रेष्ठ**

**अनेमसं केन्द्रीय सदस्य**



मूल्यांकन मासिक पत्रिकाले समाजलाई प्रगतिको बाटोमा डोऱ्याउने अग्रिम स्थान ओगटेको छ। देशको ज्वलन्त समस्याहरूलाई उठाएको छ। उक्त समस्यालाई समाधान गर्न जन चेतना उठाउन मूल्यांकनको महत्वपूर्ण भूमिकालाई नकार्न सकिन्न। समाजलाई परिवर्तन गर्नका लागि कुनै पनि सवालप्रति सही दृष्टिकोण राख्ने पत्रिकाको अति आवश्यकता छ। त्यसैले यस पत्रिकाको माध्यमबाट प्रगति, उन्नति र समृद्धशाली समाज निर्माण गर्न वैचारिक रूपले यो सशक्त बनोस्, मेरो शुभकामना मूल्यांकनलाई।

## सामाजिक परिवर्तनमा महत्वपूर्ण भूमिका

**शशी श्रेष्ठ**

**अध्यक्ष, अनेमसं**



मूल्यांकनले आफ्नो जन्मकालदेखि (पहिलो अंक) नै समाज र राष्ट्रमा रहेको सामाजिक, आर्थिक राजनैतिक र सांस्कृतिक विसंगतिहरूका बारेमा सर्व साधारणसमक्ष यथार्थ चित्रण राखिदिने, राष्ट्र वा सरकारले ल्याएको नीति र कार्यक्रम तथा नेपाली जनताको वास्तविक अवस्था र भावनालाई उजागर गरिदिई राष्ट्रको चौथो अंगले निभाउनु पर्ने भूमिका र अभिभारा पूरा गरेको मैले पाएकी छु। सामाजिक परिवर्तन र प्रगतिको पल्लामा विशेष सहयोग पुऱ्याउनका लागि सबै क्षेत्रका बारेमा तथ्यांकमूलक खोजपूर्ण सूचना प्रवाह गर्ने काम यसले गरेको छ। देशको आधाभन्दा बढी भाग ओगटेर रहेका र समाज परिवर्तन र विकासको लागि अत्यन्तै महत्वपूर्ण र निर्णयक भूमिका निर्वाह गर्ने महिलाहरूको तुलनात्मक अवस्था (समाजवादी र पूँजीवादी महिलाबीच) को बारे कारण सहित विभिन्न शीर्षकहरूमा सामग्री प्रकाशित गरी महिलाहरूको समाज र राष्ट्रप्रतिको दायित्वबोध गराउने, मनोबल बढाउने र जिम्मेवार नागरिक बनाउनेतर्फ उन्मुख गराउनमा समेत यसले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। साथै, समसामयिक विषयहरूमा सूचना प्रवाह गर्ने कार्य गरेको छ र नेपाली जनताहरूलाई आफ्नो वास्तविक मुक्तिको लागि लिनु पर्ने बाटो छर्लङ्ग पारीदिने र समाज र राष्ट्रको अस्तित्वमाथि आँच आउने गरी सरकारले लिएका र लिन लागेका निर्णयहरूको बारेमा जानकारी दिने, राष्ट्रको आवश्यकता र क्षमताबारेमा सरकारलाई सचेत गराई, सुझाव समेत दिने जस्ता महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। समय-समयमा विशेषाङ्कहरू प्रकाशित गरी ऐतिहासिक, तात्कालीन खोजपूर्ण घटनाहरू जनसमक्ष राखी परिवर्तनका लागि समाजमा रहेका हरेक वर्गले खेल्नुपर्ने भूमिकाको बारेमा प्रकाशनमार्फत् जन समक्ष राखिदिने काम यसले गरेको छ, जुन नेपालको सामाजिक परिवर्तन र प्रगतिको लागि मूल्यांकनले निर्वाह गरेको महत्वपूर्ण भूमिका र योगदान हो। आगामी दिनहरूमा पनि अझ सशक्त ढंगले खोजपूर्ण लेख र अन्य सामग्रीहरू प्रकाशित गरी आफ्नो उद्देश्य र कार्यमा यो पूर्ण सफल होवोस् भन्ने चाहन्छु। ❑

**यस पत्रिकाको तर्फबाट मैले अमेरिकाका क्यालिफोर्निया, कोलोराडो, भर्जिनिया, वासिंगटन र न्यूयोर्कमा पाठकहरुसँग भेट गरेको थिएँ**

●

**मूल्यांकनबाट समाजवाद र अझ साम्यवादको अहिले देखिएको दुःखदायी विफलताबारे खँदिलो अन्तरक्रियाको आशा गर्दछु। के समाजवाद भन्ने बित्तिकै राज्यवादी समाजवाद मात्र हुनु पर्ने ? के वातावरणवादले विगत दुई तीन दशकमा देखाएको समाजवाद बढी समतामूलक होइन ?**

# के पैतृक सम्पत्तिको हक महिलालाई दिँदा दोहोरो सम्पत्ति पर्न जान्छ ?

फेरि एकचोटी पैतृक सम्पत्तिको हक महिलालाई दिने सवाल हाम्रो देशमा सार्वजनिक बहसको विषय बनेको छ । पैतृक सम्पत्तिको हक सम्बन्धमा नेपालको न्याय तथा कानून मन्त्रालयले मुलुकी ऐनमा संशोधन गर्ने विधेयक संसदमा पेश गरेपछि यसरी बहस छलफलको लहर उर्लन थालेको हो ।

संसदको चालु अधिवेशनमा सरकारले पेश गरेको विधेयकमा अब उप्रान्त छोरीलाई पनि जन्मेदेखि नै छोरा सरह पैतृक सम्पत्तिको हक दिनुपर्ने व्यवस्था गरिएको छ । कुरा यति नै मात्र भएको भए नेपालमा महिलाहरुको लागि यो युगान्तकारी कदम हुन्थ्यो । यो प्रस्ताव ल्याउने मन्त्रालयप्रति सिंगो आधा देश कृतकृत्य हुन्थ्यो । तर त्यो विधेयकमा बिहा हुने बित्तिकै छोरीले पाउने सम्पत्ति माइतीमै फर्काउनु पर्ने व्यवस्था गरिएको छ, त्यतिन्जेल खाएलाएको खर्च कटाएर । र, यो प्रावधानले छोरीलाई दिइने भनिएको सम्पत्ति अन्ततः छोरीको जीवनको सबैभन्दा निर्णायक भागमा उसको हातबाट खोसेर फेरि छोराकै हातमा पुऱ्याउने काम गरेको छ । यसो गर्नुको पछाडि तर्क दिइएको छ– छोरीलाई विहेपछि पनि पैतृक सम्पत्तिको हक हुने हो भने, उसको भागमा दोहोरो सम्पत्ति पर्न जान्छ आफ्नो भागको सम्पत्ति पनि र लोग्नेको सम्पत्ति पनि ।

के यो तर्क जायज र न्यायसम्मत छ ? के एशियाका अन्य मुलुकमा पनि यस्तै व्यवस्था छ ? वास्तवमा महिलालाई पैतृक सम्पत्तिको हक दिंदा के दोहोरो सम्पत्ति नै पर्न जान्छ ?

यी सवालहरुबारे धारणा स्पष्ट होस् भन्ने हिसाबले हामीले यसपल्ट वरिष्ठ अधिवक्ता कृष्णप्रसाद पन्त, विभिन्न फाँट र विचारका महिला नेतृहरु र अधिवक्ता गीता संग्रौलाका विचारहरु यहाँ प्रस्तुत गर्न लागेका छौं ।

हामीलाई लाग्दछ– महिलालाई छोरासरह सम्पत्तिको हक दिने कि नदिने सवाल खालि सम्पत्तिको सवाल होइन । यो सवाल मूलतः छोरी पनि छोरासरह समान हैसियत भएको नागरिक हो कि होइन ? सन्तान हो कि होइन ? र व्यक्ति हो कि होइन ? भन्ने सवाल हो । प्रजातन्त्रको एउटा प्रमुख सिद्धान्त भनेको नागरिकहरु बीच समानता हो । त्यसैले यो सवाल नेपालको प्रजातन्त्रमा महिलालाई पनि पुरुषसरह समानताको हक दिनु पर्छ कि पर्दैन भन्ने कुराको सवाल हो ।

नेपालमा पुरुषलाई अहिले नै दोहोरो सम्पत्तिको हक देखिन्छ । किनकि, यतिन्जेल छोरीको भागमो सम्पत्ति पनि उनीहरु नै त हकभोग गरिरहेछन् । अहिलेको मामला भनेको पुरुषले हकभोग गरिरहेको त्यही दोहोरो सम्पत्ति अबदेखि अन्त गरेर सम्पत्तिमा महिलाको पनि समान हक कायम गर्नुपर्छ भन्ने हो । फेरि, यसबाट महिलाको भागमा दोहोरो सम्पत्ति पर्ने सवालै उठ्दैन । किनकि, यतिखेरको मुख्य माग भनेको पैतृक सम्पत्तिमा आधा-आधा हक हो, लोग्नेको सम्पत्तिमा आधा-आधा हक होइन । लोग्ने स्वास्नी दुवैको आआफ्नो सम्पत्ति भएपछि मिलेर बसुन्जेल दुवैको सम्पत्ति र कमाइ साझा भइरहन्छ । छुट्टिएपछि आआफ्नो सम्पत्ति लिएर छुट्टिन्छन् । दोहोरो सम्पत्ति कसरी हुन्छ ? यही मामला प्रष्ट होस् भनेर हामीले यीसामग्रीहरु पाठकहरु समक्ष प्रस्तुत गरेका छौं ।

मूल्यांकन

## कसरी दोहोरो सम्पत्ति पाउँछन् ?

दुर्गा घिमिरे
अध्यक्ष- ए.बि.सी. नेपाल



पहिलो कुरा त यो संसदमा अहिले पेश भएको विधेयक जस्ताको तस्तै पास गरियो भने त्यसमा हाम्रो सहमति हुने छैन । किनभने, यो विधेयकले एकातिर छोरीलाई पैतृक सम्पत्तिको अधिकार दिएको छ, अर्कोतिर काटेको छ । यसमा विहा गरेर गएपछि पाएको सम्पत्ति सबै माइतीमै छोडेर जानु पर्छ भन्ने प्रावधान छ । हाम्रो भनाई के छ भने- कुनै पनि सम्पत्ति पाएपछि त्यसलाई जीवनभरि उपयोग गर्ने, खर्च गर्ने, राख्ने आदि अधिकार हुनुपर्छ । यो विधेयकले त्यो अधिकार दिएको छैन । बरू जंगबहादुरले वि.सं. १९१० मा ल्याएको मुलुकी ऐनले नै त्यो अधिकार प्रदान गरेको थियो ।

जहाँसम्म महिलाहरूलाई पैतृक सम्पत्ति दियो भने दोहरो सम्पत्ति पाउँछन् भन्ने भनाइ छ, त्यो वास्तवमा हुँदैन । साँच्चै नै भन्ने हो भने, अहिले पुरूषहरूले दोहोरो सम्पत्ति पाइरहेका छन् भन्न सकिन्छ । कसरी त भन्दाखेरि, एउटै बाबुको सन्तान भएर छोरा र छोरीले बराबर सम्पत्ति पाउनु पर्नेमा छोरीको पाउने सम्पत्ति पनि छोराले नै पाइरहेका छन् । यो दोहोरो सम्पत्ति भएन त ? अब छोरीलाई पनि पैतृक सम्पत्तिको अधिकार दिँदा छोराले दोहोरो पाइरहेको सम्पत्तिको आधा भाग झिकेर छोरीलाई दिनुपऱ्यो भनिएको हो । कुरा त्यति हो ।

फेरि हामीले पैतृक सम्पत्तिको माग गरेको खालि जग्गाको, भाँडाकुडाको माग गरेको होइन । यो हाम्रो समानताको माग हो र यो संघर्ष समानताको लागि गरेको संघर्ष हो । संविधानको धारा ११ मा जुन जाति, वर्ण, लिङ्गको आधारमा भेदभाव गरिँदैन भनेको छ, यो त्यही अधिकार प्राप्त गर्नको लागि गरेको हाम्रो संघर्ष हो । अन्तर्राष्ट्रिय अनुबन्धहरूमा पनि सम्पत्तिको अधिकार छोरा र छोरीमा बराबर हुनुपर्छ भनिएको छ । त्यसमा नेपालले पनि सहमति जनाएर सही गरेको छ । हामीले त्यही सहमति व्यवहारमा लागू हुनु पऱ्यो भनेका हौं । जहाँसम्म माइतीको पनि सम्पत्ति पाउने र पछि लोग्नेको पनि सम्पत्ति पाउने भएपछि महिलाले दोहरो सम्पत्ति पाउने भन्ने कुरा हो, महिलाले बाबुको सम्पत्ति पाउने भएपछि लोग्नेको सम्पत्ति नलिने व्यवस्था गरियो भने कसरी दोहोरो सम्पत्ति पाउँछन् ? फेरि हाम्रो संघर्ष लोग्नेसंग सम्पत्ति पाउने नभई बाबुको सम्पत्ति पाउनु पर्ने मागमा हो ।

## एक हातले सम्पत्ति दिने, अर्को हातले फिर्ता लिने विधेयक

शशी श्रेष्ठ
अध्यक्ष- अनेमसंघ



पहिलेको मुलुकी ऐन र अहिले संसदमा पेश भएको विधेयकमा सामान्य केही परिवर्तनहरू त छन्, तर आधारभूत परिवर्तन भने छैन । मुलुकी ऐनको १६ नं. को महलमा 'अंशबण्डा गर्दाखेरि लोग्ने-स्वास्नी र छोराको बीचमा जियजियैको अंश लाग्ने छ' भनिएको थियो भने अहिले लोग्ने, स्वास्नी, छोरा र छोरीको बीचमा जियजियैको अंश लाग्नेछ भनेको छ । पहिलेको मुलुकी ऐनमा छोरा र स्वास्नीलाई मात्र इज्जत आमदअनुसार बाबु र लोग्नेले ख्वाउनु पर्छ भन्ने कुरा मात्र उल्लेख छ । अहिलेको विधेयकमा छोरीलाई पनि ख्वाउनु पर्ने कुरा थपिएको छ । तर त्यसै महलमा छोरीको विहा भएपछि पाएको सम्पत्तिमा खाइलाई बाँकी भएको सम्पत्ति माइतीकै हकवालालाई छोडेर जानुपर्ने कुरा उल्लेख गरिएको छ । यतिसम्म कि, अपुताली समेत विवाह नभएकी छोरीले पाएकी छिन् भने विवाह भएपछि उनले सो अपुताली हकवालालाई छोडेर जानुपर्ने कुरा १२ नं. महलमा उल्लेख गरिएको छ । जबकि, अपुताली

**फेरि हाम्रो संघर्ष लोग्नेसंग सम्पत्ति पाउने नभई बाबुको सम्पत्ति पाउनु पर्ने मागमा हो**

भनेको कुरा आफूले इच्छाएको जुनसुकै व्यक्तिलाई दिन सक्ने सम्पत्ति हो । र, यसमा कसैको हक लाग्दैन ।

यसरी यो विधेयकले एक हातले सम्पत्ति दिएको छ भने अर्को हातले फिर्ता लिएको छ । महिलाहरू पनि समान नागरिक हुन्, महिलाहरू पनि पुरुष समान मानव नै हुन्, संविधानले दिएको अधिकार महिलाहरूले पनि पुरूषहरूले सरह नै उपभोग गर्न पाउनु पर्छ भन्ने कुरामा गरिएको हाम्रो जुन लडाइँ हो, त्यो लडाइ अहिले यो विधेयक आएर पनि पूरा भएको छैन । किनभने, यो विधेयकले अहिले पनि महिलाहरूलाई एउटा पुरूषसरहको नागरिक र मानवैको हैसियत प्रदान गरेको छैन । महिलाहरूलाई अझै पनि असमान, दोस्रो दर्जाको नागरिक, परनिर्भर बनाइएको छ । महिलाहरूलाई अझै पनि स्व-अस्तित्वमा बाँच्न पाउने अधिकारबाट बन्चित गराइएको छ । यो विधेयकले महिलाहरू समान हैसियतको नागरिक मात्र होइन, छोरी, स्वास्नी वा आमाको हैसियतमा मात्र बाँच्न सक्छन् भन्ने खालको मान्यता कायम गरेको छ । हाम्रो लडाइँ यसैको विरूद्धको लडाइँ हो । हाम्रो लडाइँ महिलाहरूको मानव अधिकार र नागरिक अधिकार प्राप्तिको लडाइ हो ।

जहाँसम्म छोरीलाई विहापछि माइतीको सम्पत्ति दिंदा पिता र पति दुवैको सम्पत्ति पाउने भएकोले दोहोरो सम्पत्ति पाउँछिन् भन्ने कुरा छ, हाम्रो त्यो दाहोरो सम्पत्तिको माग नै होइन । हाम्रो माग भनेको सन्तानको रूपमा सम्पत्तिमाथिको छोरीको जन्मसिद्ध अधिकारको माग हो, जुन अधिकार छोराले पाइआएका छन् । उही रगत र उस्तै किसिमको प्रसव

**हाम्रो माग भनेको सन्तानको रुपमा सम्पत्तिमाथिको छोरीको जन्मसिद्ध अधिकारको माग हो**



# एशियाका अरु मुलुकहरुमा छोरीलाई अंश कसरी दिइन्छ ?

◆ अधिवक्ता गीता संग्रौला



छोरीलाई पनि पैतृक सम्पत्ति दिनुपर्छ भन्ने कुरामा अहिले नेपालमा विभिन्न किसिमका वादविवादहरुको सृजना भइरहेको छ । छोरीलाई अंश दिनु हुँदैन भन्नेहरुले के कुराहरु उठाइरहेका छन् भने- छोरीलाई अंश दियो भने समाजको संरचना भत्किन्छ, महिलाहरुको प्रभुत्व बढ्छ, पुरुषहरु हेपिन्छन् आदि इत्यादि । तर महिलालाई अंश दिंदा त्यस्ता किसिमका विकृतिहरु आउँदैनन् भन्नेहरुका लागि हाम्रा एशियाली देशहरु नै टड्कारो प्रमाणको रुपमा छन् भन्ने कुरा म देखाउन चाहन्छु ।

जस्तो- भारतमा १९६५ मा ल्याइएको हिन्दू सक्सेसन एक्ट अर्थात् हिन्दू उत्तराधिकार कानूनको दफा ८ ले बाबुले आर्जेको सम्पत्तिमा छोरा र छोरीलाई समान अधिकार दिएको छ । यसैको दफा २३ ले विवाह नभएका, पतिद्वारा परित्याग गरिएका र विधवा छोरीहरुले बाबुको घरमा बस्नै पाउने अधिकार दिएको छ । त्यस्तै गरेर 'हिन्दू एडप्सन एण्ड मेन्टेनेन्स एक्ट' अनुसार, विधवा छोरीले लोग्नेबाट पाएको सम्पत्तिमा ससुरा र छोराहरुले दावी गर्न नपाउने व्यवस्था गरिएको छ । यसबाहेक, पनि भारतको केरला लगायतका अन्य राज्यहरुमा छोरीलाई पनि छोरासरह नै पैतृक सम्पत्तिको अधिकार दिन थालिसकेको छ ।

चीनमा सन् १९५४ मा ल्याइएको संविधानको धारा ४८ र ४९ ले छोरासरह नै छोरीहरुलाई जीवनको हरेक क्षेत्रमा समान अधिकार दिएको छ ।

त्यस्तै, बर्माको संविधान १९७४ को धारा २२ ले कानूनी रुपमा जाति, धर्म, स्तर र लिङ्गको आधारमा सबै जनतालाई समान अधिकार दिएको छ । त्यसबाहेक पनि धारा १५४ ले महिलाहरुलाई अझ व्यापक रुपमा संरक्षण प्रदान गरेको छ । जस्तो- महिलाहरुलाई पुरुष सरह नै राजनैतिक, सामाजिक, आर्थिक र सांस्कृतिक अधिकार प्रदान गरेको छ । त्यसको साथै यही धाराले महिलाहरुलाई विवाह, सम्बन्ध विच्छेद, सम्पत्ति विभाजन, अपुताली र बच्चाहरुको संरक्षण आदि कुरामा जन्मसिद्ध अधिकार प्रदान गरेको छ । त्यहाँ एउटा अर्को 'बुद्धिष्ट कस्टमरी ल' भनेर छुट्टै कानून पनि छ । त्यसमा पनि महिलाहरुलाई विवाह, सम्बन्ध विच्छेद, र पैतृक सम्पत्तिमा कानूनी अधिकार प्रदान गरिएको छ ।

माल्दिभ्सको संविधानको धारा ५ ले त्यहाँका सम्पूर्ण जनतालाई समानता प्रदान गरेको छ । त्यसको साथै महिलाहरुलाई सम्पत्तिमा समान अधिकारको कुरालाई संविधानमा प्रष्टसंग घोषणा गरेको छ ।

> श्रीलंकामा सम्पत्तिको अधिकारमा महिला र पुरुषहरुको बीच कुनै भेदभाव छैन,
> फिलिपिन्सका कानूनहरुमा महिला र पुरुषबीच कुनै भेदभाव गरिएको छैन ।
> बंगलादेशमा .......
> चीनमा .......
> पाकिस्तानमा .......

पाकिस्तानको 'सिभिल ल' र कुरानले महिलाहरुलाई पैतृक सम्पत्तिको अधिकारी बनाएको छ ।

त्यस्तै किसिमले बंगलादेशमा हेरौं । हुन त त्यहाँ मुस्लिम परिवारको संख्या ज्यादा छ र उनीहरुलाई संकुचित समुदायमा राखिन्छ । तैपनि, त्यहाँ महिलाहरुको सम्पत्तिसम्बन्धी अधिकारको कुरा उठाइएको छ । त्यहाँको 'मुस्लिम पारिवारिक कानून, १९८५' मा र शहरियात कानूनमा महिलाहरुलाई साम्पत्तिक अधिकार प्रदान गरिएको छ ।

मंगोलियाको कुरा गर्ने हो भने त न्यायधीश लगायत अन्य क्षेत्रहरुमा महिलाहरुको बढी पकड भएको ठाउँ हो मंगोलिया । ६० प्रतिशतभन्दा बढी न्यायालयहरुमा त त्यहाँ महिलाहरु न्यायाधीश छन् । मैले त्यहाँका महिला न्यायाधीशहरुलाई भेटेर त्यहाँका महिलाहरुको स्थितिबारे सोधेको थिएँ । उहाँहरुले के जवाफ दिनुभयो भने- "मंगोलियामा महिलाहरुको समस्या भनेको घरेलु हिंसा हो । त्यसबाहेक, अन्य क्षेत्रहरुमा महिलाहरु पुरुष समान नै छन् ।" त्यहाँ १९२४ देखि नै महिला र पुरुषबीचको समानतालाई व्यवहारिक रुपमै कार्यान्वयन गरिएको थियो ।

भूटानमा त सम्पत्तिको स्वामित्व नै आमामा रहन्छ र आमाबाट छोरीमा जान्छ । जस्तो कि, हाम्रो यहाँ सम्पत्तिको स्वामित्व बाबुमा रहने र बाबुबाट छोरामा जाने व्यवस्था छ ।

श्रीलंकामा ९० प्रतिशतभन्दा बढी महिलाहरु साक्षर छन् । श्रीलंकाको एउटा टीमसंग साम्पत्तिक अधिकारको बारेमा मैले कुरा गरेको थिएँ । त्यहाँ पनि सम्पत्तिको अधिकारमा महिला र पुरुषहरुको बीच कुनै भेदभाव छैन भन्ने कुरा उनीहरुले भनेका थिए ।

फिलिपिन्समा 'सिभिल कोड अफ द फिलिपिन्स' भनेर थुप्रै कानूनहरु छन् । ती कुनै पनि कानूनहरुमा महिला र पुरुषबीच कुनै भेदभाव गरिएको छैन । ती ऐनहरुमा पैतृक सम्पत्ति र अन्य सम्पत्तिहरुमा समान अधिकार प्रदान गरिएको छ ।

सिंगापुरमा त्यहाँको दण्डसम्बन्धी कानून र महिला चार्टर (महिला अधिकार पत्र) ले सम्पत्तिमा महिला अधिकारलाई स्थापित गरेको छ । त्यस्तै, ताइवानमा पनि महिलाहरुलाई सम्पत्तिसम्बन्धी अधिकार दिइएको छ ।

यसरी एशियाका यी विभिन्न मुलुकहरुमा महिलाहरुलाई हाम्रो देशमा जस्तो छोरीलाई सम्पत्ति दिएपछि फिर्ता लिने भन्ने कुरा कहीं कतै गरिएको छैन । जस्तो, अहिले हामीकहाँ मुलुकी ऐनको १६ नं. महलको कुरा आइरहेको छ, त्यसमा वर्षको विभेदलाई हटाएको जस्तो गरेको छ । तर विहापछि खाइलाई बाँकी भएको सम्पत्ति माइतीलाई फर्काएर जाने भनेर फेरि पनि छोरीको अस्तित्वलाई विवाहमै लगेर गाँसेको छ । एशियन देशहरुमध्ये यस्तो व्यवस्था गरिएको देश नेपाल मात्रै एउटा एक्लो देश हो । ☐

बेदनाबाट जन्मेका सन्तानको बीचमा भेदभाव नहोस् भन्ने मागको हो । हाम्रो यो सम्पत्तिको अधिकारसम्बन्धी मागलाई हाम्रो संविधानले स्वीकारेको छ र १९७५ मा भएको संयुक्त राष्ट्रसंघको महाधिवेशनले पारित गरेको महासन्धिले, जसमा नेपालले पनि सही गरेको छ, त्यसले पनि महिला र पुरूषको बीच आर्थिक समानताको कुरालाई स्वीकारेको छ ।

जहाँसम्म छोरीलाई दिएको सम्पत्ति विहापछि फर्काइएन भने उसले दोहोरो सम्पत्ति पाउने हुन्छ भन्ने तर्क छ, त्यो सरासर पुरूषप्रधान मानसिकता र पुरातनपन्थी विचारधाराले ग्रसित तर्क हो । महिलालाई एउटा स्वतन्त्र नागरिक हो भन्ने हिसाबले व्यवहार नगर्नाले यो तर्क आइरहेको हो । यसै तर्कलाई मान्ने हो भने पनि, महिलाहरूले माइतीको सम्पत्ति पनि लिएर जाने र लोग्नेको सम्पत्तिमा पनि हक प्राप्त गर्ने हो भने पनि लोग्नेमान्छेले पनि त बाबुको सम्पत्ति लिएको हुन्छ र स्वास्नीको सम्पत्तिमा पनि उसको हक कायम हुन्छ । अथवा भनूँ, लोग्ने-स्वास्नीको सह-जीवनमा दुवैले दुवैको सपत्तिमाथि हक प्राप्त गर्दछन् । जहाँसम्म हाम्रो तर्क छ- आफ्नो आफ्नो सम्पत्तिको अधिकारी आफैं हुने हो । स्वास्नीमान्छेले माइतीबाट लगेको सम्पत्ति आफ्नै नाममा हुन्छ । लोग्नेमान्छेले बाबुआमाबाट पाएको सम्पत्ति उसकै नाममा हुन्छ र बिहापछि दुवैले संयुक्त रूपमा कमाएको सम्पत्तिमा दुवैको बराबर अधिकार लाग्छ । यहाँ एउटा विचारणीय कुरा के छ भने- जबसम्म लोग्ने-स्वास्नी एक आपसमा मिलेर संयुक्त जीवन बिताउँछन्, तबसम्म यो लोग्नेको र यो स्वास्नीको सम्पत्ति हो भन्ने कुराको सवालै उठ्दैन । दुवैको सम्पत्तिमाथि दुवैको उत्तिकै हक लाग्छ । यदि उनीहरू मिलेर संयुक्त जीवन बिताउन सकेनन् भने वा उनीहरूबीच सम्बन्ध विच्छेद गर्नु पर्‍यो भने दुवैले आ-आफ्नो बाबु आमाबाट पाएको सम्पत्ति आफ्नो आफ्नै हुने र दुवैले बढी बढाएको सम्पत्तिमा आधा आधा हक लाग्ने हुन्छ । दुवैले आ-आफ्नो सम्पत्तिबाट आफ्ना छोरा छोरीलाई अंश दिनुपर्ने हुन्छ ।

त्यसमा पनि हाम्रो माग लोग्नेको सम्पत्ति पाउनु पर्छ भन्ने माग नै होइन । हाम्रो माग त बाबुआमाको सम्पत्तिमा जन्मसिद्ध अधिकार हुनुपर्छ भन्ने माग हो ।

> **यदि छोरीले सम्पत्ति लिएर जान्छिन् भने बुहारीले पनि त माइतीको सम्पत्ति लिएर आउँछिन् । फेरि हाम्रो माग भनेको पतिको सम्पत्तिमा स्वास्नीको अधिकारको माग होइन**

## विधेयक हाँसको चाल न बकुलाको चाल !

**तुला राणा**

अध्यक्ष, राष्ट्रिय प्रजातान्त्रिक महिला संघ



नेपाल अधिराज्यको संविधान २०४७ ले लिङ्गको आधारमा भेदभाव नगरी सम्पूर्ण नागरिकलाई समानताको हक प्रदान गरेको छ । यसपछि नै नेपालमा छोरीलाई पनि 'सम्पत्तिमा समान अधिकार' चाहिन्छ भनेर आवाज उठिरहेको छ । यो अधिकार चाहिन्छ र चाहिँदैन भन्ने कुरामा विवाद भइरहेको छ । र, यो कुरा गाउँ गाउँमा र घर घरमा समेत पुगेको छ । शायद यो विषयमा जति नेपालमा बहस, छलफल, गोष्ठी, अन्तर्क्रिया आदि भएको अरू कुनै विषय नै छैन होला ।

यसैकारण, मुलुकी ऐनमा भएको पुरुष र नारीबीचको आर्थिक विभेद हटाउनुको लागि मुलुकी ऐन संशोधन गर्न अहिले संसदमा विधेयक पेश भएको छ । तर यो विधेयक हाँसको चाल न बकुलाको चाल भएको छ । किनकि, यो विधेयकअनुसार छोरीलाई बायाँ हातले सम्पत्ति दिएर दाँया हातले खोसेको छ । अथवा छोरीले पाएको सम्पत्ति विवाह पश्चात खाइलाई बाँकी भएको सम्पत्ति माइतीको हकवालालाई फर्काउनु पर्ने गरिएको छ ।

जहाँसम्म छोरीलाई विहापछि पनि पैतृक सम्पत्ति दिँदा पैतृक सम्पत्ति पाउनुको साथै पतिको पनि सम्पत्ति पाउने हुँदा दोहरो सम्पत्ति पाउँछ भन्ने कुरा छ, यो बिलकूलै हुँदैन । यदि छोरीले सम्पत्ति लिएर जान्छिन् भने बुहारीले पनि त माइतीको सम्पत्ति लिएर आउँछिन् । फेरि हाम्रो माग भनेको पतिको सम्पत्तिमा स्वास्नीको अधिकारको माग होइन, हाम्रो माग पैतृक सम्पत्तिमा छोरीको जन्मसिद्ध अधिकारको माग हो । त्यसैले छोरीलाई पैतृक सम्पत्तिमाथि जन्मसिद्ध अधिकार दिएर लोग्नेको सम्पत्तिमाथिको अधिकारलाई हटाई दिएको खण्डमा दोहोरो सम्पत्तिको हल त्यसै भइहाल्छ नि !

## जंगबहादुरको मुलुकी ऐनले जति पनि यो विधेयकले महिलाहरुको आर्थिक सुरक्षा गरेन

**कृष्णप्रसाद पन्त**

वरिष्ठ अधिवक्ता

अहिले मुलुकी ऐनमा भइरहेको र मुलुकी ऐन संशोधन गर्नको लागि पेश भएको विधेयकमा महिलाहरूको साम्पत्तिक अधिकारमा निक्कै फरक देखिन्छ । पहिले छोरीहरू ३५ वर्षसम्म विहा नभई माइती मै बसेमा मात्र पैतृक सम्पत्तिमा दावी गर्न मिल्थ्यो । अहिलेको विधेयकमा जन्मेदेखिको अधिकार दिएको छ । तर महिलाहरूको कल्याण र हितको दृष्टिले हेर्ने हो भने- यस विधेयकमा पनि केही तात्विक अन्तर देखिँदैन । यो विधेयकले खालि मानिसहरूको आँखामा छारो हाल्ने काम मात्र गरेको छ । महिलाहरूको समानता कायम गर्नको लागि कानून बनाउन सर्वोच्च अदालतले निर्देशनात्मक आदेश दियो । त्यही आदेश पालन गर्नको लागि एउटा बील ल्याउनै पर्‍यो भनेर मात्र यो बील ल्याइएको हो ।

हुन त महिलाहरूले सम्पत्ति पाउँदैमा उनीहरू स्वतन्त्र र समान हुन्छन् भन्ने कुरामा मेरो विश्वास छैन । उनीहरूको स्वतन्त्रता र मुक्तिको लागि त सामाजिक संरचना र दृष्टिकोणमै आमूल परिवर्तन हुनु पर्दछ । तर पनि पैतृक सम्पत्तिमाथि महिलाहरूको अधिकार हुनु भनेको महिला स्वतन्त्रताको लागि एउटा आधार प्राप्त हुनु हो । तर यो बीलले पनि महिलाहरूलाई पैतृक सम्पत्तिमा कुनै अधिकार दिएको छैन । पहिलो कुरा त यस बीलले दिएको साम्पत्तिक अधिकारले महिलाहरूले सम्पत्ति पाएर भोगचलन गर्न पाउँछन् भन्ने कुरामा कुनै ग्यारेन्टी नै छैन । किनभने, २०/२१ वर्षको उमेर सम्मत कुनै पनि महिला पढाइमा नै व्यस्त रहन्छन् । २०/२१ वर्षपछि अधिकांश महिलाहरू विहा भएर गई हाल्छन् । दोस्रो कुरा, सम्पत्ति पाइनैहाले पनि विहा पछि फेरि माइतीमै छोडेर जानुपर्छ ।

त्यसैले यो बीलले महिलाहरूलाई फेरि पनि आर्थिक रूपले लोग्नेकै भरमा बस्नुपर्ने बनाएको छ र उनीहरूलाई आर्थिक सुरक्षा दिलाउने कामलाई उपेक्षित गरेको छ । यो विधेयकले त बि.सं. १९१० सालमा जंगबहादुरले बनाएको मुलुकी ऐनले जति पनि महिलाहरूको आर्थिक सुरक्षा गरेन । त्यतिबेलाको ऐनमा छोरीको ३५ वर्षसम्म विहा भएन भने छोरीले पनि बाबुको सम्पत्ति पाउने र विहा भएर गएमा पनि त्यो सम्पत्ति लिएर जान पाउने व्यवस्था थियो । यो विधेयकमा पनि छोरीलाई छोरासरह पैतृक सम्पत्तिको जन्मसिद्ध अधिकार दिने, बिहा भए पनि लोग्नेसंग छुटे पनि, विधुवा भएपनि त्यो सम्पत्ति उनकै अधिकारमा रहिरहने व्यवस्था गर्नु पर्दछ । यसो गरेको खण्डमा मात्र महिलाहरूको आर्थिक सुरक्षा हुनुको साथसाथै उनीहरूको मुक्तिको बाटो खुल्थ्यो ।

अब कुरा आउँछ- यसो गरेमा पैतृक सम्पत्ति पनि पाउने र लोग्नेको सम्पत्ति पनि पाएपछि महिलालाई दोहोरो सम्पत्ति हुने हो कि भन्ने । पैतृक सम्पत्ति पाउने महिलाले लोग्नेसंग सम्पत्ति नलिएपछि दोहोरो सम्पत्ति कसरी हुन्छ ? त्यस्तै, अपुतालीको हकमा बाबुआमाको अपुताली छोरा छोरीले बराबर पाउने र दुलही मरी भने दुलाहाले अपुताली नपाउने, छोराछोरीले पाउने र दुलाहा मर्‍यो भने पनि दुलाहाको सम्पत्ति दुलहीले नपाउने, छोराछोरीले पाउने । यति व्यवस्था गरियो भने दोहोरो सम्पत्ति पर्ने समस्या त्यत्तिकै



हल हुन्थ्यो ।

मेरो विचारमा त त्यसरी मुलुकी ऐन संशोधन गरेर मुलुकी ऐनमै टाँसेर बसेर मात्र पनि महिलाहरूको कल्याण हुँदैन । महिलाहरूको कल्याणको लागि सम्पत्तिसम्बन्धी छुट्टै विधेयक ल्याउनु पर्दथ्यो । यो विधेयकमा बहुविवाह, गर्भपतन आदि कुराहरू पनि ल्याएर सम्पत्तिसम्बन्धी सवाललाई गौण गरेको छ । र, सम्पत्तिको अधिकारमा मात्र ध्यान केन्द्रित नगरेर अरू अरू कुरामा मान्छेहरूलाई अलमल्याइ दिएको छ ।

मेरो विचारमा त यो विधेयकले महिलाहरूको कल्याण गर्दैन । यसले त खालि परिवारमा मनमुटाव गराउने काम मात्र गर्दछ । यसले त महिलाहरूमा 'विहा भएपछि छोडेर जाने सम्पत्ति हो मन लागे जति खर्च गरे पनि हुन्छ' भन्ने भावना उब्जाएर सम्पत्ति नोक्सानी गराउने काम मात्र गराउँछ । यसरी यसले एकातिर स्वास्नी मान्छेहरूको आर्थिक अधिकारको सुरक्षा पनि गर्दैन । अर्कोतिर, मनमुटाव ल्याउने काम पनि गर्छ ।

◆ मुक्ता श्रेष्ठ



# स्वास्थ्य क्षेत्रमा साम्राज्यवाद कसरी पसिरहेछ ?

**डा. योगेन्द्र प्रधानाङ्ग**

साम्राज्यवाद पूँजीवादको एउटा चरम रूप हो । यति ठूलो अन्तर्राष्ट्रिय चासो भइसकेको, भइरहेको र हुनेवाला साम्राज्यवादभित्र कहाँबाट यो स्वास्थ्य भन्ने कुरो घुस्यो भन्ने कुरा सबैको लागि चर्चाको विषय हुन सक्छ । तर यो सानो विषय भए तापनि महत्वपूर्ण विषय हो ।

वास्तवमा ऐतिहासिक रूपले नै साम्राज्यवादलाई हेर्ने हो भने पनि रोमन साम्राज्यवादको फैलावट नै चिकित्सा र स्वास्थ्य क्षेत्रको योगदानबाट भएको थियो । अर्को कुरा, वित्तीय साम्राज्यवादलाई अझ व्यापक रूपमा लिने हो भने, उसले गर्ने वित्तीय लगानी सबैभन्दा ज्यादा स्वास्थ्य क्षेत्रमै हुन्छ, अन्त हुँदैन । त्यसको ज्वलन्त उदाहरण के हो भने, साम्राज्यवादको नाइके अमेरिकाको दोस्रो ठूलो लगानी स्वास्थ्य क्षेत्रमा नै भइरहेको छ ।

म अमेरिकामा हुँदा एकपटक बोस्टनको रेल्वे स्टेशनमा पुगेको थिएँ । त्यहाँ यत्रो यत्रो अक्षर भएको साइनबोर्ड टाँगिएको थियो- "यो बोस्टन शहरमा तीस हजार डाक्टरहरु छन् । यिनीहरु मध्ये तपाईलाई जो मन लाग्छ, उसकहाँ जानुस् ।" बोस्टन शहरको जनसंख्या हेर्ने हो भने, प्रत्येक सात जना मान्छेको लागि एकजना डक्टर पुग्छ । अब कल्पना गर्नुस्- सम्पूर्ण अमेरिकाका डाक्टरको संख्या, उनीहरूको लागि चाहिने स्वास्थ्यको प्रावधान र उनीहरूलाई चाहिने विरामीहरूको संख्याको हिसाब गर्ने हो भने उद्योग, बजार आदिको दृष्टिकोणले पनि यसले दोस्रो स्थान त ओगटेको छ ।

साम्राज्यवाद र पूँजीवादले आफ्नो पखेटा राम्रोसंग फैलाउन सक्यो भने, त्यसको असर सबभन्दा बेसी स्वास्थ्यमै पर्छ । एउटा राष्ट्रपति अथवा एउटा सरकार त आज आउँछ, भोलि जान्छ । त्यसमाथिको असर त्यति स्थायी हुँदैन । तर स्वास्थ्य क्षेत्रमा परेको असर स्थायी र व्यापक हुन्छ । त्यसैले साम्राज्यवादीहरूले आफ्नो वित्तीय साम्राज्यवादको प्रभुत्व जमाउने र हाँगा फैलाउने एउटा ठूलो क्षेत्रको रूपमा स्वास्थ्य क्षेत्रलाई लिन सकिन्छ । त्यसैले स्वास्थ्य क्षेत्रमा आइसकेको, आइरहेको र आउनेवाला साम्राज्यवादको पहलुलाई बुझ्न सकिएन भने अरू जस्तोसुकै राजनैतिक सिद्धान्तबाट पोख्त भए पनि त्यो काम लाग्दैन । त्यसैले स्वास्थ्य क्षेत्रमा परेको साम्राज्यवादको प्रभाव र असरलाई गंभीर रूपले हेर्नु जरूरी छ ।

आज जुन तीनजना डक्टर साहेबहरूले यस विषयमा प्रस्तुत गर्नु भएको लेखलाई लिएर मलाई विवेचना गर्ने मौका दिनु भएको छ, त्यो ज्यादै नै सान्दर्भिक छ ।

डा. चैतन्य मिश्रले मूल्यांकनमा प्रस्तुत गर्नु भएको साम्राज्यवादको तीनवटा चरणमध्ये तेस्रो चरणको वित्तीय साम्राज्यवादको स्वरूपको रूपमा स्वास्थ्य क्षेत्रको साम्राज्यवादलाई हेर्नु पर्दछ । किनभने, वित्तीय साम्राज्यवादको प्रभुत्व फैलाउने, पूँजी फैलाउने, शोषण गर्ने र त्यही आधारबाट अरूलाई नियन्त्रण गर्ने एउटा महत्वपूर्ण ठाउँ स्वास्थ्य क्षेत्र हो ।

यसैको आधारमा म विवेचना गर्न चाहन्छु ।

पहिलो कुरा, मूल्यांकनमा प्रकाशित अन्तर्क्रियाले स्वास्थ्य क्षेत्रको बहुचर्चित विषयलाई अगाडि राखेर त्यसमा साम्राज्यवाद र त्यसका चम्चाहरूले कसरी त्यसलाई आफ्नो पंजामा पारिराखेका छन् ? त्यसको राम्रो उदाहरण दिएको छ ।

स्वास्थ्य र चिकित्सा विषय भिन्दाभिन्दै हो भन्ने कुरा शायद धेरै मानिसहरूलाई थाहा छैन होला । यही अवधारणा थाहा नभएको कारणले नै त्यसको फाइदा उठाएर साम्राज्यवादीहरूले र बहुराष्ट्रिय कम्पनीहरूले उठाइरहेका छन् ।

स्वास्थ्य भनेको मान्छेको स्वास्थ्य नै हो । तर जब मानिसहरूको स्वास्थ्य स्वस्थ्य हुँदैन वा मान्छेको शरीरभित्र रोग पस्छ, तब त्यहाँ चिकित्साको आवश्यकता पर्छ । मानिसहरू बिरामी हुनुभन्दा पहिले, केही रोगको सम्पर्कमा आउनुभन्दा पहिले उसलाई रोगबाट बचाउनको निमित्त जे जति क्रियाकलाप हुन्छ, त्यसलाई जन-स्वास्थ्य भनेर नाम दिइएको छ । त्यो स्वास्थ्य क्षेत्रको आफ्नै परिभाषा हो ।

यसरी एकातिर रोग लाग्नुभन्दा पहिले त्यसबाट बच्नको लागि गर्नुपर्ने क्रियाकलापहरू जनस्वास्थ्य क्षेत्रमा पर्दछन् भने, अर्कोतिर रोग लागेपछि गर्नुपर्ने सम्पूर्ण क्रियाकलापहरू चिकित्सा क्षेत्रमा आउँछन् ।

यस अन्तर्क्रियामा चिकित्सा क्षेत्रमा साम्राज्यवाद कसरी प्रवेश भइरहेको छ भन्ने कुरा मात्र उल्लेख भएको छ । जनस्वास्थ्य क्षेत्रमा साम्राज्यवादको प्रवेशबारे खालि एउटा शब्द मात्र उल्लेख भएको छ । तर त्यसको विस्तृत व्याख्या भएको छैन । यदि साम्राज्यवादको जुन रणनीति छ, त्यसलाई बिफल गराउने

**प्रत्यक्ष**
**विचार-अन्तर्क्रियाको**
**विस्तृत विवरण- १**
- डा. योगेन्द्र प्रधानाङ्ग
- डा. बालकृष्ण थापा
- डा. शरद वन्त
- डा. केदार बराल

*स्वास्थ्य क्षेत्र साम्राज्यवादले नाफाको निम्ति सबैभन्दा बेसी गाँजेको क्षेत्रमध्ये एक हो । डाक्टर, ओस्वती र अस्पताललाई साधन बनाएर साम्राज्यवादीहरू स्वास्थ्य क्षेत्रलाई मालामाल नाफा कमाउने साधन बनाईरहेछन् । कमिशनमुखी डाक्टरमार्फत् अनावश्यक ओस्वती र स्वास्थ्य परीक्षण प्रविधिको प्रयोग गर्न लगाएर लाखौं गरीब नेपालीहरूको खल्ती धुत्ने र जीवनसमेत बर्बाद पार्ने शर्तमा पनि साम्राज्यवादीहरूले स्वास्थ्यलाई सबैभन्दा नाफादायक बजार बनाउन छोडेका छैनन् ।*

*अब त नेपालमा प्रतिकारात्मक स्वास्थ्य सेवाबाहेक बाँकी सबै सेवाहरू निजी क्षेत्रका नाफाखोर व्यापारीहरूका हातमा छोड्नु पर्ने दवाब साम्राज्यवादीहरू विश्व बैंकमार्फत् नेपालको सरकारलाई दिँदैछन् । सरकार यो दवाबसामु नतमस्तक पनि हुँदैछ । सरकारले आगामी २० वर्षे स्वास्थ्य सेवासम्बन्धी दीर्घकालीन योजना यही दवाबलाई मध्यनजर राखेर ल्याउन खोज्दैछ । यो प्रयत्नमा उनीहरू सफल भए भने, गरिबीको रेखामुनि रहेका एक करोड नेपालीहरूले सरकारी अस्पताल र हेल्थ सेन्टरमा ओस्वती मूलो पाउने छैनन् । गरीबहरूले ओस्वती गरीखानु पर्ने छैन । स्वास्थ्य सेवा त्यसले मात्र पाउने छ, जोसित मनग्ये पैसा छ । यही दिशातिर नेपाल जाँदैछ । अहिले नै बहुसंख्यक डाक्टरहरूमा सेवाभाव खत्तम हुँदै गएर 'पैसाभाव' बेस्सरी पल्हाएको र देशका आधाजसो जिल्ला अस्पतालमा खटाएका डाक्टरहरू नै जान छाडेको दृश्य हाम्रोसामु छ । भविष्यमा यो दृश्य अरू भयानक हुनेवाला छ ।*

*यो परिप्रेक्ष्यमा **नेपालको स्वास्थ्य क्षेत्रमा साम्राज्यवाद कसरी पसिरहेछ त ?** भन्ने बारेमा हामीले **मूल्याङ्कन**को अंक ४१ मा तीनजना डाक्टरहरूको अन्तर्क्रिया छापेका थियौं । त्यसै बारेमा **मूल्याङ्कन**ले हालै स्वास्थ्य विज्ञहरूबीच एक 'अन्तर्क्रिया उपरको अन्तक्रिया' आयोजना गरेको थियो । सो अन्तर्क्रियामा सामुदायिक स्वास्थ्यका क्षेत्रमा अनुभवी र विज्ञ मानिनु हुने डा. योगेन्द्र प्रधानाङ्गले आफ्नो महत्वपूर्ण टिप्पणी प्रस्तुत गर्नु भएको थियो । उहाँको उक्त टिप्पणी हामीले यहाँ प्रस्तुत गरेका छौं ।*

*-मूल्यांकन*

हो भने, हामी चिकित्सा क्षेत्रमा मात्र केन्द्रित भएर पुग्दैन । त्यसको लागि जनस्वास्थ्यको हतियार लिएर नै उनीहरूलाई खत्तम पार्नु पर्दछ । जनस्वास्थ्यको दायरालाई बुझेर अगाडि ल्याउन सक्यौं भने जस्तै शक्तिशाली साम्राज्यवादीहरूलाई पनि हामी खत्तम पार्न सक्छौं ।

चिकित्साको अवधारणाबाट स्वास्थ्यलाई लिंदा त्यहाँ तीनवटा कुराहरूको प्रधानता हुन्छ । ती तीन कुराहरू हुन्- औषधि, अस्पताल र डाक्टर ।

हाम्रो चिकित्सा र स्वास्थ्यको अवधारणा ती तीनवटा कुरामा नै सीमित भइरहेको छ । साम्राज्यवादीहरूले खास चाख राख्ने नै यी तीनवटा कुराहरूमा हो । उनीहरूले अरू साना देशहरूमाथि प्रभुत्व जमाउने र दास बनाउनको निम्ति लगानी गर्ने प्रमुख क्षेत्र भनेको औषधि हो । औषधि बिकाउनको निम्ति डाक्टर चाहिन्छ । उपचारको लागि विभिन्न यन्त्रहरू चाहिन्छन् । ती यन्त्रहरू राख्नको लागि अस्पताल चाहिन्छ । यस किसिमले चिकित्साको लागि साम्राज्यवादीहरूले औषधि, डाक्टर र अस्पताललाई लिन्छन् ।

नेपालमा पनि जुनसुकै सरकार आए तापनि सरकारको धारणा के रहेको पाइन्छ भने- डाक्टर, अस्पताल र औषधिको विकास भयो भने स्वास्थ्यको विकास भयो । हालसालैको हाम्रो स्वास्थ्यको ऐनलाई नै हेरौं न- डाक्टरहरूलाई गाउँ गाउँमा पठाउनको लागि जोड दिइएको छ । स्वास्थ्यको विकास भएको छ कि छैन भनेर हेर्न जानेहरू सबै नै सरासर हस्पिटलभित्र पस्छन् । त्यहाँ डाक्टर छ कि छैन ? औषधी पुग्दो मात्रामा छ कि छैन ? बिरामी कसरी बसिराखेको छ ? भन्ने कुरामा नै उनीहरू केन्द्रित हुन्छन् ।

यिनै चिकित्सा क्षेत्रका तीनवटा कुराहरू- हस्पिटल, औषधी र डाक्टरमा नै साम्राज्यवादीहरू, पूँजीवादीहरू र विस्तारवादीहरूले लगानी गरिरहेका छन् । त्यसैले हामीले यही तीनवटा क्षेत्रमा ध्यान केन्द्रित गर्नु पर्दछ भनी मूल्यांकनमा डाक्टर त्रयले गर्नु भएको प्रस्तुति यसैमा आधारित छ र समसामयिक छ । उहाँहरूले अहिले बढ्दै गइरहेको स्वास्थ्य क्षेत्रको निजीकरण, औषधि कम्पनी र अन्धाधुन्ध रूपमा आइरहेको मेडिकल कलेजहरूको स्वीकृतिका कुराहरूलाई राम्रोसंग विवेचना गर्नु भएको छ । यी कुराहरू हामीलाई चाहिने हो कि होइन ? वा यो साम्राज्यवादीहरूको ट्रीक हो कि ? त्यस्ता निजी क्षेत्रका कलेजहरू (जहाँ लाखौं लाख रूपियाँ खर्च गरेर पढ्नु पर्दछ) मा पढेर पास भएका डाक्टरहरूले कसरी जनताको सेवा पुर्‍याउँछन् र औषधिको उत्पादन र बिक्री वितरणमा साम्राज्यवादीहरूले कसरी हस्तक्षेप गरिरहेका छन् ? भन्ने कुरामा पनि यसले राम्रोसंग प्रकाश पारेको छ । यसमा उहाँहरूलाई धन्यवाद दिनै पर्दछ ।

तर हामीले यसबाहेक, जनस्वास्थ्यको क्षेत्रमा पनि राम्रोसंग ध्यान दिनु पर्दछ । यस क्षेत्रमा पनि साम्राज्यवादीहरूले कस्तो भूमिका खेलिरहेका छन् ? अहिले खेलिसकेका छन् कि छैनन् ? त्यसमा हामीले विचार गर्नु पर्दछ ।


विश्वमै स्वास्थ्य क्षेत्रमा जनपक्षीय स्वास्थ्य सेवा अर्थात् प्राथमिक स्वास्थ्य सेवाको अवधारणा आइसकेपछि साम्राज्यवादी र पूँजीवादीहरू विचलित हुन थालेका छन् । प्राथमिक स्वास्थ्य सेवा एउटा आधारभूत स्वास्थ्य नीति हो, जसमा सरूवा रोगको निदान आवश्यक औषधिहरूको मात्र प्रयोग, स्वास्थ्य सम्बन्धी योजनामा जनताको सहभागिता, कुपोषण आदि आधारभूत कुराहरू समावेश भएको हुन्छ । यस्तो खालको स्वास्थ्य नीति सबभन्दा पहिले चीनमा लागू भएको थियो । भारतमा यसको अभ्यास भयो र मेक्सिकोमा परिस्कृत भयो । चीनमा यसले व्यापक सफलता प्राप्त गर्‍यो । नांगो खुट्टे डाक्टर यसैको उदाहरण हो । नांगो खुट्टे डक्टर भनेको गाउँ गाउँमा, कम्यून-कम्यूनमा, कारखाना-कारखानामा, खेत-खेतमा जाने स्वास्थ्यकर्मीहरूको टोली हो, जसले साधारण औषधीहरू बोकेका हुन्थे । यिनीहरूको व्यापक परिचालन भएपछि चीनमा साधारण किसान मजदूरहरूको स्वास्थ्यमा निकै राम्रो प्रगति र परिवर्तन आयो । पछि चीनमा भएको राजनैतिक परिवर्तन र अमेरिकाको दवाबले नांगो खुट्टे डक्टरलाई स्वास्थ्य नीतिबाटै हटाइयो ।

यसरी प्राथमिक स्वास्थ्य सेवाको नीतिले व्यापक प्रभाव पारेकोले ती सबै ठाउँहरूका अनुभवहरू बटुलेर १९७८ तिर रूसमा 'अल्मा आटा विश्व सम्मेलन' भयो । यदि सबै जनतालाई स्वास्थ्य सेवा पुर्‍याउने हो भने, यही प्राथमिक स्वास्थ्य सेवाको अवधारणालाई सबै देशहरूले आ-आफ्नो देशमा लागू गर्नु पर्छ भन्ने निर्णय त्यो सम्मेलनले गर्‍यो ।

त्यस सम्मेलनमा १३५/३६ देशहरूले भाग लिएका थिए र नेपालले पनि भाग लियो । नेपाल लगायत ती सबै देशहरूले त्यस निर्णयमा सही गरे ।

यही विश्व सम्मेलनको निर्णयअनुरूप विभिन्न देशहरूमा यो नीति लागू पनि गरियो । विशेष गरेर अफ्रिका, ल्याटिन अमेरिका, चीन, क्यूबा आदि देशहरूमा व्यापक सफलता प्राप्त भयो । त्यसमध्ये पनि यो प्राथमिक स्वास्थ्य सेवाको रणनीतिको सबभन्दा बढी फल प्राप्त गर्ने देश क्यूबा नै रह्यो । यसरी क्यूबाले फल प्राप्त गरेको कुरा अमेरिकालाई सह्य भएन । अमेरिकाले त्यहाँका डाक्टरहरूलाई किनेर लगेपछि त्यहीं फर्काएर त्यहाँको प्राथमिक स्वास्थ्य सेवाको रणनीतिलाई नै भताभुङ्ग पार्ने कोशिस गर्‍यो । र, क्यूबामा अमेरिकाले गरेको नाकाबन्दी पनि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा केही न केही त्यससंग सम्बन्धित छ ।

यसरी, यो प्राथमिक स्वास्थ्य सेवाको रणनीतिले गर्दा खास गरी अफ्रिकाका जनताहरूले राम्रो स्वास्थ्य सेवा प्राप्त गर्न पाए । यो देखेर साम्राज्यवादीहरूले त्यस रणनीतिलाई कसरी विफल पार्ने भन्ने कुरामा दिमाग खियाउन शुरू गरे । र, विश्व स्वास्थ्य संघमार्फत् दाउ खेल्न शुरू गरे । अहिले त्यो रणनीति असफल पार्न विश्व बैंकलाई अगाडि सारिएको छ ।



**प्राथमिक स्वास्थ्य सेवाको रणनीतिको सबभन्दा बढी फल प्राप्त गर्ने देश क्यूबा नै रह्यो । यसरी क्यूबाले फल प्राप्त गरेको कुरा अमेरिकालाई सह्य भएन ।**

खोपबाट नै नाफा हसुर्ने चालबाजी हो- यो अहिले खोपमा दिइएको प्राथमिकता ।

अर्को, हामीले बुझ्नु पर्ने कुरा के छ भने- यस वर्ष नै उनीहरूले किन **पोलियो खोप दिवस** मनाए ? अथवा विश्वभर सबै बालबालिकाहरूलाई एकै दिन पोलियो खोप दिने कार्यक्रम किन बनाए ? यसको पनि रहस्य छ । यदि विकासको क्रमसंगै जन्मने बच्चाहरू र उत्पादन भएका खोपहरूको सम्बन्धअनुसार वा वर्षेनी जन्मेका बच्चाहरूलाई मात्र खोप लगाउँदै जाने हो भने, त्यति ठूलो ऋण लिएर उत्पादन गरेको खोपको लगानी नै उठाउन सकिँदैन । एक वर्ष अरू पर्खन परेको भए ती कम्पनीहरू टाट पल्टन सक्थे । अब सबै देशमा एकैदिनमा पोलियो खोप दिएपछि उनीहरूले सबै खोप बिकाउन पाए । यसबाट पोलियो खोप उत्पादन गर्ने कम्पनीहरू टाट पल्टनबाट बच्न मात्र सफल नभएर खोपबाट कैयौं अरब डलर नाफा कमाउन पनि सफल भए ।

**'विश्वभर पोलियो उन्मूलन गर्ने'** यो नाराभित्र लुकेको उनीहरूको यो स्वार्थ हामीले थाहै पाएनौं । उनीहरूको यो चालबाजीमा नेपालका एमालेदेखि लिएर सबै पार्टीहरू लागे । सबै पार्टीका कार्यकर्ताहरू 'खोप दिवस' लेखिएको रातो ब्यानर बोकेर यस अभियानमा लागे । श्री ५ को सरकारको त कुरै भएन । ब्यानर लेख्न मात्रै नेपालको कैयौं लाख पैसा लगानी भयो । गरीब बिरामीको औषधिमा लगानी गर्नुपर्ने सबै पैसाहरू त्यही ब्यानरमै खर्च भएको छ ।

यस्तै किसिमले औषधिको पनि कुरा छ । औषधि उत्पादन गर्नमा पनि यी बहुराष्ट्रिय कम्पनी त्यत्तिकै लागेका छन् । उनीहरूले उत्पादन गरेका औषधिको बिक्री गर्ने बजार हामी भइरहेका छौं । हामीले अति आवश्यक औषधिहरू मात्र प्रयोग गर्छौं भनेर भन्न पनि पाइरहेका छैनौं । अति आवश्यक ओखती मात्र प्रयोग गर्ने कुरामा सरकारको पनि प्रतिबद्धता छ र ऐनमा पनि व्यवस्था छ । तर व्यवहारमा यो कुरा लागू भइरहेको छैन । किन ?

**मूल्यांकन**मा विचार प्रस्तुत गर्नु हुने डक्टर साहेबहरूले पनि राम्रोसंग अध्ययन गरिरहनु भएको रहेछ- हामीलाई अति आवश्यक औषधिहरू २४/२५ थरि हो.। तर हामीकहाँ ४/५ हजार हो कि १० हजारथरिका औषधिहरू प्रयोगमा आइरहेका छन् । यो सबै साम्राज्यवादी राष्ट्रहरूको चाल हो । उनीहरूलाई एशियाली विकास बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषबाट ल्याएको सबै ऋणहरूको लगानीबाट नाफा उठाउनु परेको छ ।

आधा लिटर चिनीको चास्नी, आधा औंस जति रक्सी र सानो टुक्रा कागती निचोरेको घोलबाट बनेको झोललाई १२०।- रूपियाँ सम्म तिरेर मानिसहरू टनिक भनेर खाइरहेका छन् । हिसाब गर्ने हो भने यति रसको कति नै पर्छ र, यो कुरा हामीले बुझिरहेका छैनौं । बिरामीलाई टनिक भएन भने विरामी निको भए जस्तै लाग्दैन । प्रेस्क्रिप्सन लेख्ने डाक्टरलाई टनिक लेखेन भने प्रेस्क्रिप्सन लेखें जस्तै लाग्दैन । औषधि पसलेलाई त टनिक बेच्न पाएन भने औषधि पसल नै बन्द गर्नुपर्ने स्थिति पैदा हुन्छ ।



डा. बालकृष्ण थापा, डा. सरोज धिताल, डा. शरद वन्त, लिलामणि पोखरेल, डा. योगेन्द्र प्रधानाङ्ग, डा. चैतन्य मिश्र, खगेन्द्र संग्रौला

यी सबै, औषधिको नाममा शुद्ध व्यापार नभए के ?

त्यस्तै, एन्टिबायोटिक्सको नै कुरा गरौं- एन्टिबायोटिक्स हामीकहाँ दिनै नहुने ठाउँमा पनि दिइराखेको हुन्छ । दिनै पर्ने स्थितिमा २/४ वटा दिए पुग्नेमा १५/१६ वटा दिइन्छ । यदि त्यो सबै डोज खाएन भने रोगै निको हुँदैन भनेर तर्साइन्छ । यस्तो हुँदा हुँदा जनमानसमा टनिक नदिने र इन्जेक्सन नदिने डक्टर नै होइन, डाक्टरले एक दुइवटा मात्र औषधि लेखिदियो भने रोगीलाई रोग निको हुन्छ जस्तै लाग्दैन जस्तो भइसकेको छ । यो संस्कृति नै भैइसकेको छ हामीकहाँ ।

यस्तो किसिमको संस्कृति स्थापित गर्नमा साम्राज्यवादीहरूको ठूलो हात रहेको छ । उनीहरूको नाफामुखी जालमा हामी फसिरहेका छौं । यस्ता औषधिहरू उत्पादन गर्ने बहुराष्ट्रिय औषधि कम्पनीहरू विश्वमा करीब १०२ वटा मात्र छन् । यी १०२ वटा कम्पनीहरूको स्वार्थमा विश्वका सम्पूर्ण जनताहरूको शोषण भइरहेको छ ।

यसरी चिकित्सा क्षेत्रमा हेर्ने हो भने- ती साम्राज्यवादी देशहरूले उत्पादन गरिरहेका चाहिने-नचाहिने औषधि बिक्री गर्नको लागि डाक्टरहरू चाहिएको छ । र, फाल्नु पर्ने अवस्थामा पुगेका औजार तह लगाउनको लागि हस्पिटल चाहिएको छ । त्यस्ता औजारहरू उनीहरूको देशमा फाल्नको लागि पैसा लाग्छ । तर हामीकहाँ पठाउँदा पैसा लाग्दैन । त्यस्ता औजारहरू सहयोग पाएकोमा हामी मख्ख पर्छौं ।

यी साम्राज्यवादी देशहरूले आफ्नो नाफाको लागि चाहिने-नचाहिने औषधि उत्पादन गरेर मात्र विश्वका जनताको शोषण गरिरहेका छैनन्, बरू आफ्ना देशमा भएका उद्योगका फोहरहरू, हस्पिटलका फोहरहरू तथा हातहतियार बनाउने ठाउँका विकिरणयुक्त फोहरहरू अन्य कमजोर राष्ट्रहरूको नजिक फालेर त्यहाँका जनताहरूको स्वास्थ्यमा नराम्रो असर पारिरहेका छन् ।

केही समय अगाडिको मात्र कुरा हो- यसै विषयलाई लिएर चीन र अमेरिकाको बीच झण्डै झगडा हुन आँटेको थियो । कुरा के थियो भने- रिसाइकलिङ्ग गरेर नयाँ सामानहरू बनाउन मिल्ने खालका फोहरहरू अमेरिकाबाट चीनले लिने सम्झौता ती दुई देशको बीच भएको थियो । त्यही सम्झौताअनुसार अमेरिकाले एउटा जहाजमा फोहरहरू लिएर गयो । तर त्यसमा अमेरिकाले लानै नपाइने फोहरहरू लिएर गएको रहेछ । यो कुरा थाहा पाइसकेपछि चीनले जहाजलाई चीनको सीमाभित्र पस्न नदिइकन बीचमा रोकेर राखेछ । त्यो जहाज १०/१२ दिनसम्म त्यहीं रह्यो । त्यहाँ बसेका प्रहरीहरू खाने नपाएर बिचल्लीमा परे । त्यसलाई फर्काउन चीन र अमेरिकाको बीच वार्ता पनि भयो । तर केही सीप लागेन । अन्त्यमा, त्यहाँ पालो बसेका प्रहरीहरूले अनसन गर्ने धम्की दिएपछि अमेरिकाले जहाजलाई फर्काएर लग्यो । तर त्यो सबै फोहर आफ्नै देशमा नलगिकन हङ्कङ्ग नजिकको हाङसो भन्ने प्रान्तमा फालेरं गयो । त्यसको दुई महिनापछि फेरि चार वटा जहाजभरिको फोहर चीनमा ल्याएर फालियो ।

अर्को उदाहरण, सिंगापुर संसारको सबभन्दा सफा र राम्रो भनेर विश्वप्रसिद्ध छ । तर त्यहाँको फोहर कहाँ गयो भनेर कसैले सोचेको छ त ? त्यहाँको सबै फोहरहरू लगेर उनीहरूले बर्माको समुद्रको किनारमा फाल्छन् । त्यसले गर्दा त्यहाँ बस्ने माझीहरूको उठिबास भएको छ । त्यो फोहरले गर्दा त्यहाँ बस्नै नसक्ने भएपछि उनीहरूले प्रतिरोध गरे, संघर्ष गरे । तर अपशोच, त्यहाँको सरकारले अमेरिकासंग पैसा खाएकोले गर्दा त्यहाँको जनताको संघर्षलाई निर्ममतापूर्वक दबायो । २५ जना व्यक्तिहरू गोलीका शिकार भए ।


त्यस्तै अर्को घटना इन्डोनेसियाको बन्दरगाह क्षेत्रमा भएको थियो ।

यी सबै कुराहरू हेर्दा मलाई के लाग्छ भने- यदि विश्वमा तेस्रो विश्वयुद्ध भयो भने स्वास्थ्यको कारणले नै हुने त होइन ? के औषधिको लागि, हस्पिटलको लागि, डाक्टरको लागि चाहिने बजारको निम्ति हारालुछमै त युद्ध हुने होइन ? पहिले खानी हात पार्नको निम्ति, उद्योगको लागि मजदूरहरू प्राप्त गर्नको लागि उपनिवेशको विकास भएको थियो भने अहिले फोहर फाल्नको लागि उपनिदेशको विकास हुने त होइन ?

तेसो कुरा, विश्व बैंकको स्वास्थ्य क्षेत्रमा प्रवेश पनि साम्राज्यवादीहरूको स्वास्थ्य क्षेत्रमा

**सिंगापुर संसारको सबभन्दा सफा र राम्रो भनेर विश्वप्रसिद्ध छ । तर त्यहाँको फोहर कहाँ गयो भनेर कसैले सोचेको छ त ?**


डा. योगेन्द्र प्रधानाङ्ग



**यदि कुनै डाक्टरले बैंकबाट ऋण लिएर निजी क्लिनिक खोल्न पाउँछन् र शहरमा विभिन्न सुविधाहरु भोगेर मालामाल पैसा कमाउन पाउँछन् भने कुन डाक्टर हुम्लामा गएर त्यहाँको हिउँले कठांग्रिने जाडो खान जान्छन् ?**

**९० को दशकमा बंगलादेशबाट निक्लेका बहुमूल्य औषधिमध्ये एउटा पुनर्जलीय घोल हो । अहिले त्यो औषधि उत्पादन बंगलादेशमा हुँदैन ।**

डा. बालकृष्ण थापा



प्रभुत्व जमाउने एउटा उपाय हो । यदि उद्योग क्षेत्रमा मात्र लगानी गर्न ऋण लिएको भए त्यो त्यति अचम्म मान्नु पर्ने कुरा थिएन । तर स्वास्थ्य क्षेत्रमा ऋण लिएर हामी जस्तो गरीब देशले ऋण तिर्ने कसरी ? हाम्रो देशले विश्व बैंकसंग ऋण लिएर केमा खर्च गऱ्यो भनेर थाहा पाउनु भयो भने तपाईहरू अचम्म मान्नु हुनेछ । त्यो ऋण केमा खर्च भयो- थाहा छ तपाईहरूलाई ?

अहिले गाउँघरमा काम गर्ने स्वयंसेवी महिला स्वास्थ्य कार्यकर्ताहरूले काम गरेका छन् कि छैनन् भनेर निरीक्षण गर्नको लागि फर्म भर्नमा त्यो पैसा खर्च गरियो । यदि त्यो पैसा हस्पिटलमा या औषधिमा खर्च गरेको भए बिरामीले तिर्थ्यो होला भनुँ । तर त्यो फर्ममा खर्च गरेको पैसाको ऋण कसले तिर्ने ? यही कारणले हामी जहिले पनि ऋणमा फँसिरहेका हुन्छौं । ऋण लिएको पैसा यस्ता अनुत्पादक क्षेत्रमा लगानी गर्दैनौं भनेर हामी भन्न पनि पाउँदैनौं । यदि उनीहरूले भनेको क्षेत्रमा लगानी गरिएन भने अरू क्षेत्रमा लगानी गर्नको लागि पनि ऋण नदिने धम्की दिन्छन् उनीहरू ।

ढाँचागत समायोजन, छनौटपूर्ण प्राथमिक स्वास्थ्य उपचार तथा विश्व बैंकको स्वास्थ्य क्षेत्रमा प्रवेश- यी तीनैवटा कुराहरू विश्वकै स्वास्थ्य क्षेत्रमा आफ्नो प्रभुत्व जमाउन साम्राज्यवादीहरूले अपनाएका रणनीतिहरू हुन् । हामीले जानी वा नजानी ती रणनीतिहरू स्वीकार गरिरहेका छौं ।

यसो हुनाका थुप्रै कारणहरू छन् । ती कारणहरूमध्ये जनमुखी स्वास्थ्य सेवाको अवधारणाको व्याख्या बहुसंख्यक जनता तथा जनस्तरमा काम गर्ने स्वास्थ्य कार्यकर्ताहरू समक्ष पुगेकै छैन । अर्को कुरा, बहुसंख्यक जनताहरूको हितको लागि स्वास्थ्य सेवा सचालन गर्नु पर्ने आवश्यकता र यसको परिपूर्तिका लागि चाल्नुपर्ने कदमबारेमा सैद्धान्तिक स्पष्टताकै अभाव छ हामीकहाँ । जनताको स्वास्थ्यमा सुधार ल्याउने र स्वास्थ्यलाई सशक्त र सम्वेदनशील बनाउने खालका योजना बनाउनमा, योजना लागू गर्नमा र त्यसको मूल्यांकन गर्नमा जनसहभागिता नहुनु अर्को कारण हो ।

हामीकहाँ यी तीनवटै आधारभूत सिद्धान्तको अभावमा साम्राज्यवादीहरूले प्रवेश गर्ने र फस्टाउने मौका पाइरहेका छन् । हुन त हाम्रा केही वामपन्थी डाक्टर साथीहरूले यी सिद्धान्तहरू लागू हुनुपर्छ भन्ने कुरामा आवाज उठाइरहनु भएको छ । तर विचारणीय कुरा के छ भने- साम्राज्यवादी तथा पूँजीवादी राष्ट्रहरूको फूटबल खेल्ने मैदान- डाक्टर, हस्पिटल र औषधि हो । यसैमा उनीहरूले कब्जा जमाइरहेका छन् । त्यही मैदानमा हामी पनि उत्रेर उनीहरूको विरोध गर्ने कामलाई हामीले कसरी सशक्त पार्न सक्छौं त ?

मेरो एउटा कटु अनुभव के छ भने- ९ महिने वामपन्थी सरकार आएको बेलामा स्वास्थ्य सेवालाई कसरी जनमुखी बनाउने भन्ने कुरा भएको थियो । तर त्यतिबेला पनि औषधिको कुरालाई लिएर डक्टरहरूको बीचमै लुछाचुँडी भयो । कतिपय हाम्रा प्रगतिशील डक्टरहरू पनि निजी क्लिनिक खोल्नमा अग्रसर भए । जबकि, स्वास्थ्य क्षेत्रमा निजीकरण भनेको ज्यादै घातक र अन्यायी कुरा हो । किनभने, साम्राज्यवादीहरूले पूँजीमार्फत् स्वास्थ्य क्षेत्रमा शोषण गर्ने र प्रभुत्व जमाउने साधन नै निजीकरण हो । यही निजीकरणमार्फत् नै उनीहरूले प्रगतिशील डक्टरहरूलाई र स्वास्थ्यकर्मीहरूलाई पनि आफ्नो मुट्ठीमा पार्न कोशिस गर्छन् । यदि हामीले साम्राज्यवादीहरूका सैद्धान्तिक अवधारणाहरू बुभन सकेनौं भने, हामी सजिलैसंग उनीहरूको मुट्ठीमा फस्छौं । र, औषधि कम्पनीहरूले एजेण्टमार्फत् कालो व्यागभरिका औषधिहरू सित्तैमा हाम्रो अगाडि राखिदिएपछि हाम्रो दिमाग खल्बलिन थाल्छ ।

अहिले जुन निजीकरणको नीति आइरहेको छ, त्यस नीतिले निजी क्लिनिक खोल्न र नर्सिङ्ग होम खोल्नको लागि सरकारले ऋण सुविधा दिइरहेको छ । डाक्टरहरूलाई अति नाफादायक निजी क्लिनिक खोल्नमा आकर्षित गरिरहेको छ । फेरि त्यही सरकारले दुर्गम क्षेत्रमा जाने डक्टरहरूलाई विदेशमा पढ्न पठाउने भन्ने नीति पनि अपनाइरहेको छ । के यो दोधारे नीतिले गाउँघरका बहुसंख्यक जनताहरूले डाक्टरी सेवा प्राप्त गर्न सक्छन् ? यदि कुनै डाक्टरले बैंकबाट ऋण लिएर निजी क्लिनिक खोल्न पाउँछन् र शहरमा विभिन्न सुविधाहरू भोगेर मालामाल पैसा कमाउन पाउँछन् भने कुन डाक्टर हुम्लामा गएर त्यहाँको हिउँले कठांग्रिने जाडो खान जान्छन् ? के पहिलो नीतिको अगाडि दोस्रो नीति सफल हुन सक्छ त ?

यस्ता कामहरू हुनुको मुख्य कारण हामीमा भएको ननिखारिएको र गलत चिन्तनशैली तथा कमी-कमजोरीहरू नै हुन् । ती साम्राज्यवादी तथा बहुराष्ट्रिय कम्पनीहरूले हाम्रो यसै कमजोरीलाई नै हतियार बनाएर औषधि निर्माण गर्ने कम्पनीहरूमार्फत् हाम्रो स्वास्थ्य क्षेत्रमा कब्जा जमाइराखेका छन् । त्यसैले हामीले यी साम्राज्यवादीहरूको चालबाजीलाई बुभनु पर्दछ । हाम्रो चिन्तन प्रणालीलाई निखार्नु पर्दछ । हाम्रा कमी-कमजोरीहरूलाई हटाउनु पर्दछ । अन्यथा, हामीहरू उनीहरूको चालबाजीमा नै फँसिरहने छौं ।

## डा. बालकृष्ण थापा

अहिले पनि स्वास्थ्य क्षेत्रमा साम्राज्यवादीहरूले कसरी प्रभुत्व जमाइराखेका छन् भन्ने सम्बन्धमा सबै कुराहरू आइसकेका छन् जस्तो मलाई लागेको छैन ।

म भरखर बंगलादेश गएर आएको थिएँ । त्यहाँ मैले दुईवटा रोचक कुराहरू देखें । पहिलो कुरा, ९० को दशकमा बंगलादेशबाट निक्लेका बहुमूल्य औषधिमध्ये एउटा पुनर्जलीय घोल हो । अहिले त्यो औषधि उत्पादन बंगलादेशमा हुँदैन । जुन देशले रिसर्च गरेर विश्वमा सर्वप्रथम त्यो ओखती निकाल्यो, त्यही देशले त्यो औषधि उत्पादन गर्न पाइरहेको छैन । त्यो कस्तो किसिमको साम्राज्यवादी आक्रमण हो त ?

दोस्रो कुरा, १९७५ मा बंगलादेशमा एउटा एम्पिसिलिन क्याप्सुलको पाँच टाका पर्थ्यो । त्यतिबेला त्यो क्याप्सुल बनाउने धूलो भारतबाट एक किलोको ५००।- टाका तिरेर बंगलादेशले झिकाउनु पर्थ्यो । जबकि, त्यही धुलो यूरोपबाट झिकाउँदा ७५।- टाका मात्र पर्थ्यो । त्यसैले बंगलादेशका केही देशभक्तहरूले गणपथ फार्मेसी खोलेर यूरोपबाट एम्पिसिलिनको धूलो झिकाए र उनीहरूले एउटा एम्पिसिलिन ५०-५५ पैसामा बेच्न शुरू गरे ।

भारतलाई यो कुरा सह्य भएन । भारतका ५५ वटा औषधि कम्पनीहरूले पाँच पाँच लाख लगानी गरेर बंगलादेश सरकारसंग के सम्झौता गरे भने- 'हामी एम्पिसिलिन क्याप्सुल ४० पैसामा दिन्छौं, तर सम्पूर्ण औषधिहरू गणपथ फार्मेसीबाट नलिइकन हामीसंग लिनु पर्छ ।" त्यो कुरा थाहा पाएपछि गणपथ फार्मेसीले पनि आफू घाटै खाएर ३० पैसामा एम्पिसिलिन बेच्न शुरू गरे । जनाधारहरू तयार गर्दै, औषधिको मूल्य घटाउँदै अहिले उनीहरू यहाँसम्म आइपुगे कि- अहिले बंगलादेशमा त्यो फामेसी अति लोकप्रिय छ । साथै, सबभन्दा बढी स्थापित पनि छ । यसले अहिले बाहिरबाट आउने औषधिहरूलाई नियन्त्रण गरिरहेको छ ।

हाम्रो नेपालकै कुरा गरौं- हाम्रो स्वास्थ्यको दार्शनिक योजना र कार्यान्वयनका साथै उपभोक्ताहरूको तहसम्म पनि साम्राज्यवादीहरूले प्रभाव पारिसकेको छ । व्यवस्थापनको सिद्धान्तअनुसार दार्शनिक तह हुँदै योजना, कार्यान्वयन र उपभोक्ताहरूसम्ममा क्रमशः पुग्नु पर्दथ्यो । तर अचम्म के भइदियो भने- नेपालमा साम्राज्यवादीहरू एकैचोटी उपभोक्तामा पुग्न सफल भए । यस्तो स्थिति मुख्यतया १९५१ पछि विदेशबाट अध्ययन गरेर आएका डाक्टरहरूबाट सृजना भयो । उनीहरूले वायो मेडिकल प्रणालीको स्वास्थ्य शिक्षा पढेर आए । स्वास्थ्यमा सामाजिक र सांस्कृतिक असर पनि पर्छ भन्ने कुरा उनीहरूले महसुस गर्न सकेनन् । स्वास्थ्य र स्वास्थ्य सेवालाई पनि उनीहरूले छुट्याउन सकेनन् । मानिसको स्वास्थ्यको लागि डाक्टरहरू नै सर्वेसर्वा हो भन्ने कुरामा जनताहरूलाई उनीहरूले संप्रेषण गरे । फलस्वरूप, जनताहरूमा एकपछि अर्को डक्टर फेर्ने र डाक्टरले नभने पनि गर्ने नपर्ने ठाउँमा पनि अनुसन्धान गर्नैपर्ने मानसिकता तयार भयो ।

त्यसको फलस्वरूप, यहाँ क्लिनिकल पृष्ठभूमिमा रोग निदान गर्न सकिने बढीभन्दा बढी रोगहरू र कमभन्दा कम औजार साधन मात्र प्रयोग गरेर ९५ प्रतिशत रोगहरू निदान गर्न सकिने ठाउँमा अत्याधुनिक मेसिनहरूको प्रयोग भइरहेको छ । यसरी ५ प्रतिशत रोगको निदानको लागि प्रयोग हुनुपर्ने मेसिनहरू ९५ प्रतिशत रोगहरू निदान गर्नमा प्रयोग हुनुको तात्पर्य के ? के यो साम्राज्यवादीहरूको चाल होइन र ?

अर्को, यहाँ निजीकरणको कुरा छ । निजीकरणमा पनि सक्रिय र निश्क्रिय निजीकरण भन्ने कुरा हुँदोरहेछ । सक्रिय निजीकरणमा

राज्यले नै निजीकरणलाई प्रोत्साहित गर्छ । जस्तो, वीर हस्पिटलमा भएको सिटिस्क्यान गर्ने मेसिन कहिले पनि बिग्रिन्छ । त्यसको मर्मत गर्नको लागि इन्जिनियरहरू पाइँदैनन् । तर बाहिर निजी क्षेत्रमा भएका मेसिनहरू त्यति बिग्रिदैन । बनाउनको लागि इन्जिनियर तुरून्तै पाइन्छ । यसको अर्थ के भयो भने- वीर हस्पिटलमा त्यो मेसिन बिग्रेन भने निजी क्षेत्रको विकास कसरी हुन्छ त ? यसरी, नेपालको स्वास्थ्य क्षेत्रमा निजी हस्पिटलहरू, नर्सिङ्ग होमहरू, क्लिनिकहरूको जुन विकास भइरहेको छ, त्यसको दोषी को त ?


यसरी, एकातिर साम्राज्यवादीहरूले सोझै उपभोक्ताहरूमाथि प्रभाव पारिराखेका छन् भने अर्कोतिर दार्शनिक स्तरमा पनि प्रभाव पारिराखेका छन् । नेपालमा आयुर्वेद धेरै राम्रोसंग अगाडि बढिराखेको थियो । त्यसलाई साम्राज्यवादीहरू र सरकारबाट दबाइयो । त्यस्तै, होमियोपेथी र एकुपन्चरलाई अगाडि बढ्न दिइएन । खालि पश्चिमेली औषधिहरूलाई मात्र प्राथमिकता दिइयो ।

अर्को कुरा, योजनाको स्तरमा पनि रोचक कुरा के छ भने- नेपालको योजना निर्माण गर्नमा विश्व बैंकको हात छ भन्ने कुरा डा. योगेन्द्रले अघि नै भनिसक्नुभयो । आउँदो १५-२० वर्षको नेपालको स्वास्थ्य योजना अहिले विश्व बैंकले गर्दैछ । तर कुरा यति मात्र होइन । १९४६ मा भारतमा स्वास्थ्य प्रणालीको विश्लेषण गर्नको लागि **'घोरे कमिटी'** को गठन भएको थियो । त्यसले प्राथमिक स्वास्थ्य सेवाको केही धारणा ल्याएको थियो । त्यसलाई परिस्कृत गर्दै ल्याएर १९७३ मा 'कार्थरसिङ' भन्नेको एउटा कमिटीले प्रत्येक पाँच हजार जनसंख्याको लागि उपस्वास्थ्य चौकी र त्यसबाट सिफारिश प्रणालीको धारणा निर्माण गरेको थियो । नेपालमा नेपाली कांग्रेसको सरकारको पालामा पाँच हजार जनसंख्याको लागि वा एउटा गा.वि.स.को लागि एउटा स्वास्थ्य चौकी भन्ने जुन कुराको कार्यान्वयन भयो, त्यो भारतको कार्थरसिङ्गकै धारणाबाट आएको कुरा थियो ।

एउटा रोचक घटना के छ भने- २०४६ सालको आन्दोलनपछि बनेको अन्तरिम सरकारको पालामा नगरकोटमा एउटा वर्कसप भएको थियो । त्यहाँ जिल्ला स्वास्थ्य प्रणालीलाई कसरी विकास गर्ने भन्ने बारेमा डक्टर महेश मास्केले एउटा कार्यपत्र पेश गर्नु भएको थियो । त्यस कार्यपत्रमा सार्वजनिक स्वास्थ्य अधिकृत र मेडिकल हेल्थ अफिसरको बीचमा भएको द्वन्दलाई हटाउन त्योभन्दा माथिल्लो एम.वि.वि.एस. वा एम.पि.एच. स्तरको जनशक्तिलाई जिल्ला स्वास्थ्य अधिकृत बनाएर पठाउनु पर्छ । र, ती तीनै स्तरका जनशक्तिको बीचमा को-अर्डिनेसन गरेर मात्र जिल्लाको स्वास्थ्यमा भएको समस्या समाधान गर्न सकिन्छ भन्ने कुरा उल्लेख गरिएको थियो । तर त्यतिबेला डा. महेश मास्केको यो कार्य योजनालाई स्वीकार गरिएन । "यो धेरै ठूलो महत्वाकांक्षी योजना भयो । हाम्रो जस्तो अर्थतन्त्रले यसलाई धान्न सकिँदैन" भनेर हाम्रा नोकरशाहहरूले यसलाई अस्वीकार गरे । पछि हरिचरण सिंह W.H.O. को प्रतिनिधि भएर नेपालमा बसेको बेला उनले जिल्ला स्वास्थ्य प्रणालीको विकास गर्ने एउटा योजना पेश गरे, जुन हू-बहू डा. महेश मास्केले पेश गरेको जस्तै योजना थियो । त्यसलाई मन्त्री रामवरण यादवले जस्ताको त्यस्तै लागू गरे । यो कस्तो बिडम्बना ? त्यस्तै खालको योजना नेपालीहरूले आफ्नो दिमाग खियाएर बनाउँदा देशको स्थितिसंग मेल नखाने, त्यस्तै योजना विदेशीले बनाउँदा ठीक हुने ? यो प्रवृत्ति स्वास्थ्यमा मात्र नभई हरेक ठाउँमा विद्यमान छ ।

अर्को, हाम्रो नेपालको स्वास्थ्य शिक्षाको क्षेत्रमा पनि साम्राज्यवादीहरू आफ्नो प्रभुत्व जमाउन पछि परेनन् । स्वास्थ्य शिक्षाको इतिहासलाई केलाउँदा यो कुरा प्रष्ट हुन्छ । जब नेपालमा "चिकित्सा शास्त्र अध्ययन संस्थान" को स्थापना भएको थियो, त्यतिबेला त्यस्ता खालका मेडिकल इन्स्टिच्यूटहरू विश्वमा नै चारवटा मात्र थिए, जसले जनमुखी स्वास्थ्य शिक्षा प्रणालीको विकास गरेका थिए । सानो स्तरको स्वास्थ्य जनशक्तिलाई विकास गर्दै माथिल्लो स्तरको स्वास्थ्य जनशक्ति निर्माण गर्ने र स्वास्थ्य सेवा प्रदान गर्नको लागि डाक्टरदेखि लिएर हेल्थ असिस्टेन्ट, नर्स, अहेब, ग्रामीण स्वास्थ्य कार्यकर्तासम्म रहेको एउटा मेडिकल टीम निर्माण गर्ने भन्ने सैद्धान्तिक अवधारणा यी इन्स्टिच्यूटहरूको थियो । यही अवधारणाअनुसार २०४१ सालसम्म नेपालको 'चिकित्सा शास्त्र अध्ययन संस्थान' मा 'सर्टिफिकेट इन हेल्थ साइन्स' पढेकालाई मात्र डाक्टरी पढाइन्थ्यो र नर्स र अहेबहरूले पनि संस्थानले तोकेको शर्त पूरा गरेपछि एम.वि.वि.एस. को प्रवेश परीक्षामा बस्न पाउने प्रावधान थियो । यसलाई त धेरै पहिले नै हटाइसकेको छ । अब सर्टिफिकेट इन हेल्थ साइन्सबाट एम.वि.वि.एस. मा पढ्न नपाउने गरियो । अब सबै साइन्सबाट मात्र पढ्न पाउने गरियो ।

यस्तो किन गरियो त ? भन्दाखेरि पहिले हेल्थ साइन्स पढेर एम.वि.वि.एस. पढ्न अनिवार्य रूपमा गाउँमा सर्भिस गर्नजानु पर्दथ्यो । एम.वि.वि.एस. पढ्न आउँदासम्म उनीहरूले गाउँको परिस्थिति बुझिसकेका हुन्थे । र, पछि एम.वि.वि.एस. पढिसकेपछि पनि गाउँमा जान उनीहरूलाई त्यति गाह्रो हुँदैनथ्यो । यस्तो खालको स्वास्थ्य शिक्षा प्रणालीले गर्दा गाउँ गाउँमा डाक्टर, स्वास्थ्य कार्यकर्ताहरू पुग्न थाले । गाउँका जनताले स्वास्थ्य सेवा पाउन थाले । यो कुरा साम्राज्यवादीहरूलाई सह्य भएन । उनीहरूले यस खालको स्वास्थ्य प्रणालीलाई ध्वस्त पार्नेतिर कदम चाल्न थाले । बेला बेलामा सानातिना परिवर्तनहरू गर्दै अब त पहिलेको स्वास्थ्य शिक्षाको अवधारणालाई नै पूर्ण रूपमा ध्वस्त गर्न सफल भएका छन् ती साम्राज्यवादीहरू । अब साइन्सबाट आउने विद्यार्थीहरू ए.वि.वि.एस पास गरेपछि गाउँमा जान गाह्रो मान्न थाले । फलस्वरूप, त्यतिबेला ०४८ सालसम्म नेपालका ६८ वटा जिल्ला अस्पतालहरू मध्ये ५८ वटा अस्पतालहरूमा डाक्टरहरू थिए । त्यसमध्ये पनि ४८ वटा जिल्ला अस्पतालमा चिकित्साशास्त्र अध्ययन संस्थानबाट उत्पादन भएका डाक्टरहरू थिए । अहिले ६८ वटा जिल्ला अस्पतालहरूमध्ये ३७ वटा जिल्ला अस्पतालहरूमा मात्र डाक्टरहरू छन् ।



डा. शरद वन्त

यसरी तल्लो स्तरदेखि विकास भएका डाक्टर उत्पादन गर्ने र मेडिकल टीम सृजना गर्ने जस्ता जनमुखी सैद्धान्तिक अवधारणालाई साम्राज्यवादीहरूले नष्ट गरे । तर ५० वर्ष अगाडि भारतले जे कुरा शुरू गरेको थियो, त्यो कुरा नेपालमा अहिले शुरू गरिएको छ । अचम्मको कुरा के भइदियो भने- नेपालले १७ वर्ष अगाडि जुन जनमुखी स्वास्थ्य प्रणाली शुरू गरेको थियो, त्यो कुरा अहिले भारतले १९९३ बाट शुरू गरेको छ । यस्तो खालको स्वास्थ्य सेवा प्रणाली, जुन कुरा हामीले हाम्रा देशका जनतालाई स्वास्थ्य सेवा प्रदान गर्नको लागि शुरू गरेका थियौं र यो जतातते सफल पनि हुँदै गइरहेको थियो, यसलाई ध्वस्त पार्न साम्राज्यवादीहरू मरिमेटेर लागे । यस क्षेत्रमा पनि छलफल गर्नु पर्ने जरूरी देखिन्छ ।

**संसारभरि पाउन सकिने नीममा पेटेन्ट राइट लाउनु कहाँसम्मको न्यायोचित कुरा हो ?**

## डा. शरद वन्त

यस अन्तरक्रियामा धेरै कुराहरू आए । तर यसमा साम्राज्यवादीहरूले पंजा गाडिराखेका क्षेत्रहरू मध्ये पेटेन्ट राइटको कुरा उठेन । अहिले हार्वर्ड युनिभरसिटीमा क्यान्सर रिसर्च ल्याबोटरीको लागि प्रयोग गर्न एउटा मूसालाई जेनेटिक चेन्ज गरेर रूपान्तरण गरिएको छ । अब संसारमा मुसालाई कसैले प्रयोग गऱ्यो भने प्रयोग गर्नेले त्यसको रोयल्टी हार्वर्ड युनिभर्सिटीलाई तिर्नु पर्छ । यसले त हामीलाई त्यति असर नपर्ला । तर हाम्रो हिमाल र हिमालको बेल्टमा पाउने जडीबूटीहरूमा उनीरूले अब पेटेन्ट राइट खोज्न ऑटिरहेका छन् । नीम हामीले सयौं वर्षदेखि प्रयोग गरिरहेका छौं । त्यसमा पनि अमेरिकाले पेटेण्ट गरेको खबर छ । यति मात्र हो कि नीममा के छ र कसरी यसले रासायनिक प्रतिक्रिया गर्छ, यसले हाम्रो शरीरमा कसरी प्रभाव पार्छ भन्ने कुरा मात्र हामीलाई थाहा छैन । संसारभरि पाउन सकिने नीममा पेटेन्ट राइट लाउनु कहाँसम्मको न्यायोचित कुरा हो ? यसरी पेटेन्ट राइट लगाइयो भने हामी पूर्ण रूपले नै पारालाइज हुन्छौं ।

**विकास कार्यक्रम भनेको त यसपालि छ, अर्कोपालि नहुन पनि सक्छ । तर झाडा पखाला तथा निमोनिया भन्ने कुरा त वर्षैभरि रहन सक्छ ।**

डा. केदार बराल

## डा. केदार बराल

नेपालको बजेटलाई हेर्ने हो भने, नेपालमा हुने महामारी साम्राज्यवादीहरूबाट निर्देशित देखिन्छ । जस्तो, बजेटमा हेर्दा झाडा पखाला निमोनियाको कार्यक्रम विकास कार्यक्रममा परेको छ । विकास कार्यक्रम भनेको त यसपालि छ, अर्कोपालि नहुन पनि सक्छ । तर झाडा पखाला तथा निमोनिया भन्ने कुरा त वर्षैभरि रहन सक्छ ।



क्रमशः

# चीनमा बेरोजगारी यसरी बढ्दैछ !

पूँजीवाद र बजार अर्थतन्त्रको एउटा मुख्य विशेषता हो- बेरोजगारी । चीनले १९७९ मा बजार अर्थतन्त्र अँगाल्न थालेपछि त्यहाँ लगभग शून्य स्थितिमा रहेको बेरोजगारी ह्वात्तै बढेको छ । शहर र गाउँ दुवैतिर बढ्दो बेरोजगारी अहिले चीनको प्रमुख समस्या भएको छ ।

सन् १९९७ को पहिलो तीन महिनामा चीनको शहरी क्षेत्रको बेरोजगारी ७.५ प्रतिशत पुगेको सिन्ह्वा समाचार एजेन्सीले जनाएको छ । यसको मतलब हो- चीनको शहरी क्षेत्रमा मात्र १ करोड ५५ लाख अर्थात् एउटा सिंगो नेपाल बराबरका मानिसहरू पूर्ण बेरोजगार छन् ।

बेरोजगारीको यो अनुपात पोहोरभन्दा ४.५ प्रतिशत बेसी भएको चीनको सरकारी मासिक पत्रिका "आउटलूक" ले जनाएको छ ।

बेरोजगारीको हालत शहरमा भन्दा गाउँमा ५ गुणा बढी देखिएको छ । चीनको गाउँले क्षेत्रमा अहिले ३४.८ प्रतिशत मानिसहरू पूर्ण बेरोजगार देखिएका छन् ।

साँढे सत्र करोड जनता अर्थात् आठवटा नेपाल बराबरीका जनताहरू त चीनको गाउँले क्षेत्रमा काम नभएर उब्रेका श्रमिकहरूका रूपमा छन्, उपरोक्त मासिक पत्रिकाले लेखेको छ ।

सरकारी स्वामित्वका थुप्रै कल-कारखानाहरू बन्द गर्नु, कतिपय कारखानाहरूबाट निकै मात्रामा मजदूरहरू निष्काशन गर्नु र अरू राजेगार मान्छेहरूको संस्था निकै नहुनुले गर्दा चीनको बेरोजगारी यति विघ्न चुलिएको चीनको राज्य तथ्यांक विभागले जनाएको छ । ◉

## भारत

## रेड फ्ल्यागको राष्ट्रिय सम्मेलन

# विश्वस्तरीय साम्राज्यवादविरोधी मोर्चा बनाउन आह्वान

भारतमा क्रियाशील ठूला नक्सलवादी समुहमध्ये एक मानिने भाकपा (माले) रेड फ्ल्याग समूहको चौथो राष्ट्रिय सम्मेलन हालै सम्पन्न भएको छ। गत अप्रिल २१-२६ सम्म केरलमा भएको सो सम्मेलनमा केरला, तमिलनाडु, कर्नाटक, आन्ध्र प्रदेश, महाराष्ट्र, मध्यप्रदेश, विहार, उडीसा, पश्चिम बंगाल, उत्तर प्रदेश र दिल्लीबाट गएका प्रतिनिधिहरू, आमन्त्रित व्यक्तिहरू र पर्यवेक्षकहरू सहभागी भएका थिए ।

सम्मेलनमा अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा परिरहेको आघात र चीन एवं भियतनामसमेत भूतपूर्व समाजवादी देशहरूको अधोपतनको मूल्यांकन गरिएको थियो । सो मूल्यांकनको आधारमा फिलिपिन्स कम्युनिष्ट पार्टी (CPP) जर्मनीको मार्क्सवादी-लेनिनवादी पार्टी (MLPD), बेल्जियम वर्कर्स पार्टी (PTB) र खन्य भाइचारा पार्टीहरूको प्रयासलाई सहयोग गर्दै भाकपा (माले) रेड फ्ल्याग समूहले अन्तर्राष्ट्रिय स्तरमा मार्क्सवादी-लेनिनवादी संगठनहरूको एउटा मंच बनाउन सक्दो प्रयत्न गर्ने निर्णय गरेको छ ।

अमेरिकी साम्राज्यवादको नेतृत्वमा साम्राज्यवादी खेमाबाट विश्वमा हुँदै आएको नव-उपनिवेशवादीकरणका विरूद्ध लड्नका लागि एउटा विश्वस्तरीय साम्राज्यवादविरोधी मोर्चा बनाउन पनि सम्मेलनले आह्वान गरेको छ । सम्मेलनले साम्राज्यवादविरोधी संघर्षलाई ठोस रूप दिन साम्राज्यवादविरोधी नीति, कार्यक्रम र नाराको आधारमा भारतभित्रका अन्य क्रान्तिकारी र प्रजातान्त्रिक शक्तिहरू मिलेर एकताबद्ध आन्दोलन निर्माण गर्ने निर्णय पनि गरेको छ । सम्मेलनले साम्राज्यवाद परस्त भारतीय सरकार र राज्य सरकारहरूद्वारा लागू गरिएका जनविरोधी नीतिहरूका विरूद्ध पनि देशव्यापी जनआन्दोलन सिर्जना गर्ने प्रण पनि गरेको छ ।

साम्राज्यवादीहरू र त्यसका एजेन्टहरूका विरूद्ध हरसंभव व्यापकतम मोर्चा कायम गर्ने दृढता प्रकट गर्दै सम्मेलनले भारतीय सत्तामा आसीन हुने सबै सरकारद्वारा लागू गर्दै आइरहेको विश्व बैंक, विश्वव्यापार संगठनद्वारा निर्देशित आर्थिक नीतिहरूको पनि कडा प्रतिरोध गर्न आह्वान गरेको छ । भारतीय जनता पार्टीलाई सत्तासीन हुन नदिने नाममा भारतीय कम्युनिष्ट पार्टी (CPI) र भारतीय कम्युनिष्ट पार्टी- मार्क्सवादी (CPI-M) जस्ता वामपन्थी पार्टीहरूले अवसरवादी काम गरेको र गुजराल सरकारमार्फत् साम्राज्यवादपरस्त नीति नै लागू गरेकोमा कडा विरोध गर्दै सम्मेलनले सबै देशभक्त र प्रजातान्त्रिक शक्तिहरूको एकताबद्ध प्रयासलाई अझ मजबूत पार्ने दृढता प्रकट गरेको छ ।

सम्मेलनले भाकपा (माले) रेड फ्ल्याग समूहको नयाँ केन्द्रीय पुनर्गठन समिति पनि गठन गरेको छ । यस समूहका पुराना नेता कमरेड के. एन. रामचन्द्रनलाई सचिवमा निर्वाचित गरिएको छ । कमरेड के. एन. रामचन्द्रनको नेतृत्वमा निर्माण गरिएको भाकपा (माले) रेड फ्ल्याग समूहले प्रतिक्रियावादी भारतीय सत्तालाई उखेलेर फ्याँक्ने र नव जनवादी भारत निर्माण गर्ने अभियानमा के कति योगदान दिने हो, त्यो त भविष्यको गर्भमै लुकिरहेको छ । ◆


## ALWAYS REMEMBER US FOR

* Water turbine, Steel Structures and Workshop Facilities, with upto Date machine.
* Complete hydropower Generating Equipments, Trusses, Suspension Bridges, Steel Furnitures and other Mechanical Engineering Works

**Please contact for your service at**

**Balaju Yantrashala P. Ltd.**

Balaju Industrial District
Balaju Kathmandu. P. O. Box: 209
Tel: 272147, 272211, Fax: 977-1-272379
Tlx: 2429 BYS NP.




# Here, There and Everywhere

10th ANNIVERSARY 1987 1997

Nepal Grindlays Bank Limited

नेपाल ग्रिण्डलेज बैंक लिमिटेड

**A DECADE OF "SERVICE EXCELLENCE"**

Member ANZ group of companies

| | Nayabaneswar | Kantipath | Thamel Exchange Bureau | Lalitpur | Biratnagar(Morang) |
|---|---|---|---|---|---|
| Tel: | 246753,229333 | 228474 | 233128 | 524990 | 27983 |
| Fax: | 226762 | 228692 | 228692 | 523266 | 27982 |
| TLX: | 2531 GRNDLY NP | 2736 GMNEPL | 2268 GRCRD | 2532 NGBL NP | 2037 ANZBRT |

| | Duhabi (Sunsari) | Pokhara (Lakeside) | Arghaun Bazar, Pokhara |
|---|---|---|---|
| Tel: | 40030 | 20102 | 21676 |
| Fax: | 40177 | 20318 | 20318 |
| TLX: | | 6003 GR POREX | 6003 GR POREX |

# माओवादी जनयुद्धको मूल्यांकनमा प्रकाशित समीक्षाबारे प्रतिक्रिया माथिको प्रतिक्रिया

◆ श्याम श्रेष्ठ

(अघिल्लो अंकको बाँकी)

अब हामी लेनिनतिर जाउँ । सशस्त्र संघर्ष र गुरिल्ला युद्धलाई समय र परिवेशभन्दा अलग्ग निरपेक्ष रूपमा लिनु गलत हुन्छ भन्नेबारे माओले जस्तै लेनिनले पनि स्पष्ट सिद्धान्त अघि सार्नु भएको छ ।

लेनिनले 'संघर्षका कुनै पनि रूपलाई, र सशस्त्र संघर्षलाई समेत, समय र परिवेशभन्दा माथि र अलग्गै सोच्नु मार्क्सवादी अडानलाई सम्पूर्ण रूपमा परित्याग गर्नु हो' भन्नु भएको छ । संघर्षका कुनै पनि रूपलाई हमेशा ठोस ऐतिहासिक परिस्थितिसित जोडेर हेर्नु पर्छ । ठोस ऐतिहासिक परिस्थितिको जाँचबुझ नै नगरीकन कुनै खास संघर्षको रूप आँखा चिम्लेर लागू गर्ने कुरा गर्नु द्वन्दात्मक भौतिकवादको क ख ग पनि नबुझ्नु हो भन्ने लेनिनको ठम्याई छ ।

उदाहरणको लागि, म रवीन्द्रजीको ध्यान लेनिनको निम्न प्रसिद्ध भनाइहरूतिर आकर्षित गर्न चाहन्छु :

❑ "... संघर्षका रूपहरूको सवालहरूमा मार्क्सवादले निरपेक्ष रूपमा हमेशा यो सवालको ऐतिहासिक जाँचबुझ गर्ने माग गर्छ । ठोस ऐतिहासिक परिस्थितिभन्दा अलग्गै यो सवाललाई लिनुको मतलब हो- द्वन्दात्मक भौतिकवादको क ख ग समेत नबुझ्नु ।"

❑ "विकासको एउटा खास चरणमा एउटा खास घडीमा विद्यमान ठोस परिस्थितिको विस्तृत जाँचबुझ नगरिकन नै कुनै खास संघर्षको रूप अप्नाउनु हुन्छ कि हुन्न भन्ने प्रश्नको जवाफ दिनु खोज्नु मार्क्सवादी अडानलाई पूरापूर छोड्नु हो ।"

हेर्नुहोस्- लेनिन "गुरिल्ला युद्धका बारेमा", पेकिङबाट १९७८ मा प्रकाशित Marx, Engels, Marxism, पृष्ठ १८६ बाट

लेनिनका यी प्रस्थापनाहरू ठीक छन् कि छैनन ? र, यी प्रस्थापनाहरूको तात्पर्य के हो ? राम्ररी विचार गर्न म रवीन्द्रजी र तमाम माओवादी मित्रहरूलाई आग्रह गर्छु ।

हमेशा युद्ध, हर कुनै परिस्थितिमा युद्ध, शुरूदेखि अन्तसम्म युद्ध र निरपेक्ष युद्धको अवधारणा मार्क्सवादसम्मत धारणा होइन । समय र परिवेशभन्दा अलग्गै युद्धलाई निरपेक्ष सत्यका रूपमा लिने चिन्तन प्रणाली नै द्वन्दात्मक भौतिकवादी होइन । द्वन्दात्मक भौतिकवादले त युद्ध मात्र होइन, संसारको कुनै पनि कुरालाई समय र परिवेशभन्दा अलग्गै नलिन सिकाउँछ । किनभने, संसारमा हरेक वस्तु गतिशील छन् र त्यो गति निश्चित समय र परिवेशमा मात्रै हुन्छ । समय र परिवेशभन्दा अलग्गै वस्तुको गति भन्ने कुरा नै हुँदैन । संघर्षको कुन खास रूप कतिखेर कहाँ अप्नाउने भन्ने कुरा पनि सारमा संघर्ष र संघर्षका रूपहरूलाई गतिमा हेर्ने कुरा हो । संसारमा कुनै पनि कुरा स्थिर छैन । त्यसैले, संघर्षका रूपहरू पनि स्थिर छैनन् । संघर्षका खास खास रूपहरू पनि निश्चित समय र परिवेशमा मात्र गतिशील हुन्छन् र अस्तित्वमा आउँछन् । त्यसैले एउटा समय र परिवेशमा उपयुक्त ठहरिएको संघर्षको रूप अर्को समय र परिवेशमा अनुपयुक्त ठहरिने गर्छ । एउटा समय र परिवेशमा निकै प्रभावकारी ठहरिएको संघर्षको रूप अर्कोमा बिल्कूलै प्रभावहीन देखा पर्छ ।

तर रवीन्द्रजी र माओवादी नेतृत्वका मित्रहरू संघर्षको सर्वोच्च रूप, सशस्त्र संघर्ष वा जनयुद्धलाई निरपेक्ष सत्य ठान्नु हुन्छ । जहाँ पनि फिट ठान्नु हुन्छ र जहिले पनि फिट ठान्नु हुन्छ । उहाँहरूका अनुसार, सशस्त्र संघर्ष वा जनयुद्ध भन्ने कुरा जुनसुकै समय र परिवेशमा पनि प्रभावकारी हुन्छ र जहिले पनि प्रभावकारी हुन्छ । यो त वस्तुलाई स्थिरतामा हेर्ने अधिभूतवादी र अवैज्ञानिक चिन्तन प्रणाली भएन र ? यो त वस्तुलाई गतिमा नहेर्ने र गतिलाई समय र परिवेशसित जोडेर नहेर्ने अद्वन्दवादी चिन्तन-प्रणाली भएन र ? मैले आफ्नो लेखमा सारमा यही अद्वन्दवादी र अवैज्ञानिक चिन्तन प्रणालीको विरोध गरेको हुँ ।

लेनिनको पनि भनाइ छ- 'समाजवादीहरू जहाँसुकै र जहिलेसुकै लागू हुने सार्वकालिक संघर्षका रूपहरूको अस्तित्वलाई मान्दैनन् ।' (हेर्नुहोस्- उही पृष्ठ १९६) अहिले जनयुद्ध भनेर माओवादी मित्रहरू छापामार संघर्ष चलाई राख्नु भएको छ । लेनिनको त स्पष्ट भनाइ छ- "सर्वहारा वर्गको पार्टीले कहिले पनि छापामार संघर्षलाई संघर्षको एउटा रूप, र मुख्य रूप समेत मान्न सक्दैन ।" (हेर्नुहोस्- उही, पृष्ठ १९६) ।

के द्वन्दात्मक भौतिकवादका आधारमा मैले जस्तै लेनिनले राख्नु भएका संघर्षका रूपहरू सम्बन्धी यी प्रस्थापनाहरू गलत छन् ? के यी प्रस्थापनाहरू गंभीर रूपले मननयोग्य छैनन् ? म रवीन्द्रजीलाई प्रश्न गर्न चाहन्छु ।

छापामार संघर्षलाई त लेनिनले अझ त्यस्तो बिन्दुमा मात्र प्रयोग गर्नु पर्ने धारणा अघि सार्नु भएको छ, जब जनताको आन्दोलन विकसित हुँदै गएर जन विद्रोहको बिन्दुमा पुग्छ, जस्तो कि नेपालमा २०४६ सालको जन आन्दोलनताका चैत्र १६ गतेपछि भएको थियो । (हेर्नुहोस्- उही, पृष्ठ १९३) ।

## बहुसंख्यक जनतालाई तम्तयार पार्नेबारे

मैले आफ्नो लेखमा जनयुद्धका निम्ति पार्टी नेतृत्व मात्र तयार भएर पुग्दैन, बहुसंख्यक जनता तयार हुनुपर्छ, त्यसमा उनीहरूको चेतनशील सहभागिता हुनुपर्छ, नत्र कुनै पनि युद्ध जनयुद्ध हुने सक्दैन भन्ने सवाल उठाएको थिएँ । जनताको निम्ति भनेर जनताको सट्टामा अरू कसैले सशस्त्र कारवाही गरिदिने होइन, जनता स्वयंले आफ्नो निम्ति आफैं सशस्त्र कारवाही गर्न तयार हुनु पर्छ र यस दिशामा पार्टीले उनीहरूलाई दिग्दर्शन र अगुवाई गर्नु पर्छ भन्ने सवाल मैले उठाएको थिएँ । मैले यसैलाई जनकार्य-दिशा बताएको थिएँ । जन कार्यदिशा बिना र जनताको सचेत सहभागिता बिना सबै जनयुद्धहरू जनता विनाको जनयुद्ध हुने कुरा मैले उठाएको थिएँ ।

रवीन्द्र श्रेष्ठजीले मेरो यो जनयुद्धसंबन्धी अवधारणाको डटेर विरोध गर्नु भएको छ । उहाँको ठाडो प्रश्न छ- "यो बहुसंख्यक जनता भनेको कति हो ?" उहाँले "बहुसंख्यक जनताको" 'ठोस परिभाषा' खोज्नु भएको छ । उहाँको दावी छ- '३६ सालको जन-आन्दोलन, ४६ सालको जन-आन्दोलन, पेरिस कम्युन, रूसी अक्टोबर क्रान्ति कुनैमा पनि बहुसंख्यक जनताको सहभागिता थिएन ।' अतः उहाँको प्रश्न छ- "के अब ती सबैलाई जनसंघर्ष, जनक्रान्ति, जनयुद्ध नभन्ने त ?"

रवीन्द्रजीको अवधारणा के छ भने, कुनै पनि युद्धको अगाडि "जन" शब्द त्यतिबेला राख्न सकिन्छ, जब त्यसले जनताको हित हुने समग्र लक्ष्य र योजना




मूल्यांकनको अंक ४५ मा नेकपा माओवादीले सञ्चालन गरेको 'जनयुद्ध' को एक वर्षको समीक्षा गर्दै एउटा आवरण कथा छापिएको थियो । सो लेखमा छापिएका कुराहरुप्रति आफ्ना असहमति र प्रतिक्रिया जनाउँदै प्रत्युत्तरमा नेकपा माओवादीका समर्थक र भट्टराई समूहको संयुक्त जनमोर्चाका केन्द्रीय सदस्य क. रवीन्द्र श्रेष्ठले एउटा लामो प्रतिक्रिया पठाउनु भयो, जुन मूल्यांकनको अंक ४७ मा छापिएको छ । सो लेखमा उहाँले मूल्यांकनको विश्लेषणमा गम्भीर आपत्ति जनाउँदै धेरै प्रश्नहरु उठाउनु भएको छ ।

बहस-अन्तर्क्रियाका लागि रवीन्द्र श्रेष्ठले आफ्ना लेखमा उठाउनु भएका गम्भीर प्रकृतिका प्रश्नहरुको समुचित उत्तर दिनु हामीले जरुरी ठानेका छौं । यसैक्रममा गताङ्कमा हामीले क. रवीन्द्र श्रेष्ठको प्रतिक्रियामाथि मूल्यांकनको प्रतिक्रियाको पहिलो अंश प्रकाशित गरेका थियौं । यसपटक प्रस्तुत छ- सोही 'प्रतिक्रियामाथिको प्रतिक्रिया'का बाँकी अंशहरु ।

-मूल्यांकन

राख्दछ र त्यसअनुरूप काम गर्दछ । त्यसैले उहाँको विश्लेषण छ- "नेपालमा भइरहेको माओवादी जनयुद्धको लक्ष्य, योजना, बाटो आदि जनताको हित गर्ने भएकोले यो जनयुद्ध नै हो ।"

रवीन्द्रजीले हुँदा हुँदा केसम्म तर्क गर्न पुग्नु भएको छ भने- मेरो अवधारणा अनुसार काम गर्ने हो भने 'रत्नपार्क वरिपरि र खुल्ला मंचमा जन-आन्दोलन गर्न त्यहीं वरिपरिका जनता नै सहभागी गराउनु पर्छ, नत्र स्थानीय जनताको सहभागिता कम भयो" भनेर मैले आरोप लगाउन सक्छु ।

उहाँको विश्लेषण छ- मेरो अवधारणा मुताविक काम गर्ने हो भने "रामेछापको बेथान चौकी आक्रमण गर्न त्यहाँको बहुसंख्यक जनतालाई त्यो कारवाहीको लागि तम्तयार पार्नु पर्‍यो । यसो गर्न त्यहाँका बहुसंख्यक जनतालाई यसरी चौकी आक्रमण गर्न भनेर भन्नु पर्‍यो ? एकजनाले मात्रै गल्ती गरे त्यो आक्रमण सफल होला त ? सानेपामा प्रहरी इन्सपेक्टरको घरमा टाइम बम फिट गर्न त्यहाँका "बहुसंख्यक जनता" लाई तम्त्यार पार्नु पर्‍यो । के फौजी दृष्टिकोणले यस्तो नीति बनाउनु पागलपूर्ण काम होइन त ?"

त्यसैले, रवीन्द्रजीले मलाई "अलिकति भए पनि फौजी ज्ञान हासिल" गर्न अर्ती दिनु भएको छ ।

ठीकै छ, यो फौजी ज्ञान जुन ममा छैन भनेर रवीन्द्रजीले भन्नु भएको छ- आवश्यक परेमा म रवीन्द्रजीसित नै सिक्न आउँला । किनभने, म कहिल्यै पनि फौजी काममा संलग्न भएको छुइनँ, सिर्फ त्यसबारे केही पढेको मात्र छु । तर मेरो गुनासो रवीन्द्रजीको विचार र तर्क पद्धतिमाथि छ ।

मैले जनयुद्ध छेड्नका लागि, सशस्त्र संघर्ष जस्तो संघर्षको उच्चतम रूप प्रयोग गर्नका लागि, सर्वप्रथम संघर्षरत बहुसंख्यक जनसमुदाय तम्तयार हुनुपर्छ भन्ने सवाल उठाएको छु । रवीन्द्रजीले त्यसो भए प्रहरी चौकीमा आक्रमण गर्न एउटा प्रहरी इन्स्पेक्टरको घरमा टाइम बम फिट गर्न पनि बहुसंख्यक जनसमुदायलाई तयार गरिराख्नु फौजी दृष्टिकोणले पागलपूर्ण काम होइन त ? भन्ने सवाल उठाउनु भएको छ । यो त उठाइएको गंभीर विषयवस्तुको अति सरलीकृत व्याख्या र प्रत्युत्तर भएन र ? यो त मुख्य विषयवस्तुकै सरासर तोडमरोड भएन ?, मैले आग्राको कुरा गरेको छु, रवीन्द्रजीले गाग्राको टिप्पणी गर्नु भएको छ ।

यो सामान्य ज्ञानको कुरा हो कि, मूर्त मूर्त छापामार कार्वाहीहरू सबैलाई थाहा दिएर गर्न संभव हुँदैन । यहाँसम्म रवीन्द्रजीको भनाइसित म सहमत हुन सक्छु । तर मेरो मूल प्रश्न के हो भने- कुनै पनि समय र परिस्थितिमा कुनै एउटा भौगोलिक क्षेत्रमा फौजी वा छापामार कार्वाही गर्नका लागि त्यो फौजी कार्वाही गर्ने पार्टी वा जत्था मात्र मानसिक रूपले तयार भए पुग्छ कि त्यहाँका बहुसंख्यक आम जनता पनि आफ्नै संघर्षको अनुभवबाट त्यस्तो उच्चतम कार्वाही जरूरी छ भन्ने मानसिक तमतयारीको स्तरमा पुगिसकेको हुनु पर्छ ? संघर्षरत आम जनसमुदायले त्यस्तो सशस्त्र कार्वाहीलाई सामयिक, उपयुक्त र आफ्नै जीवनको निम्ति जरूरी कार्वाही ठानेको हुनु पर्छ कि पर्दैन ? कि लडाकू जत्था वा पार्टीले मात्र त्यसलाई उपयुक्त ठह्याए पुग्छ ? मेरा आधारभूत सैद्धान्तिक प्रश्नहरू यिनै हुन् ।

**के चे ग्वेभाराहरुको युद्ध जनताको हितमा थिएन ? उनीहरु बोलिभियाली जनताप्रति समर्पित थिएनन् ? तर पनि किन उनीहरुको क्रान्तिकारी कार्वाही पूर्णतः विफल भयो ? किन त्यो जन कार्यवाही वा जनयुद्ध हुन सकेन ?**



चित्र साभार: नव चेतना

मेरो ठम्याइ के हो भने- यदि संघर्षरत बहुसख्यक आम जनसमुदाय आफ्नै वर्ग-संघर्षको अनुभवबाट अब संघर्षको उच्चतम रूप, सशस्त्र संघर्षलाई व्यवहारमा प्रयोग गर्न जरूरी छ, नत्र जीवन र प्रगति दुवै संभव छैन भन्ने मानसिक तम्तयारीमा पुगिसकेको छ भने, गोप्य रूपमा हजार छापामार कार्वाहीहरू गर्नुहोस्, उसले त्यो संघर्षलाई पचाउँछ, आफ्नै जीवन संघर्षको रूपमा लिन्छ । यो बिन्दुमा पुगेपछि प्रत्येक छापामार गतिविधिको सूचना जनसमुदायलाई दिई राख्नै पर्दैन । दिई राख्न जरूरी पनि हुँदैन । तर यो मानसिक तम्तयारीमा जनसमुदाय पुगिसकेका छैनन् भने नि ? संघर्षरत जनसमुदाय सशस्त्र कार्वाहीलाई पचाउने स्थितिमा नै पुगिसकेका छैनन् भने नि ? जनसमुदाय आफैले सशस्त्र संघर्ष वा छापामार संघर्षविरूद्ध कदम चाल्नबेर लाउँदैन । जनसमुदाय आफैले क्रान्तिकारी छापामारहरूलाई पक्रेर पुलीसलाई बुझाउन बेर लाउँदैन । यस्तो घटना विश्वमा सर्वत्र घटेको छ । बोलिभियामा क्रान्तिकारी नेता चे ग्वेभारालाई र उनका छापामार क्रान्तिकारी सहयोद्धाहरूलाई बोलिभियाका किसानहरू आफैले पक्रेर सेनालाई बुझाएको घटना यसको ज्वलन्त ऐतिहासिक उदाहरण हो । नेपालकै झापाकाण्ड यसको अर्को ज्वलन्त उदाहरण हो ।

प्रश्न उठ्छ- के चे ग्वेभारा र उहाँका सहयोद्धाहरूको नियत क्रान्तिकारी थिएन ? के उहाँहरूले जनताको मुक्ति र भलाइकै लागि लड्नु भएको थिएन ? के झापाकाण्डका प्रणेताहरूले जनताका भलाइ र क्रान्तिकै लागि हतियार उठाउनु भएको थिएन ? तर किन बहुसंख्यक जनताहरू उहाँहरूको साथमा भएनन् त ? किन जसको हितको लागि उहाँहरू आफ्नो ज्यान समेत दिन तयार हुनु भएको हो, तिनै जनताहरू उहाँहरूको विरूद्ध खडा भए त ? मेरो आधारभूत प्रश्न यो 'किन ?' को उत्तरतिर केन्द्रित छ ।

तर रवीन्द्रजीको भनाइ बेग्लै छ । उहाँको भनाइ छ- "कुनै पनि युद्ध, क्रान्ति, संगठन, आन्दोलनको नाम अगाडि 'जन' शब्द कुन बेला राख्नु पर्छ र राख्न सकिन्छ भने जब त्यसले जनताको हित हुने काम गर्ने समग्र लक्ष्य र योजना राख्दछ र त्यस अनुरूप काम गर्दछ..." ।

उहाँको तर्क छ- "नेपालमा भइरहेको माओवादी जनयुद्धको लक्ष्य, योजना, बाटो आदि जनताकै हित गर्ने भएकाले यो जनयुद्ध नै हो ।"

म रवीन्द्रजीको यही सैद्धान्तिक अवधारणासित असहमति भएको हुँ कि, यदि पार्टीको क्रान्तिकारी कार्वाहीको समग्र लक्ष्य, योजना, बाटो आदि जनताको हितमा छ भने त्यो त्यत्तिकैमा उपयुक्त र सही भइ हाल्छ । त्यो जनयुद्ध भई हाल्छ । मेरो ठम्याइमा रवीन्द्रजीको यो सैद्धान्तिक अवधारणा नै त्रुटीपूर्ण छ ।

हो, निश्चितै रूपमा पार्टीको क्रान्तिकारी कार्वाहीको समग्र लक्ष्य, योजना र बाटो जनताकै हितमा केन्द्रित हुनुपर्छ । यसमा विवादै छैन । तर यति हुनु नै क्रान्तिकारी कार्वाहीको उपयुक्तता र सहीपनाको लागि पर्याप्त हुँदैन । यति हुँदैमा त्यो जनयुद्ध वा जन कार्वाही भई हाल्दैन । यो सिक्काको एउटा पाटो मात्र हो र सिक्काको अर्को पाटो पनि छ । त्यो पनि त्यत्तिकै महत्वपूर्ण छ । त्यो पाटो हो- संघर्षरत बहुसंख्यक जनसमुदायको मानसिक र भौतिक तम्तयारीको पाटो । बहुसंख्यक संघर्षरत जन-समुदाय त्यस समय र परिवेशमा क्रान्तिकारी पार्टी वा जत्थाको कार्वाहीलाई, संघर्षको खास रूपलाई सामयिक, उपयुक्त र आफ्नै जीवनको निति जरूरी ठान्छ कि ठान्दैन ? त्यसलाई ऊ पचाउन र आफ्नै कार्वाही ठान्न तम्तयार छ कि छैन ? रवीन्द्रजी र सारा माओवादी मित्रहरूले अक्सरतया छुटाउने एउटा मुख्य पक्ष नै यही हो । यो पक्ष वस्तुगत परिस्थितिको पक्ष हो ।

यदि तपाईको युद्ध वा कार्वाहीको लक्ष्य, योजना र बाटो जनमुखी भए पुग्ने हो भने, के चे ग्वेभाराहरूको युद्ध वा कार्वाहीको लक्ष्य, योजना र बाटो जनताको हितमा थिएन ? उनीहरू बोलिभियाली जनताप्रति समर्पित थिएनन् ? तर पनि उनीहरू किन ती बहुसंख्यक जनताबाट अलग्गिए त ? किन उनीहरूको क्रान्तिकारी कार्वाही पूर्णतः विफल भयो ? किन त्यो जन कार्यवाही वा जनयुद्ध हुन सकेन ? किन जनताले नै क्रान्तिकारीलाई समाएर, सेनालाई बुझाए त ?

रवीन्द्रजीको यसमा के भनाइ छ ?

मेरो ठम्याइ के हो भने- चे ग्वेभाराहरूले बोलिभियामा आफ्नो आत्मगत तम्तयारीमा मात्र जोड दिए, त्यहाँको जनताको मानसिक तम्तयारीको स्तरमा उनीहरूले ध्यान दिएनन् । उनीहरूले त्यहाँको समय र परिवेशको ठोस स्थितिको ठोस विश्लेषणमा ध्यान दिएनन् । त्यसैले बोलिभियामा जनताकै हितको निम्ति भनेर थालिएको उहाँहरूको क्रान्तिकारी कार्वाही जनताकै असहयोग र विरोधको कारणले बिल्कुलै विफल र प्रत्युत्पादक भयो । त्यो जनयुद्ध वा जनकार्यवाही हुन सकेन ।

के यही कुरा माओवादी मित्रहरूको "जनयुद्ध'को हकमा पनि लागू हुँदैन ? प्रश्न यहाँ जनयुद्ध आवश्यक कि अनावश्यकको छैन । प्रश्न यो कसको लागि र किन आवश्यकको हो, कतिखेर र कहाँ आवश्यकको हो ? जनयुद्ध बहुसंख्यक जनता स्वयंको लागि आवश्यक महसूस हुनु पर्‍यो, उनीहरूकै संघर्षको अनुभवबाट । जनयुद्ध जनता जिउन

## माओवादीका नाममा राज्य हिंसा एवं पुलिस दमनको शिकार बनेकाहरु


पशुपति के.सी.


भर घर्ती


धनमाया श्रेष्ठ


दुजबीर घर्ती


कलबहादुर खत्री


लालबहादुर गौतम

संघर्षका अरू बाटाहरू अब बाँकी नै नहुनाको कारणले आवश्यक हुनु पर्‍यो । के नेपालमा यतिखेर यो परिवेश विकास भइसकेको छ ?

बस्तुगत परिस्थिति भनेको हाम्रो चेतना बाहिर स्वतन्त्र रूपमा अस्तित्वमा रहने कुरा हो । क्रान्तिकारी पार्टीको दायित्व त्यो परिस्थितिलाई सही ढंगले ठम्याउनु हो । त्यसलाई ठीक ठीक किसिमले बुभ्नु हो । क्रान्तिकारी पार्टीको काम मनोगत नारा र संघर्षका रूपहरूलाई बेतयार जनतामाथि जबर्दस्ती लाद्नु होइन । क्रान्तिकारी पार्टीको काम किताबबाट वा अन्त कतैको अन्ध नक्कलबाट संघर्षका रूपहरूको 'आविष्कार' गर्नु होइन । उसको काम आन्दोलनरत जनताले र क्रान्तिकारी वर्गहरूले आन्दोलनकै दौरानमा स्वतः विकास गरेका संघर्षका प्रभावकारी रूपहरूलाई सामान्यीकरण गर्नु हो, ती रूपहरूलाई परिमार्जित गरेर संगठित र सचेत अभिव्यक्ति दिनु हो । ती रूपहरूलाई संभव र मिल्दोजुल्दो परिस्थिति भएका अन्य ठाउँमा विस्तार गर्नु हो । मार्क्सवादीहरू, त्यसैले, कुनै एउटा संघर्षको रूपमा बाँधिएर बस्दैनन् । उनीहरू संघर्षका रूपहरूको "आविष्कार" पनि गर्दैनन् । न त संघर्षका खास रूपहरूलाई क्रान्तिकारी नियत राखेर जहाँसुकै र जतिखेर पनि लागू गर्न सकिने कुराको नै उनीहरू वकालत गर्छन् ।

यस सम्बन्धमा लेनिनले राखेका यी सैद्धान्तिक प्रस्थापनाहरू निकै मननीय छन् । 'छापामार युद्ध' को व्याख्या गर्दै लेनिनले भन्नु भएको छ- 'समाजवादका सबै प्रारम्भिक रूपहरूभन्दा मार्क्सवाद के कुरामा फरक छ भने यसले आन्दोलनलाइ संघर्षको कुनै एउटा खास रूपमा बाँध्दैन । यसले संघर्षका विविध रूपहरूलाई स्वीकार गर्छ, र यसले संघर्षका रूपहरूको 'आविष्कार' गर्दैन, बरू यसले क्रान्तिकारी वर्गहरूका ती संघर्षका रूपहरूलाई सामान्यीकरण गर्दछ, संगठित गर्दछ र सचेत अभिव्यक्ति दिन्छ; जुन आन्दोलनको दौरानमा आफ से आफ पैदा हुन्छन् । सबै अमूर्त फर्मुलाहरूको र सबै सैद्धान्तिक पाकशास्त्रको निरपेक्ष रूपमा विरोध गर्दै मार्क्सवादले जनसमुदायको प्रगतिवान संघर्षलाई होशपूर्वक हेर्न माग गर्छ । जब आन्दोलन विकसित हुँदै जान्छ, जब जनसमुदायको वर्ग चेतना विकसित हुँदै जान्छ, जब आर्थिक र राजनीतिक संकट तीव्र हुँदै जान्छ, तब तब जन समुदायको यो संघर्षले निरन्तर रूपमा प्रतिरक्षा र आक्रमणको नयाँ र ज्यादा विविध तरीकाहरूलाई जन्म दिन्छ । त्यसैले, मार्क्सवादले सकारात्मक तवरले कुनै पनि संघर्षका रूपहरूको विरोध गर्दैन । कुनै पनि परिस्थितिमा मार्क्सवादले आफूलाई संघर्षका त्यस्ता रूपहरूमा बाँध्दैन, जुन

**चीन र पेरूको अन्ध नक्कलबाट सशस्त्र संघर्षको रूप "आविष्कार" गर्ने र त्यसलाई नेपाली समय र परिवेशभन्दा अलग्गै रहेर जबर्जस्ती लाद्ने कार्य यहाँ भइरहेछ**

एउटा खास घडीमा मात्र अपनाउन सभव हुन्छ र अस्तित्वमा रहन्छ । यसले के कुरा स्वीकार गर्छ भने, एउटा खास सामाजिक परिस्थिति परिवर्तन हुने बित्तिकै अनिवार्य रूपमा संघर्षका नयाँ नयाँ रूपहरू पैदा हुन्छन् । यस हिसाबले अभिव्यक्त गर्ने हो भने, मार्क्सवादले जन-समुदायको व्यवहारबाट सिक्दछ, यसले आफ्नो एकान्त अध्ययनबाट "संघर्षको व्यवस्थाकर्ता" हरूले आविष्कार गरेका संघर्षका रूपहरू जनसमुदायलाई सिकाउने दावी गर्दैन ।"

हेर्नुहोस्- लेनिन, "छापामार युद्धका बारेमा", मार्क्स, एंगेल्स, मार्क्सवाद भन्ने पुस्तकबाट, पेकिङ, १९७८, पृष्ठ १८५-६

लेनिनका यी भनाइहरूमा संघर्षका रूपहरूका बारेमा केही अत्यन्त तर्कसम्मत सैद्धान्तिक प्रस्थापनाहरू अघि सारिएका छन् । ती प्रस्थापनाहरू के हुन् भने-

❑ मार्क्सवादीहरू संघर्षको कुनै एउटा रूपमा बाँधिएर बस्दैनन् । उनीहरू संघर्षका विविधतम रूपहरूमा ध्यान दिन्छन् ।

❑ मार्क्सवादीहरू संघर्षका रूपहरूको "आविष्कार" गर्दैनन् र तिनीहरूलाई जनतामाथि जबर्दस्ती लाद्दैनन् । बरू तिनीहरू क्रान्तिकारी वर्गहरूकै आन्दोलनको दौरानमा स्वतः विकसित भएका संघर्षका रूपहरूलाई, सामान्यीकरण गर्दछन्, सैद्धान्तिकरण गर्छन्, संगठित गर्दछन् र सचेत अभिव्यक्ति दिन्छन् ।

❑ मार्क्सवादीहरू जनसमुदायको व्यवहारबाट संघर्षका रूपहरू सिक्छन्, विशेषतः संघर्षरत जनसमुदायको क्रान्तिकारी व्यवहारबाट । उनीहरू बन्द कोठाको किताबी ज्ञानबाट जनसमुदायलाई संघर्षको रूप सिकाउँदैनन् ।

हाम्रो बहसको सन्दर्भमा पनि लेनिनका यी प्रस्थापनाहरू निकै सान्दर्भिक छन् । नेपालमा माओवादी मित्रहरूबाट नेपाली जनतालाई "जनयुद्ध" सिकाउने कार्य भइरहेछ । तर नेपालका क्रान्तिकारी वर्गहरूले यहींकै माटोमा आफ्नो क्रान्तिकारी आन्दोलनको दौरानमा विकास गरेका संघर्षका प्रभावकारी रूपहरू के के हुन् ? तिनीहरूबाट सिक्ने, त्यसलाई सामान्यीकरण गर्ने, संगठित गर्ने र सचेत अभिव्यक्ति दिने काम हामीकहाँ भइरहेको छैन । चीन र पेरूको अन्ध नक्कलबाट सशस्त्र संघर्षको रूप "आविष्कार" गर्ने र त्यसलाई नेपाली समय र परिवेशभन्दा अलग्गै रहेर जबर्जस्ती लाद्ने कार्य यहाँ भइरहेछ । यहाँका बहुसंख्यक संघर्षरत क्रान्तिकारी जनसमुदायहरू त्यसका निम्ति तयार छन् कि छैनन्- भन्ने पक्षलाई माओवादी मित्रहरूले पूरापूर भुल्नु भएको छ । यही कुरामा त मैले उहाँहरूसित आधारभूत सैद्धान्तिक असहमति राखेको हुँ ।

दार्शनिक दृष्टिकोणले बहुसंख्यक जनताको तम्तयारीको पक्ष छोडीदिने, आफ्नो मनोगत तयारीको पक्षमा मात्र जोडदिने सोचको नाम नै मनोगतवाद हो । मनोगतवाद आदर्शवादकै एउटा रूप हो । आफ्नो चेतनाभन्दा बाहिर स्वतन्त्र रूपमा बस्तुगत संसार अस्तित्वमा छ भनेर हेक्का नराख्ने दृष्टिकोणको नाम नै आदर्शवाद हो । रवीन्द्रजी र माओवादी मित्रहरूले पनि त्यस्तै गर्न खोज्नु भएको छ । पार्टीको समग्र योजना, लक्ष्य र बाटो जनताको हितमा भएपछि त्यो स्वतः जनयुद्ध भई हाल्यो, बहुसंख्यक जनता किन तम्तयार हुनु पर्छ ? जनता तम्तयार छन् कि छैनन् भनेर किन जाँचबुझ गरिराख्नु पर्छ ? यस्तो दृष्टिकोणले हाम्रो चेतना बाहिर स्वतन्त्र रूपले अस्तित्वमा रहेको बहुसंख्यक जनताको तम्तयारीको बस्तुगत पक्षलाई हमेशा नजरअन्दाज गर्छ । त्यसलाई बिर्सी दिन्छ । पार्टीको योजना र लक्ष्य जनमुखी भएको छ कि छैन ? बहुसंख्यक जनता कुनै खास संघर्षका रूपलाई अंगीकार गर्न र पचाउन तयार छन् कि छैनन् ? यो वस्तुगत यथार्थको पक्ष हेर्नु नपर्ने भएपछि जुनसुकै पार्टीले सनकका भरमा जुनसुकै बेला जुनसुकै ठाउँमा जस्तोसुकै संघर्षको रूप घोषणा गरिदिए पनि हुने स्थिति पैदा हुन्छ । आखिर अराजकताको स्थिति भनेकै यही त हो नि ! रवीन्द्रजीलाई म प्रश्न गर्छु- के म जनताको हित हुने लक्ष्य र योजना राखेर पछि जुनसुकै बेला, जुनसुकै ठाउँमा जस्तोसुकै संघर्षको रूप मनखुशी घोषणा गर्न र लागू गर्न सक्छु ?

त्यसैले, रवीन्द्रजीको विचार र चिन्तनप्रणाली दार्शनिक दृष्टिकोणले आदर्शवादी र राजनीतिक हिसाबले अराजकतावादी भएन र ?

रवीन्द्रजी चिन्तनशील र तर्कशील मान्छे हुनुहुन्छ भन्ने कुरा उहाँको लेखनबाटै देखिन्छ । उहाँले यी सवालमा मनग्यै चिन्तन र तर्क गरी हेर्नु हुनेछ भनेर मैले आशा राखेको छु ।

अब हामी जाउँ- बहुसंख्यक जनता भनेको कति हो ? भनेर रवीन्द्रजीले राख्नु भएको प्रश्नबारे ।

रवीन्द्रजीले भने जस्तो यो "बहुसंख्यक जनता" भन्ने शब्दावली केही अमूर्त त छ नै । किनभने, बहुसंख्या पुग्यो कि पुगेन भनेर टाउको गन्ती गर्न त विशाल जनसमुदायबीच गाह्रो हुन्छ । तर यो पूरै अमूर्त कुरा पनि होइन, जस्तो कि रवीन्द्रजीले भन्न खोज्नु भएको छ ।

राजनीतिमा "बहुसंख्यक जनता" भन्नाले सरलतम भाषामा आधाभन्दा बेसी जनता भन्ने बुझिन्छ । अर्थात्, अर्को भाषामा र सारमा बहुसंख्यक जनता भन्नाले मुट्ठीभर वा अल्पसंख्यक जनता होइन भन्न खोजिएको हो र यसको लेखाजोखा मोटामोटी तवरले गर्न संभव छ । नत्र राजनीतिमा बहुसंख्यक जनताको

(हुँदैन) भन्ने कुनै मार्क्सवादी कानून छ ?"

मलाई अचम्म के लागेको छ भने- रवीन्द्रजी 'साधना' भनेपछि साधुसन्तको तपस्या बुझ्नु हुँदोरहेछ ! साधनाको असली अर्थ त्यो त होइन । साधनाको अर्थ हो- होशपूर्ण ढंगले लक्ष्य हासिल गर्न लागीपर्नु । मैले जनतालाई संघर्षको निम्ति तम्तयार गर्न होशपूर्ण ढंगले लागीपर्नु पर्ने कुरा उठाएको छु । जनतालाई आफ्नो चेतनास्तरसम्म उठाउन मिहेनत गर्नु पर्ने कुरा उठाएको छु । र, यी सबै काम कुनै विश्वविद्यालयको बन्द कोठामा गएर गर्नु पर्ने कुरा गरेको छुइनँ, पत्रिका चलाई बसेर गर्ने कुरा पनि गरेको छुइनँ, वर्ग संघर्षको मैदानमा जानेहरूले त्यही मैदानमा यो काम गर्नुपर्ने कुरा उठाएको छु ।

मेरो चूरो कुरा हो- सशस्त्र संघर्ष छेड्नका लागि कुनै खास समय र परिवेशमा त्यहाँका बहुसंख्यक जनता तम्तयार भइसकेका छैनन्, खालि मुठ्ठीभर चेतनशील नेतृत्व मात्र तयार भएको छ भने जनताको हितका लागि भन्ने नाममा त्यस्तो सशस्त्र कार्यवाही नगर । जनतालाई तम्तयार पार्न नै पहिले लागीपर । नत्र नेतृत्व बहुसंख्यक जनताबाट अलगिन्छ ।

तर यसैलाई रवीन्द्रजीले 'व्यवहारिक वर्ग संघर्षबाट अलग रहेर जनताको चेतना स्तर उठाउन' गरिने प्रयत्न ठहऱ्याउनु भएको छ । पण्डित्याइँ ठहऱ्याउनु भएको छ । साधुसन्तवाद ठहऱ्याउनु भएको छ । यो त विचित्रको आलोचना भएन र ? जुन कुरा मैले भनेकै छैन, त्यो कुराको लागि मलाई आलोचना गर्ने, जुन कुरा मैले भनेको छु, त्यही कुरा गलत ढंगले अर्थ्याउने, आलोचनाको यो शैली कति न्यायपूर्ण र नैतिकतापूर्ण भयो ?

म रवीन्द्रजीसित के कुरामा पूर्ण सहमति राख्छु भने- बन्द कोठामा लेक्चर मात्र दिई राखेर बहुसंख्यक जनता उच्चतम संघर्षको रूप अप्नाउनका लागि आफसेआफ तयार हुने छैनन् । यो काम त पार्टीको अगुवाइमा वर्ग संघर्षकै मैदानमा आफ्नै वर्ग-संघर्षको व्यावहारिक अनुभवबाट संघर्षरत आम जनताले सिक्ने र अंगीकार गर्ने कुरा हो । यो सवालमा म रवीन्द्रजी जस्तै समान धारणा राख्छु । तर मेरो प्रश्नको तीर अन्तैतिर सोझिएको छ । जस्तो कि, २०४६ सालमा चैत्रको तेस्रो हप्तामा पुग्दा आफ्नै वर्ग संघर्षको अनुभवबाट कीर्तिपुर र ललितपुरका आम जनताहरू हात-हतियारसहित सशस्त्र संघर्षका लागि तयार भएर उत्रे । तर मेरो रवीन्द्रजीलाई र तमाम माओवादी मित्रहरूलाई मूल प्रश्न के हो भने- के फागुन ७ गते तिनै अगुवा पार्टीहरूले हतियार उठाएको भए तिनै कीर्तिपुरका र ललितपुरका जनताले नेतृत्वलाई साथ दिन्थे ? वा हातहतियार उठाउने कुरा पचाउँथे ?

२०४६ सालको संघर्षलाई गहिरोमा नियालेर हेर्ने हो भने- शान्तिपूर्ण जुलूस, सभा, विरोध प्रदर्शन, राजनीतिक हडताल, सडक भिडन्त, व्यारिकेड निर्माणको प्रक्रिया हुँदै संघर्षरत जनसमुदाय सशस्त्र संघर्षको उच्चाइसम्म उठेको देखिन्छ । त्यसपछि पनि २०४८ र त्यसपछिका सारा जनसंघर्षको दौरानमा हामी लगभग संघर्षका रूपहरूको विकासको प्रक्रिया नेपालको सबै प्रमुख शहरी क्षेत्रमा यही देख्छौं ।

भनाइको तात्पर्य के हो भने- वर्ग संघर्षकै दौरानमा आफ्नै संघर्षको व्यवहारिक अनुभवबाट संघर्षरत जनसमुदाय हातहतियार समात्ने बिन्दुमा अन्ततः पुग्ने गरिरहेको हुन्छ र पुग्छ । त्यसैले, व्यावहारिक वर्ग संघर्षबाट अलग रहेर जनताको चेतनास्तर उठाउने र उनीहरूलाई लेक्चर र उपदेशका भरमा सशस्त्र संघर्षको उच्चाइमा पुऱ्याउने भन्ने त प्रश्न नै छैन । त्यस्तो गलत अवधारणा कहीं कतै वकालत गरिएकै छैन र त्यस्तो अवधारणा कहिल्यै राखिएको छैन ।

तर मेरो प्रश्न त के हो भने- किन पार्टी नेतृत्व जनताकै वर्ग-संघर्षकै व्यवहारिक अनुभवबाट २०४६ सालको जनआन्दोलनमा जस्तै वर्गसंघर्षको मैदानमा आम जनतालाई नै हात हतियार समात्न तयार पार्ने प्रक्रियातिर लाग्नुको सट्टा आफूले पहिले हतारिएर हतियार समात्ने र आफूले बुझेपछि जनताले पनि अवश्य बुझ्यो होला भन्ठान्ने मनोगतवादी गल्ती गरिरहेछ ?

मेरो प्रश्न त के हो भने- नेपालमा बहुसंख्यक आम समुदायलाई उनीहरूकै वर्ग संघर्षको व्यवहारिक अनुभवबाट संसदीय व्यवस्थाबाट उनीहरूको जीवनमा सुधार संभव छैन र यसको विरूद्धमा हातहतियार नसमाती हुँदैन भन्ने निष्कर्षमा पुऱ्याउने बाटो समात्नुको सट्टा किन पार्टी नेतृत्व आफूले संसदीय व्यवस्थाको सीमा बुझेपछि सारा जनताले बुझी सके भन्ठानेर आफूले मात्र हतियार उठाउने काम गरिरहेछ ?

वर्ग संघर्षकै एउटा रूपका रूपमा मेरो ठम्याइ त के छ भने नेपालका सबै वाम पार्टीहरूले एउटा साझा ठोस कार्यक्रमका आधारमा संयुक्त वाममोर्चा बनाएर संसद र सरकार दुवैमा जानु पर्थ्यो । सरकारमा गएर अधिकतम क्रान्तिमुखी प्रगतिशील सुधार गर्न कदम चाल्नु पर्थ्यो । त्यस्तो गर्न प्रतिगामी प्रतिक्रियावादी वर्गले छेकेवार लगाए भने आम जनसमुदायलाई यो व्यवस्थाको सीमा उनीहरूकै व्यावहारिक वर्ग संघर्षको अनुभवबाट स्पष्ट पार्न सकिन्थ्यो र यसका विरूद्ध हतियार उठाउन अपील गर्ने उपयुक्त समय र परिवेश त्यतिखेर खडा हुन्थ्यो । यो महत्वपूर्ण कडी नै किन हाम्रा वाम पार्टीहरू छुटाइरहेछन् ? किन उनीहरूको आफ्नो बुझाइलाई जनताको बुझाइ ठान्ने भ्रम पालिरहेछन् ? मलाई आश्चर्य लागेको छ । यो गल्ती माओवादी पार्टी पनि गर्दैछ र अरू वाम पार्टीहरूले पनि ।

**किन पार्टी नेतृत्व आफूले संसदीय व्यवस्थाको सीमा बुझेपछि सारा जनताले बुझीसके भन्ठानेर आफूले मात्र हतियार उठाउने काम गरिरहेछ ?**



## जनमोर्चालाई भूमिगत पारिएको बारे

तात्कालीन संयुक्त जनमोर्चालाई भूमिगत लगिएको बारे पनि मैले आफ्नो लेखमा आलोचना गरेको थिएँ । रवीन्द्रजीको भनाइ छ- संयुक्त जनमोर्चा खुल्ला रहेकी भए यसले जनयुद्धलाई 'प्रत्यक्ष समर्थन र सहयोग' गर्नै पर्दथ्यो । 'जनयुद्धलाई समर्थन गर्नुको अर्थ संजमो भूमिगत बनाउनु स्वतः भइहाल्यो ।..."

रवीन्द्रजीलाई म अहिलेकै यथार्थका आधारमा प्रश्न राख्न चाहन्छु- अहिले संयुक्त जनआन्दोलन संयोजन समितिले जनयुद्धलाई प्रत्यक्ष रूपमा समर्थन गरिरहेछ त । तर पनि त्यो भूमिगत हुनु परेको छैन । त्यसले खुलेआम काम गर्न संभव भइरहेछ । के यही कुरा संजमोले पनि गर्न सक्दैनथ्यो ?

त्यसैले, अहिलेको नांगो यथार्थ आफैंले रवीन्द्रजीको भनाइको खण्डन गरेको छैन र ?

## सकेर पनि नपक्रेको बारे

जहाँसम्म "सरकारले नसकेर होइन, नखोजेर माथिल्लो नेतृत्वलाई यतिखेर फुक्का छाडिरहेको आभास हुन्छ" भनेर मैले लेखेकोमा रवीन्द्रजीको टिप्पणी छ, उहाँले यसलाई "शत प्रतिशत झूठो कुरा" बताउनु भएको छ । "थाहा पाई पाई नपक्रेको भनेर लेख्दा प्रतिक्रियावादी-हरूलाई उस्काउने जस्तो भएन र ?" भनेर रवीन्द्रजीले प्रश्न उठाउनु भएको छ ।

यसमा म रवीन्द्रजीलाई के कुरामा आश्वस्त पार्न चाहन्छु भने- यो लेखाइमा निहित सूचना बिल्कुलै तथ्यपरक छ । हचुवामा र हावा हावामा हामी केही पनि कुरा लेख्दैनौं । सूचनाको राम्रो जाँच परखपछि, त्यो अब भरपर्दो भयो भन्ने महशूस भएपछि मात्र हामी जनसमक्ष सूचना प्रवाहित गर्छौं । अहिले माओवादीमाथि चरम दमनको निम्ति सेनाले जुन व्यापक र सुक्ष्म तयारी गरिरहेको छ भन्ने खबर बाहिर पत्रपत्रिकामा आइरहेको छ, त्यो तथ्यमा आधारित खबर हो । यो खबर हामीले गत फागुनमै प्राप्त गरिसकेका हौं ।

यो खबर माओवादी मित्रहरूसम्म संप्रेषण गर्नु हाम्रो दायित्व र कर्तव्यको कुरो हो । यसलाई कसरी लिने, यो माओवादी मित्रहरूको खुशीको कुरो हो । उहाँहरूमा हामीप्रति अति नै ज्यादा पूर्वाग्रह छ भने यही सूचनालाई "प्रतिक्रियावादीलाई उस्काउने" काम भनेर लिए पनि हुन्छ । हैन, उहाँहरू आफ्नो उद्देश्यमा गंभीर हुनुहुन्छ भने यो गंभीर सूचनाको तथ्यपरकता आफ्नै भरपर्दो श्रोतबाट जाँच गरी हेरे हुन्छ । त्यो पुष्टि भएमा मात्र पत्याए हुन्छ ।

जहाँसम्म वस्तुगत घटनाक्रमको सवाल छ- अहिलेका सारा घटनाक्रमले हाम्रो विश्लेषण, सूचना र भविष्यवाणीलाई सही र वस्तुपरक साबित गरिहेको देखिन्छ । पछिल्लो ताजा प्रमाण त

आतंककारी विधेयक हो, जुन माओवादीले आतंक मच्चायो भन्ने निहुँ थापेर सरकारले अहिले ल्याउन खोज्दैछ । हामीले घटनाक्रमले लिन सक्ने वर्तमान दिशाको बारेमा आजभन्दा सात महिनाअघि नै स्पष्ट भाषामा इंगित र भविष्यवाणी गरिसक्नेका हौं । अहिले के त्यो हुबहु मिलेन र ? अर्को प्रमाण अहिले प्रचारमा आइरहेको सैनिक अपरेशनको व्यापक तयारी हो ।

हामीले त्यतिखेरै लेखेका हौं- सरकारको लागि माओवादीहरूको गतिविधिको पनि निश्चित नकारात्मक मूल्य रहेको देखिन्छ । सरकार यतिखेर माओवादी गतिविधिलाई समस्याको रूपमा तेर्स्याएर पंचायतकालीन सुरक्षा ऐनलाई पनि उछिन्ने आतंकवादविरोधी कानून र अन्य खतरनाक काला कानूनहरू ल्याउने कोशिसमा देखिन्छ, जुन सामान्य अवस्थामा ल्याउन संभव हुँदैन । माओवादीलाई देखाएर सरकार यतिखेर मिलीटरी यन्त्र, पुलीस यन्त्र र गुप्तचर

> आफ्नो कार्यवाहीले जम्मामा के कस्तो परिणाम निकाल्ने छ भन्ने कुरामा होश नराखी अन्धाधुन्ध कार्यवाही अघि बढाइयो भने क्रान्तिकारी भनेर गरिएको कामले पनि प्रतिक्रान्तिकारी नतिजा निकाल्न सक्छ

यन्त्रलाई पहिलेभन्दा धेरै चुस्त, दमन-सक्षम बनाउन उद्यत देखिन्छ ।

यी मूल्यहरू बाँकी रहुंजेल र माओवादी गतिविधि नियन्त्रणभन्दा बाहिर जान लागेको प्रतीत नहुञ्जेल सरकारले माओवादी गतिविधिप्रति केन्द्रीय रूपमा खुकुलोपन देखाउने, तल दबाउने-माथि छोड्ने नीति अप्नाइरहन संभव छ । तर यी मूल्यहरू चुक्ता हुनासाथ ऊ सर्वत्र नृशंस रूपमा उत्रने टड्कारो संभावना छ ।

(हेर्नुहोस्, मूल्यांकन अंक ४५, पृष्ठ ७, कोलम ३)

अब रवीन्द्रजी नै भन्नुहोस्, हाम्रो यो विश्लेषण अहिले शत प्रतिशत नै सही साबित भइरहेको छैन र ? के सरकारले माओवादी गतिविधिलाई नै निहुँ थापेर पंचायतकालीन कालो ऐनको रूपमा बदनाम सार्वजनिक सुरक्षा ऐनलाई अहिले व्यवहारमा ल्याएन ? के उसले यही निहुँमा तथाकथित आतंकवादविरोधी कानूनको मस्यौदा क्याविनेटबाट पारित गरेन ? के उसले यही निहुँमा प्रहरी, मिलीटरी र गुप्तचर यन्त्रलाई दमनको निम्ति तयार पारेन ?

आफ्नो कार्यवाहीले जम्मामा के कस्तो परिणाम निकाल्ने छ भन्ने कुरामा होश नराखी अन्धाधुन्ध कार्यवाही अघि बढाइयो भने क्रान्तिकारी भनेर गरिएको कामले पनि प्रतिक्रान्तिकारी नतिजा निकाल्न सक्छ । उदाहरणको लागि, यतिखेरै माओवादी मित्रहरूले प्रतिक्रियावादीलाई आक्रमण गरेको भन्दै केही एमाले र कांग्रेसका मान्छेलाई पिट्ने वा मार्ने काम गरोस् त, यो मस्यौदा संसदबाट तुरून्तै अत्यधिक बहुमतबाट पास हुने स्थिति खडा हुनेछ । त्यसपछि त प्रतिगामी तत्वहरूको निम्ति माओवादी बाँकी रहनुको नकारात्मक मूल्य चुक्ता भइहाल्यो । अनि ऊ केन्द्रीय नेतृत्व समेत खतम गर्ने गरी नृशंस दमनमा उत्रनेछ ।

त्यसैले जुन कुरालाई रवीन्द्रजीले शत प्रतिशत भ्रुठो भन्नु भएको छ, त्यो कुरा व्यवहारमा शत प्रतिशत तथ्यपरक साबित हुँदैछ । अझै नपत्याए अरू छ, आठ महिनाको घटनाक्रम हेरे हुन्छ । बाँकी कुरा पनि व्यवहार र घटनाक्रमले नै सत्य साबित गर्नेवाला छ ।

मैले तीतो सत्य अघि सार्ने जमर्को गरेको हुँ । त्यसमा मेरो प्रस्तुतीकरण सन्तुलित र संप्रेषणीय भएन कि भन्ने सवालमा मेरो होश जागृत भएको छ । म त्यसमा केही कमजोरी रहन गयो कि भनेर महशुस गरिरहेछु । कसैलाई आघात पार्ने र होच्याउने मेरो नियत होइन । मुख्य कुरा, तथ्य संप्रेषण गर्नु हो । संप्रेषित हुनुपर्नेलाई त्यो संप्रेषित भएको छैन, बरू उल्टो ढंगले संप्रेषण भइरहेको छ भने संप्रेषणको शैली त मैले बदल्नै पर्ने हुन्छ ।

◆


भाद्र १ गतेदेखि
हामी बाह्रौं वर्ष पूरा गरी
तेह्रौं वर्षमा प्रवेश गर्दैछौं ।

यस सुखद अवसरमा
हामी हाम्रा समस्त ग्राहकवर्ग तथा
शुभ-चिन्तकहरूबाट सदा झैं सहयोग प्राप्त
हुने अपेक्षा राख्दै भविष्यमा हामी आफ्नो
कार्य क्षेत्रमा विविधता ल्याई अझ बढी
प्रभावकारी रुपमा सेवा पुऱ्याउने
प्रण गर्दछौं ।

नेपाल विद्युत प्राधिकरण
परिवार

# अचेल

## २२ पेजको बाँकी

चलाउने छौं । अरूले पनि कलम चलाओस् । त्यसलाई हामी स्वागत गर्दछौं । किनभने, हामी के चाहन्छौं भने- कम्युनिष्टहरूको समस्या बारेमा अब आम जनसमुदायमा नै छलफल होस् ।

❑ **तुलनात्मक रुपमा नेपालको कम्युनिष्ट आन्दोलनमा कुन नेता बढी सक्षम छ जस्तो तपाईलाई लाग्दछ ?**

-बाँचुन्जेलसम्म त क पुष्पलाल नै तुलनात्मक रूपमा बढी सक्षम देखिनु भएको मलाई लाग्दछ । उहाँले भारतमा अत्यन्त कष्टपूर्ण जीवन बिताएर पनि र आफूसग त्यति धेरै बौद्धिकता नभए पनि २००६ सालमा कम्युनिष्ट पार्टीको स्थापना गर्ने साहस गर्नुभयो । त्यस्तै उहाँले पार्टीको स्थापनापछि पनि पार्टीलाई विस्तार गर्नुमा सर्वाधिक भूमिका खेल्नुभयो । यी उहाँका सकारात्मक कुराहरू हुन् ।

तर, उहाँले पछि पार्टीलाई फोड्नमा पनि भूमिका खेल्नुभयो । यो बडो दुःखको कुरो हो । उहाँ जस्तो नेताले त्यस्तो गर्नु हुँदैनथ्यो ।

राजनैतिक विश्लेपणको सवालमा सबै नै पछौटे छन्, उहाँको कुरा मात्र त भएन नि ! तर, समग्रमा पार्टीलाई निर्माण गर्ने सवालमा उहाँको योगदान सबभन्दा बढी थियो । त्यस हिसाबले तुलनात्मक रूपमा सबभन्दा योग्य नेता उहाँ नै हुनुहुन्थ्यो ।

❑ **तपाईलाई अहिलेको कम्युनिष्ट आन्दोलन कसरी गइरहेको जस्तो लाग्छ ?**

-अहिले एमाले सरकारमा भएको बेला त्यसले जुन यो आतंकवादविरोधी विधेयक अगाडि ल्यायो, यो अत्यन्तै नराम्रो भयो । यो एक आत्मघाती काम हो । सरकारमा जानु त्यस्तो विधेयक ल्याउनलाई होइन ।

सरकारमा गएर त क्रान्तिकारी परिवर्तनको लागि त्यसलाई नै प्रयोग गर्ने हो । यसो गर्दा प्रतिक्रियावादी शक्तिले "कू" गर्न सक्ला । तर 'कू' जस्तो असंवैधानिक बाटो उनीहरूले अपनाउँदा त्यसैलाई देखाई जनतालाई हतियार समाल्न सहमत गराउने मौका पनि त हामीले पाउँछौं । यसरी सरकारमा जाने कामले जनतालाई हतियार समाल्ने स्थितिसंग जोड्ने पुलको काम गर्न सक्छ । तर, अहिले सरकारमै बगेर जाने काम भइरहेछ ।

मलाई त एमालेका भएभरका कमरेडहरूलाई आफ्नो पार्टीको बुर्जुवा संसदीय ढर्राको विरूद्धमा तपाईहरू लाग्नुस् भनेर अपील गर्न मन लागिरहेछ ।

एमाले इतर अन्य कम्युनिष्ट पार्टीहरू पनि खुट्टा तानातानको खेल खेलिरहेका छन् । उनीहरू एमालेलाई गाली गर्छन्, तर आफूहरू पनि ठीक बाटो समात्दैनन् ।

त्यसैले, कम्युनिष्ट आन्दोलनलाई ठीक बाटोमा लैजान अहिले आम रूपमै एक सशक्त विचारधारात्मक संघर्षको थालनी गरी इमान्दार कम्युनिष्टहरूको एकता गर्नु सिवाय अर्को विकल्प म देख्दिनं । यो कार्य हामी अब शुरू गर्दैछौं । ❑


चाँडै प्रकाशित हुँदैछ !




विश्व कम्युनिष्ट आन्दोलनसम्बन्धी लेखक *राजेन्द्र महर्जन* द्वारा लिखित

विश्व-क्रान्तिका नायक तथा अन्तर्राष्ट्रियतावादी कम्युनिष्ट

क. चे ग्वेभारा

को रोचक, रोमाञ्चक र ज्ञानबर्द्धक जीवनकथा

◉ अर्जेन्टिनामा जन्मी, ग्वाटेमालाबाट क्रान्तिकारी हुनु भएका क. चेग्वेभाराले क्यूबा, कंगो र बोलिभियामा चलाउनु भएको क्रान्तिकारी संघर्षको गाथा !

◉ आफ्नो क्रान्तिकारी साहस, त्याग र निरन्तरताको संघर्षमय जीवनशैलीका कारण विश्वप्रसिद्ध हुनुभएका क्रान्ति-नायक डा. चेग्वेभाराको शौर्यपूर्ण जीवनकथा !

विस्तृत जानकारीको लागि सम्पर्क राख्नुहोस्

**अन्तर्क्रिया प्रकाशन प्रा.लि.**
फोनः ४२२७६९
फ्याक्सः ४२३५४९
पो.ब.नं. ७०५०, काठमाडौं


क. चेको आकर्षक पोष्टर !

फ्रेममा हालेर घरका भित्ताहरूमा सुन्दर ढंगले टाँग्न मिल्ने खालको क. चेको आकर्षक र संग्रहणीय पोष्टर पनि प्रकाशित हुँदैछ । आफ्नो प्रति आजै सुरक्षित गर्नुहोला । **मूल्य रु. ५।- मात्र !**






**अब पाईप जगतमा नयाँ उत्साह !**
**नयाँ उदय - विश्वासको साथ !**



**मुक्तेश्वर P. V. C. पाईप**

शहरदेखि गाउँसम्म सर्वत्र उपलब्ध छ !

**मुक्तेश्वर पाईप नै किन ?**

- ◆ मुक्तेश्वर रिजिड पि.भि.सी. पाईप जि.आई. पाईपको तुलनामा किफायती तथा सस्तो पर्दछ ।
- ◉ हलुङ्गो भएकोले ओसार-पसारमा सुविधाको साथै ढुवानी खर्च कम पर्दछ ।
- ◆ यसमा फलामे पाइपमा जस्तो खिया लाग्दैन ।
- ◉ जडान खर्च तथा ज्याला कम पर्दछ ।
- ◆ भित्र-बाहिर चिप्लो हुने भएकोले बहाव शक्ति बढी हुन्छ ।
- ◉ कुनै पनि किसिमको रसायनले यसलाई असर पार्दैन ।
- ◆ भवनहरूको निकास प्रणालीमा लगाउँदा सुन्दर देखिन्छ ।
- ◉ चुहावट हुने जोखिम प्रतिशत कम छ ।
- ◆ यसको टिकाउपन लामो अवधिको हुन्छ ।
- ◉ यो पूर्णतया स्वास्थ्यप्रद छ ।

सधैं सम्झनुहोस्

**मुक्तेश्वर पाईप ई.प्रा.लि.**

**(चिराग उद्योग समूह)**

**पो.ब.नं. ११४९१, पुतलीसडक**
**फोन नं.: ४२०७७३**
**फ्याक्सः ४२१९४५**

**उच्चस्तरीय जर्मन प्रविधिको प्रयोगद्वारा नेपालमा उत्पादित नेपाल गुणस्तर चिन्ह प्राप्त विभिन्न साइज र क्षमताका मुक्तेश्वर पाईपहरु नै प्रयोग गरौं !**

# विश्वका सबैभन्दा धनी मानिसहरूको सम्पत्ति कसरी बढ्दैछ ?

पोहोर जस्तै यस वर्ष पनि विश्वका सबैभन्दा धनी मानिस बील गेट्स भएका छन् । उनीसित अहिले ३६ अरब डलर बरोबरको श्री-सम्पत्ति भएको कुरा अमेरिकाब ट प्रकाशित हुने प्रसिद्ध Forbes पत्रिकाले हालै लेखेको छ ।



संसारका सबैभन्दा धनाढ्य व्यक्ति बील गेट्स

तर आश्चर्यको कुरा के छ भने- पोहोर उनीसित यसको ठीक आधा मात्र सम्पत्ति थियो, (अर्थात् १८ अरब डलर मात्र) । एकै वर्षमा उनले १८ अरब डलर को थप सम्पत्ति कसरी आर्जन गरे त ?

उनको सुनको फुल पार्ने कुखुरो भनेको माइक्रोसफ्ट कम्प्युटर उद्योग देखिएको छ, जसबाट एकै वर्षमा उनले आफ्नो सम्पत्ति दोब्बर पार्न संभव भएको छ ।

विश्वका सबैभन्दा घनी २०० जना मान्छेमध्ये अहिले ६० जना अमेरिकी देखिएका छन् । ५६ जना एशियन छन्, र यूरोपेली त ४४ जना मात्र ।

यी सबैभन्दा धनीहरूमध्ये ७ जनाको नाम यहाँ प्रस्तुत गरिन्छ । उनीहरूको पोहोरको र यस वर्षको सम्पत्ति हेर्नुहोस्, विश्वका सबैभन्दा धनी मानिसहरू कति चर्को दरमा दुनियाँलाई चुस्दैछन्, स्पष्ट हुनेछ:

### विश्वका सबैभन्दा धनी मानिसहरु र उनीहरुको सम्पत्ति

| क्र.सं. | नाम | देश | १९९७ मा | १९९६ मा |
|---|---|---|---|---|
| १. | बील गेट्स | अमेरिका | ३६.४ | १८.० |
| २. | वारेन बफेट | " | २३.२ | १५.३ |
| ३. | पाउल एलेन | " | १५.३ | ७.५ |
| ४. | ली शाउ की | हंगकंग | १४.७ | १२.७ |
| ५. | क्वोक ब्रदर्श | " | १२.३ | ११.२ |
| ६. | के थोम्पसन | क्यानाडा | ११.० | ७.४ |
| ६. | लि का- शीङ | हंगकंग | ११.० | १०.६ |
| ७. | वाइ त्सुत्सुमी | जापान | ८.० | ९.२ |

# नेपाललाई चिनौं

## कस्तो छ नेपाल- २०५२/५३ सालमा

- नेपालको कुल घरेलु उत्पादन -२३९.४४ अरब रूपैयाँ (प्रचलित मूल्यमा)
- त्यसमध्ये कृषि क्षेत्रबाट - ९६.३० अरब
  गैर कृषि क्षेत्रबाट - १४३.१४ अरब
- कुल घरेलु उत्पादनमा
  कृषि क्षेत्रको योगदान - ४०.२ प्रतिशत
  गैर कृषि क्षेत्रको योगदान - ५९.८ प्रतिशत
- घरेलु उत्पादन वृद्धि दर - ६.१ प्रतिशत (२०४१/४२ को मूल्यमा)
- प्रतिव्यक्ति कूल घरेलु उत्पादन - रू.१२,३०७ (प्रचलित मूल्यमा) अर्थात २१५ अमेरिकी डलर
- कुल घरेलु बचत दर - कुल घरेलु उत्पादनको ११ प्रतिशत
- नेपालको कुल विदेशी ऋण - रू १२८ अरब ४ करोड
- नेपालको मुद्रास्फीति दर - ८.१ प्रतिशत

श्रोत: अर्थमन्त्रालय आर्थिक सर्वेक्षण, २०५३/५४

## जनसंख्या, बाल मृत्युदर र आयु

- नेपालको ग्रामीण जनसंख्या - ९०.८ प्रतिशत
- नेपालको शहरी जनसंख्या - ९.२ प्रतिशत
- आर्थिक रूपले सक्रिय जनसंख्या - ५७ प्रतिशत
- साक्षर जनसंख्या - ३९.६ (२०४८ साल)
- शिशु मृत्युदर - प्रति हजारमा १०२ (२०५२/५३)
- आयु अपेक्षा - ५४.०२ वर्ष (२०५२/५३)
- जनसंख्या वृद्धि दर - २.०८ प्रतिशत (२०३२ देखि २०४८ सालसम्मको औसत)

# नेपालले वर्षेनी कति तेल आयात गर्छ ?

नेपालमा तेल खानी छ भन्ने भनिन्छ । तर तेल यहाँ पटक्कै उत्पादन हुँदैन । नेपालको लागि आवश्यक सम्पूर्ण तेल आयातबाट पूर्ति हुन्छ ।

आर्थिक सर्वेक्षण २०५३/५४ का अनुसार, नेपालले आर्थिक वर्ष २०५२/५३ मा ५ लाख ८२ हजार किलो लिटर तेल आयात गऱ्यो । यति तेल किन्न ६ अरब ३२ करोड रूपैयाँ खर्च लागेको थियो ।

२०५३/५४ को पहिलो नौ महिनामा ४ लाख ४४ हजार किलो लिटर तेल आयात गरियो । यो तेलको निम्ति आयल निगमले ५ अरब ६२ करोडको बील चुक्ता गर्नु परेको थियो । ◆


# सिक्किमबाट प्रकाशित

## पारिजातका संकलित रचनाका ६ वटा ग्रन्थहरु


निर्माण प्रकाशन, नाम्ची दक्षिण सिक्किम, भारतले हालै प्रसिद्ध लेखिका पारिजातका सम्पूर्ण रचनाहरुको संकलन प्रकाशित गरेको छ । ६ वटा ग्रन्थमा गरी प्रकाशित सो संकलनमा पारिजातका हालसम्म प्राप्य प्राय सबै रचनाहरु संगेटिएका छन् । ग्रन्थ एकमा 'शिरिषको फूल' लगायत ४ उपन्यासहरु, ग्रन्थ दुईमा




'अन्तर्मुखी' लगायत ५ उपन्यासहरु, ग्रन्थ तीनमा 'आदिम देश' लगायत ५ कथा संग्रहहरु, ग्रन्थ चारमा आत्म संस्मरणहरु, ग्रन्थ पाँचमा तीन वटा कविता संग्रहहरु र ग्रन्थ छमा नारीबारेका लेखहरु र विभिन्न पत्रपत्रिकामा छरिएर रहेका अन्तरवार्ताहरु समाविष्ट गरिएका छन् । हरेक ग्रन्थको भूमिका पवन चामलिङ 'किरण'ले लेख्नु भएको छ ।

# DUCKHAMS

अन्तरराष्ट्रिय
ISO-9002 को
उच्च गुणस्तरको
लुब्रिकेटिङ्ग आयल









**PRODUCTS OF ALEXANDER DUCKHAMS & CO. ENGLAND**

## आदरणीय निर्माणकर्ताहरु,
## के तपाई असली टोरकारी (फलामे छड) को साटो नक्कली फलामे छड प्रयोग गर्न चाहनु हुन्छ ?

अवश्य पनि चाहनु हुन्न... !
कसैले पनि चाहँदैनन्...... !

तर अचेल बजारमा हिमाल टोरकारी जस्तै फलामे छडहरु विभिन्न नामले बिक्री वितरण भइराखेका छन्। सम्भ होस्, यी छडहरु झट्ट हेर्दा मात्र हिमाल टोरकारी जस्ता छन् तर प्राविधिक परीक्षण गर्दा गुणस्तरीय नभएको पाइएकोले उपभोक्ता वर्गमा आफ्नो निर्माण कार्यको लागि छडको खरीद गर्दा सावधान भई हाम्रा अधिकृत विक्रेताहरु कहाँबाट मात्र खरीद गर्न अनुरोध गर्दछौं।


सधैं हिमाल टोरकारी प्रयोग गरौं र
अरुलाई पनि यही सल्लाह दिऔं।

हिमाल
टोरकारी:
लगानीको
अधिकतम
प्रतिफल

नेपालमा एक मात्र निर्माता
## हिमाल वायर्स लि.
ज्योति भवन, कान्तिपथ, काठमाडौं, फोन: २२५४९०, २२६३२७

MULYANKAN
A magazine for Thought-Interaction
ल.पु.जि.प्र.का. द.नं. ९९/०४९/५० म.क्षे.हु.द.नं. १२/०५१/५२

सुखी जीवनको वरदान...

व्हाईट
नीलोकन

"अझ बढी प्रभावकारी"

जन्मान्तरको लागि महिलाहरुले खाने उच्चस्तरीय चक्की

Nepal CRS Company Pvt. Ltd.
नेपाल सि. आर. एस. कम्पनी (प्रा.) लि.

उही नीलोकन
अब सेतो चक्कीमा

